# राष्ट्रिय योजना आयोग
# राष्ट्रिय योजना अनुगमन तथा क्षमता सुदृढीकरण
# आयोजनासमक्ष प्रस्तुत

# सहकारी क्षेत्र सुदृढीकरण आयोजना अन्तर्गत सहकारीलाई दिइएको अनुदान कार्यक्रम मूल्याङ्कन प्रतिवेदन

# SNPMC/RFP/03/2016

**प्रस्तुतकर्ता**
नेपाल वातावरण संरक्षण केन्द्र
मध्यबानेश्वर, काठमाडौं
फोन: ४४६५९४२, फ्याक्स: ४४६५९४२
इमेल: nepckathmandu@gmail.com

# विषय सूची


| विषय | पेज |
|---|---|
| कार्यकारी सारांश | |
| अध्याय १ : परिचय | १ |
| १.१ सहकारी अनुदान तथा मुल्याङ्कन कार्यक्रमको पृष्ठभूमि | १ |
| १.२. सरकारी अनुदान कार्यक्रम मुल्याङ्कनकाउद्देश्य | १ |
| १.३. मुल्याङ्कनकाक्षेत्रहरू | २ |
| १.३.१ कार्यसम्पादन मूल्याङ्कन | २ |
| १.३.२ सान्दर्भिकता (**Relevancy**) | २ |
| १.३.३ प्रभावकारिता (**Effectiveness**) | २ |
| १.३.४ कार्यदक्षता (**Efficiency**) | ३ |
| १.३.५ प्रभाव (**Impact**) | ३ |
| १.३.६ दिगोपना (**Sustainability**) | ३ |
| अध्याय २ : अध्ययन विधि | |
| २.१ तथ्याङ्क मूल्याङ्कन | ५ |
| २.१.१ द्वितीयक श्रोत बाट तथ्याङ्क संङ्कलन | ५ |
| २.१.२ प्राथमिक श्रोत बाट तथ्याङ्क संङ्कलन | ५ |
| २.२ सर्भेक्षण प्रश्नावली-चेकलिस्ट | ६ |
| २.३ जानिफकारसँग अन्तर्वार्ता (**KII**) | ६ |
| २.४ सामूहिक छलफल **(Focus Group Discussion)** | ७ |
| २.५ स्थलगत अवलोकन (**Field Observation**) | ७ |
| २.६ मामला अध्ययन (**Case Studies**) | ७ |
| २.७ नमूना सर्भेक्षण गरिएका सहकारीहरूको वर्गीकरण | ७ |
| २.८ अध्ययनका लागि घरधुरी सर्भेक्षण गरिएका सहकारीहरूको विवरण | ७ |
| २.९ घरधुरी सर्वेक्षण | ८ |
| २.१० मुल्याङ्कनका सीमाहरू | ८ |
| अध्याय ३ : अध्ययनको नतिजा | |
| ३.१ सहकारी अनुदान कार्यक्रमको कानुनी र नीतिगत सम्बन्ध | १० |
| ३.२ उत्तरदाताहरूको जनसाङ्ख्यिक, पारिवारिक तथा सामाजिक अवस्था | १५ |
| ३.३ अनुदान कार्यक्रमको कार्य सम्पादन स्तर | १६ |
| ३.३.१ कार्यक्रमको प्रतिफलहरू प्राप्तिको अवस्था | १६ |

३.३.२ साधन तथा श्रोत हरू (बजेट, मानवीय संशाधन तथा उपकरण)को प्रयोग १७
३.३.३ लक्ष्यको तुलनामा कार्यक्रमका उपलब्धिहरू योजनाअनुसार भए-नभएको १८
३.४ सान्दर्भिकता (**Relevancy**) १९
३.४.१ योजना तर्जुमा र कार्यान्वयन प्रक्रियाको उपयुक्तता र सान्दर्भिकता १९
३.४.२ प्रस्ताव माग र अनुदानका लागि संस्था छनोटका मापदण्डहरू २१
३.४.३ अभिलेखीकरणको उपयुक्तता २२
३.४.४ सहकारी अनुदान र गरिबी निवारणसम्बन्धी प्राथमिकता २३
३.४.५ कार्यक्रम कार्यान्वयनको उपयुक्तता र सान्दर्भिकता २४
३.४.६ लक्षित भौगोलिक क्षेत्र र जनसंख्याको उपयुक्तता र सान्दर्भिकत २४
३.५ प्रभावकारिता (**Effectiveness**) २५
३.५.१ कार्यक्रम कार्यान्वयन र सोचतालीका अथवा नतिजा खाका २५
३.५.२ अनुदान प्राएका सहकारी संस्थाहरूको सञ्चालन अवस्था २५
३.५.३ शर्तपालनाको अवस्था ३५
३.५.४ सहकारी संस्थाहरूको लेखाप्रणालीको ढाँचा ३६
३.५.५ कार्यसम्पन्नता र शर्तपालना ३६
३.५.६ सहकारी विभागको सेवाको गुणस्तर ३६
३.५.७ प्रभावकारी सेवा प्रवाहमा योगदान र व्यवधान खडा गर्ने तत्वहरू ३७
३.५.८ कार्यान्वयन प्रक्रिया र रकमको पर्याप्तताबारे सेवाग्राहीको धारणा ३८
३.५.९ नपुग रकमको व्यवस्था ४०
३.६ कार्यदक्षता (**Efficiency**) ४०
३.६.१ श्रोत उपयोग सक्षमता ४२
३.६.२ प्रतिरोजगार औसत लागत ४२
३.६.३ प्रतिसहकारी उद्योग-व्यवसायको लागत ४२
३.७ प्रभाव (**Impact**) ४२
३.७.१ सहकारीको सदस्य संख्यामा वृद्धि ४२
३.७.२ सहकारी सदस्यहरूको आयमा अनुदानको योगदान ४३
३.७.३ थप रोजगारीबाट सदस्यको आयवृद्धि तथा गरिबी निवारणमा योगदान ४३
३.७.४ सहकारी संस्थाहरूको वार्षिक आम्दानीमा वृद्धि ४४
३.७.५ सहकारी संस्थाहरूको उत्पादनको बिक्रीमा भएको वृद्धि ४४
३.७.६ सहकारी संस्थाले सिर्जना गरेको रोजगारी ४४
३.८ दिगोपना (**Sustainability**) ४४
३.८.१ नतिजाहरूको दिगोपना ४४
३.८.२ आर्थिक पक्षको दिगोपना ४६

३.८.३ प्राविधिक पक्षको दिगोपना ४८
३.९ लाभग्राहीको दृष्टिमा सुधार गर्नुपर्ने कुराहरू ४८


४. सारांश, निष्कर्ष र सिफारिसहरू

४.१ सारांश ५०
४.१.१ अभिलेखीकरणको अवस्था ५०
४.१.२ सहकारीको नेतृत्व र व्यवसायबीच सम्बन्ध ५०
४.१.३ सहकारी विभाग र डिभिजन सहकारी कार्यालयहरूबीच समन्वय ५०
४.१.४ अनुदान कार्यक्रमको अनुगमन ५१
४.१.५ जिल्लास्थित सम्बद्ध निकायहरूसँग समन्वय ५१
४.१.६ नीतिगत अस्पष्टता ५१
४.१.७ उत्पादन व्यवसायको अवस्था ५२
४.१.८ प्रशोधन उद्योगहरूको अवस्था ५२
४.२ निष्कर्ष ५२
४.२.१ कार्यसम्पादन ५२
४.२.२ सान्दर्भिकता ५३
४.२.३ प्रभावकारिता (Effectiveness) ५५
४.२.४ कार्यदक्षता (Efficiency) ५६
४.२.५ प्रभाव (Impact_ ५८
४.२.६ दिगोपना (Sustainability) ५८
४.२.७ लाभग्राहीहरूको सन्तुष्टि ५९
४.२.८ कार्यक्रममा सुधार गर्नुपर्ने पक्षहरू ६०
४.२.९ समग्र मुल्याङ्कन नतिजा ६०
४.३ मूल्याङ्कन ६३
४.४ मुल्याङ्कन सिकाइहरू ६५
४.५ सुझाव तथा सिफारिसहरु ६६


**अनुसूचीहरु**

अनुसूची १: सहकारी संघ संस्थाहरुलाई उपलब्ध गराईने अनुदान एवं भन्सार महसुलमा छुट सुविधा सिफारिस सम्बन्धी कार्यविधि, २०६८ ७०
अनुसूची २: अनुदान प्राप्त नमूना सहकारीहरुको विद्यमान अवस्था ७८
अनुसूची: ३ विस्तृत तथ्याङ्क संङ्कलन/मूल्याङ्कनमा संलग्न व्यक्ति र कार्यतालीका ८७
अनुसूची ४: जिल्ला र सहकारी अनुसार तथ्याङ्क मूल्याङ्कनको प्रस्तावित नमूना संख्या ८८
अनुसूची ४.१ नमूना जिल्लाभित्रका सहकारी र सोसँग सम्बद्ध र असम्बद्ध घरधुरी संख्याको वितरण ९१
अनुसूची ४.२ सर्भेक्षण गरिएका सहकारी, समूह छलफल र मुख्य सूचनादाताहरुको विवरण ९२
अनुसूची ४.३ सर्भेक्षण गरिएका नमूना सहकारी संस्थाहरुको वर्गीकरण ९२

अनुसूची ४.४ घरधुरी सर्वेक्षणमा समेटिएका र नसमेटिएका सहकारीहरु ९२
अनुसूची ४.५ सर्भेक्षण गरिएका सहकारी अनुदानबाट सिधै लाभ प्राप्त गर्ने घरधुरीको विवरण ९२
अनुसूची ५: मुख्य सूचनादाताहरुको नामावली ९३
अनुसूची ६: समूह छलफलका सहभागीहरुको नामावली ९४
अनुसूची ७: सर्वेक्षणका लागि प्रयोग गरिएका औजारहरु १०३
अनुसूची ७.१ घरधुरी सर्भेक्षण प्रश्नावली १०३
अनुसूची ७.२: मुख्य सूचनादाताहरु (डिभिजन सहकारी कार्यालय/सहकारी विभागका प्रतिनिधहरुसँगको अन्तर्वाताका लागि प्रश्नावली १११
अनुसूची ७.३: मुख्य सूचनादाताहरु (सहकारी संघ सस्थाका प्रतिनिधिहरु)सँग अन्तर्वाताका लागि प्रश्नावली ११७
अनुसूची ७.४: समूह छलफलका लागि प्रश्नहरु १२२
अनुसूची ७.५: सहकारी संस्थाको सर्वेक्षणका लागि प्रश्नावली तथा चेकलिस्ट १२४
अनुसूची ८: उत्तरदातहरुको वर्गीकरण १३०
अनुसूची: ८.१ लिङ्गका आधारमा उत्तरदातहरुको वर्गीकरण १३०
अनुसूची: ८.२ उमेरका आधारमा उत्तरदाताहरुको वर्गीकरण १३०
अनुसूची: ८.३ जातीयताको आधारमा सर्भेक्षण गरिएका घरधुरीहरुको वर्गीकरण १३१
अनुसूची: ८.४ मुख्य पेशाको आधारमा सर्भेक्षण गरिएका घरधुरीको वर्गीकरण १३१

# तालीकाहरुको सूची

**तालीका** **पेज**

तालीकाः २.१ सर्भेक्षण गरिएका नमूना सहकारी संस्थाहरुको वर्गीकरण........................................................७
तालीकाः २.२ घरधुरी सर्वेक्षणमा समेटिएका र नसमेटिएका सहकारीहरु........................................................८
तालीकाः ३.१ विगत सात आर्थिक वर्षमा वितरण प्राप्त गरेका सहकारी र रोजगारी सिर्जनाको वृद्धिदर.................१६
तालीकाः ३.२ सहकारी अनुदानको उपयोगको स्थिति...........................................................................१६
तालीकाः ३.३ विगत सात आ.व. मा सहकारी संघ संस्थाहरुलाई प्रदान गरिएको औसत अनुदान रकम................१७
तालीकाः ३.४ अनुदान क्षेत्रका आधारमा अनुदान प्राप्त सहकारीहरुको वर्गीकरण............................................१९
तालीकाः ३.५ अनुदान कार्यक्रमको सान्दर्भिकतबारे सहकारीका उत्तरदाताहरुको वर्गीकरण................................२०
तालीकाः ३.६ लक्षित भौगोलिक क्षेत्रमा भएको लगानी........................................................................२४
तालीकाः ३.७ अनुदान पाएका सहकारी उद्योग व्यवसायहरुको सञ्चालन अवस्था..........................................२५
तालीकाः ३.८ लेखा प्रणालीका आधारमा सहकारी संघ सस्थाहरुको वर्गीकरण...............................................३६
तालीकाः ३.९ कार्ययोजना र शर्तकार्यन्वयनको अवस्था..........................................................................३६
तालीकाः ३.१० सहकारी अनुदानको क्षेत्रगत वर्गीकरण..........................................................................३९
तालीकाः ३.११ माग गरेको र प्राप्त गरेको अनुदानको परिमाण...............................................................४०
तालीकाः ३.१२ः श्रोत विनियोजन तथा उपयोगको अवस्था (रकम रु. हजारमा).............................................४१
तालीकाः ३.१३ः प्रति उद्यम/व्यवसाय लागत....................................................................................४२
तालीकाः ३.१४ सहकारीमा सदस्यहरको वृद्धिको स्तर (अनुदान प्राप्त हुनु अघि र पछि)...................................४३
तालीकाः ३.१५ सदस्यहरुको आम्दानीमा अनुदान कार्यक्रमको प्रभाव.........................................................४३
तालीकाः ३.१६ सदस्यहरुको जीवनस्तर सुधारमा पुगेको योगदान (बहु उत्तर)...............................................४३
तालीका ३.१७ः सहकारीहरुमा रोजगारी सिर्जनाको अवस्था...................................................................४४
तालीकाः ३.१८ साना तथा मझौला प्रशोधन उद्योग/व्यवसायको अवस्था...................................................४५
तालीकाः ३.१९ अन्य निकायसँगको सम्वन्ध र सहयोगको अवस्था...........................................................४५
तालीकाः ३.२० व्यवसायहरुको भविष्य र दिगोपनाको स्तर....................................................................४६
तालीकाः३.२१ सहकारी अनुदान कार्यक्रममा सुधार गर्नुपर्ने पक्षहरु (बहुउत्तर).............................................४९

## चित्रहरुको सूची


चित्र: १ सहकारीको प्रस्तावलेखन क्षमता (प्रतिशत)........२१

चित्र: २  अनुदान प्रस्ताव मुल्याङ्कनकाआधारहरुबारे जानकारी (प्रतिशत)........२१

चित्र: ३ दाता संख्याको आधारमा वर्गीकरण (प्रतिशत)........२३

चित्र: ४ अनुदान लिन लागेको समय (प्रतिशत)........३६

चित्र: ५ अनुदान प्राप्त गर्दाको विधि (प्रतिशत)........३७

चित्र: ६ अनुदान लिँदाको अवस्था (प्रतिशत)........३७

चित्र: ७ नपुग रकमको लागि श्रोत  परिचालनको अवस्था (प्रतिशत)........४०

चित्र: ८ अनुदान रकमको लेखांकनको अवस्था (प्रतिशत)........४६

चित्र: ९ अनुदानको रकम उपयोग विधि........४६

चित्र: १० लेखा प्रणाली र आर्थिक सुशासनको अवस्था (प्रतिशत)........४७

चित्र: ११ वचत परिचालनको अवस्था (प्रतिशत)........४७

चित्र: १२ सहकारीहरुको वित्तीय अवस्था........४७

चित्र: १३ लाभांश वितरणको अवस्था (प्रतिशतमा)........४७

## कार्यकारी सारांश

## १. पृष्ठभूमि

राष्ट्रिय योजना आयोगले सम्पन्न वा कार्यान्वयन क्रममा रहेका नीति, कार्यक्रम तथा आयोजनाहरुको मुल्याङ्कन गरी त्यसबाट प्राप्त नतिजालाई प्रयोग गर्दै नीति तथा निर्णय प्रकृयालाई तथ्य तथा सूचनामा आधारित बनाउन प्रयास गरेको छ । यस क्रममा राष्ट्रिय योजना आयोगको प्रचलित अनुगमन तथा मुल्याङ्कन दिग्दर्शन २०७० मा उल्लेख भए बमोजिम हरेक वर्ष केही आयोजनाहरुको प्रतिस्पर्धात्मक विधिबाट छानिएका स्वतन्त्र मूल्याङ्कनकर्ताबाट मुल्याङ्कन गराउने व्यवस्था भए अनुसार प्रस्तुत अध्ययनका लागि नेपाल वातावरण संरक्षण केन्द्र छानिएको थियो । नेपाल वातावरण संरक्षण केन्दले राष्ट्रिय योजना, अनुगमन तथा क्षमता सुदृढीकरण आयोजनाले तयार पारेको कार्य शर्तअनुसार सहकारी क्षेत्र सुदृढीकरण आयोजना अन्तर्गत सहकारीलाई दिईएको अनुदान कार्यक्रमको स्थलगत अध्ययन गरि यो मुल्याङ्कन प्रतिवेदन तयार गरेको हो ।

आ.व. २०६५/६६ देखि विभिन्न प्रकृतिका सहकारी उद्योग एवं व्यवसाय स्थापना गर्न नेपाल सरकार, तात्कालीन कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभाग मार्फत् सरकारी अनुदान कार्यक्रम संचालन गरिएको छ । हाल सहकारी मन्त्रालय छुट्टै भए पनि विभाग भने पहिले देखि नै रहेको हुनाले कार्यक्रमले निरन्तरता पाईरहेको छ ।

सहकारी अनुदान कार्यक्रम अन्तर्गत खुला प्रतिस्पर्धाको आधारमा निम्न पाँच सहकारी क्षेत्र सुधारका लागि अनुदान वितरण गर्ने गरेको देखिन्छ :

(१) केन्द्रीय सरकारी महासंघ तथा केन्द्रीय सहकारी संघको क्षमता बृद्धि अनुदान,

(२) साधारण सहकारी संघ संस्थालाई उत्पादन तथा प्रशोधन उद्योग स्थापना अनुदान,

(३) महिला लक्षित खाद्य प्रशोधन उद्योगहरुको स्थापना अनुदान,

(४) दलितहरुको परम्परागत पेशा आधुनिकीकरण गर्न अनुदान, र

(५) सीमान्तीकृत लक्षित वर्ग जस्तै हरुवा, चरुवा, वादी, भूमिहीन आदिका लागि उत्पादनमूलक सहकारी संस्थाको स्थापना गर्न अनुदान ।

सहकारी अनुदान कार्यक्रमको मुख्य उद्देश्य सहकारी भावनाका साथ स्थापना भएका साना तथा श्रोत अभाव भएका सहकारी संघ सस्थाहरुलाई अर्थिक सहयोग गरी सहकारी उद्योग तथा व्यवसाय स्थापना र सञ्चालन गर्न सहयोग गरी स्थानीयस्तरमा उत्पादन वढाउन र रोजगारीका नयाँ अवसर सिर्जना गरी गरीबी निवारणमा सहयोग पुऱ्याउनु रहेकोछ ।

### २. मूल्याङ्कनका उद्देश्यहरु

सहकारी अनुदान कायक्रमको कार्यसम्पादन, औचित्य, सान्दर्भिकता, प्रभावकारीता, कार्यदक्षता, प्रभाव, दीगोपना र लाभग्राहिको सन्तुष्टिबारे लेखाजोखा गर्नु यस मुल्याङ्कन अध्ययनको मुख्य उद्देश्य हो । मुल्याङ्कन अध्ययनका निश्चित उद्देश्यहरु निम्न अनुसार छन् : १) सहकारी संघ संस्थाहरुलाई अनुदान उपलब्ध गराउने सम्बन्धि विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाको समीक्षा गरी अनुदान कार्यक्रम तर्जुमा, कार्यान्वयन प्रकृया र कार्यसम्पादन स्तरबारे मुल्याङ्कन गर्नु, २) सहकारी संघ/संस्थाहरुलाई अनुदान वितरण गर्न संस्था छनोटका आधारहरु उपयुक्त भए नभएको मुल्याङ्कन गर्नु, ३) सहकारीको मुल्य मान्यता र सिद्धान्त अनुरुप सहकारी संघ/संस्थाहरु सञ्चालन भए नभएको तथा अनुदानको प्रभावकारिताको मुल्याङ्कन गर्नु, ४) सहकारी अनुदान कार्यक्रम मार्फत स्थापना भएका साना तथा मझौला सहकारी व्यवसाय/उद्यमहरुले सिर्जना गरेका रोजगारी तथा सहकारी संस्थाहरुमा सम्वद्ध सदस्यहरुको जीवनस्तरमा आएको परिवर्तनका सम्वन्धमा मुल्याङ्कन गर्नु ।

## ३. मुल्याङ्कन विधि तथा प्रकियाहरु

यस अध्ययनको सिलसिलामा सहकारी अनुदान कार्यक्रमका मुख्य मुख्य पक्षहरुलाई समेट्ने गरि मुल्याङ्कन अध्ययन बिधि अप्नाइएको छ । अध्ययनका उद्देश्य तथा कार्यक्षेत्रमा उल्लेख गरिएका बुंदाहरुलाई ध्यानमा राखी परामर्शदाताबाट कार्यशर्तका आधारमा उपयुक्त बिधिहरु अपनाइएका छन् ।

अध्ययनमा द्वितीयक तथा प्राथमिक श्रोतहरुबाट आबश्यक सूचनाहरु संकलन तथा बिश्लेषण गरि मुल्याङ्कन गरिएको छ । बिभिन्न बिधिहरुबाट संकलित तथ्याङ्क त्रिभुजीकरण गरि बिश्लेषण गरिएको छ । यस्ता सूचनाहरु सङ्कलन गर्दा सहभागितात्मक पद्धति, स्थलगत निरिक्षण, घरधुरी सर्भेक्षण, लक्षित समूहगत छलफल, प्रमुख सूचनादाताहरुसंगको अन्तवार्ता आदि बिधिहरुको मध्यमबाट संकलन गरिएको छ ।

यस अध्ययनमा पहिले चरणमा सहकारी अनुदान बितरण गरिएका ६० जिल्लाहरु मध्ये सात प्रदेश र मुख्य तीनवटै पारिस्थिकीय क्षेत्रहरु समेटिने गरि १३जिल्लाहरु छनोट गरिएको थियो । दोश्रो चरणमा छनोट गरिएका नमूना जिल्लाहरुबाट ७५ वटा अनुदान प्राप्त गरेका सहकारी संघ संस्थाहरु समानुपातिक रुपमा छनोट गरी प्रति सहकारी १५ घरधुरी प्रत्यक्ष अनुदान प्राप्त गरेका र ६ घरधुरी अनुदान कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त नगरेका घरधुरीहरुको सर्भेक्षण गर्ने प्रस्ताव गरिएको भएता पनि करिब ९० प्रतिशत अनुदान प्राप्त गरेका सहकारीहरुले अनुदान रकम आफै उपयोग गरेको पाइएकाले प्रस्ताबित शास्त्रीय सूत्र अनुसार निर्धारण गरिएको प्रत्यक्ष लाभान्वित घरधुरी संख्या कम भएकोले प्रत्यक्ष लाभान्वित घरधुरी १०३ र कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त नगरेका ९७५ घरधुरी गरी जम्मा १०७८ नमूना घरधुरीको सर्भेक्षण गरिएको थियो । त्यस्तैगरि ४४ जना जानिफकार संग अन्तरवार्ता र २६ वटा सामूहिक छलफल गरि गुणात्मक सूचना संकलन गरिएको थियो । विभिन्न श्रोतवाट संकलन गरिएका सूचनालाई त्रिभुजिकरण गरि विश्लेषण गरिएको थियो ।

## ४. मुल्यांकनका नतिजाहरु

सहकारी अनुदान कार्यक्रमको मुल्यांकनका निम्न सूचकहरुको आधारमा गरिएको छ ।

### ४.१ कार्य सम्पादन

सहकारी अनुदान कार्यक्रमको सोच तालीका तयार नै नगरी कार्यक्रम सञ्चालन शुरु गरिएकोले कार्यक्रम सञ्चालनका लागि के कति आर्थिक, वस्तुगत र प्राविधिक श्रोतहरुको आवश्यकता पर्दछ, सो को आपूर्ति कसरी हुन्छ भन्ने निश्चित आधार र श्रोत दुवै स्पष्ट उल्लेख नगरिएता पनि आ.व. २०६५/६६ देखि हालसम्म अनुदान कार्यक्रम निरन्तररुपमा सञ्चालन भैरहेको देखिन्छ ।

सहकारी अनुदान कार्यक्रमको सोच तालीका तयार नगरिएको भएता पनि तेह्रौ त्रीबषीर्य योजनामा सहकारी अनुदान कार्यक्रम अर्न्तगत बार्षिक १०० वटा सहकारमि आधारित साना तथा मझौला उत्पादन तथा प्रशोधन उद्योगहरु स्थापना गरी बार्षिक २५०० नयां रोजगारी सिर्जना गर्ने लक्ष लिएकोमा बिगत ७ बर्षमा कुनै पनि आ.ब. मा १०० वटा सहकारी संघ सस्थाहरुलाई अनुदान प्रदान भएको देखिदैन् । हालसम्मा जम्मा ३१९ वटा सहकारी संघ संस्थाहरुलाई अनुदान प्रदान गरिएको र अनुदान पाएका संस्थाहरुमा करिब ११५८ मात्र थप रोजगारी सिर्जना भएको देखिन्छ ।

सहकारी अनुदान निर्देशिका अनुसार मुख्य पाँच सहकारी उपक्षेत्रहरुमा सुधारका लागि अनुदान वितरण गर्ने ब्यबस्था भएता पनि बिगत सात बर्षमा सहकारी बिभागबाट अनुदान प्राप्त गरेका सहकारी संघ संस्थाहरुको बिश्लेषण गर्दा ८० प्रतिशत भन्दा बढि अनुदान रकम कृषि तथा पशुजन्य उत्पादन तथा प्रशोधन उद्योग स्थापना गर्न प्रदान गरिएको पाइयो । महिला लक्षित खाद्य प्रशोधन उद्योगहरु र दलितहरुको परम्परागत पेशा आधुनिकीकरण गर्नका लागि खासै अनुदान बितरण भएको देखिदैन ।

बिगत सात बर्षमा केन्द्रीय सरकारी महासंघ तथा केन्द्रीय सहकारी संघहरुको क्षमता बृद्धि गर्ने र सीमान्तीकृत लक्षित वर्ग जस्तै हरुवा, चरुवा, वादी, भूमिहीन आदिका लागि उत्पादनमूलक सहकारी संस्थाको स्थापना गर्नका लागि भने अनुदान उपलब्ध भएको देखिदैन । त्यसौगरी बिगत सता बर्षमा सबै भौगोलिक क्षेत्रहरुमा अनुदान रकम समानुपातिक रुपमा बितरण भएको पाइएन । सहकारी बिभागबाट प्राप्त तथ्याङ्क अनुसार बिगत सात बर्षमा बितरण गरिएको कूल

अनुदानको झण्डै ६० प्रतिशत पहाडी क्षेत्रमा, ३६ प्रतिशत तराइ तथा भित्रीमधेशमा र करिब ४ प्रतिशत मात्र हिमाली क्षेत्रका सहकारी संघ सस्थाहरुर्ला बितरण गरिएको देखिन्छ । यसैगरी कूल अनुदान रकमको करिब ४१ प्रतिशत दुईवटा सहकारी सस्थाहरु बितरण भएको पाईयो ।

सहकारी अनुदान कार्यक्रमबाट उपलब्ध अनुदान रकम मागको करिब ३६ प्रतिशत रहेको र संस्थाहरुलाई अनुदान रकम भुक्तानी लिन निकै समस्या परेको पाइयो । अधिकांश सहकारी संस्थाहरुलाई स्वीकृत अनुदान प्राप्त गर्न १ देखि ३ महिनासम्म समय लागेको र आधा भन्दा बढि संस्थाहरुले अनुदान रकम कार्यबिधि बिपरित एकै किस्तामा भुक्तानी पाएको देखियो ।

## ४.२ सान्दर्भिकता

चालु सहकारी अनुदान कार्यक्रम बिद्यमान सहकारी ऐन २०४८, राष्ट्रीय सहकारी नीति २०६८, सहकारी संघ संस्थाहरुलाई उपलब्ध गराईने अनुदान एवं भन्सार महशूलमा छुट सुबिधा सिफारिस सम्वन्धी कार्य विधि, २०६८ का प्राबधान अनुसार सहकारी अनुदान कार्यान्वयन कार्यविधिका २०६८ तयार गरी सहकारी अनुदान कार्यक्रम सञ्चालन भएको देखिन्छ ।

सहकारी अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०६८ मा सहकारी संघ-संस्थाहरुलाई सहकारीमा आधारित साना तथा मझौला उद्योग तथा व्यवसायहरु स्थापना र सञ्चालनको लागि आर्थिक अनुदान प्रदान गर्न आवश्यक मापदण्ड उल्लेख गरिएको छ । उक्त कार्यविधिले गरिब, दलित, हरुवा, चरुवा, पिछडा वर्ग आदिको उत्थान र उनीहरु संलग्न भएको सहकारीहरुका लागि उद्योग स्थापना गरी सञ्चालन गर्न सहयोग गर्ने स्पष्ट उल्लेख गरिएको छ । तर सो कार्यविधिमा मुल्याङ्कनका आधारहरु र प्रदान गरिने अंकलाई विश्लेषण गर्दा दुर्गम क्षेत्रका लक्षित बर्गले सञ्चालन गरिरहेका सहकारीहरुको तुलनामा सुगम क्षेत्रमा सञ्चालित पुराना संस्थाहरुले मात्र अनुदान प्राप्त गर्न सक्ने अवस्था रहेको पाइयो । अनुदानको लागि प्रस्ताव लेखन खाका समेत नभएको, कार्यक्रमलाई पूर्ण रुपमा केन्द्रीकृत गरिएको, प्रस्ताव आह्ननको सूचना राष्ट्रिय स्तरका पत्रिकाहरुमा मात्र प्रकाशित गर्ने जस्ता प्रावधानहरुले दुर्गम तथा पिछडिएका भौगोलिक क्षत्रका बिपन्न, दलित तथा लोपोन्मुख लक्षित वर्गद्वारा सञ्चालित सहकारी संघ संस्थाहरुको सहकारी अनुदान कार्यक्रममा सहभागीता अपेक्षकृत रुपमा कम रहेको पाइयो ।

स्थलगत अध्ययनका क्रममा आधा भन्दा बढी सहकारीका सदस्यहरुलाई सहकारी अनुदान वितरण गर्नका लागि माग गरिने प्रस्ताव र अनुदानको लागि संस्था छनोट गर्ने मापदण्ड र आधारकाबारे जानकारी नभएको र प्रस्ताव लेख्ने फर्मेट नै नभएकोले कस्तो प्रस्ताव लेख्ने भन्नेबारे सहकारीहरु अन्यौलमा परेका भएता पनि नमूना सर्वेक्षण गरिएका करिब ६८ प्रतिशत सहकारीहरुले मात्र अनुदानको लागि प्रस्तावहरु आफैंले तयार गरेको बताउका थिए भने बाँकीले अरुको सहयोगमा प्रस्ताव तयार पारेका थिए । तर पनि अधिकांश सहकारीहरुका प्रतिनिधिहरुले अनुदानका लागि तोकिएका मापदण्डहरु सान्दर्भिक नै भएको बताएका थिए । अधिकांश अनुदान प्राप्त सहकारी संघ-संस्थाहरु जिल्ला सदरमुकाम वरिपरिका, पढेलेखेका र समाजका मध्यम वर्गीय सदस्यहरुको बाहुल्य भएका सहकारीहरुले मात्र अनुदान प्राप्त गर्ने गरेको गरेको पाइयो ।

सहकारी विभागबाट उपलब्ध तथ्याङ्कक अनुसार विगत सात वर्षमा जम्मा ३१९ वटा सहकारी उद्योग तथा व्यवसाय सञ्चालनका लागि अनुदान वितरण भएको देखिन्छ । अनुदान प्राप्त जम्मा ३१९ सहकारीहरुमध्ये २७ वटा हिमाली क्षेत्रमा (८.५%), १६४ पहाडमा (५१.४%) र तराईमा १२८ (४०.१%) रहेको देखिन्छ जुन जनसंख्याको भौगोलिक वितरणको अनुपातमा ठीकै देखिन्छ । अनुदान रकम लगानीको आधारमा हिमाली क्षेत्रका सहकारी सस्थाहरुलाई अनुदान कम (४.४५%), पहाडमा तुलनात्मक रुपमा अन्य भौगोलिक क्षेत्रमा भन्दा बढी (५९.६५%) र तराईमा पनि अनुदान प्राप्त गरेका सहकारी सस्थाहरुको संख्याको अनुपातमा अनुदान कम (३५.९०%) वितरण भएको देखिन्छ ।

डिभिजन सहकारी कार्यालयहरुलाई आफ्नो भौगोलिक कार्यक्षेत्रका अनुदान प्राप्त गरेका सहकारी संघ सस्थाहरुको बारेमा सामान्य जानकारी वाहेक अनुदान कार्यक्रमका बारेमा अभिलेख राख्ने नगरेको सम्बन्धित डिभिजन सहकारी कार्यालयहरुबाट जानकारी पाइयो । अनुदान संबन्धि सम्पूर्ण कामकारबाही सहकारी विभागबाटै हुने गरेको र सोको अभिलेख पनि विभागले नै राख्ने गरेकाले कतिपय अवस्थामा सहकारी संघ संस्थाहरुलाई के का लागि कति अनुदान रकम प्रदान गरिएको थियो भन्नेबारेमा सम्बन्धित डिभिजन सहकारी कार्यालयहरु अनभिज्ञ रहेको पाइयो ।सहकारी

उद्योग स्थापना र सञ्चालनको लागि अनुदान वितरण गर्ने कार्यविधि बिस्तृत र स्पष्ट भए पनि व्यबहारमा अनुदान कार्यक्रम कार्यविधि अनुसार कार्यान्वयन भएको देखिदैन र कार्यक्रम पूर्ण रुपमा केन्द्रीकृत गरिएको छ ।

स्थलगत अध्ययनका क्रममा अनुदान प्राप्त सहकारीका अधिकांश सूचनादाताहरुले अनुदान कार्यक्रम सान्दर्भिक भएको बताए पनि तुलनात्मकरुपमा अनुदान रकम सदुपयोग गरेका सहकारीका प्रतिनिधिहरुले भने केही सहकारीहरुलाई सीमित अनुदान रकम बितरण गर्नु भन्दा सरकारले सहकारीहरुलाई सहुलियत ब्याजदरमा आबश्यक ऋण उपलब्ध गराउनुपर्ने र मेसिनरी औजारहरुमा भन्सार छुटको ब्यबस्था सरल र प्रभावकारी रुपमा लागु गर्नुपर्ने धारणा राखेका थिए ।

## ४.३ प्रभावकारिता

सहकारी विभागका सम्बन्धित अधिकारीहरुसँगको अन्तर्क्रियाबाट हालसम्म आयोजना तहमा कार्यक्रमको कार्यान्वयन सोच तालीका तथा नतिजा खाका तयार गरिएको देखिँदैन र सो बनाउने योजना समेत रहेको पाइएन । सहकारी अनुदान आयोजनाका लागि वार्षिक बिनियोजित रकममध्ये कति निकासा भयो र निकासा भएको अनुदान रकम कति बटा सहकारी संध संस्थाहरुलाई कुन कुन उद्देश्यका लागि वितरण गरियो भन्ने मै सीमित रहेको देखिन्छ ।

नमूना सर्वेक्षणका लागि छनोट गरिएका ७५ सहकारी संस्थाहरुमध्ये ७२ सहकारी संस्थाहरु मात्र स्थलगत अध्ययनमा पत्ता लागेका थिए । सर्वेक्षण गरिएका सहकारी संस्थाहरुमध्ये दुग्ध प्रशोधन उद्योग, महिला खाद्य प्रशोधन, मह प्रशोधन, जुस उद्योग र केही चिया प्रशोधन उद्योगहरु सञ्चालनमा रहेका र अन्य अधिकांश प्रशोधन तथा उत्पादनमूलक व्यवसायहरु सञ्चालनमा नै नरहेको पाइयो । अधिकांश सहकारी संध तथा संस्थाहरुले आफै सञ्चालन गरेका उत्पादनमूलक व्यवसायहरु प्राय सञ्चालनमा नरहेको पाइयो ।

अधिकांश सहकारी संस्थाहरुले अनुदान प्राप्त गर्दा कबुल गरेका शर्तहरु पालना नगरेको पाइयो । कतिपय अवस्थामा अनुदान रकम स्वीकृत भैसकेपछि कार्यक्रम बनाएको, पुराना सहकारी संस्थाहरुले प्रस्तावमा नयाँ उद्योगको लागि अनुदान प्राप्त गरेको भएता पनि पुरानै व्यवसायलाई नयाँ भनि देखाईएको समेत पाइयो । केही सहकारी संस्थाहरुले सहकारी विभागबाट जुन कार्यको लागि अनुदान लिएको हो सो नगरी अर्कै व्यवसाय सञ्चालन गरेको समेत पाइयो । सहकारी व्यवसायका लागि अनुदान स्वीकृत भएको भएता पनि अधिकांश गाई, बाखा, बंगुरपालनका लागि अनुदान प्राप्त गरेका सहकारी सस्थाहरुले फार्म सञ्चालन सहकारीका सदस्यहरुलाई ठेक्कामा लगाएको समेत पाइयो ।

अधिकाँश सहकारीका सदस्यहरु खासगरि दुर्गम क्षेत्रका सहकारी सस्थाहरुले अनुदानका बारेमा जानकारी नभएको र प्रस्ताव माग भएको सूचना समेत थाहा नपाएको अबस्थामा अनुदानको लागि प्रस्ताव तयार गरि पेश गर्नसक्ने अबस्था नरहेको पाइयो । प्रस्ताव तयार पार्ने सरल ढांचाको अभावमा अनुदान प्राप्त गरेका करिब एक तिहाइ नमूना सहकारी संघ संस्थाहरुले समेत अन्य ब्यक्ति वा सस्थाहरुको सहयोग लिइ प्रस्ताव पेश गरेको पाइयो ।

## ४.४ कार्यदक्षता

सहकारी अनुदान आयोजनाबाट विगत सात वर्षमा जम्मा १८, ३१, ४८,४७५ अनुदान रकम ३४ उपक्षेत्रका ३१९ सहकारी संघ संस्थाहरुलाई वितरण गरेको देखिन्छ । नमूना छनोटमो परेका ७२ वटा संस्थाहरुको कूल परियोजना लागत सरदर रु. १९, ७१,००० रहेको मध्ये रु. ५, ५२,००० सहकारी विभागबाट अनुदान प्राप्त भएको पाइयो जुन कूल लागतको कारिब ३६ प्रतिशत मात्र देखिन्छ र बांकि ६४ प्रतिशत लागत सहकारी संस्थाहरुले स्वयम् नै व्यहोरेको देखिन्छ । अनुदान प्राप्त सहकारी संस्थाहरुको लगानीको हिस्सा ५० प्रतिशत भन्दा बढी देखिएता पनि अनुदान प्राप्त सहकारीका पदाधिकारी तथा कर्मचारीहरुको भनाई अनुसार अधिकांश संस्थाहरुले प्रस्तावमा उल्लेखित शर्तअनुसार लगानी नगरेको र प्रस्तावित आयोजनाहरुमा सहकारीहरुले शर्तअनुसार लगानी नभएर पनि अधिकांश सहकारीहरुले सञ्चालन गरेका उद्योग व्यवसायहरु प्रभावकारी रुपमा सञ्चालन गर्न नसकेको पाइयो ।

सहकारी अनुदान कार्यक्रम अन्तर्गत बितरण भएको अनुदान रकम प्राप्त गरेका ३१९ सहकारी सस्थाहरु मध्ये करिब ३९ प्रतिशत पशुपालन ब्यबसाय सञ्चालन गर्न, ४३ प्रतिशत कृषि र पशुमा आधारित वस्तुहरुको प्रशोधन उद्योग स्थापना गर्न, ८ प्रतिशत महिला लघु खाद्य प्रशोधन, ३ प्रतिशतले कृषि उत्पादन व्यवसाय र ७ प्रतिशतले विविध परियोजना सञ्चालन गर्न अनुदान प्रदान गरिएको देखिन्छ ।

अनुदान रकमको आधारमा विश्लेषण गर्दा करिब ४० प्रतिशत कृषि/पशुजन्य वस्तु प्रशोधन उद्योगहरुमा, २१ प्रतिशत पशुपालन, ३ प्रतिशत महिला खाद्य प्रशोधन, ३ प्रतिशत कृषि उत्पादन व्यवसाय र ३२ प्रतिशत विविध क्षेत्रमा लगानी गरेको पाइएको छ । सहकारी अनुदानबाट सञ्चालित अधिकांश साना तथा मझौला प्रशोधन उद्योगहरु र कृषि तथा पशुपालन व्यवसायहरु व्यवस्थित रुपमा सञ्चालन भएको देखिँदैन ।

अनुदान प्राप्त सहकारी संघ संस्थाहरुमा जम्मा ११५८ थप रोजगारी सिर्जना भएको र प्रति रोजगारी सिर्जन गर्न रु. १५८,०५५ अनुदान खर्च भएको देखिन्छ । तर सहकारी संघ संस्थाहरुले गरेको लगानी समेत गणना गर्ने हो भने प्रति रोजगारी सिर्जना गर्न रु. ३१९, ००८ खर्च भएको देखिन्छ ।

## ४.५ प्रभाव

अनुदान अघि सर्भेक्षण गरिएका सहकारीहरुका कुल सदस्य १४,३०६ भएकोमा हाल (अनुदान कार्यक्रम पछि) यो संख्या वढेर ३४,९७९ पुगेको देखिएको छ । बिगत सात बर्षमा अनुदान प्राप्त सहकारीहरुमा सदस्यहरुको संख्यात्मक वृद्धि १४४.५ प्रतिशत भएको पाइएको छ । अनुदान प्राप्त सहकारीहरुमा सदस्य संख्यामा देखिएको वृद्धि अनुदान कार्यक्रमको प्रभावबाट भन्दा पनि सहकारीहरुको बचत तथा ऋण कार्यक्रमको बिस्तारको भूमिकाले गर्दा बढिरहेको देखिन्छ ।

बिस्तृत सर्भेक्षण नमूनामा छनोट गरिएका जम्मा ७५ वटा सस्थाहरुमध्ये स्थलगत अध्ययनका बखत ३७ वटा सहकारी संस्थाहरु सन्तोषजनक रुपमा सञ्चालनमा रहेका, २६ वटा स्थापना भएका तर सन्तोषजनक रुपमा सञ्चालनमा नरहेका, ९ वटा सस्थाहरुले सम्झौता अनुसार उद्योग ब्यबसाय सञ्चालन नै नगरेका र बांकि ३ वटा संस्थाहरु स्थलगत अध्ययनका क्रममा पत्ता नलागेकोले सर्भेक्षण गर्न सकिएन । सर्वेक्षण गरिएका सहकारी संस्थाहरुमध्ये दुग्ध प्रशोधन उद्योग, महिला खाद्य प्रशोधन, मह प्रशोधन, जुस उद्योग र केही चिया प्रशोधन उद्योगहरु सञ्चालनमा रहेका र अन्य अधिकांश प्रशोधन तथा उत्पादनमूलक व्यवसायहरु सञ्चालनमा नै नरहेको पाइयो । अधिकांश सहकारी संघ तथा संस्थाहरुले आफै सञ्चालन गरेका उत्पादनमूलक व्यवसायहरु प्राय सञ्चालनमा नरहेको पाइयो ।

धेरैजसो अनुदान प्राप्त सहकारीहरुले आफुले विगतमा सञ्चालन गर्दै आएका व्यवसायहरुको विस्तार, मर्मत सम्भार तथा प्रतिष्ठाका लागि समेत अनुदान लिएको पाईयो । बार्षिक करोडौको कारोवार गर्ने संस्थाहरुले समेत २/३ लाख रुपैया अनुदान लिएको पाईयो । यसरी अनुदान लिने संस्थाहरुले अनुदानवाट स्थापित व्यवसायहरु सहकारी आफैले सञ्चालन नगरि व्यवसाय नै ठेक्कामा लगाएको समेत पाईयो ।

अध्ययन गरिएका संस्थाहरु मध्ये करिब ९३ प्रतिशत सहकारीहरुले अनुदान प्रस्तावमा उल्लेख भएका कार्यक्रम नै कार्यान्वयन गरेको बताएका थिए भने बाकि ७ प्रतिशतले अनुदान कार्यक्रम र कार्य योजना समेत परिवर्तन गरेको पाइयो । सहकारीहरुको अनुगमन कार्य राम्रोसंग हुन नसकेको र अनुगमन भए पनि अनुगमनवाट प्राप्त सूचनाहरु प्रशोधन गरि सूचना प्रणालीमा अद्यावधिक गर्ने कार्य नभएको पाईयो । यद्यपि अनुदानमा सञ्चालित अधिकांश योजनाहरु समयमै सम्पन्न भएको कुरा सहकारी विभागवाट जानकारी पाइयो ।

करिब ९० प्रतिशत अनुदान प्राप्त सहकारी संघ संस्थाहरुले अनुदान कार्यक्रमबाट प्राप्त रकमबाट स्वयमले नै उद्योग व्यवसाय सञ्चालन गरेको पाइयो । सहकारी संस्थाहरुले सञ्चालन गरिरहेका अधिकांश उत्पादनका व्यवसायहरु खास गरि बाख्रा, गाई, बङ्गुरपालन जस्ता व्यवसायहरु सर्तअनुसार सञ्चालन नभएको र केही सञ्चालनमा रहेता पनि प्रभावकारी ढंगले सञ्चालन नभएकाले उत्पादनमा खासै वृद्धि भएको देखिँदैन । अनुदान प्राप्त केही सहकारी संस्थाहरुले दुग्ध प्रशोधन, चिया प्रशोधन, मह प्रशोधन तथा साना खाद्य प्रशोधन जस्ता उद्योगहरु सञ्चालन गरिरहेका र अधिकांश सहकारी संस्थाहरुले सदस्यहरुले उत्पादन गरेका कृषि तथा पशुजन्य उत्पादनहरु खरिद गरि प्रशोधन गर्ने गरेका तर अधिकांश सहकारीहरुले प्रशोधित दुग्ध, मह तथा चीयाको बिक्रिवितरणमा समस्या रहेको पाइयो । झापामा उत्पादित सि.टि. सि. चियाको बिक्रिवितरण गर्न सहकारीलाई निकै समस्या रहेको पाइयो । स्थलगत अध्ययनले दुग्ध, मह तथा चिया प्रशोधन जस्ता सहकारी संस्थाहरुले सञ्चालन गरेका साना तथा मझौला कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योगहरुबाट साना तथा मझौला किसानहरु प्रत्यक्ष लाभान्वित भएको देखिन्छ ।

अध्ययनले सहकारी अनुदान कार्यक्रमबाट करिब १० प्रतिशत सहकारी सदस्यहरुको आम्दानीमा वृद्धि गर्न सहयोग पुगेको देखिएको छ । यो संख्या सहकारीहरुले प्राप्त अनुदान सदस्यहरुलाई बितरण गरेका सहकारी सस्थाका

सदस्यहरुको मात्र हो । बांकि सहकारीका सदस्यहरुले प्रत्यक्षरुपमा अनुदान प्राप्त नगरेकाले अप्रत्यक्षरुपमा मात्र लाभान्वित हुने भएकाले सदस्यहरुको उत्पादनमा अनुदान कार्यक्रमबाट खासै सहयोग पुगेको देखिदैन ।

सहकारी अनुदान कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित सदस्यहरुको जीवनस्तर सुधारमा धेरथोर योगदान पुगेकोले गरिबी निबारण क्षेत्रमा समेत केही सहयोग पुगेको देखिन्छ ।

स्थलगत अबलोकनमा करिब ५८ प्रतिशत सहकारीहरु कार्यालय खोली सञ्चालनमा रहेका बाँकी ४२ प्रतिशत सहकारीहरुको कार्यालय समेत नभएको अवस्था देखियो । समग्रमा सर्वेक्षण गरिएका सहकारीहरुमा ३.२१ जनाले प्रत्यक्ष र ४.२ जनाले परोक्षरुपमा रोजगार रहेको पाइयो । औसतमा प्रति सहकारी ३.६३ रोजगारी सिर्जना भएबाट लक्षको तुलनामा उपलब्धि नगन्य भएको देखिन्छ ।

समग्रमा स्थलगत अध्ययन गरिएका सहकारी संघ संस्थाहरु प्रचलित सहकारी कानून, नियम अनुसार नै दर्ता भएका भए पनि अधिकांश संघ सस्थाहरु प्रचलित सहकारी सिद्धान्त, मूल्य र मान्यताका आधारमा सञ्चालन भएको पाइएन । करिब ९३ प्रतिशत अध्ययन गरिएका सहकारी संस्थाहरुले लेखा प्रणालीमा डवल ईन्द्री गरी निर्धारित ढाँचामा लेखा राख्ने गरेका र बांकि ७ प्रतिशत संस्थाहरुले भने साधारण विधिमा लेखा राख्ने गरेको पाइयो । साधारणत सहकारी संस्थाहरुले लेखा प्रणालीलाई व्यवस्थित रुपमा नै राख्ने गरेको पाईयो ।

## ४.६ दीगोपना

सर्भेक्षण गरिएका जम्मा ७२ सहकारी सस्थाहरु मध्ये करिब ६० प्रतिशत सस्थाहरुले मात्र अनुदानको रकमबाट स्थापना गरेका उद्यागे व्यवसायहरु सञ्चालनमा रहेको पाईयो । जसमध्ये, लघु महिला खाद्य प्रशोधन उद्योग ८३.३ प्रतिशत, कृषि/पशु जन्य उत्पादन प्रशोधन उद्योग ६८.६ प्रतिशत, कृषि व्यवसाय (माछापालन, तरकारी खेती) का ५० प्रतिशत, पशुपालनको ४४ प्रतिशत र अन्य ३७.५ प्रतिशत व्यवसायहरु सञ्चालनमा रहेको पाईयो । त्यसै गरी खाद्य प्रशोधन (चामल, तोरी तेल, पिसानी आदि) दुग्ध व्यवसायहरु जस्ता दैनिक जनजीवनसंग प्रत्यक्ष सरोकार राख्ने उद्योग तथा उच्च मूल्यका कृषिजन्य उत्पादनहरु (मह, अलैची) आदिका ब्यबसायहरु निरन्तर रुपमा संचालनमा रहेको पाइयो भने अन्य ब्यबसायहरु जस्तै सिलाई कटाई, दलित पेशा आधुनिकीकरण, अदुवा प्रशोधन, कफी प्रशोधन उद्योग ब्यबसायहरु धेरैजसो संञ्चालनमा नै नरहेको पाईयो । अदुवा प्रशोधनका सवै व्यवसायहरु वन्द रहेको पाईयो । वंगुर तथा गाई पालनका व्यवसायहरु सञ्चालनमा आएको भएता पनि धेरैजसो निकै कम क्षमतामा संञ्चालनमा रहेका र सबै ब्यबसायिक फारमहरु घाटामा संञ्चालन भैरहेकाले अधिकांश ब्यबसायहरु दीगोरुपमा संञ्चालन हुने संभावना न्यून रहेको छ ।

आधाजसो अनुदान प्राप्त गरेका सहकारी संस्थाहरुले जिल्ला स्थित विभिन्न सरकारी, गैर सरकारी संस्थाहरुसँग समन्वय गरी प्राविधिक तथा आर्थिक सहयोग समेत प्राप्त गर्ने गरेको पाइयो भने आधाजसो सस्थाहरुले कुनै पनि सहयोग नपाएको पाइयो । अधिकांश सहयोग प्राप्त गर्ने सस्थाहरुले सञ्चालन गरेका परियोजनाहरु समेत थप सहयोग प्राप्त नभएमा प्राय जसो परियोजनाहरु चल्न नसक्ने अबस्था रहेको छ ।

हाल सञ्चालनमा रहेका अनुदान प्राप्त परियोजनाहरु सञ्चालनमा आउन नसकेका, कतिपय सञ्चालनमा आए पनि बन्द भएकाले रोजगारी सिर्जनामा खासै योगदान पुगेको देखिदैन । सञ्चालनमा रहेका अधिकांश परियोजनाहरु सहकारीहरुले पहिले देखि गर्दैआएको पुरानै व्यवसाय भएकोले नयाँ थप रोजगारी सिर्जना भएको देखिँदैन । तसर्थ नयाँ सहकारीहरुबाट सिर्जना भएका रोजगारीहरु थप अनुदान प्राप्त नभएमा निरन्तररुपमा संञ्चालन हुने संम्भावना निकै कम देखिन्छ ।

सर्भेक्षणका गरिएका संघ सस्थाहरुमध्ये करिब १७ प्रतिशतले मात्र अनुदान रकमको छुट्टै खातामा राखेको, ८९ प्रतिशत सहकारीहरुले अनुदान रकम आफैले उपयोग गरी व्यवसाय गरेको र ११ प्रतिशत सहकारीहरुले आफ्ना शेयर सदस्यहरुहरुलाई व्यवसाय सञ्चालन गर्न अनुदान वितरण गरेको पाइयो ।

सहकारी विभागको विद्यमान संरचना, स्वीकृत दरबन्दी र कार्यरत जनशक्तिको कार्य क्षमताको स्तरको विश्लेषण गर्दा कार्यविधिमा उल्लेख गरिएका अनुदानका कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्यियन गर्न आवश्यक पर्ने प्राविधिक सेवा उपलब्ध गराउने, नियमित अनुगमन तथा मुल्याङ्कन गर्ने संस्थागत संरचना समेत नभएको अवस्थामा अनुदान कार्यक्रम निरन्तर रुपमा सञ्चालन गर्न सक्ने अवस्था देखिँदैन । तर नेपाल सरकारकै अन्य निकायहरु जस्तै कृषि

विकास मन्त्रालय, पशुपंक्षी विकास मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, गरीबी निवारण कोष, युवा स्वरोजगार कोष, दसग्ध विकास बोर्ड, चीया तथा कफि विकास बोर्ड लगायत अन्य वैदेशिक सहयोगबाट सञ्चालित विभिन्न विषयगत तथा क्षेत्रगत विकासका आयोजनाहरुले समेत समान प्रकृतिका अनुदानका कार्यक्रमहरु सञ्चालन गरिरहेको अवस्थामा सहकारी विभागको सहकारी अनुदान कार्यक्रमको खासै औचित्य देखिँदैन र यथास्थितिमा सहकारी अनुदान कार्यक्रमलाई निरन्तरता दिनु उपयुक्त हुँदैन ।

सहकारी विभागसँग अनुदान कार्यक्रममा उल्लेख गरिएका अनुदानका क्षेत्रहरुमध्ये कृषि, पशु तथा बनजन्य बस्तुहरुको उत्पादन तथा प्रशोधन सम्बन्धी उद्योग व्यवसायहरु स्थापना तथा सञ्चालनका लागि अनुदान प्राप्त गरेका सहकारी संघ संस्थाहरुलाई आबश्य न्यूनतम प्राविधिक एवं व्यवस्थापकीय सेवाहरु उपलब्ध गराउन सहकारी विभागसँग आफ्नै विषयगत प्राविधिक जनशक्ति नभएको र जिल्लास्तरमा उपलब्ध प्राविधिक सेवा प्रदायक सरकारी, गैर सरकारी तथा नीजि निकाय तथा परामर्शदाता व्यक्ति तथा संस्थाहरुसँग संमन्वय गरि अनुदान कार्यक्रम सञ्चालन गर्न संयन्त्रको समेत व्यवस्था नभएकोले अधिकांश अनुदान प्राप्त गरेका सहकारी संघ संस्थाहरुले उद्योग तथा व्यवसाय सञ्चालनको लागि आवश्यक प्राविधिक ज्ञान, सीप तथा प्रविधिहरु  प्रयोग गरेको पाइएन । अनुदान प्राप्त गरेका केही सुगम तथा जिल्ला सदरमुकाम वरिपरिका सहकारी संघ स्ंस्थाहरुले जिल्ला स्थित कृषि विकास कार्यालय र पशुसेवा कार्यालय, लघुउद्यम विकास, घरेलु तथा साना उद्योग कार्यालय तथा विभिन्न गैर सरकारी संस्थाहरु सँग समन्वय गरी आवश्यक प्राबिधक सेवा प्राप्त गरिरहेका भएता पनि अधिकांश दुर्गम तथा बिकट भौगोलिक क्षेत्रका संस्थाहरु आवश्यक प्राविधिक ज्ञान र सीपको अभावले गर्दा समेत अपेक्षकृत अनुदान कार्यक्रमबाट लाभ लिन नसकेको देखिन्छ ।

## ४.७ समावेसिता र लाभग्राहिको सन्तुष्टि

सहकारी अनुदान कार्यक्रमबाट प्रत्यक्ष लाभ प्राप्त गरेका सहकारी सदस्य घरधुरीहरको जातीय/बर्गीय बितरणलाई बिश्लेषण गर्दा प्रत्यक्ष लाभप्राप्त गर्ने सहकारी सदस्यहरुमध्ये करिब ५७ प्रतिशत बाहुन/क्षेत्री/ठकुरी, ३२ प्रतिशत आदिबारी/जनजातीहरु, ७ प्रतिशत दलित र ३ प्रतिशत मात्र मधशी बर्ग रहेको पाइयो । यसबाट प्रष्ट हुन्छ कि सहकारी अनुदान कार्यक्रमबाट दुर्गम तथा पिछडिएका क्षेत्रका गरिब तथा बिपन्न बर्ग भन्दा पनि समाजका टाठाबाठाहरु नै बढि लाभान्वित भएको देखिन्छ ।

सहकारी बिभागबाट उपलब्ध तथ्याङ्क अनुसार बिगत सात बर्षमा अनुदान प्राप्त गरेका ३१९ वटा सहकारी संघ ससथाहरुको भौगोलिक बितरणलाई बिश्लेषण गर्दा करिब ५१ प्रतिशत पहाडमा, ४० प्रतिशत तराईमा र ९ प्रतिशत हिमाली जिल्लाका सशकारी सस्थाहरुलाई अनुदान बितरण भएको पाइयो । त्यसै गरि अनुदान रकमको आधारमा करिब ६० प्रतिशत पहाडमा, ३६ प्रतिशत तराइमा र ४ प्रतिशत रकम मात्र हिमाली जिल्लाका सहकारी संसथाहरुलाई बितरण भउको देखिन्छ । अनुदान पाएका सहकारीहरुको बिस्तृत बिश्लेषण गर्दा पहाड र तराइका सुगम जिल्लाहरु जस्तै काठमाण्डौं उपत्यका, इलाम, काभ्रे, धादिङ्ग, कास्का, स्याङ्गजा, नवलपरासी, चितवन, सुनकरी, मोरङ्ग र झापाका सहकारी संघ सस्थाहरुले मात्र कूल अनुदानको करिब ९० प्रतिशत अनुदान पाएको देखिन्छ । ती मध्ये पनि केही पहुंचवाला सहकारी सस्थाहरुले मात्र अनुदान कार्यान्वयन कार्यबिधिमा उल्लेख भए बमोजिम ५० प्रतिशत अनुदान प्राप्त गरेको देखिन्छ र बांकि सहकारी सस्थाहरुलाई निकासा रकमको दामासाहीले जति पुग्छ त्यतिमात्र अनुदान बितरण गर्ने गरेको देखिन्छ ।

सहकारी विभागबाट प्राप्त तथ्याङ्क अनुसार प्रति सहकारी न्यूतम रु ५०,००० देखि करिब ५ करोडसम्म अनुदान प्रदान गरिएको देखिन्छ । अधिकांश सहकारीहरुले अनुदान प्रस्ताव अनुसार अनुदान प्राप्त नभएको र सरदर मागको करिब ३६ प्रतिशतमात्र अनुदान प्रदान भएको देखिन्छ । अनुदान प्राप्त गरेका अधिकांश सहकारीका प्रतिनिधिका अनुसार अनुदान रकम प्रस्तावित परियोजनाको आधारमा भन्दा पनि पहंचका आधारमा स्वीकृत हुनेगरेको बताएका थिए । हालसम्म बितरण गरिएको अनुदान रकमको करिब ४१ प्रतिशत रकम दुई ठूला सहकारी संघ सस्थहरुलाई प्रदान गरिएको र ५९ प्रतिशत अनुदान रकम बांकि ३१७ वटा सहकारी संघ सस्थाहरुलाई दामासाहीले बितरण गरिएको देखिन्छ । त्यसकारण पनि अधिकांश अनुदान प्राप्त गरेको सहकारीका प्रतिनिधिहरु समेत सहकारी अनुदान बितरण प्रकृयाबाट सन्तुष्ट देखिदैनन् ।

विस्तृत अध्ययनका लागि नमूना छनोटमा परेका सहकारी संघ-संस्थाहरुले व्यवसाय सञ्चालन गर्नको लागि माग गरेको अनुदानको करिब ३६ प्रतिशत मात्र रकम अनुदान प्राप्त गरेको देखिन्छ । यसरी माग गरेको अनुदान रकमको

करिब एक तिहाई मात्र अनुदान उपलब्ध भएकोले अधिकांश कमजोर आर्थिक अवस्था भएका दुर्गम तथा बिकट भौगोलिक क्षेत्रका सहकारी संस्थाहरुले अनुदान सम्झौता अनुसार परियोजनाहरु प्रभावकारी ढंगले सञ्चालन गरेको पाइएन ।

अनुदान कार्यान्ययन निर्देशिकामा सहकारी संस्थाहरुलाई परियोजनाको कुल लागतको ५० प्रतिशत सम्म पुंनीगत अनुदान उपलब्ध गराउन सकिने प्राबधान भएता पनि अधिकांश साना तथा दुर्गम क्षेत्रका सहकारी संघ संस्थाहरुलाई माग गरेको भन्दा कम अनुदान प्रदान गरिएको र ठूला तथा पहुंचभएका सहकारी संघ संस्थाहरुलाई निर्देशिका अनुसार ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराएको पाइयो । यसरी धैरै सहकारी संस्थाहरुलाई आवश्यकता भन्दा कम रकम अनुदान प्रदान गरिएकाले पनि साना सहकारी व्यवसायहरु प्रभावकारी ढंगले सञ्चालन हुन नसकेको देखिन्छ । संस्थाको स्वलगानी गर्न सक्ने क्षमताका आधारमा अनुदान उपलब्ध गराउने निर्देशिकाको प्राबधानले गर्दा अधिकांश आर्थिक अवस्था कमजोर भएका सहकारी संस्थाहरुले समेत तोकिएको लागत ब्यहोर्ने शर्तकबुल गरि सहकारीबाट अनुदान प्राप्त गरेको देखियो । नमूना छनोटमा परेका अनुदान प्राप्त सहकारी संस्थाहरुमध्ये कारब ४९ प्रतिशतले नपुग रकम बैकबाट ऋण लिएको, १८ प्रतिशतले अन्य श्रोतहरुबाट र बाँकी २३ प्रतिशत संस्थाहरुले भने आन्तरिक श्रोतबाट शर्तअनुसार अनुदान परियोजनाको लागि रकम व्यवस्थापन गरेको बताएता पनि वास्तविकता यस्तो नभएको र अधिकांश अनुदान प्राप्त गरेका सहकारी संघ संस्थाहरुले सहकारी विभागबाट प्रदान गरिएको अनुदान रकम मात्र परियोजनामा लगानी गरेको पाइयो ।

अनुदान प्रकृया झन्झटिलो र केन्द्रीकृत भएकोले दुर्गम तथा बिकट भौगोलिक क्षेत्रका सहकारी संघ सस्थाहरुलाई अनुदान प्राप्त गर्न खर्चिलो भएको भएता पनि अधिकांश अनुदान प्राप्त सहकारी सस्थाहरु अनुदान कार्यक्रमबाट सन्तुष्ट नै रहेको ।

## ५.समग्र मुल्याङ्कन नतिजाको स्तरिकण

| क्रस | निर्णयाधार | मुल्याङ्कन | निष्कर्ष |
|---|---|---|---|
| १ | कार्य संपादन स्तर | ग. सन्तोषजनक नभएको । | • अनुदान कार्यक्रमको सोच तालीका तयार नै नगरी कार्यक्रम सञ्चालन शुरु गरिएकोले कार्यक्रमको भौतिक लक्ष तथा उपलब्धिकाबारे मुल्याङ्कन गर्ने ठोस आधार नभएको ।<br>• आयोजनाको प्रति बर्ष १०० सहकारी संघ सस्थाहरुलाई अनुदान प्रदान गर्ने लक्ष भएता पनि बिगत ७ बर्षमा कुनै आ.ब.मा पनि १०० वटा सहकारी संघ सस्थाहरुलाई अनुदान प्रदान भएको देखिएन । बिगत सात बर्षमा लक्षको करिब ४५ प्रतिशत संघ सस्थाहरुलाई मात्र अनुदान बितरण गरेको देखिन्छ ।<br>• सहकारी अनुदान कार्यक्रमबाट हरेक वर्ष १०० वटा नयां व्यवसाय स्थापना गरि बार्षिक २५०० थप रोजगारी सिर्जना गर्ने आयोजनाको लक्ष रहेकोमा हालसम्मा करिब ११५८ थप रोजगारी सिर्जना भएको देखिन्छ जुन लक्षको करिब ७ प्रतिशत मात्र हासिल भएको देखिन्छ । |
| २ | सान्दर्भिकता | ख. सान्दर्भिक भएको । | • सहकारी अनुदान कार्यक्रम सहकारी क्षेत्रको समग्र बिकासका लागि सान्दर्भिक भएता पनि योजना तर्जुमा, अनुदानका कार्यक्रमको कार्यान्वयन, तथा अनुगमन प्रकृया अति नै केन्द्रीकृत भएकाले उपयुक्त छैन ।<br>• सहकारी अनुदान कार्यान्वयन कार्यबिधिमा अनुदानको लागि प्रस्ताव तयार गर्ने नमूना खाका उल्लेख नगरिको र अनुदानको लागि संस्था छनोट गर्ने मापदण्डहरु सबै किसिमका सहकारी संघ सस्थाका लागि समान भएकोले त्यति सान्दर्भिक नभएको ।<br>• सहकारी अनुदान कार्यान्वयन गर्ने सहकारी बिभागले सोझै काठमाण्डौबाट संचालन गर्ने गरेको र यस प्रकृयामा डिभिजन सहकारी |

| | | | |
|---|---|---|---|
| | | | कार्यालयहरुलाई प्रत्यक्ष जिम्मेवारी नदिइएकाले डिभिजन कार्यालयहरुमा अनुदान पाउने सहकारीहरुको अभिलेख राख्ने नगरिएको ।<br>● अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिकामा उल्लेख भएका सहकारी अनुदानका लागि तोकिएका उपक्षेत्रहरु सहकारी नीति र गरीवी निवारण सम्वन्धि अन्य राष्ट्रिय प्राथमिकतासँग मेला खाने देखिन्छ तर सहकारीरुको क्षमता बिकास र संस्थागत सुशासनमा सुधारका क्षेत्रमा कार्यक्रम संचालन नभएकाले आसातित उपलब्धि हासिल हुने देखिदैन ।<br>● सहकारी अनुदान कार्यक्रम कार्यान्वयन प्रकृया केन्द्रिकृत भएकोले उपयुक्त र सान्दर्भिक देखिदैन ।<br>● हालसम्मको अनुदान बितरणको बिश्लेषण गर्दा संख्यात्मक रुपमा सबै भौगोलिक क्षेत्रका सहकारीहरुलाइ अनुदान बितरण भएको देखिए पनि लगानी भएको रकम मध्ये करिब ४१ प्रतिशत रकम दुइवटा सहकारी संस्थाहरुलाइ प्रदान गरिएकोले अनुदान कार्यक्रम लक्षित भौगोलिक क्षेत्र र जनसंख्या आकारको आधारमा बितरण नभएको । |
| ३ | प्रभावकारिता | ग. औषत भन्दा कम प्रभावकारी । | ● सहकारी अनुदान कार्यक्रममा बिगत सात बर्षको बार्षिक श्रोत विनियोजनमा सरदर ६४.६८ प्रतिशतले र खर्चमा ६२.९५ प्रतिशतले बृद्धिभएको देखिएता पनि कूल निकासा रकमको करिब २८ प्रतिशत मात्र सहकारीहरुलाई अनुदान बितरण भएको ।<br>● स्थलगत अध्ययनका लागि नमूना छनोटमा परेका सहकारी संघ सस्थाहरुमा प्रति रोजगारी सिर्जन गर्न औषत जम्मा रु. ३१९, ००८ खर्च भएको जस्मा अनुदानको हिस्सा रु. १५८,०५५ रहेको ।<br>● यस कार्यक्रमले प्रवर्द्धन गरेका कार्यक्रममा प्रति सहकारी साना उत्पादन तथा प्रशोधन उद्योगको औषत लागत रु १७,४४,७४१ र अनुदानको हिस्सा रु. ५७४, १३३ रहेको छ ।<br>● प्रति सहकारी साना उत्पादन तथा प्रशोधन उद्योगको स्थापना गर्न सहकारी बिभागबाट प्रदान गरिएको अनुदानको हिस्सा रु. ५७४, १३३ रहेको छ जुन कुल लागतको करिब ३६ प्रतिशत मात्र हुन आउंछ ।<br>● अनुदान प्राप्त गरेका अध्ययनका लागि नमूना छनोटमा परेका सहकारीहरु मध्ये करिब ५९ प्रतिशले बैंक, १८ प्रतिशतले अन्य श्रोतबाट नपुग रकमको ब्यबस्था गरेका र बांकि २३ प्रतिशतले अनुदान बाहेक ब्यबसाय संञ्चालनमा अन्य श्रोतबाट थप लगानी गरेको देखिएन ा<br>● समग्रमा सहकारी अनुदान कार्यक्रममाथि सम्भ्रान्त बर्गको कब्जा रहेको र अधिकांश अनुदान प्राप्त गरेका सहकारी संघ सस्थाहरु सहकारी सिद्धान्त, मूल्य मान्यतानुसार संञ्चालन नभएको । |
| ४ | सक्षमता | ख. सक्षमता औषत रहेको । | ● सर्भेक्षणका लागि नमूना छनोटमा परेका अनुदान पाएका सहकारी संस्थाहरुले स्थापना गरेका उद्योग ब्यबसायहरु मध्ये करिब ४९ प्रतिशत सन्तोषजनक रुपमा संचालनमा रहेका, ३५ पतिशत संस्थाहरु सन्तोषजनक रुपमा संञ्चालन नभएका र बांकि १६ प्रतिशत सहकारीले अनुदान सम्झौता अनुसार उद्योग ब्यबसाय संञ्चालन नै नगरेको ।<br>● अनुदान पाएका करिब ९३ प्रतिशत सहकारीहरुले अनुदान प्राप्तगर्दा कबुल गरेका शर्त अनुसार उद्योग ब्यबसाय संञ्चालन गरेको र ७ प्रतिशत संस्थाहरुले शर्त अनुसार कार्य नगरेको । |

| | | | |
|---|---|---|---|
| | | | ● स्थलगत अध्ययन गरिएका अनुदान प्राप्त नमूना सहकारी संस्थाहरु मध्ये करिब ९३ प्रतिशतले डवल ईन्द्री गरी निर्धारित ढाँचामा लेखा राख्ने गरेको र बांकि ७ प्रतिशत संस्थाहरुले साधारण विधिमा लेखा राख्ने गरेको पाइयो ।<br>● सहकारी अनुदान कार्यक्रम कार्यान्वयन गर्ने सहकारी बिभागले कायकमको अध्याबधिक अभिलेख राख्ने गरेको पाइएन ।<br>● बिगत सात बर्षको अनुदान बितरण तथ्यांकको बिश्लेषण गर्दा सहकारी अनुदान कार्यक्रमले निर्धारित लक्ष अनुसारको भौगोलिक क्षेत्र र सहकारी संस्थालाई अनुदान उपलब्ध नभएको ।<br>● सहकारी अनुदान कार्यक्रम अन्तर्गत स्वीकृत प्रस्ताव अनुसारको अनुदान रकम १ देखि ३ महिना भित्र बितरण गरेको पाइयो । अनुदानको रकम आधा जसो संस्थालाई निर्देशिका बिपरित एकै किस्तामा र बांकि संस्थालाई दुई वा तीन किस्तामा बितरण भएको ।<br>● समग्रमा सहकारी अनुदान बितरण प्रकृया झन्झटिलो भएको र अधिकांश सहकारी सस्थाहरुले माग गरेको भन्दा निकै कम मात्र अनुदान रकम प्राप्त गरेकाले प्रस्तावित कार्यक्रम सञ्चालन गर्न आर्थिक र प्राबिधिक समस्या परेको । |
| ५ | प्रभाव | ग. औषत भन्दा कम । | ● अनुदान प्राप्त गरेपछि सहकारीहरुको सदस्य संख्यामा करिब १४५ प्रतिशतले बृद्धि भएको ।<br>● अध्ययन गरिएका केही दुग्ध, मह, महिला खाद्य तथा चिया प्रशोधन उद्योगहरु बाहेकका सर्भेक्षण गरिएका सहकारी संस्थाहरुले अनुदानबाट सञ्चालित उद्योग ब्यबसायहरुको वार्षिक उत्पादन र आम्दानीमा खासै बृद्धि नभएको ।<br>● केही दुग्ध, मह, महिला खाद्य तथा चिया उद्योगहरुको प्रशोधन क्षमतामा बृद्धि भएकोले प्रशोधित बस्तुको बिक्रिमा समेत बृद्धि भएको ।<br>● अध्ययन गरिएका नमूना सहकारी संस्थाहरुमा प्रति सहकारी ३.६३ नयाँ रोजगारी सिर्जना भएको ।<br>● थप नया रोजगारीबाट करिब ११५८ जना सहकारी सदस्यहरुका परिबारको बार्षिक आयमा बृद्धि भई गरीवी निवारणमा केही योगदान पुगेको । |
| ६ | दीगोपना | ग. दीगोपना नभएको । | ● स्थलगत अध्ययनका कममा अनुदान प्राप्त ७५ वटा नमूना सहकारीहरु मध्ये करिब ६० प्रतिशत साना तथा मझौला प्रशोधन उद्योग तथा व्यवसायहरु संञ्चालनमा रहेका तर सञ्चालनमा रहेका अधिकांश परियोजनाहरु पूर्ण क्षमतामा सञ्चालन नभएको ।<br>● अनुदान प्राप्त सहकारीहरुले प्रति सहकारी ३.६३ रोजगारी सिर्जना गरेको पाइएता पनि अधिकांश नया सिर्जित रोजगारी दीगो रुपमा चल्न सक्ने संभावना कम रहेको ।<br>● करिब १७ प्रतिशत अनुदान प्राप्त सहकारीहरुले मात्र अनुदानको हिसाब किताब अलग्ग राख्ने गरेको र ९० प्रतिशतले अनुदानको रकम आफैले उपयोग गरेको र आधा भन्दा बढि सहकारीहरुले नपुग रकम अन्य श्रोतबाट परिचालन गरि अनुदानबाट स्थापना भएका उद्योग ब्यबसाय संञ्चालन गरिरहेकोले आर्थिक परिचालनको अबस्था ठीकै रहेको । |

| | | | |
|---|---|---|---|
| | | | • बिद्यमान संस्थागत संरचना र उपलब्ध मानव सम्साधनको बिश्लेषण गर्दा यथास्थितिमा सहकारी बिभागले अनुदान कार्यक्रम आफैँले निरन्तर रुपमा सञ्चालन गर्न सक्ने अबस्था नरहेको ।<br>• अनुदान कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न आबश्यक ज्ञान, सीप र दक्ष जनशक्ति उपलब्ध गराउने प्राबधान नभएकोले दीगोपना नदेखिएको । |
| ६ | लाभग्राहीको संतुष्टि स्तर | ख. ठीकै | • अधिकांश साना तथा दुर्गम क्षेत्रका सहकारी संघ संस्थाहरुलाई माग गरेको भन्दा कम अनुदान प्रदान गरिएको र ठूला तथा पहुंचभएका सहकारी संघ संस्थाहरुलाई निर्देशिका अनुसार ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराएको ।<br>• अनुदान प्रकृया झन्झटिलो र केन्द्रीकृत भएकोले दुर्गम तथा बिकट भौगोलिक क्षेत्रका सहकारी संघ सस्थाहरुलाई अनुदान प्राप्त गर्न खर्चिलो भएको भएता पनि अधिकांश अनुदान प्राप्त सहकारी सस्थाहरु अनुदान कार्यक्रमबाट सन्तुष्ट नै रहेको । |
| ७ | समग्र निष्कर्ष | ग. औषत भन्दा कम | समग्रमा सहकारी अनुदान कार्यक्रम सन्तोषजनक नभएको । |

**मुल्यांकन मापनका आधारहरु**

| क्रस | निर्णयाधार | आधार |
|---|---|---|
| १ | कार्य सम्पादन | क. अति सन्तोषजनक ख. सन्तोषजनक ग.सन्तोषजनक नभएको |
| २ | सान्दर्भिकता | क. अति सान्दर्भिक ख. सान्दर्भिक ग.कम सान्दर्भिक |
| ३ | प्रभावकारिता | क. अति प्रभावकारी ख. प्रभावकारी ग.कम प्रभावकारी |
| ४ | सक्षमता | क. अति दक्षतापूर्ण ख. दक्षतापूर्ण ग.कम दक्षतापूर्ण |
| ५ | प्रभाव | क. अति प्रभावपूर्ण ख. प्रभावपूर्ण ग.कम प्रभावपूर्ण |
| ६ | दीगोपना | क. अति दीगोपना भएको ख. दीगोपनापूर्ण ग.दीगोपना नभएको |
| ७ | समग्र निष्कर्ष | क. अति सन्तोषजनक ख. सन्तोषजनक ग.सन्तोषजनक नभएका |

## ६.मूल्याङ्कनका सिकाइहरु

१.सहकारी अनुदान कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सहकारी संस्थाहरुको सदस्य संख्या र पुंजीको परिमाण भन्दा पनि सहकारी सस्थाका प्रतिनिधिहरुको नेतृत्व क्षमता र इमान्दारिता, सहकारी सदस्यहरु बीच सहयोगको भावना र सकृय सहभागिता, संस्थागत सुशासन, पारदर्शिता र सदस्यहरुको स्वबिकास प्रतिको चाहना र प्रतिबद्धताको भूमिका अहम हुने देखियो ।

२.सहकारी संस्थाहरुले उद्देश्य, स्थानीय आबश्यकता र सहकारीका सदस्यहरुको माग अनुसार संभाब्यता अध्ययनको आधारमा तयार गरिएका अधिकांश सहकारी उद्योग ब्यवसायहरु प्रभावकारी ढंगले दीगोरुपमा संञ्चालन गर्न सक्ने रहेछन् । तर सहकारी संघ सस्थाका सीमित संचालकहरुले आम सदस्यहरुको सहभागिता बिना स्थानीय आबश्यकतामा आधारित नभएका परियोजनाहरु अनुदान प्राप्त भएता पनि दीगो नहुने रहेछन् ।

३.सहकारी अनुदान नीतिमा समेटिका बस्तुहरुको उत्पदन, प्रशोधन, प्याकेजिङ्ग तथा बजारीकरण सम्बन्धि उद्योग तथा ब्यबसायहरु सञ्चालनका लागि अनुदान उपलब्ध गराउंदा कृषि तथा पशुजन्य उत्पादनका लागि सहकारकिा सदस्यहरुलाई सिधै अनुदान उपलब्ध गराउदा बढि प्रभावकारी हुने र कृषि तथा पशुजन्य उत्पादनहरु खासगरी मह, जडीबुटी, दूध, चीया, कफि, अलैंची जस्ता बसतुहरुको प्रशोधन, प्याकेजिङ्ग तथा बजारिकरण सम्बन्धि उद्योगहरु संचालनका लागि संबन्धित प्रारम्भिक सहकारी संस्थाहरु वा संम्बन्धित जिल्ला सहकारी संघहरुलाई अनुदान उपलब्ध गाउंदा बढि प्रभावकारी हुने रहेछ । कृषि तथा पशुजन्य उत्पादनका लागि जिल्ला सहकारी संघहरुलाई प्रदान गरिएको अनुदान प्राय दुरुपयोग भएको स्थलगत अध्ययनबाट देखिएको छ ।

४.स्थानीय बजार, आवश्यकता अनि उत्पादनको गुणस्तर र आर्थिक दीगोपनको आँकलन नगरी उद्यम संञ्चालन गर्दा कुनै पनि उद्यम ब्यबसायहरु दीगो रुपमा सञ्चालन हुन सक्दैनन् । समुदायस्तरबाट संञ्चालित उद्योग व्यावसायको व्यावसायिक आकार सानो हुने भएकाले प्रतिस्पर्धामा टिक्न निकै कठिन हुन्छ । व्यावसायिक सम्भाव्यता अध्ययन र उद्यमशिलताको विकासमा सहकारीहरुको क्षमता दलित पेशा आधसनिकीकरण, महिला साना खाद्य/मसला प्रशोधन जस्ता उद्योग ब्यबसाय संञ्चालार्थ प्रदान गरिएको अनुदान रकम निकै कम भएको र त्यस्ता साना अनुदान कार्यक्रम समेत सहकारी बिभागबाटै सञ्चालन गरिदा सहकारी संस्थाहरुको प्रशासनिक खर्चको हिस्सा अनुदान रकमको २० देखि ३० प्रतिशत सम्मा हुने गरेकोले अनुदान कार्यक्रमको कार्यान्वयन लागत कम गराइ प्रभावकारिता बढाउन अनुदान कार्यक्रमलाई पूर्णरुपले बिकेन्द्रीकृत गरि संम्बन्धित डिभिजन सहकारी कार्यालय मार्फत सञ्चालन गर्नसके स्थानीय स्तरमा संञ्चालित सबै सहकारी समानरुपले अनुदान कार्यक्रममा सहभागी हुने अबसर पाउन सक्छन् ।

५.अनुदान कार्यक्रमको प्रभावकारी अनुगमनको अभाव र जिल्ला स्थित सरोकारवाला निकायहरुलाई अनुदान कार्यक्रम कार्यान्वयन प्रकृयामा संलग्न नगराई केन्द्रबाट सञ्चालन गरिएकोले अनुदान कार्यक्रमको प्रभावकारिता अति न्यून हुनुको साथै दीगोरुपमा संञ्चालन नहुने रहेछ ।

६.नेपालमा सहकारी संघ संस्थाहरु कानूनी आधारमा स्थापना भएता पनि साना किसान सहकारी संस्थाहरु बाहेक अधिकांश सहकारी संस्थाहरु सहकारी सिद्धान्त अनुसार सञ्चालन नभएकाले संस्थागत सुशासनको अबस्था कमजोर रहेको र त्यस्ता सहकारी संघ संस्थाहरुले सञ्चालन गरिरहेका सहकारी कार्यक्रम दीगोरुपमा निरन्तर संञ्चालन भइ समाजमा सकारात्मक प्रभाव पर्ने बिश्वास गर्ने आधार न्यून रहेको छ ।

७. सहकारी अनुदान कार्यक्रम अन्तर्गत सबै किसिमका सहकारी संघ संस्थाहरुलाई अनुदान प्रदान गर्ने नीतिका कारण स्थानीय स्तरमा सक्षमताका साथ सञ्चालनमा रहेका सहकारी संघ संस्थाहरु समेत सहकारी उद्योग ब्यबसाय संञ्चालनका लागि सरकारी अनुदान प्रतिको निर्भरता बढ्न गै स्थानीय वित्तीय श्रोतको प्रभावकारी परिचालन गरी सहकारी उद्यमशीलतको विकासमा नकारात्मक प्रभाव पर्ने संभावना बढ्ने देखिन्छ ।

## ७.मुल्याङ्कनका निष्कर्षहरु

सहकारी क्षेत्र नेपालको आर्थिक गतिविधिका मुख्य तीन स्तम्भहरुमध्ये एक भएकाले यस क्षेत्रको प्रबर्द्धन सम्बन्धि गरिएका कार्यहरु राष्ट्रिय नीति, लक्ष्य र प्राथमिकतासँग मिल्दो नै देखिन्छ ।

सहकारी अनुदान कार्यक्रमको अनुदान बितरण प्रकृया, अनुदान कार्यक्रमले पहिचान गरेका प्राथमिकताका उपक्षेत्रहरु तथा भौगोलिक क्षेत्रहरु, बिगत सात बर्षमा सहकारी संघ सस्थाहरुले सञ्चालन गरेका साना तथा मझौला प्रशोधन उद्योग तथा उत्पादन र रोजगारमूलक ब्यबसायहरु स्थापना गर्न सहकारी अनुदान कार्यक्रमको मात्रात्मक तथा गुणात्मक लगानी, अनुदान प्राप्त सहकारी संघ सस्थाहरुको सहकारीमा आधारित उद्योग ब्यबसाय सञ्चालन प्रकृयामा परेको सकारात्मक प्रभाव, सहकारीहरुको कार्य सञ्चालन तथा ब्यबस्थापन क्षमता र अनुदान प्राप्त गरेका सहकारी संघ सस्थाहरुको संतुष्टिको समेत बिश्लेषण गर्दा सहकारी अनुदान कार्यक्रम संञ्चालनमा केही कमी कमजोरी देखिएता पनि समग्रमा सहकारी क्षेत्रको बिकासका लागि अनुदान कार्यक्रम सान्दर्भिक नै देखिन्छ ।

सहकारी संस्थाहरुलाई वितरण गरिने अनुदान कार्यक्रमलाई निर्देशिका बनाई त्यसका प्रकृयागत कुराहरुलाई निश्चित मापदण्डका आधारमा अनुदान प्रस्तावहरु छनोट गरी वितरण गर्ने आधार तयार पारेको देखिन्छ । सहकारी ऐन, नियम र सिद्धान्तका आधारमा संस्थाहरुलाई वितरण गरिने अनुदानले स्थानीय स्तरमा साना व्यवसायको विकासमा सहयोग पुऱ्याउन थोरबहुत सहयोगी भएको देखिएता पनि अधिकांश अनुदान प्राप्त सहकारहिरुको संस्थागत क्षमता र सुशासन कमजोर भएकोले संस्थाहरुलाई दिइएको अनुदानले अपेक्षित प्रतिफल सिर्जना गरेको देखिदैन ।

सहकारी अनुदान कार्यक्रम केन्द्रीयस्तरबाट संञ्चालन गरिएको तर संस्थाहरु भने देशभर पूर्वदेखि पश्चिमसम्म, तराइदेखि हिमालसम्म फैलिएकाले तिनको संस्थागत अवस्था, व्यवसायको सम्भाव्यता, रकमको सदुपयोग भए नभएको बारे संम्बन्धित निकायबाट नियमित अनुगमन भएको पाइएन । जिल्ला स्थित डिभिजन सहकारी कार्यालयहरुलाई सहकारी अनुदान कार्यक्रम सञ्चालन प्रकृयामा प्रत्यक्ष सामेल नगराइएको हुनाले उनीहरुले पनि यसमा खासै चासो राखी, अभिलेख राख्ने र अनुगमन गर्ने गरेको पाइएन । जसले गर्दा सहकारी अनुदान कार्यक्रमबाट अपेक्षाकृत उपलब्धि हासिल भएको देखिएन ।

अधिकांश साना किसान सहकारी संस्थाहरुले अनुदान रकमको उचित सदुपयोग गरेको देखिएता पनि अन्य अनुदान प्राप्त सहकारी संघ संस्थाहरुले उद्देश्य अनुरुप अनुदानबाट स्थापित उद्योग ब्यबसायहरु सहकारी सिद्धान्त र मूल्य मान्यता अनुसार सञ्चालन नगरेको र अनुदान बाहेक स्वपूँजी लगानी नगरेको देखियो । यसले गर्दा अनुदान बाहेक व्यवसायका लागि आवश्यक पर्ने थप श्रोतको अभावमा प्रस्तावित व्यवसायहरु पूर्व शर्तअनुसार सञ्चालन नभएको पाइयो ।

अध्ययन गरिएका सहकारी संस्थाहरुले प्रचलित सहकारी कानूनले निर्दिष्ट गरेका अनिवार्य शर्तहरु पालना गर्ने गरेको भएता पनि अधिकांश सहकारी संघ संस्थाहरु सहकारी सिद्धान्त, मूल्य र मान्यताका आधारमा संञ्चालन भएको पाइएन । एकातिर पछिल्ला समयमा नेपालका गाउं तथा शहरहरुमा नयां सहकारी संस्था खोल्ने लहडै नै चलेको देखिन्छ भने अर्कोतिर अधिकांश पुराना सहकारी संस्थाहरु प्रायजसो निष्कृय रहेको देखिन्छ । बिद्यमान सहकारी ऐनको न्यूनतम २५ जना सदस्यहरुको प्राबधानलाई दुरुपयोग गरि एकै गाउं वा वडामा समान उद्देश्यका एक भन्दा बढि सहकारी संस्थाहरु दर्ता भएका र एउटै ब्यक्ति समान उद्देश्य भएका एक भन्दा बढि सहकारी संस्थाहरुमा सदस्यता लिएको समेत पाईयो ।

अधिकांश सहकारीका सदस्यहरुलाई सहकारी सिद्वान्त, मूल्य र मान्यताहरुका बारेमा सामान्य जानकारी समेत नभएको र सहकारी भनेको गाउंमा नियमित बचत गर्ने र आबश्यक परेको बेला आबश्यक ऋण प्रदान गर्ने संस्थाको रुपमा मात्र बुझ्ने गरेको पाईयो । सहकारीको वैकल्पिक नेतृत्व विकासमा पनि संस्थाहरुको ध्यान कम गएको देखियो । बषौसम्म पनि एकै व्यक्तिको नेतृत्वमा संस्था सञ्चालन भैरहेका र वैकल्पिक नेतृत्व तयार नभएको कारणले समेत सहकारी संस्थाहरुको संस्थागत सुशासनको अबस्था निकै कमजोर रहेको पाइयो ।

अध्ययनका लागि नमूना छनोटमा परेका सहकारी संघ संस्थाहरु मध्ये अधिकांश सहकारी जिल्ला संघहरुले अनुदानमा स्थापना गरेका खास गरि कृषि तथा पशुजन्य उत्पादनका ब्यबसायहरु ठेक्कामा लगाइ संञ्चालन गरेको र प्राय सबै परियोजनाहरु असफल रहेको पाइयो ।

कृषि व्यवसायमा रात दिन २४ सै घण्टा खट्नुपर्ने हुन्छ, सामुहिक कार्यमा एक अर्काको मुख हेर्दाहेर्दै काम बिग्रीसकेको हुन्छ, यसरी कुनै पनि पाटोवाट हेर्दा सहकारी उत्पादनमुलक व्यवसाय सफल हुन सक्दैनन् र यस्ता उदेश्यहरुका लागि अनुदान दिने निर्णयमा पुनरावलोकन गर्नु आवश्यक छ ।

सहकारी संस्थामा समान हैसियत र समान उद्देश्य राख्ने ब्यक्तिहरुको सामुहिक सहभागिताबाट संस्था संञ्चालन गर्नु पर्नेमा अधिकांश सहकारी संस्थाहरु असमान सामाजिक-आर्थिक स्तर र भिन्न भिन्न आकांक्षा भएका ब्यक्तिहरु मिलेर खोलिएका संस्थामा सबै सदस्यहरुको समान सहभागिता नरहेको र अधिकांश सदस्यहरुले संञ्चालित सहकारीबाट लाभ लिन सक्ने अवस्था नरहेको पाइयो ।

व्यवसायको विकासका लागि सहकारी अनुदान आयोजनाबाट उपलब्ध गराइएको अनुदानको हिस्सा परियोजनाको कूल लागतको करिब ३६ प्रतिशत मात्र रहेको देखियो । अझ प्रशासनिक कार्यका लागि काठमाडौं धाउनुपर्दा अनुदानको ठूलो हिस्सा आवत जावतमै खर्च हुने गरेको र अनुदान रकम ब्यबसाय संचालन गर्न अप्रयाप्त भएकोले अनुदानबाट सञ्चालित उद्योग ब्यबसायहरुको प्रतिफल खासै देखिने अवस्था नरहेको पाइयो ।

नमूना छनौटमा परेका अनुदान प्राप्त सहकारी संस्थाहरुको भौगोलिक बितरण, सहकारीको किसिम, सदस्यहरुको सामाजिक आर्थिक अबस्थाको बिश्लेषण गर्दा अधिकांश धेरै रकम अनुदान प्राप्त गर्ने सहकारीहरु सुगम क्षेत्रका पढेलेखेका राजनीतिक पहुँच भएका सहकारी संस्थाहरुको नै बाहुल्यता रहेको देखियो ।

सहकारी अनुदानबाट स्थापित उद्योग ब्यबसायहरु आर्थिक तथा प्राविधिक रुपमा दीगोरुपमा संचालन गर्न परियोजनामा न्यूनतम लगानी आवश्यक पर्ने र उत्पादित बस्तु तथा सेवाहरुको मूल्य तथा गुणस्तर बजारमा प्रतिस्पर्धा गर्न सक्ने भएमात्र सहकारी संघ संस्थाहरु दीगो रुपमा संञ्चालन भै स्थानीयस्तरमा सदस्यहरुको आर्थिक तथा सामाजिक बिकासमा योगदान गर्न सक्ने हुन्छ । तर अध्ययन गरिएका सहकारी संघ संस्थाहरुको क्रियाकलापको मुल्याङ्कन गर्दा अधिकांश सहकारी संस्थाहरुले संञ्चालन गरेका उद्योग तथा ब्यबसायहरु प्राविधिक तथा आर्थिक रुपमा दीगो हुनसक्ने सम्भावना न्यून देखिन्छ ।

स्थलगत अध्ययनका क्रममा अनुदान प्राप्त सहकारीका अधिकांश सूचनादाताहरुले अनुदान कार्यक्रम सान्दर्भिक भएको बताए पनि तुलनात्मकरुपमा अनुदान रकम सदुपयोग गरेका सहकारीहरुका प्रतिनिधिहरु भने सरकारले केही सहकारीहरुलाई सीमित अनुदान रकम बितरण गर्नु भन्दा सरकारले सहकारीहरुलाई सहुलियत ब्याजदरमा आबश्यक ऋण उपलब्ध गराउनुपर्ने र मेसिनरी औजारहरुमा भन्सार छुटको व्यबस्था सरल र प्रभावकारी रुपमा लागु गर्नुपर्ने देखिन्छ ।

यथास्थितिमा चालु सहकारी अनुदान कार्यक्रमलाई निरन्तरता दिनु उपयुक्त देखिदैन । यदि अनुदान कार्यक्रमलाई निरन्तरता दिने हो भने बिद्यमान अनुदान कार्यान्वयन निर्देशिकामा सुधार गरी कृषि तथा पशु उत्पादनका ब्यबसाय बाहेक कृषि तथा पशुजन्य उत्पादनहरुको प्रशोधन तथा बजारीकरण संम्बन्धि परियोजनाहरुका लागि सम्बन्धित प्रारम्भिक कृषि तथा पशुपालन सहकारी संस्थाहरु र सम्बन्धित बस्तुगत जिल्ला सहकारी संघहरुलाई मात्र अनुदान दिने ब्यबस्था गर्नुपर्ने देखिन्छ ।

## ८. सुझाव तथा सिफरिसहरु

### १. सहकारी कानून तथा नियमावलीमा सुधार

- सिमित व्यक्तिहरुले शेयरमा धेरै लगानी गर्ने तर बचत संकलन र ऋण लगानी प्रयोजनका लागि रु १०० बराबरको एक कित्ताको शेयर सदस्य (कारोबारी सदस्यको दर्जा) बनाई कार्य गर्ने गरेको देखियो । त्यसैले एक सदस्य एक सेयरको प्राबधानलाई कडाईका साथ कार्यान्वयन गर्नु उपयुक्त देखिन्छ ।

- बिद्यमान सहकारी ऐनले सो ऐन अनुसार स्थापित सहकारीहरुलाई सहकारीको उद्देश्य र कार्यक्षेत्रका आधारमा बर्गिकरण गरेको छ । तर सबै किसिमका सहकारी संस्थाहरु स्थापनाका लागि न्यूनतम सदस्य संख्या २५ र सेयर मूल्य एक सय रुपैंया मात्र तोकिएकाले समान उद्देश्य राखी एकै गांउ वा टोलमा एकभन्दा बढि सहकारीहरु संस्थाहरु दर्ता गर्ने प्रतिस्पर्धा नै चलेको देखिन्छ । त्यसर्थ नयां प्रारम्भिक सहकारी दर्ता गर्नको लागि प्रस्तावित सहकारी संस्थाको उद्देश्य र भौगोलिक कार्यक्षेत्र अनुसार न्यूनतम सदस्य संख्या र सेयर रकम निम्नानुसार कायम गर्न उपयुक्त देखिन्छ ।

| उद्देश्य/भौगोलिक क्षेत्र | िहमाल | | पहाड | | तराइ र भित्रि मधेश | |
|---|---|---|---|---|---|---|
| | सदस्य संख्या | सेयर रकम | सदस्य संख्या | सेयर रकम | सदस्य संख्या | सेयर रकम |
| उत्पादनमूलक प्राथमिक सहकारी संस्था | २५ | ५००० | ५० | ४००० | १०० | ३००० |
| प्रशोधनमूलक प्राथमिक सहकारी संस्था | २५ | ५००० | १०० | ५००० | २०० | ५००० |
| सेवा ब्यबसायमूलक प्राथमिक सहकारी संस्था | २५ | ५००० | २०० | ५००० | ३०० | ४००० |

- बिद्यमान सहकारी ऐनको सहकारी संस्था दर्ता संबन्धि प्राबधानहरु निकै फितलो भएकोले सहकारी संस्थाहरुको संख्या अनियन्त्रित रुपमा बढिरहेको संन्दर्भमा एउटा सहकारी संस्था दर्ता भै संञ्चालनमा रहेसम्म उक्त सहकारीको कार्यक्षेत्रमा समान उद्देश्य राखी अर्को नयां सहकारी दर्ता गर्न बन्देज लगाउन ऐनमा नै स्पष्ट ब्यबस्था गरि सहकारीहरुको अस्वस्थ्य प्रतिस्पर्धा रोक्नु पर्ने देखिन्छ ।

### २. अनुदान कार्यान्वयन निर्देशिका

- अनुदान कार्यक्रम नतिजा खाका तयार नगरि संञ्चालन गरिएकोले अनुदान कार्यक्रमले के कति उपलब्धि हासिल गर्ने लक्ष निर्धारण गरिएको थियो सो समेत एकिन नभएकाले उक्त अनुदान कार्यक्रमको स्पष्ट नतिजा खाका तयार गरेर मात्र अनुदान कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

- अनुदान कार्यक्रम पुर्ण रुपले केन्द्रिकृत भएको पाईयो । दुर्गम तथा बिकट भौगोलिक क्षेत्रका सहकारीहरुलाई व्यवसाय गर्न अभिप्रेरित गरी शेयर सदस्यहरुको आय आर्जनमा सुधार ल्याउने उदेश्यले सञ्चालन गरिएको अनुदान कार्यक्रमको सूचना पत्र पत्रिकामा प्रकाशित हुने, प्रस्ताव लेखनको फर्मेट नहुनु, प्रस्तावको साथमा संलग्न गर्नुपर्ने आवश्यक कागजातहरुको बारेमा यथेष्ठ जानकारी नगराउनु र डिभिजन सहकारी कार्यालयहरुलाई

खासै संलग्न नगराईनु आदि कमिकमजोरीका कारणले समेत चालु अनुदान कार्यक्रम अपेक्षाकृतरुपमा प्रभावकारी नभएको पाईयो । त्यसैले यी सवै कुराहरुमा सुधार गरि सहकारी अनुदान  कार्यक्रमलाई लक्षित वर्गमैत्री बनाउनु आवश्यक छ ।

- सहकारी अनुदान सञ्चालन कार्यबिधिमा के कस्ता ब्यबसायलाई कतिसम्म्म अनुदान उपलब्ध गराउने प्रष्ट किटान भएता पनि हालसम्म अनुदान प्रदान गरिएको रकमको बिश्लेषण गर्दा प्रति सहकारी कम्तिमा रु ५०,००० देखि बढिमा रु. ४, ९७, ८५, ००० सम्म अनुदान प्रदान गरेको देखिन्छ । स्थलगत अध्ययनका क्रममा प्राय सहकारीहरुले व्यवसाय सञ्चालन गर्नको लागि माग गरेको अनुदान भन्दा निकै कम रकम मात्र (५० प्रतिशत भन्दा कम) स्वीकृत भएको र अधिकाँश दुर्गम क्षेत्रका नयां दर्ता भएका लक्षित समुदायका सदस्यहरुले संञ्चालन गरेका सहकारीहरुको लागि भौगोलिक क्षेत्रका आधारमा सहकारीको उद्देश्य अनुसार अनुदानको अधिकतम सीमा तोकी त्यस्ता सहकारीहरुको लागि मात्र अलग प्रतिस्पर्धाका आधारमा अनुदान उपलब्ध गराउने ब्यबस्था अनुदान कार्यान्वयन निर्देशिकामा नै स्पष्ट ब्यबस्था गरि अनुदान कार्यक्रम संञ्चालन गर्नु उपयुक्त देखिन्छ ।

- बिद्यमान सहकारी अनुदान निर्देशिकाले एउटा सहकारीलाई एक आर्थिक बर्षमा कुनै एक ब्यबसायका लागि मात्र अनुदान उपलब्ध गराउने ब्यबस्था गरेको तर एकपटक अनुदान पाएका सहकारीहरुलाई अर्को बर्ष सोही वा अर्कै उद्देश्यका लागि अनुदान उपलब्ध गराउन सकिने ब्यबस्था भएकाले एउटै सहकारीले हरेक बर्ष अनुदान लिने गरेको देखिएकाले सहकारीलाई एक पटक मात्र अनुदान उपलब्ध गराउने ब्यबस्था निर्देशिकामा स्पष्ट गरि कडाईका साथ लागु गर्ने ब्यबस्था गरिनु पर्ने देखिन्छ ।

- अधिकांश अनुदानमा सञ्चालित कृषि तथा पशुपालन ब्यबसायहरु सहकारी संघ सस्थाहरुले सहकारी सिद्धान्तका आधारमा सञ्चालन गरेको नपाइएकोले उत्पादनमुखी ब्यबसाय संञ्चालनका लागि अनुदान बन्द गरि आबश्यकता अनुसार कृषिजन्य उत्पादनहरुको प्रशोधन तथा बजारिकरणका लागि मात्र सहकारीहरुलाई अनुदान उपलब्ध गराउने ब्यबस्था गर्नु पर्ने देखिन्छ ।

- केही पुराना सहकारीहरुले आफ्नो आन्तरिक श्रोत परिचालन गरी कार्य सम्पन्न गरेको भए पनि अधिकांश नयाँ र दुर्गम भेगका सहकारीहरुले अनुदान बाहेक आन्तरिक श्रोत परिचान गरेको देखिदैन । त्यसैले सहकारी अनुदान कार्यक्रम संगै सहुलियत व्याजमा ऋण उपलब्त्र गराउने प्याकेज सहितको कार्यक्रम बनाउन बैक तथा वित्तिय संस्थाहरुसंग समन्वय गरि अनुदान कार्यक्रम कार्यान्वयन गर्नु उपयुक्त देखिन्छ ।

- सहकारी अनुदान कार्यक्रममा समाजका सम्भ्रान्त बर्गको पकड रहेको देखिएकाले अनुदान कार्यक्रममा तोकिएका प्राथमिकताका क्षेत्र तथा प्रस्ताव छनोटका आधारहरु लक्षित बर्ग मैत्री हुनेगरि संशोधन गरि सोही अनुसार कडाइकासाथ कार्यान्वयन गर्नु उपयुक्त देखिन्छ ।

- मापदण्ड अनुसार सदस्यहरुको शेयर र वचतको अनुपात १:१०० हुनुपर्नेमा अधिकांश सहकारी संघ सस्थाहरुले सो भन्दा वढि रकम वचत संकलन गरिरहेको देखिन्छ । यसरी सहकारीहरुले सहकारीताको मुल्य, मान्यता र आचरणलाई पालना नगर्दा सहकारी क्षेत्रमा विकृति आउन सक्ने भएकोले यसलाई कडाईकासाथ कार्यान्वयन गर्नु जरुरी देखिन्छ ।

### ३. अनुदान कार्यान्वयन प्रकृया

- व्यवसाय सञ्चालनको लागि सहकारीका सदस्यहरुको आवस्यकता, प्राविधिक, वित्तिय, पूर्वाधार, व्यवस्थापन क्षमता, बजार आदि समेटी सम्भाव्यता अध्ययन गरेर उपयुक्त ठहरिएका प्रस्तावहरुलाई मात्र अनुदानको लागि छनौट गर्नुपर्नेमा सो नभएको देखियो । प्रस्ताव छनौट गर्दा केवल सहकारी संस्थाहरुले उपलब्ध गराएको तथ्याङ्कको मात्र आधार मानिएकोले यस्तो भएको देखिन्छ । त्यसैले सहकारीहरुको प्रस्तावको प्राविधिक मुल्याङ्कन पश्चात स्थलगत अध्ययन गरेर मात्र अनुदान स्वीकृत गर्नु उपयुक्त हुन्छ ।

- अध्ययनको क्रममा गैर सरकारी तथा स्थानीय निकाय बाहेकका सरकारी निकायहरु जस्तै दुग्ध विकास बोर्ड, चीया तथा कफि बिकास बोर्ड, जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशुसेवा कार्यालय, महिला तथा

बालबालिका कार्यालय, युवा स्वरोजगार कार्यक्रम, लघु उद्यम कार्यक्रम, गरिवी निवारण कोष जस्ता संघ संस्थाहरुले पनि सहकारी अनुदान कार्यक्रम जस्तै अनुदानका कार्यक्रमहरु सञ्चालन गरिरहेको देखिन्छ । त्यसैले यस्ता निकायहरुसंग समन्वय गर्ने ब्यबस्था सहकारी अनुदान कार्यान्ययन कार्यबिधिमा उल्लेख भए पनि व्यवहारमा खासै समन्वय भएको नदेखिएकोले संम्बन्धित अन्य निकायहरुसंग समन्वय नगरी सहकारी अनुदान कार्यक्रम कार्यान्वयन गर्नु प्रभावकारी देखिदैन ।

- सहकारी अनुदान कार्यक्रमले दुर्गम भेगका सहकारीहरुलाई सम्वोधन गरेको देखिदैन । भौगोलिक विकटता र क्षमता अभावको कारणले पनि ती भेगका सहकारीहरुबाट अनुदानका लागि प्रयाप्त माग नभएको देखिन्छ । त्यसैले सहकारी अनुदान कार्यक्रमको बारेमा व्यापक प्रचार गरी अनुदानको लागि सरल प्रस्ताव लेखन फर्मेट तयार गरि डिभिजन सहकारी कार्यालय भएका जिल्लाहरुमा डिभिजन सहकारी कार्यालयहरुबाट र नभएका जिल्लाहरुमा अन्य सम्बन्धित सरकारी कार्यालयहरु मार्फत प्रस्ताव संकलन गर्ने ब्यबस्था गरि दुर्गमका सहकारीहरुलाई प्राथमिकता दिई अनुदान कार्यक्रममा सहभागीता बढाउनु पर्ने देखिन्छ ।
- सहकारी अनुदान कार्यक्रमले केवल व्यवसाय स्थापनाको लागि आबश्यक लागतमा अनुदान दिने व्यवस्था गरेको छ । ग्रामीण र दुर्गम भेगका सहकारीहरुको क्षमता ज्यादै कमजोर भएकोले अनुदान प्रकृयामा प्रतिस्पर्धा गर्न नसक्ने देखिन्छ । त्यसैले खास भौगोलिक क्षेत्रका सहकारीहरुलाई व्यवसाय अनुदानको साथै प्राविधिक सेवा, सीप र सहकारीहरुको संस्थागत विकासका लागि समेत ब्यबसाय अनुदान रकमको कम्तिमा २५ प्रतिशत सम्म थप अनुदानको ब्यबस्था गर्नुपर्ने आबश्यकता देखिन्छ ।
- सहकारी अनुदान कार्यक्रमलाई सहुलियत दरको ऋणसंग समायोजन गर्नुपर्ने आवश्यकता देखिन्छ । यसका लागि अनुदान कार्यक्रमबाट उपलब्ध भएको अनुदान पुंजीको जमानतमा बैक तथा वित्तिय संस्थाले सहुलियत व्याजदरमा सहकारीहरुलाई आबश्यक ऋण उपलब्ध गराउन सकिने कार्यविधिमा नै ब्यबस्था गर्नुपर्ने देखिन्छ ।

## ४. सुझाब कार्यान्वयन कार्ययोजना

| क्र.सं | मुख्य क्रियाकलाप | जिम्मेवार निकाय | समय सीमा | |
|---|---|---|---|---|
| **१. कानूनी तथा नीतिगत सुधार** | | | चालु आ.व. | आगामी आ.व. |
| १ | सहकारी अनुदान कार्यक्रमको नतीजा खाका तयार गरि आयोजनाको गन्तब्य निर्धारण गर्ने । | सहकारी तथा गरिवी निवारण मन्त्रालय र सहकारी विभाग | √ | |
| २ | विद्यमान अनुदान निर्देशिका परिमार्जन गरी समयानुकूल व्यवहारिक बनाउने । | सहकारी तथा गरिवी निवारण मन्त्रालय र सहकारी विभाग | √ | |
| ३ | अनुदान कार्यक्रमको नियमित अनुगमन निर्देशिका तयार गरि बार्षिक अनुगमन कार्ययोजना, अनुगमन बिधि र प्रकृया सहित आबश्यक श्रोत सहकारी विभाग र अन्तर्गतका डिभिजन कार्यालयहरुलाई उपलब्ध गराउने | सहकारी तथा गरिवी निवारण मन्त्रालय | √ | |
| ४ | जिल्लास्तरमा प्रस्ताव संकलन, सिफारिस तथा अनुगमन संयन्त्र गठन सम्बन्धी नीतिगत व्यवस्था गर्ने । | सहकारी तथा गरिवी निवारण मन्त्रालय | √ | |
| ५ | अनुदानका लागि सहकारी संघ संस्थाहरुले बाहै महीना प्रस्ताव पेश गर्न सक्ने तर प्राप्त अनुदानका प्रस्ताबहरु सम्बन्धित डिभिजन सहकारी कार्यालयहरुले प्रारम्भिक छनोट गरि संभाव्य प्रस्तावहरु मात्र अन्तिम मूल्यांङ्कनको लागि प्रत्यक चौमासिक प्रगति प्रतिबेदनका साथ बिभागमा पेश गर्ने नीतिगत व्यवस्था मिलाउने । | सहकारी विभाग | √ | |
| ६ | सहकारी संस्थाहरुलाई कम्पनी सरह बैंकबाट ऋण उपलब्ध गराउने कानूनी र नीतिगत व्यवस्था मिलाउने । | सहकारी तथा गरिवी निवारण मन्त्रालय | | √ |

| क.सं | मुख्य क्रियाकलाप | जिम्मेवार निकाय | समय सीमा | |
|---|---|---|---|---|
| | | | चालु आ.व. | आगामी आ.व. |
| **१. कानूनी तथा नीतिगत सुधार** | | | | |
| **२. कार्यगत तह** | | | | |
| १ | सहकारी अनुदान कार्यान्वयन निर्देशिका र सहकारी अनुदान कार्यक्रमको लागि प्रस्तावको नमूना खाका तयार गरि बिभागको वेबसाईटमा राख्ने । | सहकारी विभाग | √ | |
| २ | प्रत्येक डिभिजन सहकारी कार्यालयहरुमा पेश भएका र स्वीकृत भएका अनुदानका प्रस्तावहरुको अभिलेख कम्प्युटरमा अध्याबधिक गरि राख्ने । | सहकारी विभाग र सम्बन्धित डिभिजन सहकारी कार्यालयहरु | √ | |
| ३ | सहकारी अनुदान कार्यक्रम अन्तर्गत संञ्चालित सहकारी उद्योग ब्यबसायहरुको नियमित अनुगमन गरि अनुदान प्राप्त व्यबसायहरुको अबस्था अध्याबधिक गरि नियतबश अनुदान दुरुपयोग गरेको, व्यवसाय गर्दा कुनै प्राकृतिक, प्राविधिक तथा बजार विचलनका कारण असफल भएका आयोजनाको वर्गीकरण गरी नियतबश अनुदान दुरुपयोग गर्ने सहकारी संस्थाहरुलाई आबश्यक कार्यवाही गर्ने । | सहकारी विभाग, डिभिजन सहकारी कार्यालय | | √ |
| ४ | प्रस्ताव प्रस्तुत गर्ने सहकारी संघ सस्थाहरुका सञ्चालक/व्यबस्थापकहरुलाई आबश्यक व्यावसायिक उद्यम विकास तालीम सञ्चालन गर्ने । | सहकारी तालीम केन्द्र, डिभिजन सहकारी कार्यालय | | √ |
| ५ | जिल्लागत रुपमा सहकारी शिक्षा र उद्यमशीलता तालीम चरणबद्ध रुपमा सम्पन्न गर्ने योजना तर्जुमा गर्ने । त्यस्ता तालीम व्यावसायिक योजना पेश गर्ने र नगर्ने सबै सहकारीहरुलाई प्रदान गर्ने ब्यबस्था गर्ने । | सहकारी विभाग, डिभिजन सहकारी कार्यालय र सहकारी तालीम केन्द्र | √ | |
| ६ | अनुदान प्राप्त गर्ने सहकारी संघ संस्थाहरुलाई प्रस्तावित सहकारी उद्योग ब्यबसायबाट उत्पादित वस्तुको प्रशोधन, प्याकेजिङ्ग तथा बजारीकरणका लागि आबश्यक सीप तथा प्रबिधि सम्बन्धी हाते पुस्तिका तयार पारी सबै सहकारीहरुलाई सोही अनुरुप तालीम आयोजना गर्न योजना बनाउन लगाउने । | सहकारी विभाग र सहकारी तालीम केन्द्र | √ | |
| ७ | सहकारी उद्योग ब्यबसाय सञ्चालन गरिहेका सहकारी संस्थाहरुलाई स्तरोन्नतिका लागि आवश्यक पर्ने विशिष्टीकृत तालीमको व्यवस्था मिलाउने । | डिभिजन सहकारी कार्यालय र सहकारी विभाग | √ | √ |
| ८ | सहकारी भावना अनुरुप ग्रामीण भेगमा कार्यरत रही वित्तीय श्रोत परिचालनमा क्रियाशील सहकारीहरुलाई प्रोत्साहित गर्ने कार्यक्रम तयार पारी लागू गर्ने । | सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी विभाग र डिभिजन सहकारी कार्यालयहरु । | √ | |

# अध्याय १: परिचय

## १.१ सहकारी अनुदान तथा मुल्याङ्कन कार्यक्रमको पृष्ठभूमि

राष्ट्रिय योजना आयोगले सम्पन्न वा कार्यान्वयनका क्रममा रहेका नीति, कार्यक्रम तथा आयोजनाहरूको मुल्याङ्कन गरी त्यसबाट प्राप्त नतिजालाई प्रयोग गर्दै नीति तथा निर्णयलाई तथ्य तथा सूचनामा आधारित बनाउन प्रयास गरेको छ । यसक्रममा राष्ट्रिय योजना आयोगको **प्रचलित अनुगमन तथा मुल्याङ्कन दिग्दर्शन २०७०** मा उल्लेख भएबमोजिम हरेक वर्ष केही आयोजनाहरूको प्रतिस्पर्धात्मक विधिबाट छानिएका स्वतन्त्र मूल्याङ्कनकर्ताबाट मुल्याङ्कन गराउने व्यवस्था भएअनुसार प्रस्तुत अध्ययनका लागि नेपाल वातावरण संरक्षण केन्द्र छानिएको थियो । नेपाल वातावरण संरक्षण केन्द्रले राष्ट्रिय योजना, अनुगमन तथा क्षमता सुदृढीकरण आयोजनाले तयार पारेको कार्य शर्तनुसार सहकारी क्षेत्र सुदृढीकरण आयोजना अन्तर्गत सहकारीलाई दिइएको अनुदान कार्यक्रमको स्थलगत अध्ययन गरी यो मुल्याङ्कन प्रतिवेदन तयार गरिएको छ ।

आ.व. ०६५-६६ देखि विभिन्न प्रकृतिका सहकारी उद्योग एवं व्यवसाय स्थापना गर्न नेपाल सरकार, तत्कालीन कृषि तथा सहकारी मन्त्रालयले सहकारी विभागमार्फत सरकारी अनुदान कार्यक्रम सञ्चालन गरिएको देखिन्छ । हाल सहकारी मन्त्रालय छुट्टै भए पनि विभाग भने पहिलेदेखि नै रहेकाले अनुदान कार्यक्रमले निरन्तरता पाइरहेको छ ।

सहकारी अनुदान कार्यक्रमअन्तर्गत खुला प्रतिस्पर्धाका आधारमा निम्न पाँच सहकारी क्षेत्र सुधारका लागि अनुदान वितरण गर्ने गरेको देखिन्छ :

(१) राष्ट्रिय सहकारी संघ तथा केन्द्रीय सहकारी संघको क्षमता वृद्धि अनुदान,

(२) साधारण सहकारी संघ-संस्थालाई उत्पादन तथा प्रशोधन उद्योग स्थापना अनुदान,

(३) महिला लक्षित खाद्य प्रशोधन उद्योगहरूको स्थापना अनुदान,

(४) दलितहरूको परम्परागत पेसा आधुनिकीकरण गर्न अनुदान, र

(५) सीमान्तीकृत लक्षित वर्ग जस्तै : हरुवा, चरुवा, वादी, भूमिहीन आदिका लागि उत्पादनमूलक सहकारी संस्थाको स्थापना गर्न अनुदान ।

सहकारी अनुदान कार्यक्रमको मुख्य उद्देश्य सहकारी भावनाका साथ स्थापना भएका साना तथा श्रोत  अभाव भएका सहकारीलाई अर्थिक सहयोग गरी उनीहरूलाई सहकारी उद्योग तथा व्यवसाय स्थापना र सञ्चालन गर्न सहयोग गरी स्थानीयस्तरमा उत्पादन बढाउन र रोजगारीका नयाँ अवसर सिर्जना गरी गरिबी निवारणमा सहयोग पुऱ्याउनु रहेकोछ।

## १.२. सहकारी अनुदान कार्यक्रम मूल्याङ्कनका उद्देश्यहरु

यस मुल्याङ्कन अन्तर्गतको मुख्य उद्देश्य सहकारी अनुदान कार्यक्रमको कार्यसम्पादन, सान्दर्भिकता, प्रभावकारिता, कार्यदक्षता, प्रभाव र दिगोपनाबारे लेखाजोखा गर्नु रहेको थियो ।

यसअन्तर्गत विशेष उद्देश्यहरू निम्नअनुसार रहेका थिए :

(क) सहकारी संस्थालाई अनुदान उपलब्ध गराउनेसम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाको समीक्षा गरी अनुदान कार्यक्रम तर्जुमा, कार्यान्वयन प्रक्रिया र कार्यसम्पादन स्तरबारे मुल्याङ्कन गर्नु ।

(ख) सहकारी संघ-संस्थाहरूलाई अनुदान वितरण गर्न संस्था छनोटका आधारहरू उपयुक्त भए नभएको मुल्याङ्कन गर्नु ।

(ग) सहकारीको मूल्य-मान्यता र सिद्धान्तअनुरूप सहकारी संघ-संस्था सञ्चालन भए नभएको तथा अनुदानको प्रभावकारिताको मुल्याङ्कन गर्नु ।

(घ) सहकारी अनुदान कार्यक्रममार्फत स्थापना भएका साना तथा मझौला सहकारी व्यवसाय-उद्यमले सिर्जना गरेका रोजगारी तथा यसबाट सम्बद्ध सहकारी संस्थाका सदस्यहरूको जीवनस्तरमा आएको परिवर्तन सम्बन्धमा मुल्याङ्कन गर्नु ।

## १.३. मुल्याङ्गनकाक्षेत्रहरू

सहकारी अनुदान कार्यक्रम मुल्याङ्कनकाकार्यक्षेत्रहरू निम्नअनुसार थिए :

### १.३.१ कार्यसम्पादन मूल्याङ्कन

कार्यक्रमको कार्य सम्पादन मुल्याङ्कन (विगत ७ वर्ष (वि.सं. २०६५-६६ देखि २०७१-७२ सम्म) निम्न सूचकहरूका आधारमा गरिएको छ :

१. कार्यक्रमको सोच तालीका वा नतिजा खाका अद्यावधिक गरी यसमा उल्लेख भएका प्रतिफलहरू प्राप्त भए नभएको,

२. कार्यक्रममा लगाइएका साधन तथा श्रोत हरू योजनाअनुसार प्रयोग भए-नभएको (बजेट, मानवीय संशाधन तथा उपकरण), र

३. कार्यक्रमका उपलब्धिहरू योजनाअनुसार भए-नभएको ।

### १.३.२ सान्दर्भिकता (Relevancy)

सहकारी अनुदान कार्यक्रमको सान्दर्भिकताको मुल्याङ्कन कार्यक्रमको उद्देश्य तथा समग्र लक्ष्य सहकारी ऐन २०४९, सहकारी नियमावली २०४९, उच्च मूल्यका कृषि उपज प्रशोधन उद्योगको स्थापनाका लागि अनुदान वितरण कार्यविधि २०६६ र सहकारी संस्था दर्ता निर्देशिका २०६९ का आधारमा गरिएको छ । यसका साथै निम्न सूचकहरूका आधारमा सहकारी अनुदान कार्यक्रमको राष्ट्रिय तथा स्थानीय परिप्रेक्ष्यमा सान्दर्भिकता सम्बन्धी अध्ययन गरिएको छ :

- सहकारी अनुदान कार्यक्रमको योजना तर्जुमा र कार्यान्वयन प्रक्रियाको उपयुक्तता र सान्दर्भिकता,
- सहकारी अनुदान वितरण गर्नका लागि माग गरिने प्रस्ताव र अनुदानका लागि संस्था छनोट गर्ने मापदण्ड,
- सहकारी डिभिजन कार्यालयले अनुदान पाउने सहकारीको अभिलेखीकरणको उपयुक्तता,
- अनुदान कार्यक्रम सहकारी नीति र गरिबी निवारणसम्बन्धी अन्य राष्ट्रिय प्राथमिकतासँग मेला खाने गरे-नगरेको,
- सहकारी अनुदान कार्यक्रम कार्यान्वयन पक्षको उपयुक्तता र सान्दर्भिकता, र
- लगानीका आधारमास हकारी अनुदान कार्यक्रमको लक्षित भौगोलिक क्षेत्र र जनसंख्याआकारको उपयुक्तता र सान्दर्भिकता ।

### १.३.३ प्रभावकारिता (Effectiveness)

कार्यक्रमका प्रतिफलहरूले सहकारी अनुदान कार्यक्रमका उद्देश्यहरू के-कति हासिल भए भन्ने आधारमा प्रभावकारिताको मुल्याङ्कन गरिएको छ । यस कार्यक्रमका उद्देश्यहरू हासिल भए कि भएनन् भन्ने सन्दर्भमा निम्न सूचकहरूमा केन्द्रित रही प्रभावकारिकताको मुल्याङ्कन गरिएको छ :

१. कार्यक्रमको कार्यान्वयन सोचतालीका अथवा नतिजा खाका तयार गरी सोहीअनुरूप भए-नभएको,

२. अनुदान पाएका सहकारी संस्थाहरू हाल सञ्चालनमा भए-नभएको,

३. अनुदान पाएका सहकारीहरूले अनुदान प्राप्तगर्दा कबुल गरेका सर्तअनुसार प्राप्त अनुदानको प्रयोग गरे-नगरेको,

४. अनुदान पाएका सहकारी संस्थाहरूको लेखा प्रणाली निर्धारित ढाँचामा रहे-नरहेको,

५. सहकारी अनुदान कार्यक्रम निर्धारित लागत र समयमा सम्पन्न भए-नभएको । यदि फेरबदल भएको भए त्यसका कारणहरू के-के थिए ? ती कारणहरू व्यवस्थित रूपमा अभिलेखीकरण भएका छन् कि छैनन् ? यदि

अभिलेखीकरण भएका छन् भने ती कत्तिका सही छन् ? यदि अभिलेखीकरण भएका छैनन् भने किन अभिलेखीकरण नभएका होलान्? त्यसका मूलभूत कारणहरू के-के हुन सक्छन् आदि,

- सहकारी अनुदान कार्यक्रमले निर्धारित लक्ष्यअनुसारको भौगोलिक क्षेत्र र सहकारी संस्थालाई अनुदान उपलब्ध गराउन सके-नसकेको । यदि लक्ष्यअनुसारका अनुदान प्रदान गर्न नसकेको भए त्यसका कारणहरू,
- सहकारी अनुदान कार्यक्रमले उपलब्ध गराएका अनुदान र सेवाको गुणस्तर,
- सहकारी अनुदान कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न योगदान दिने र व्यवधान खडा गर्ने कारक तत्वहरू, र
- सहकारी अनुदान कार्यक्रम कार्यान्वयन प्रक्रिया र अनुदान रकमको पर्याप्तताबारे अनुदानप्राप्त सहकारीका सदस्यहरूको सन्तुष्टि-असन्तुष्टि आदि ।

### १.३.४ कार्यदक्षता (Efficiency)

सहकारी अनुदान कार्यक्रमको कार्यदक्षता सम्बन्धमा कार्यक्रमको लगानी तथा प्राप्त प्रतिफलहरूको गुणस्तर तथा परिमाण एवं यसको प्राप्तिमा लागेको समय र लागत विश्लेषण गरी कार्यक्रमको दक्षता मुल्याङ्कन गरिएको छ । यो मुल्याङ्कन विशेषतः उत्पादकत्व, लाभ, लागत तथा लागत प्रभावकारिताका आधारमा गरिएको छ । कार्यदक्षताको मूल्याङ्कनका लागि निम्न सूचकहरूको आधार लिइएको छ :

- कार्यक्रममा श्रोत  विनियोजन सक्षमता,
- कार्यक्रममा प्रतिरोजगार सिर्जना गर्न लागेको औसत लागत,
- यस कार्यक्रमले प्रवर्द्धन गरेका कार्यक्रममा प्रतिसहकारी साना उत्पादन तथा प्रशोधन उद्योगको लागत,
- अनुदानप्राप्त सहकारी संस्थाले साना उत्पादन तथा प्रशोधन उद्योग सञ्चालन गर्न यस अनुदान कार्यक्रमको हिस्सा, र
- व्यवसाय सञ्चालनमा अन्य लगानीको व्यवस्था र परिमाण

### १.३.५ प्रभाव (Impact)

सहकारी अनुदान कार्यक्रमबाट आशातीत परिणाम हासिल भए-नभएको तथा ती परिणामहरू हासिल गर्नमा सहकारी अनुदान कार्यक्रमहरूलाई कति श्रेय दिन सकिन्छ भन्ने विश्लेषण गरेर प्रभाव मुल्याङ्कन गरिएको छ । अनुदान कार्यक्रमको प्रभाव मुल्याङ्कन निम्न सूचकहरूका आधारमा गरिएको छ :

- सदस्य संख्याको वृद्धि,
- वार्षिक आम्दानीको वृद्धि,
- वार्षिक उत्पादन वृद्धि,
- उत्पादनको बिक्रीमा भएको वृद्धि,
- नयाँ रोजगारी सिर्जना,
- थप भएका रोजगारीबाट सहकारी सदस्यको आयवृद्धि तथा गरिबी निवारणमा योगदान

### १.३.६ दीगोपना (Sustainability)

अनुदानप्राप्त सहकारीले स्थापना गरेका साना तथा मझौला प्रशोधन उद्योग तथा व्यवसायहरूको निरन्तरता र तिनीहरूको दीगोआम्दानीको विश्लेषणजस्ता सूचकहरूका आधारमा दिगोपना मुल्याङ्कन गरिएको छ ।

**क. नतिजाहरूको दगिोपना**

- अनुदानप्राप्त सहकारीहरूले स्थापना गरेका साना तथा मझौला प्रशोधन उद्योग तथा व्यवसायहरूको निरन्तरता कस्तो छ ? र
- अनुदानप्राप्त सहकारीहरूले सिर्जना गरेको रोजगारीको निरन्तरता कस्तो छ ?

**ख. आर्थिक पक्षको दीगोपना**

- अनुदानप्राप्त सहकारीहरूको आर्थिक श्रोत को परिचालनको अवस्था, र
- यस कार्यक्रमअन्तर्गत सञ्चालित सहकारी अनुदान सहकारी विभागले आफैँले निरन्तर रूपमा सञ्चालन गर्न सक्छन् कि सक्दैनन्?

**ग. प्राविधिक पक्षको दीगोपना**

- कार्यक्रमलाई चाहिने आवश्यक ज्ञान, सीप र दक्ष जनशक्तिको उपलब्धता र त्यसको श्रोत को विश्लेषण ।

# अध्याय २ : अध्ययन विधि

## २.१ तथ्याङ्क संङ्कलन

सहकारी क्षेत्र सुदृढीकरण आयोजनाको अनुदान कार्यक्रमको मुल्याङ्कन प्रयोजनका लागि प्राथमिक तथा द्वितीयक दुवै श्रोतहरूबाट आवश्यक तथ्याङ्क र सूचनाहरूको संकलन गरी मुल्याङ्कन अध्ययन कार्य सम्पन्न गरिएको थियो ।

### २.१.१ द्वितीयक श्रोतबाट तथ्याङ्क संङ्कलन

प्रस्तुत अध्ययनका लागि प्राथमिक श्रोतका अतिरिक्त द्वितीयक श्रोत हरूबाट पनि आवश्यक तथ्याङ्क तथा सूचनाहरू संकलन गरिएको थियो । त्यसका लागि सर्वप्रथम सहकारी संघ-संस्थाहरूलाई उपलब्ध गराइने अनुदान तथा भन्सार महसुलमा छुट सुविधा सिफारिस सम्बन्धी कार्यविधि २०६८, सहकारी ऐन तथा नियमावली, सहकारी संघ-संस्था सञ्चालन सम्बन्धी कार्यविधि, सहकारी मन्त्रालयबाट प्रकाशित सम्बद्ध सूचना, सहकारी विभागबाट प्रकाशित वार्षिक प्रगति प्रतिवेदनहरु बाहेक अन्य सान्दर्भिक सन्दर्भग्रन्थ तथा अभिलेखहरूको समेत समीक्षा गरिएको थियो । द्वितीयक श्रोतहरूबाट उपलब्ध सम्बन्धित तथ्याङ्क र सूचनाहरूका आधारमा नेपाल सरकारबाट विगत सात वर्षमा सहकारी संघ-संस्थाहरूलाई प्रदान गरिएको समग्र अनुदान कार्यक्रमबारे समीक्षा गरिएको थियो ।

### २.१.२ प्राथमिक श्रोतबाट तथ्याङ्क संङ्कलन

सहकारी विभागबाट उपलब्ध गराइएको प्रगति प्रतिवेदनमा उल्लिखित अनुदानप्राप्त सहकारीहरूको कुल संख्या३ सय १९ लाई आधार मानी प्रस्तुत अध्ययन अघि बढाइएको थियो । अध्ययनका लागि सकेसम्म प्रतिनिधिमूलकनमूना छनोट गर्ने उद्देश्यले मुख्य तीनवटै भौगोलिक क्षेत्र र पस्तावित सात प्रदेश समेटिने गरी नमूना जिल्ला तथा अनुदानप्राप्त सहकारी संस्थाहरूको छनोट गरिएको थियो । जसको विस्तृत ढाँचा अनुसूची ४ मा उल्लेख गरिएको छ ।

#### क. नमूना जिल्लाहरूको छनोट

प्रस्तुत मुल्याङ्कन अध्ययन प्रयोजनका लागि अनुदानप्राप्त सहकारी संघ-संस्थाहरू सञ्चालन भएका जिल्लाहरूबाट देहायका आधारमा नमूना जिल्ला छनोट गरिएको थियो :

- सहकारी अनुदान पाएका प्रस्तावित सातवटै प्रदेशको प्रतिनिधित्व,
- तीनवटै पारिस्थितिकीय क्षेत्रको प्रतिनिधित्व,
- अनुदान प्राप्त गरेका सकभर सबै व्यावसायिक क्षेत्रहरू, र
- कम्तीमा न्यूनतम ४ वा सोभन्दा बढी सहकारीहरूले अनुदानप्राप्त गरेका जिल्लाहरू ।

परामर्शदाता संस्थालाई सहकारी विभागबाट उपलब्ध गराइएको तथ्याङ्कका आधारमा आ.व. ०६५-६६ देखि आ.व. ०७१-७२ सम्म अनुदान पाएका जिल्लाहरूको संख्या ६० देखियो । जसमध्ये हिमाली १२, पहाडी २८ र तराईका २० वटाजिल्लाहरू समेटिएको थियो । अनुदानप्राप्त ६० जिल्लाहरूमध्ये १२ वटाजिल्लामा १-१ ओटा, ७ वटाजिल्लामा २-२ वटार ५ वटाजिल्लामा ३-३ वटासहकारी संघ-संस्थाहरूले मात्र अनुदान प्राप्त गरेको देखिएकाले प्रस्तुत अध्ययनका लागि ४ ओटाभन्दा कम सहकारी संस्थाहरूले अनुदान प्राप्त गरेका जिल्लाहरूलाई अध्ययनका लागि नमूना छनोट प्रक्रियामा समावेश गरिएको छैन । यसो गर्दा अनुदानप्राप्त ३६ जिल्लाहरू मात्र छनोटमा प्रक्रियामा सामेल गरिएको थियो र सोमध्ये १३ वटाजिल्लाहरू अध्ययनका लागि नमूना छनोट गरिएको थियो ।

#### ख. नमूना सहकारी संस्था-व्यवसाय छनोट

प्राथमिक श्रोतबाट तथ्याङ्क संकलनका लागि छनोटमा परेका जिल्लाहरूमा अनुदानप्राप्त कूल सहकारी संस्थाहरूमध्येबाट व्यवसायका आधारमा स्तरीकरण गरी संस्थाहरूको समूहमध्येबाट निरपेक्ष नमूना संकलन विधिका आधारमा सहकारी संस्थाहरूको छनोट गरिएको थियो ।

अध्ययनका लागि छानिएका १३ जिल्लाका सहकारी संस्थाहरू तथा जिल्ला वा केन्द्रीय संघहरू गरी जम्मा ७५ वटासहकारी संघ-संस्थाहरू छनोट गरिएको थियो । छनोटमा परेका सहकारी संघ-संस्थाहरूमध्ये प्रत्येक

सहकारीहरूबाट १५ वटा अनुदान प्राप्त गरेका र ६ वटा अनुदान प्राप्त नगरेका घरधुरीहरू छनोट गर्ने व्यवस्था गरिएको थियो ।

तर, स्थलगत अध्ययनका लागि जिल्लाहरूमा पुग्दा केही फरक अवस्था देखिएको र ७५नमूना मध्ये मिथिला गाईपालन कृषि सहकारी संस्था लि., सर्लाही बन्द भएको, स्याङ्जा शीतभण्डार सहकारी संस्था लि., पुतलीबजार, दोहोरिएको र प्रयत्नशील जडीबुटी सहकारी संस्था लि. धादिङ फेला नपरेकाले जम्मा ७२ वटासहकारी संघ-संस्थाहरूको मात्र विस्तृत सर्भेक्षण गरिएको थियो । सर्भेक्षण गरिएका सहकारी संघ-संस्थाहरूको नामावली अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

### ग. जिल्लागत नमूना आकार वितरण

जिल्लागत आधारमा नमूना आकार वितरण गरिसकेपछि जिल्ला अन्तर्गत पर्ने नमूना संख्यालाई त्यो जिल्लामा सहकारी कार्यक्रममार्फत अनुदान पाएका सहकारीको सूचीमध्येबाट Systematic Ramdpm Sampling विधि अपनाई सहकारी संस्थाहरू र घरधुरी संख्याछनोट गरी सर्भेक्षण गरिएको थियो ।

### घ. घरधुरी सर्भेक्षणका लागि नमूना आकार निर्धारण

यस मुल्याङ्कन अध्ययनमा सहकारी सुदृढीकरण आयोजनाअन्तर्गत सहकारी अनुदान कार्यक्रमबाट लाभ प्राप्त गरेका कुल संख्यालाई Multistage Systematic Random Sampling Method प्रयोग गरीनमूना आकारको निर्क्योल गरिएको थियो । नमूना आकारको निर्धारण सहकारी अनुदान कार्यक्रमबाट अनुदान पाएका कूल सहकारी संस्थाहरुलाई आधार मानी कूल नमूना आकार ७५ सहकारी संस्थाहरूका करिब १५७५ घरधुरीसँग प्रत्यक्ष रूपमा सम्पर्क गरी तथ्याङ्क संकलन गर्ने प्रस्ताव गरिएकोमा प्रायःजसो अनुदानप्राप्त गरेका नमूना सहकारीहरूले सहकारी विभागबाट प्राप्त अनुदानबाट आफैं व्यवसाय सञ्चालन गरेको पाइएको र त्यसमध्ये राष्ट्रिय सहकारी संघलाई भवन निर्माण कार्यका लागि अनुदान दिइएको, झापा जिल्लास्थित जिल्ला चिया उत्पादक सहकारी सघले चिया प्याकेजिङ उद्योग सञ्चालनका लागि मेसिनरी खरिद गर्न अनुदान दिइएको र जिल्ला संघबाट कृषकहरू प्रत्यक्ष लाभान्वित नहुने र तीन वटा नमूना सर्भेक्षणमा परेका सहकारी संस्थाहरू स्थलगत अध्ययनका क्रममा नभेटिएकाले घरधुरी सर्भेक्षणको संख्या प्रस्तावित संख्याभन्दा केही कम हुन गएको छ ।

## २.२ सर्भेक्षण प्रश्नावली-चेकलिस्ट

घरधुरी सर्भेक्षण गर्न अध्ययनका लागि निर्धारित सबै पक्षहरू समेटिने गरी निर्धारित ढाँचाको एक प्रश्नावली तयार प्रयोग गरिएको थियो । जसमा वैकल्पिक उत्तर, बहुउत्तर तथा खुला उत्तर आउने प्रश्नहरू समावेश गरिएको थियो । घरधुरी सर्भेक्षण गर्दा कार्यक्रमबाट अनुदान पाएका सहकारी संस्थाका सदस्यहरू र गैरसदस्यहरूलाई व्यक्तिगत रूपमा सोधिने प्रश्नावली एउटै थियो । तयार गरिएको प्रश्नावली ललितपुर जिल्ला दुग्ध उत्पादक सहकारी संस्था लि., चापागाउँ ललितपुरमा पूर्व परिक्षण जाँच (Pre test) गरिएको थियो । उक्त परिक्षण जाँच गर्दा खासै परिवर्तन गर्नुपर्ने अवस्था देखिएन । सर्भेक्षणका लागि प्रगोग गरिएको प्रश्नावलीको ढाँचा अनुसूची ७.१ मा प्रस्तुत गरिएको छ ।

## २.३ जानिफकारसँग अन्तर्वार्ता (KII)

प्रस्तुत अध्ययनले प्रत्यक्ष रूपमा अनुदानबाट प्रत्यक्ष लाभान्वित सहकारी संघ संस्था तथा सहकारी सदस्यहरुका अतिरिक्त जिल्लामा समान प्रकृतिका अनुदान वितरण कार्यक्रम संञ्चालन गरिरहेका अन्य संस्था वा निकायसँग पनि जानकारी लिइएको थियो । सोका लागि अलग्गै चेकलिस्ट तयार गरिएको थियो ।

जानिफकारहरूको छनोट गर्दा केन्द्रस्तर र जिल्लास्तरका प्रत्यक्ष सरोकार राख्ने निकायहरू, जस्तै : सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विकास बोर्ड, सहकारी विभाग, राष्ट्रिय योजना आयोग तथा जिल्लामा सहकारी डिभिजन कार्यालय, सम्बन्धित वस्तुगत संघ, अनुदान पाएका सहकारी प्रतिनिधि, जिल्ला विकास समितिका प्रतिनिधि आदि गरी कम्तीमा केन्द्रमा ६ र प्रत्येकनमूना जिल्लामा ४ जना गरी जम्मा ५८ जनासँग अन्तर्वार्ता गरी सूचना मुल्याङ्कन गर्ने लक्ष्य भएकोमा ४४ जनासँग मात्र अन्तर्वार्ता लिइएको थियो । अन्तर्वार्ता लिइएका जानिफकारहरूको नामावली अनुसूची ५ मा प्रस्तुत गरिएको छ ।

## २.४ सामुहिक छलफल ९ँयअगक न्चयगउ म्ष्कअगककष्यल०

नमूना छनोटमा परेका सहकारीका सदस्यहरू तथा अन्य स्थानीय ७ देखि ९ जना सरोकारवाला सम्मिलित प्रत्येक नमूना जिल्लामा कम्तिमा २ वटागरी २६ वटासामुहिक छलफल गरिएको थियो । उक्त छलफलमा खास गरी कार्यक्रम कार्यान्वयनका प्रक्रिया, कार्यक्रमका उपलब्धि, कार्यक्रमका नतीजाहरूको गुणस्तर, कार्यक्रमबाट स्थानीय जनतामा परेको प्रभाव, कार्यक्रमले उद्योग व्यवसाय क्षेत्रमा थप रोजगारी सिर्जना गर्न पुऱ्याएको योगदान, कार्यक्रमले स्थानीयस्तरमा गरिबी न्यूनीकरण गर्नमा पुऱ्याएको योगदान, उद्योग व्यवसायको सुदृढीकरणमा पुऱ्याएको योगदान, कार्यक्रम कार्यान्वयनको प्रभावकारिता, कार्यदक्षता, कार्यक्रमको प्रभाव र दीगोपना जस्ता विषयमा छलफल गरी गुणात्मक सूचना संकलन गरिएको थियो । समूह छलफल गरिएको स्थान र छलफलमा सहभागीहरूको संख्या अनुसूची ६ मा प्रस्तुत छ ।

## २.५ स्थलगत अवलोकन (Field Observation)

मुल्याङ्कन टोलीले घरधुरी सर्भेक्षणको सिलसिलामा कम्तीमा नमूनामा छानिएका १३ जिल्लाहरूमा गई सहकारी अनुदानबाट सञ्चालित उद्योग तथा व्यवसायहरूको स्थलगत भ्रमण गरी मुख्य कार्यक्रमहरूको अवलोकन गरी अनुदानप्राप्त सहकारी संघ-संस्थाहरूसँग सम्बन्धित आवश्यक तथ्याङ्का सथै सहकारीका जिम्मेवार पदाधिकारीहरूसँग छलफल गर्नुका साथै अन्य सहकारी अनुदान कार्यक्रमका बारेमा जानकार तथा प्रत्यक्ष सरोकार राख्ने मुख्य सूचनादाताहरूसंग अन्तर्वार्तासमेत लिएको थियो । स्थलगत अध्ययनका क्रममा अन्य विधिबाट तथ्याङ्क मुल्याङ्कनकालागि छनोट गरिएका विभिन्न सूचनादाताहरूको नमूनाको आकार अनुसूची २ मा प्रस्तुत गरिएको छ ।

## २.६ मामला अध्ययन (Case Studies)

कार्यक्रमबाट प्राप्त उपलब्धि र अनुपलब्धि, सफलता-असफलताका कथाहरू आगामी दिनका लागि मार्गदर्शक हुन सक्ने हुँदा जिल्लागत वा उद्देश्यगत रूपमा अनुदानबाट सञ्चालित सहकारी कार्यक्रमहरूको ३ वटासफल र ४ वटाअसफलनमूना हरूको विस्तृत अध्ययन गरी ७ वटा'केस स्टडी' तयार गरिएको थियो । जसमा अनुदान प्रक्रिया, स्थानीय उत्पादनको मौलिकता, बजारीकरण, स्थानीय सीप र प्रविधिको उपयोगको अवस्थाका बारेमा विश्लेषण गरी सहकारी संस्थाहरूले सञ्चालन गरेका उद्योग तथा व्यवसायहरू सफल तथा असफल हुनुका कारणहरू पत्ता लगाउने प्रयास गरिएको थियो ।

## २.७ नमूना सर्भेक्षण गरिएका सहकारीहरुको वर्गीकरण

कूल सर्भेक्षण गरिएका ७२ वटा सहकारी संघ तथा संस्थाहरुमध्ये ६४ वटा प्रारम्भिक सहकारी संस्थाहरु, ५ वटा जिल्ला संघहरु, २ वटा वस्तुगत जिल्ला संघहरु र एउटा केन्द्रीय सहकारी संघ थिए ।

**तालीकाः २.१ सर्भेक्षण गरिएका नमूना सहकारी संस्थाहरुको वर्गीकरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| प्रारम्भिक सहकारी | ६४ | ८८.९ |
| जिल्ला संघ | ५ | ७.० |
| वस्तुगत संघ | २ | २.८ |
| केन्द्रीय संघ | १ | १.४ |
| जम्मा | ७२ | १०० |

**श्रोत : एनईपिसि, सहकारी संस्था सर्भेक्षण २०७३**

## २.८ घरधुरी सर्भेक्षण गरिएका सहकारीहरुको विवरण

मुल्याङ्कनका लागि घरधुरी सर्भेक्षण गरिएका सहकारी सस्थाहरुको विवरण तालीका २.२ मा प्रस्तुत गरिएको छ ।

**तालीकाः २.२ घरधुरी सर्वेक्षणमा समेटिएका र नसमेटिएका सहकारीहरु**

| विवरण | नमूना सर्भेक्षण सहकारी संघ तथा सहकारीको संख्या | प्रतिशत |
|---|---|---|
| घरधुरी सर्भेक्षण गरिएका सहकारी संस्था संख्या | ५१ | ७०.८ |
| घरधुरी सर्भेक्षण नगरिएका सहकारी संस्था संख्या | २१ | २९.२ |
| जम्मा | ७२ | १०० |

**श्रोत : एनईपिसि, सहकारी संस्था फिल्ड सर्भेक्षण २०७३**

सर्भेक्षण गरिएका जम्मा ७२ वटा सहकारी संघ सस्थाहरुमध्ये करिब ७१ प्रतिशत सहकारीहरुमा सदस्यहरुको सर्भेक्षण गरिएको र बाँकि २९ प्रतिशत सहकारीहरुले प्राप्त अनुदानबाट सञ्चालित कार्यक्रममा सहकारीका सदस्यहरु प्रत्यक्ष रुपमा सम्बन्धित नभएकाले घरधुरी सर्भेक्षण गरिएको छैन ।

## २.९ घरधुरी सर्वेक्षण

मूल्याङ्कनका अध्ययनका लागि छनोट गरिएका जम्मा ७५ वटा नमूना सहकारीहरुका सदस्यहरुमध्ये प्रत्यक्ष लाभान्वित प्रति सहकारी १५ घरधरी र प्रत्येक्ष लाभान्वित नभएका ६ घरधुरी समेत गरि प्रति सहकारी २१ घरधुरीका दरले जम्मा १५७५ घरधुरी सर्भेक्षण गर्न प्रस्ताव गरिएकोमा तीन वटा सहकारी सस्थाहरुको विस्तृत सर्भेक्षण नै नगरिएको र जम्मा ७२ वटा सहकारी संघ सस्थाहरुको मात्र विस्तृत सर्भेक्षण गरिएको छ जुन प्रस्तावित संख्याको करिब ९६ प्रतिशत हुन आउँछ ।नमूना  छनोटमा परेका ७५ सहकारीहरुमध्ये एउटा फेला नपरेको, एउटा दोहोरिएको, एउटा संस्था अस्तित्वमा नै नरहेको र ७ वटा जिल्ला र केन्द्रीय सहकारी संघहरु भएकाले जम्मा ६५ सहकारीमा मात्र घरधुरी सर्भेक्षण गरिएको छ । यसरी १० वटा सहकारीहरुमा घरधुरी सर्भेक्षण नगरिएकोले निर्धारित नमूना संख्यामा २२० वटा घटेको छ । सर्भेक्षण गरिएका घरधुरीहरुको विवरण तालीका २.५ मा प्रस्तुत गरिएको छ ।

**तालीकाः २.५ सर्भेक्षण गरिएका सहकारी अनुदानबाट सिधै लाभ प्राप्त गर्ने घरधुरीको विवरण**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सर्भेक्षण गरिएका प्रत्यक्ष अनुदान प्राप्त गरेका घरधुरी संख्या | १० | ९.५ |
| सर्भेक्षण गरिएका प्रत्यक्ष अनुदान प्राप्त नगरेका घरधुरी संख्या | ९७५ | ९०.५ |
| जम्मा | १०७८ | १०० |

**श्रोत : एनईपिसि, घरधुरी सर्भेक्षण २०७३**

तालीका २.५ मा उल्लेख गरिएअनुसार कुल १०७८ धरधुरी सर्भेक्षण गरिएकोमा ९.५ प्रतिशत घरधुरी मात्र प्रत्यक्ष अनुदान प्राप्त गरेका र बाँकि ९०.५ प्रतिशत घरधुरीहरु अनुदान नपाएका थिए ।

नमूना छनोटमा परेका सहकारी संघ सस्थाहरुले अनुदान रकमबाट आफैँ व्यवसाय सञ्चालन गरेकाले प्रत्यक्ष लाभग्राही सदस्य संख्या नै नभएकोले घरधुरी सर्भेक्षण संख्या प्रस्ताव गरिएकोभन्दा निकै कम भएको छ । समूह छलफल तथा मुख्य सूचनादाताहरुको अन्तर्वाता भने प्रस्ताव गरेअनुसार नै गरिएको छ ।

## २.१० मुल्याङ्कनका सीमाहरू

अध्ययनका लागि तयार गरिएको कार्यसर्तका आधारमा तयार गरिएको प्रस्तावमा सहकारीहरूले अनुदान लगेपछि, आफ्ना सेयर सदस्यहरूलाई व्यवसाय गर्न अनुदान प्रदान गर्छन् र अनुदान प्राप्त भएपछि व्यवसायबाट सेयर सदस्यहरूको जीवनस्तर बढाउन सहयोग पुगको छ भन्ने अनुमानका आधारमा स्थलगत सर्वेक्षणका लागि औजारहरू तयार गरी सोहीअनुसारको अनुशिक्षण गरी सर्भेयरहरूलाई स्थलगत सर्वेक्षणका लागि खटाइएको थियो । तर,अधिकांश सहकारीहरूले प्राप्त गरेको अनुदान रकम सम्बन्धित सहकारीका सदस्यहरूसम्म नपुगेको र सहकारी संघ-संस्थाहरू स्वयंले व्यवसाय विस्तार र विकासका लागि खर्च गरेको पाइएकाले घरधुरी सर्वेक्षणमा जाँदा अध्ययन टोलीले सोचेअनुरूप सूचना उपलब्ध हुन सकेन ।

यसबाहेक अनुदानप्राप्त सहकारी संस्थाहरूले व्यवसाय सञ्चालन गर्दा अनुदान प्राप्त गरेको रकम, कुल लगानी, व्यावसायिक योजना, संस्थाको लगानी हिस्सासमेत स्पष्ट हुने गरी व्यावसायिक लेखा ठीक दुरुस्त राख्ने गरेको नपाइएकाले सञ्चालित व्यवसायबाट के-कति वित्तीय उपलब्धि हासिल भए-नभएको विस्तृत लेखाजोख गर्न सकिएन ।

सहकारी संस्थाहरूलाई अनुदान उपलब्ध गराउने कार्य सम्पूर्ण रूपमा सहकारी विभागबाट भएको र जिल्लास्थित सहकारी डिभिजन कार्यालयहरूलाई खासै जिम्मेवारी नदिइएको हुनाले उनीहरूले अनुदानका बारेमा अद्यावधिक अभिलेख राख्ने गरेको पाइएन । यसले गर्दा सहकारी संस्थाहरूको बारेमा सम्बद्ध निकायबाट जेजस्तो सूचना र तथ्याङ्क उपलब्ध हुनेछ र त्यसलाई 'क्रस चेक' गरी तथ्याङ्क विश्लेषण गर्न सकिने अपेक्षा गरिएको थियो, त्यो हुन सकेन ।

घरधुरी सर्भेक्षण बाट अपेक्षित तथ्याङ्क उपलब्ध नहुनु, सहकारी डिभिजन कार्यालयहरूले पनि अनुदान कार्यक्रमको अनुगमन गरी सोको अभिलेख राख्ने गरेको नपाइएकाले सम्बन्धितनमूना  सहकारी संघ-संस्थाहरूबाट उपलब्ध तथ्याङ्क र सूचनालाई नै मुख्य आधार मानेर प्रस्तुत प्रतिवेदन तयार पारिएको छ ।

## अध्याय ३ : अध्ययनको नतिजा

**उद्देश्य:** सहकारी संस्थालाई अनुदान उपलब्ध गराउनेसम्बन्धी विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाको समीक्षा गरी अनुदान कार्यक्रम तर्जुमा, कार्यान्वयन प्रक्रिया र कार्यसम्पादन स्तरबारे मुल्याङ्कन गर्नु ।

### ३.१ सहकारी अनुदान कार्यक्रमको कानुनी र नीतिगत सम्बन्ध

सहकारी अनुदान कार्यक्रम तपसिलका कानुनी तथा नीतिगत व्यवस्थाका आधारमा कार्यान्वयमा ल्याएको देखिन्छ ।

#### ३.१.१ सहकारी ऐन २०४८

सहकारी क्षेत्र विकासका लागि तत्कालीन श्री ५ को सरकारले सहकारी ऐन २०४८ जारी गरेको थियो । सोही ऐनको परिच्छेद- ९ दफा ३८ मा सहकारी संस्था वा संघलाई छुट र सुविधा अन्तर्गत बुँदा(२) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी संस्था वा संघले आफ्नो प्रयोगका लागि आयात गर्ने मेसिनरी, औद्योगिक तथा कृषियन्त्र, उपकरण, पार्टपुर्जा, कच्चा पदार्थ, कार्यालय उपकरण तथा ढुवानीका साधनहरूमा लाग्ने भन्सार महसुल वा बिक्रीकर प्रचलित कानुनबमोजिम पूरै वा आंशिक रूपमा छुट दिन सक्ने व्यवस्था गरेको छ । (३) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै संस्था वा संघले उत्पादन गरेको मालसामानमा लाग्ने अन्तःशुल्क वा बिक्रीकर प्रचलित कानुनबमोजिम पूरै वा आंशिक रूपमा छुट दिन सक्नेसमेत व्यवस्था गरेको छ । (४) औद्योगिक व्यवसाय गर्ने संस्था वा संघलाई उपदफा (१), (२) र (३) मा उल्लिखित छुटहरूका अतिरिक्त प्रचलित कानुनबमोजिम उद्योगहरूले पाए सरहको अन्य छुट सुविधा र संरक्षणसमेत प्राप्त हुने व्यवस्था गरेको छ । सहकारी ऐन २०४८ का उद्देश्यहरू परिपूर्तिका लागि सरकारले उक्त ऐनअन्तर्गत स्थापना भएका सहकारी संघ-संस्थाहरूलाई समयानुकूल वार्षिक कार्यक्रम तथा बजेटमार्फत विभिन्न सहयोग र सुविधाहरू उपलब्ध गराउँदै आएको भए तापनि वि. सं. ०६९ मा सरकारले राष्ट्रिय सहकारी नीति नै बनाएर सोहीअनुसार सहकारी क्षेत्रलाई राष्ट्र विकासका लागि एक मुख्य आधार स्तम्भका रूपमा विकास गर्दै लैजाने प्रयास गरेको पाइन्छ ।

#### ३.१.२ राष्ट्रिय सहकारी नीति, २०६९

राष्ट्रिय सहकारी नीति, २०६९ अनुसार सहकारी पद्दतिमा आधारित उद्योग व्यवसायको स्थापना गरी देशको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउनु सहकारीको मुख्य उद्देश्य हो । सहकारी सामाजिक अर्थव्यवस्थाको महत्वपूर्ण कडी पनि हो । गरिबी निवारण, उत्पादक पूर्ण रोजगारीको सिर्जना, सामाजिक एकीकरण र वातावरण संरक्षणमा सहकारी उद्योग व्यवसायको योगदान महत्वपूर्ण हुने आधारमा संयुक्त राष्ट्रसंघले सदस्य राष्ट्रहरूलाई सहकारीको विकास, विस्तार र प्रवर्द्धन गर्न उत्प्रेरितसमेत गरेबाट यस क्षेत्रको महत्व प्रस्ट हुन आएको छ । संयुक्त राष्ट्रसंघको महासभाले सन् २०१२ लाई अन्तर्राष्ट्रिय सहकारी वर्ष घोषणा गरी देशको सामाजिक तथा आर्थिक विकासमा सहकारी उद्योग व्यवसायको अपरिहार्यताको सन्देश दिएको छ । अन्तर्राष्ट्रिय सहकारी वर्षको अवसरमा सहकारी क्षेत्रको सन्तुलित विकासका लागि पहिलोपटक जारी गरिएको राष्ट्रिय सहकारी नीति, २०६९ ले सहकारी क्षेत्रको समग्र विकासका लागि एक ऐतिहासिक महत्व राख्ने अपेक्षा गरिएको छ ।

**सहकारी नीतिका उद्देश्यहरू :** शिक्षा, तालीम र सूचनाका माध्यमबाट सहकारीको संस्थागत क्षमता विकास र सहकारीसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने, कृषि क्षेत्रलगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका व्यवसायमा सहकारीलाई क्रियाशील तुल्याउने, महिला, गरिब, सीमान्तकृत, अपाङ्ग, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरूका साथै आम नागरिकहरूको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिवृद्धि गर्ने, सहकारी प्रवर्द्धित उद्योग व्यवसायको विकास तथा विस्तार गर्दै सहकारी क्षेत्रलाई प्रभावकारी, प्रतिस्पर्धी एवं गुणस्तरीय बनाउनेजस्ता विषयहरूलाई उठान गरिएको छ ।

यस नीतिअन्तर्गत महिला, गरिब, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरूका साथै आम नागरिकहरूको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुँच अभिवृद्धि गर्न देहायका नीतिहरू अवलम्बन गरिनेछ भनिएको छ : (क) लैङ्गिक दृष्टिकोणले पछि परेका सहकारीमा आबद्ध महिलाहरूलाई एकल तथा सामूहिक रूपमा उद्योग व्यवसाय सञ्चालन गर्ने क्षमता विकासका लागि आवश्यक पर्ने व्यावसायिक तथा सीपमूलक तालीम प्रदान गर्न सहयोग उपलब्ध गराइनेछ । (ख) विपन्न परिवारलाई सहकारी संस्थाहरूमा आबद्ध गराई सामूहिक उद्योग व्यवसायहरू सञ्चालन गरी उनीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा योगदान पुऱ्याउने गरी

लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ । (ग) लक्षित समूहद्वारा सञ्चालन गरिने उद्योग व्यवसायहरूका लागि बिउ पुँजीको व्यवस्थापन एवं व्यावसायिक क्षमता अभिवृद्धि गर्न सहुलियतपूर्ण ऋण तथा पुँजीगत अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । (घ) विकास साझेदारहरूको सहकार्यमा लक्षित समुदाय र क्षेत्रमा सहकारी संघ-संस्थाहरूको स्थापना र सञ्चालनका कार्यक्रमहरू सञ्चालन गरिने छ । (ङ) समुदायका सदस्यहरूलाई सहकारीका माध्यमबाट एकजुट भई उद्योग व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गर्ने खालका कार्यक्रमहरू सञ्चालन गरिनेछ । (च) गरिब घरपरिवार पहिचान गरी त्यस्ता व्यक्तिहरूलाई सहकारीमा सङ्गठित गरी बचत परिचालन, बिनाधितो कर्जा, जोखिम व्यवस्थापन, सीपमूलक तालीम, कृषि उत्पादन तथा लघु उद्यम स्थापनामा सहयोग उपलब्ध गराइनेछ ।

उक्त नीतिका रणनीति तथा कार्यनीतिहरू (Strategies & Working Policies) अन्तर्गत भनिएको छ : राष्ट्रिय योजना आयोग, कृषि, स्वास्थ्य, उद्योग, शिक्षा, पर्यटन, ऊर्जा, सिँचाइ, स्थानीय विकास, सहरी विकास, युवा, श्रम तथा रोजगारजस्ता केन्द्रीय र सोअन्तर्गतका निकायहरूमा सहकारी प्रवर्द्धनका लागि जिम्मेवार महाशाखा-शाखा वा सम्पर्क बिन्दु (Focal Point) को व्यवस्था गरी विषयगत रूपमा सहकारीको विकास, विस्तार र प्रवर्द्धनमा सम्बन्धित निकायहरूलाई जिम्मेवार बनाइनेछ । कृषिमा आधारित उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण तथा कृषि सामग्री आपूर्तिका लागि कृषकहरूको सहभागितामा स्थापना गरिएको सहकारी उद्योग व्यवसायलाई सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । परम्परागत पेसालाई व्यावसायिक बनाउन लक्षित समुदायलाई सहकारीमा सङ्गठित गरी आधुनिक सीपमूलक तालीमको व्यवस्था गरी पुँजीमा पहुँच पुऱ्याउन सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइनेछ, राष्ट्रिय सहकारी संघको भूमिकालाई प्रभावकारी बनाउन संघको क्षमता अभिवृद्धि तथा सहकारी क्षेत्रको प्रवर्द्धनात्मक कार्यमा सहयोग र सहकार्यको संस्कृति विकास गरिने उल्लेख गरिएको छ ।

### ३.१.३ सहकारी संघ-संस्थाहरूलाई उपलब्ध गराइने अनुदान एवं भन्सार महसुलमा छुट सुविधा सिफारिससम्बन्धी कार्यविधि, २०६८

सहकारी ऐन २०४८, राष्ट्रिय सहकारी नीति, २०६९ लाई कार्यरूप दिनका लागि नेपाल सरकारले सहकारी संघ-संस्थाहरूलाई उपलब्ध गराइने अनुदान एवं भन्सार महसुलमा छुट सुविधा सिफारिससम्बन्धी कार्यविधि, २०६८ लागू गरेको छ । सहकारी अनुदान निर्देशिका २०६६ ले अर्थतन्त्रको तीनखम्बे नीतिलाई अवलम्बन गर्दै समुदायमा छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन तथा सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरण गरी समृद्ध समाजको निर्माण गर्न सहकारी संघ-संस्थाहरूको योगदानलाई उच्च प्राथमिकतामा राखेको पाइन्छ ।

नेपाल सरकारले आ.व. ०६८-६९ को बजेट वक्तव्यमा उल्लेख गरेका नीतिगत कार्यक्रमहरू कार्यान्वयन गर्ने सन्दर्भमा सहकारीमार्फत कृषि फर्मको स्थापना, कृषि उत्पादनमा आधारित प्रशोधन उद्योगहरूको स्थापना, कृषि उत्पादन भण्डारणका लागि शीतभण्डार निर्माण एवं केन्द्रीय तथा राष्ट्रिय संघहरूलाई कार्यक्रम सञ्चालनका लागि चालू अनुदान, दलितहरूको परम्परागत पेसा र व्यवसायको आधुनिकीकरण, महिला सहकारीद्वारा सञ्चालित लघु खाद्य प्रशोधन उद्योगको स्थापना र हरुवा-चरुवा, वादी तथा ग्रामीण भूमिहीन सुकुम्बासीद्वारा सञ्चालित तरकारी, फलफूल, चिया, कफी तथा जडीबूटी खेती र माछा तथा पशुपालन व्यवसाय सञ्चालन गर्न पुँजीगत अनुदान उपलब्ध गराउन र सहकारी संघ-संस्थाहरूलाई ढुवानी साधन तथा कृषि औजार आयातमा भन्सार महसुल छुट सुविधाको व्यवस्था गर्ने कुराहरू उल्लेख भएका थिए । उक्त कर छुट सुविधा र अनुदान वितरणलाई व्यवस्थितगर्न कार्यविधिको आवश्यकता महसुस गरी नेपाल सरकार तत्कालीन कृषि तथा सहकारी मन्त्रालयबाट सहकारी संघ-संस्थाहरूलाई उपलब्ध गराइने अनुदान एवं भन्सार महसुल छुट सुविधा सिफारिससम्बन्धी कार्यविधि २०६८ स्वीकृत गरी कार्यान्वयमा ल्याइएको देखिन्छ ।

### ३.१.४ सहकारी अनुदान कार्यान्वयन कार्यविधिका मुख्य व्यवस्थाहरू

### क. अनुदान वितरण गर्ने आधार

प्रचलित कानुनबमोजिम दर्ता भई नियमित रूपमा साधारणसभा गरेको, लेखा पररीक्षण नियमित गरेको, आन्तरिक राजस्व कर्यालयमा दर्ता भएको, करचुक्ता गरेका संस्थाहरूलाई अनुदान दिन सकिनेछ भनिएको छ । त्यसैगरी, प्रस्ताव तयार गरी उक्त प्रस्ताव साधारणसभाले अनुमोदन गरी वा गराउने सर्तमा सञ्चालक समितिले अनुदान माग गर्न सक्ने व्यवस्था छ । उद्योग स्थापना सम्बन्धमा कार्ययोजना तयार गरी प्रस्तावसाथ उद्योगको स्किम र प्राविधिक, सामाजिक, पूर्वाधारसमेतलाई ख्याल गरी पेशगर्नुपर्ने तथा मझौला र ठूला उद्योगको हकमा सम्भाव्यता तथा वित्तीय विश्लेषणको विवरणसमेत पेशगर्नुपर्ने व्यवस्था छ ।

उद्योग स्थापनाका लागि चाहिने जग्गा सहकारी संघ-संस्थाको भोगाधिकार वा हकभोग भएको वा कम्तीमा ५ वर्षका लागि जग्गा लिज वा भाडामा लिएको, तर मझौला र ठूला उद्योगको हकमा यस्तो लिज सम्झौताको न्यूनतम अवधि क्रमशः १० र १५ वर्षको हुनुपर्ने, प्रयोग हुने कच्चा पदार्थको कम्तीमा ८० प्रतिशत स्वदेशी हुनुपर्ने र क्षेत्रीय शीत भण्डार निर्माण गर्नका लागि सम्बन्धित विकास क्षेत्र भित्रको २५ वा सोभन्दा बढी सहकारी संघ-संस्थाहरूको संलग्नता र आर्थिक सहभागिता तथा आवश्यक पर्ने जग्गा सम्बन्धित सहकारी संघ-संस्थाहरूले नै व्यवस्था भएमा शीतघर निर्माण तथा मेसीनरी औजार एवं अन्य पुँजीगत लागतको ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराउने जस्ता प्रावधान राखी अन्य व्यवसायका लागि रकमको सीमा नै तोकिएको छ ।

सयुक्त रूपमा उद्योग सञ्चालन गर्ने भएमा सम्बन्धित संघ-संस्थाको सञ्चालक-समितिको निर्णय र उनीहरूबीचको सम्झौता वा करारनामा पेशगर्नुपर्ने र एक सहकारीले एकभन्दा बढी उद्योग सञ्चालन गर्ने गरी प्रस्ताव पेशगर्न नपाउने, एउटै परियोजनाका लागि अन्य सरकारी वा गैरसरकारी निकायहरूबाट अनुदान लिएको भेटिएमा यस कार्यक्रमबाट थप अनुदान नपाउने, तर शीतभण्डार निर्माणको हकमा यो बुँदा लागू नहुने उल्लेख भएकोछ ।

राष्ट्रिय सहकारी संघ र सहकारी बैंक एवं केन्द्रीय सहकारी संघहरूको क्षमता विकास तथा संस्थागत सुदृढीकरण कार्यको अनुदान उपलब्ध गराउँदा सदस्यता संख्या, अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरका सहकारी सङ्गठनहरूसँगको संस्थागत आबद्धता, संस्थागत सुशासनको अवस्था, व्यावसायिक कारोबारको आयतन, वार्षिक साधारणसभा र लेखापरीक्षणसम्बन्धी नियमितता, वार्षिक कार्यक्रमको आयतन, रोजगारी सिर्जना र मानवीय संशाधनको अवस्थाका आधारमा चालू खर्च अनुदान सहयोग उपलब्ध गराइने, तर चालू खर्च अनुदानबाट सञ्चालन गरिने कार्यक्रमहरूको लागत सहभागिताको आधार लेखापरीक्षणले पुस्ट्याइँ गरेको हुनुपर्छ ।

प्रचलित राष्ट्रिय तथा सहकारी कानुन परिपालना गरेका सहकारीहरूले कृषिसम्बन्धी उद्योग स्थापना गर्नका लागि आवश्यक पर्ने मेसिन, औजार, उपकरण ढुवानी साधन खरिदमा ५० प्रतिशतसम्म भन्सार महसुल छुटको सिफारिस गर्न सकिने व्यवस्था छ । सम्बन्धित संघ-संस्थाको लागत सहभागिताका आधारमा सम्झौता गरी कार्य प्रगतिका आधारमा कम्तीमा दुई किस्तामा अनुदान उपलब्ध गराइने, ५० लाख रुपैयाँ वा सोभन्दा बढी लागत भएको परियोजनाको हकमा दोस्रो र अन्तिम किस्ता रकम भुक्तानीका लागि निवेदन पेशगर्दा सहकारी संघ-संस्थाहरूले आफ्नो तर्फबाट निर्माण कार्यको प्रगतिसहितको प्राविधिक प्रतिवेदनसमेत पेशगर्नुपर्ने र प्राविधिक प्रतिवेदन पेशगर्न सम्बन्धित जिल्लाका सहकारी कार्यालय वा जिल्लास्थित अन्य सरकारी कार्यालयका कर्मचारीलाई समेत खटाउन सक्ने र सम्झौताबमोजिमको काम पूरा नगर्ने सहकारी संघ-संस्थाहरूलाई दोस्रो किस्ता रकम रोक्का गर्नुका साथै पहिलो किस्ताबापतको रकम असुलउपर गर्ने भनिएको छ ।

उद्देश्यविपरीत अनुदान रकमको प्रयोग अन्य काममा गरेमा वा सम्झौताविपरीतका कामहरू गरेमा सम्झौता गर्ने सहकारी संघ-संस्था वा सम्बन्धित अन्य निकायका पदाधिकारी र सञ्चालक समिति व्यक्तिगत र सामूहिक रूपमा उत्तरदायी हुने, कुनै एक गाउँ विकास समितिमा एकभन्दा बढी सहकारीलाई सोही आर्थिक वर्षभित्र एकै किसिमको उद्यमका लागि अनुदान उपलब्ध नगराइने कुरा उल्लेख छ यद्यपि,सम्बन्धितशीर्षकमा रकम बाँकी रहने भएमा निर्देशक समितिको निर्णयले एकभन्दा बढी सहकारीलाई समेत एकै आर्थिक वर्षभित्र अनुदान उपलब्ध गराउन सकिने पनि भनिएको छ । अघिल्लो आर्थिक वर्षहरूमा अनुदान सहयोग लिई उद्योगको स्थापना गरेका सहकारीहरूलाई अनुदान नदिने, तर कुनै सहकारीले अघिल्लो अनुदानको उपयोग गरी संस्थागत आयमा वृद्धि गर्नुका साथै स्थानीयस्तरमा

रोजगारी सिर्जना गरी समुदायलाई उल्लेखनीय योगदान पुऱ्याएको छ भने त्यस्तो उद्योग व्यवसायको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउन अनुदान दिन सक्ने भनिएको छ ।

**ख. संस्था छनोट गर्ने विधि**

उद्योग स्थापनामा अनुदान रकम प्राप्त गर्न ईच्छुक एवं योग्य सहकारीहरूबाट राष्ट्रिय स्तरको पत्रिकामा ३० दिनको सार्वजनिक सूचना प्रकाशन र देशभरि प्रसारण क्षमता भएका रेडियोसमेतको उपयोग गर्ने, उक्त सूचनामा अनुदान प्राप्त गर्ने प्रमुख आधारहरू, पेशगर्नुपर्ने विवरण र कागजपत्रहरू, एवं दरखास्त दर्ता गर्ने मिति र कार्यालयबारे स्पष्ट उल्लेख गर्नुपर्ने र निवेदन-दरखास्त तोकिएको मितिभित्र सम्बन्धित जिल्लास्थित सहकारी कार्यालय र सहकारी कार्यालय नभएको जिल्लाको हकमा जिल्ला कृषि विकास कार्यालयमार्फत सहकारी विभागमा पेशगर्नुपर्ने तर राष्ट्रिय तथा केन्द्रीय सहकारी संघहरूले अनुदानका लागि सोझै सहकारी विभागमा उल्लिखित विवरण तथा कागजपत्रसहितको पत्र दर्ता गराउनुपर्ने व्यवस्था छ ।

अनुदानका लागि पेश भएका प्रस्तावहरू मुल्याङ्कन गर्दा कुल सय अङ्कभार तोकिएको छ । जसअनुसार सहकारी संघ-संस्था स्थापना र सञ्चालन भएको समयावधिलाई १०, साधारणसभा र लेखापरीक्षणको नियमिततालाई ५, सदस्यहरूको संख्यालाई २०, स्वदेशमा निर्मित मेसिन उपकरणको उपयोगलाई ५, कुल परियोजनामा लागत सहभागिताका लागि २०, भौगोलिक क्षेत्रका लागि २०, समावेशी सदस्यताका लागि १० सम्भाव्यता अध्ययन प्रतिवेदनको प्रभावकारिताका लागि १०, भौतिक, वित्तीय, सामाजिक, पर्यावरणीय र बजारसम्बन्धी सम्भाव्यता भएका प्रस्तावहरूका लागि २-२ अङ्क दिने व्यवस्था गरिएको छ ।

**ग. प्रस्ताव मुल्याङ्कन उप-समितिको व्यवस्थाः**

प्रस्ताव मुल्याङ्कन उप-समितिमा रहने पदाधिकारीहरू**:**

- सहकारी विभागका उप-रजिस्ट्रार- संयोजक
- कृषि तथा सहकारी मन्त्रालयका बजेट कार्यक्रम शाखाका अधिकृत प्रतिनिधि- सदस्य
- सहकारी विभागका रजिस्ट्रारले तोकेबमोजिम २ जना विज्ञ- सदस्य
- प्रमुख, योजना शाखा, सहकारी विभाग- सदस्यसचिव

**घ. अनुदान पाउने सहकारीले पालना गर्नुपर्ने सर्तहरू :**

अनुदान रकम लिनुअगाडि सम्बन्धित सहकारी संघ-संस्थाको तर्फबाट अध्यक्ष वा सञ्चालक समितिले तोकेको पदाधिकारीले यस कार्यविधिअनुसार अनुदान लिई सञ्चालित उद्योग कम्तीमा १० वर्षसम्म बिक्री गर्न नपाइने, उद्योगमा अदक्ष श्रमिकको हकमा सम्पूर्ण स्वदेशी जनशक्तिको प्रयोग गर्नुपर्ने र दक्ष जनशक्तिको हकमा स्वदेशी उपलब्ध हुन नसकेमा मात्र प्रचलित कानुनअनुसार विदेशी जनशक्ति प्रयोग गर्न सकिने, तोकिएको समयअघि नै उद्योग बिक्री गरेमा वा सञ्चालन नगरेमा १० प्रतिशत हर्जानासहित उक्त अनुदान रकम सम्बन्धित सहकारीबाट असुलउपर गरिनेजस्ता सर्तहरू राखिएकाछन् ।

**ङ. अनुदान रकम प्रवाह प्रक्रियाहरू**

निर्देशन समितिबाट अनुदानका लागि स्वीकृत भएका सहकारीहरूलाई स्वीकृत रकम सहकारी विभाग वा अन्तर्गतका कार्यालयहरूबाट निकासा गर्ने, मेसिन उपकरण खरिद गर्ने भएमा मेसिन उपकरण खरिद गरी त्यसको बिल भरपाई प्राप्त भएपछि ५० प्रतिशत रकम पहिलो किस्ता उपलब्ध गराउने र मेसिन उपकरण जडान गरेपछि बाँकी ५० प्रतिशत रकम अन्तिम किस्ताका रूपमा निकासा गर्ने भनिएको छ । तर, दुवै किस्ता भुक्तानी गर्दा सहकारी कार्यालय वा सहकारीको कार्यालय नभएको जिल्लामा जिल्ला कृषि विकास कार्यालयको स्थलगत प्रतिवेदनका आधारमा वा आवश्यक परेमा सहकारी विभागले निरीक्षण गरी प्रतिवेदन पेशगर्न कर्मचारी खटाई गर्ने, तर ठूला सहकारी उद्योगको हकमा प्रतीतपत्र (Letter of Credit) मार्फत मेसिनरी तथा उपकरण खरिद गर्नुपर्ने व्यवस्था छ ।

दलितहरूको परम्परागत पेसा र व्यवसायको स्तर उन्नति र आधुनिकीकरणका लागि परियोजना प्रस्ताव स्वीकृत भएपछि सम्बन्धित सहकारीलाई ३ किस्तामा अनुदान रकम उपलब्ध गराइने, हरुवा चरुवा वादी, ग्रामीण महिला, भूमिहीन सुकुम्बासीद्वारा सञ्चालित मौसमी तथा बेमौसमी तरकारी, फलफूल, चिया, कफी तथा जडीबुटी खेती र माछा तथा पशुपक्षी व्यवसाय सञ्चालन गर्न अनुदान स्वीकृत भएकोमा व्यवसाय स्थापनाका लागि सुरुमा ५० प्रतिशत र उत्पादन सुरु भएपछि ५० प्रतिशत रकम बीउ पुँजीका रूपमा अनुदान दिने, तर भुक्तानी गर्दा बिल भर्पाइ सहित जिल्लाका सम्बन्धित विषयगत कार्यालयहरू वा सहकारी कार्यालय वा जिल्ला विकास समितिको कार्यालयको प्राविधिक प्रतिवेदनसहित सिफारिस पेशगर्नुगर्ने छ । यही नियम सहकारी संघ-संस्था तथा अन्य निकायहरूको संस्थागत सुदृढीकरणका लागि पनि लागू हुन्छ । सम्बन्धित विषयका प्राविधिक प्रतिवेदन सरकारी निकायबाट प्राप्त हुन नसक्ने भएमा सम्बन्धित सहकारी संघ-संस्था वा निकायको खर्चमा बाह्य परामर्शका लागि सहकारी विभागले निर्देशन गर्न सक्छ ।

### च. अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्थाहरू

उपलब्ध गराइने अनुदानको सदुपयोग भए-नभएको अनुगमन तथा निरीक्षण गरी सोको प्रतिवेदन सहकारी विभागमा पेशगर्न कृषि तथा सहकारी मन्त्रालय र सहकारी विभागको हुने र यस कार्यमा कामको प्रकृतिअनुसार कृषि विभाग वा पशुसेवा विभाग वा अन्तर्गतका निर्देशनालय वा जिल्लास्थित कार्यालय तथा सेवा केन्द्रहरू पनि जिम्मेवार हुने व्यवस्था छ । तर, सहकारी विभागले उद्योग स्थापना तथा अनुदान रकमसम्बन्धी विवरण सम्बन्धित सहकारी कार्यालय र सहकारी कार्यालय नभएको जिल्लामा जिल्ला कृषि विकास कार्यालयमा पठाउनुपर्ने, त्यसैगरी उद्योग स्थापना तथा अनुदान रकमसम्बन्धी विवरण सम्बन्धित विभाग, बोर्ड, समिति तथा कार्यक्रम निर्देशनालयलाई समेत उपलब्ध गराउनुपर्नेछ ।

### छ. विविध

कार्यविधिमा कुनै बुँदा कार्यान्वयनमा अस्पष्टता आएमा कृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ । (क) कृषि तथा सहकारी मन्त्रालयले आवश्यकताअनुसार कार्यविधिको कुनै बुँदा संशोधन तथा खारेज गर्न सक्नेछ, तर आर्थिक विषय समावेश भएका बुँदाहरूको संशोधन गर्दा अर्थ मन्त्रालयको सहमतिमा गर्न सकिनेछ (ख) उच्च मूल्यका कृषि उपज प्रशोधन उद्योग स्थापनाका लागि अनुदान वितरणसम्बन्धी कार्यविधि २०६६ खारेज गरिएको छ भनिएको छ । पूर्ण कार्यविधि अनुसूची १ मा राखिएको छ ।

सहकारी उद्योग स्थापना र सञ्चालनका लागि अनुदान वितरण गर्ने कार्यविधि विस्तृत र स्पष्ट छ । कार्यविधिले गरिब, दलित, हरुवा, चरुवा, पिछडा वर्ग आदिको उत्थान र उनीहरू संलग्न भएका सहकारीहरूका लागि उद्योग स्थापनाका लागि अनुदान सहयोग प्रदान गर्ने भनिएको भए तापनि अनुदानका लागि प्रस्ताव मुल्याङ्कनकाआधारहरू भने पुराना, स्थापित भइसकेका र राम्रो प्रस्ताव लेख्न सक्ने संस्थाहरूले मात्र अनुदान प्राप्त गर्ने खालको देखिन्छ (जति पुरानो दर्ता भयो, त्यति बढी अङ्क, पान-भ्याटमा दर्ता, करचुक्ता, समावेशी सदस्यता, जति धेरै सदस्य भए, त्यत्ति धेरै अङ्क, जति धेरै लागत व्यहोर्न सक्ने भयो, त्यति बढीअङ्क, सम्भाव्यता अध्ययनका लागि बढीअङ्क) । यसप्रकार तोकिएका लक्षित वर्गका सहकारीहरूले लेखेका प्रस्तावहरूले प्रस्ताव मूल्याङ्कनको मापदण्डमा मात्र अङ्क दिँदा त्यस्ता संस्थाहरूको प्रस्ताव छनोट हुने सम्भावना स्वतः कम देखिन्छ । अनुदानका लागि प्रस्तावकोनमूना  ढाँचासमेत तयार गरिएको छैन, जसले गर्दा राम्रो सीप भएका प्रस्ताव लेखकहरू खोज्नसमेत उल्लिखित वर्गका मानिसहरूको पहुँच हुन सक्दैन । अर्कोतर्फ कार्यक्रम पूर्ण रूपमा केन्द्रीकृत गरिएको छ । प्रस्ताव आह्वानको सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशित गर्ने तथा राम्रो भौगोलिक कभरेज भएका रेडियोहरूमार्फत सूचना प्रवाह गर्ने भनिएको भए तापनि प्रस्तावको सूचना पत्रिकामा मात्र प्रकाशित गर्ने गरिएकाले दुर्गम क्षत्रेका उल्लिखित लक्षित वर्गका समुदायका मानिसहरूले समयमा सही जानकारी प्राप्त गर्ने सम्भावना पनि कम छ । अनुदानका लागि प्रस्ताव पेशगर्नका लागि सम्बन्धित डिभिजन सहकारी कार्यालय वा सम्बन्धित जिल्लाका जिल्ला कृषि, पशुसेवा कार्यालयहरूको सिफारिस मात्र माग गरिने, तर उनीहरूको कुनै पनि जवाफदेहिता नरहने अवस्थामा जोसुकैले जस्तो प्रस्ताव लिएर आए पनि सिफारिस गरिदिने गरेको पाइयो ।

कार्यक्रम पूर्ण रूपमा केन्द्रीकृत गरिएको र केन्द्रका पदाधिकारीहरूलाई जिल्लाको वस्तुस्थितिका बारेमा कम जानकारी हुने र अनुदान वितरणमा पहुँच भएका सहकारीहरूले पेसगरेका प्रस्तावहरू नै बढी छनोट भएको देखिन्छ । कार्यक्रम कार्यान्वयनका लागि जिल्लास्थित सम्बन्धित विषयगत कार्यालयहरूसँग समन्वय गरी प्राविधिक सेवा पुऱ्याउने भनी

कार्यविधिमा उल्लेख गरिए पनि कार्यक्रम कार्यान्वयन प्रक्रियामा संलग्न नगराई जिल्लास्थित निकायहरूसँगको समन्वय खोज्नु आफैँमा उपयुक्त देखिँदैन । ती कार्यालयहरूले पनि यस्तै खाले अनुदानका कार्यक्रमहरू विभिन्न नामबाट सञ्चालन गरिरहेका छन् र उनीहरूको अनुदानको परिमाण पनि सहकारी विभागको भन्दा बढी रहेको र ती निकायहरूले प्राविधिक सहयोगसमेत आवश्यकताअनुसार प्रदान गर्ने प्रावधान रहेको छ । नेपाल सरकारकै अन्य निकायहरू, जस्तै : गरिबी निवारण कोष, युवा स्वरोजगार कोष, उद्योग विभाग, राष्ट्रिय दुग्ध विकास बोर्ड, चिया तथा कफी विकास बोर्ड, कृषि विकास मन्त्रालय तथा पशुपक्षीविकास मन्त्रालयले कार्यान्वयन गरेका आयोजनाहरू, जस्तै : प्याक्ट, हिमाली, रिजिम, किसानका लागि बिउ, खाद्य तथा पोषण आयोजना आदिले पनि समान प्रकृतिका अनुदान कार्यक्रमहरू सञ्चालन गरिरहेका र उनीहरूको अनुदान वितरण कार्यविधि विस्तृत र विकेन्द्रीकृत भएकाले सहकारी विभागले सञ्चालन गरेको अनुदान कार्यक्रमभन्दा ती निकायहरूले सञ्चालन गरिरहेको कार्यक्रमबढी प्रभावकारी रहेको स्वयं सहकारी संस्थाका प्रतिनिधिहरूको बुझाइ रहेको पाइन्छ ।

त्यसैगरी, कार्यक्रमको अनुगमनका लागि सहकारी विभागमा आवश्यक कर्मचारी नहुनु, डिभिजन सहकारीहरूलाई प्रत्यक्ष संलग्न गराई आवश्यक साधन तथा श्रोत को समेत व्यवस्था नगरिएको, जिल्लास्थित अन्य सरकारी तथा गैरसरकारी निकायहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न आवश्यक प्रभावकारी संरचनाको व्यवस्था नहुनु, अनुगमनका लागि अति कम बजेट छुट्याइनु, अनुगमनको विधि तथा ढाँचाको व्यवस्था नहुनु, उपयुक्त डाटाबेसको व्यवस्था नहुनु (कति लाभान्वित भए, कतिले रोजगारी पाए, कति उद्योग स्थापना गरिए, स्थापित उद्योगहरूको आर्थिक अवस्था कस्तो छ, कस्ता सहकारी संघ-संस्थाहरूलाई के-कस्तो सहयोगको आवश्यकता छ, सदस्यहरूको आम्दानी कति वृद्धि भएको छ आदि) को कारण आयोजनाको प्रतिफल मापनका कुनै आधारभूत तयार नभएको हुँदा कार्यविधिमा परिमार्जन नगरी कार्यक्रम सञ्चालन गर्नु उपयुक्त देखिँदैन । त्यसैले उत्पादनका कार्यहरू सम्बन्धित प्राविधिक मन्त्रालय र विभागहरूले गर्ने र त्यसपछिका कार्यहरू जस्तै उद्योग स्थापना त्यसको व्यापार र सहकारी औद्योगिक उत्पादनलाई ब्रान्डिङ गर्नेजस्ता क्षेत्रमा सक्षम हुने गरी उद्योग र वाणिज्य मन्त्रालयको समन्वयमा सहकारी विभागले कार्य गर्नु उपयुक्त हुन्छ ।

### (ख) अनुदान वितरण गर्ने आधारहरूको उपयुक्तता

अनुदानका लागि पेश भएका प्रस्तावहरू मुल्याङ्कन गर्दा जम्मा १० आधारहरूलाई कुल सय अङ्कभार तोकिएको छ । मुल्याङ्कनकाअधिकांश आधारहरू वस्तुगत रहेका र पुराना, धेरै सदस्या संख्याभएका, कुल आयोजना लागतको बढी हिस्सा सहकारीले लगानी गर्न कबुल गरेका सहकारीका प्रस्ताबहरूले बढी अङ्क प्राप्त गर्न सक्ने भएको विद्यमान सहकारी अनुदानका लागि प्रस्तावहरू मुल्याङ्कनकाआधारहरू दुर्गम तथा विकट भौगोलिक क्षेत्रमा विपन्न तथा सीमान्तकृत पिछडिएका वर्गले सञ्चालन गरेका सहकारी संस्थाहरूले प्रतिस्पर्धाबाट अनुदान प्राप्त गर्ने सम्भावना अति न्यून देखिन्छ । मुल्याङ्कन अध्ययनको सलिसिलामानमूना मा परेका अनुदानप्राप्त सहकारीकहरूले प्राप्त गरेको अनुदान रकमको विश्लेषण गर्दा पनि खास लक्षित वर्गले सञ्चालन गरेका सहककारीहरूलाई प्रदान गरिएको अनुदान रकम अति न्यून देखिन्छ । तसर्थ, यदि सहकारी अनुदान कार्यक्रममा दुर्गम क्षेत्रका विपन्न तथा पिछडिएका वर्गको पहुँच बढाउने हो भने विद्यमान आदान कार्यान्वयन निर्देशिकामा उल्लिखित प्रस्ताव छनोटका आधारहरूमा व्यापक परिवर्तन गरी सकारात्मक विभेदको नीति अवलम्बन गर्नुपर्ने देखिन्छ ।

## ३.२ उत्तरदाताहरूको जनसांखिकी, पारिवारिक तथा सामाजिक अवस्था

घरधुरी सर्भेक्षणका उत्तरदाताहरूमध्ये करिब ८३ प्रतिशत पुरुष र १७ प्रतिशत महिला रहेका थिए । उमेर समूहका आधारमा घरधुरी सर्भेक्षणका करिब ६० प्रतिशत उत्तरदाताहरू ४५ वर्षभन्दा बढी उमेरका थिए भने बाँकि ४० प्रतिशत १८ देखि ४५ वर्षका थिए । जातीयताका आधारमा सर्भेक्षण गरिएका घरधुरीहरूमध्ये करिब ५७ प्रतिशत ब्राह्मण-क्षत्री, ३२ प्रतिशत जनजाति, ७ प्रतिशत दलित र ३ प्रतिशत मधेशी समुदायका घरपरिवार थिए । मुख्य पेशाका आधारमा सर्भेक्षण गरिएका घरधुरीहरूमध्ये करिब ६१ प्रतिशतको मुख्य पेसा कृषि, ११ प्रतिशतको साना व्यवसाय, ६ प्रतिशतको वैदेशिक रोजगारी, ५ प्रतिशतको सरकारी नोकरी, ३ प्रतिशतको निजी संस्थामा नोकरी र २ प्रतिशत शिक्षण पेशामा आबद्ध भएको पाइयो । उत्तरदाताहरूको जनसांखिक, पारिवारिक तथा सामाजिक अवस्थाबारे विस्तृत विवरण अनुसूची ८ मा प्रस्तुत गरिएको छ ।

## ३.३ अनुदान कार्यक्रमको कार्य सम्पादन स्तर

विगत ७ वर्ष मा सञ्चालित सहकारी अनुदान कार्यक्रमको मुल्याङ्कन (वि. सं. ०६५-६६ देखि ०७१-७२ सम्म) निम्न सूचकहरूका आधारमा गरिएको छ।

### ३.३.१ कार्यक्रमको प्रतिफलहरू प्राप्तिको अवस्था

सहकारी विभागबाट प्राप्त जानकारीअनुसार सहकारी अनुदान कार्यक्रमको हालसम्म सोच तालीका तयार गरिएको छैन र साल बसाली योजनाका रूपमा सहकारी अनुदान कार्यक्रम सञ्चालन गर्ने गरेको छ। यद्यपि, तेह्रौं योजनाको नतिजा खाकाबमोजिम सहकारी अनुदान कार्यक्रमले वार्षिक १ सय वटानयाँ साना तथा मझौला सहकारी उद्योग तथा व्यवसाय स्थापना गर्ने र सोमार्फत वार्षिक २५ सय थप रोजगारीको सिर्जना गर्ने मूल लक्ष्य रहेको देखिन्छ। यही मूल लक्ष्यका आधारमा अनुदान कार्यक्रमको मुल्याङ्कन तथा प्रतिफलको विश्लेषण गरिएको छ ।

### क. सहकारी अनुदानबाट स्थापित वा सञ्चालित साना तथा मझौला उद्योग तथा व्यवसायहरू

आ.व. ०६५-६६ देखि ०७१-७२ सम्ममा अनुदान कार्यक्रमबाट जम्मा ३१९ वटाव्यवसाय स्थापना भएको सहकारी विभागको तथ्याङ्कले देखाउँछ । उक्त ७ वर्षको अवधिमा अनुदान प्राप्त गरेका सहकारी संघ-संस्थाहरूको विवरणतालीका ३.१ मा प्रस्तुत गरिएको छ।

**तालीका ३.१ विगत ७ आर्थिक वर्षमा वितरण प्राप्त गरेका सहकारी र रोजगारी सिर्जनाको वृद्धि दर**

| आ.व | सहकारी संख्या | वार्षिक वृद्धि दर | प्रतिवर्ष रोजगारी सिर्जना संख्या | वार्षिक वृद्धि दर |
|---|---|---|---|---|
| २०६५-६६ | २० | | ७३ | |
| २०६६-६७ | ३६ | ८०.०० | १३१ | ७५.१२ |
| २०६७-६८ | ४० | ११.११ | १४५ | ९.६४ |
| २०६८-६९ | ७० | ७५.०० | २५४ | ४२.९० |
| २०६९-७० | ४० | (४२.८६) | १४५ | (४२.९०) |
| २०७०-७१ | ४३ | ६.९८ | १५६ | ७.०५ |
| २०७०-७१ | ७० | ३८.५७ | २५४ | ३८.५७ |
| जम्मा | ३१९ | २८.१३ | ११५८ | २१.७३ |

*श्रोत : सहकारी विभाग, वार्षिक प्रगति विवरण ०७१-७२*

तालीका ३.१ मा आ.व. ०६५-६६ देखि ०७१-७२ सम्म सञ्चालित सहकारी विभागको अनुदान कार्यक्रमको वार्षिक वृद्धि प्रस्तुत गरिएको छ। सो अवधिमा सहकारी विभागबाट जम्मा ३ सय १९ वटासहकारी संघ-संस्थाहरूलाई अनुदान वितरण गरेको सहकारी विभागको तथ्याङ्कबाट देखिन्छ। अनुदान कार्यक्रमको वार्षिक तथ्याङ्कको विश्लेषण गर्दा अनुदान कार्यक्रमको निरन्तरता देखिए तापनि कार्यक्रम कुनै आर्थिक वर्षमा बढी र कुनैमा कम भएको देखिन्छ। सुरुको आ.व. ०६५-६६ मा २० वटाबाट सुरु गरिएको अनुदान कार्यक्रमले ०६८-६९ मा ७० वटा सहकारीहरूलाई अनुदान वितरण गरेकोमा ०६९-७० मा अनुदान पाउने सहकारीहरूको संख्या घटेर जम्मा ४० लाई मात्र अनुदान प्रदान गरेको देखिन्छ । विगत ७ वर्षमा कुनै आ.व. मा पनि १०० वटा सहकारी संघ-संस्थाहरूलाई अनुदान प्रदान भएको देखिँदैन। सहकारी अनुदान कार्यक्रमबाट हरेक वर्ष १०० वटा नयाँ व्यवसाय स्थापना गरी वार्षिक २५०० थप रोजगारी सिर्जना गर्ने आयोजनाको लक्ष्य करिब ७ प्रतिशत मात्र हासिल भएको देखिन्छ। सहकारी अनुदानको उपयोगको विवरणतालीका ३.२ मा प्रस्तुत गरिएको छ।

**तालीका : ३.२ सहकारी अनुदानको उपयोगको स्थिति**

| अनुदान उपयोगको किसिम | अनुदान प्राप्त गर्ने सहकारीहरूको संख्या | प्रतिशत |
|---|---|---|
| सहकार संघ-संस्थाहरूले आफैं व्यवसाय सञ्चालन गरेका सहकारी संख्या | ६५ | ९०.३ |
| सेयर सदस्यलाई अनुदान प्रदान गर्ने सहकारी संस्था संख्या | ६ | ८.३ |

| अनुदान उपयोगको किसिम | अनुदान प्राप्त गर्ने सहकारीहरूको संख्या | प्रतिशत |
|---|---|---|
| सेयर सदस्यहरूलाई ऋण उपलब्ध गराएका सहकारी संस्था संख्या | १ | १.४ |
| जम्मा | ७२ | १००.०० |

**श्रोत : एनइपिसी, सहकारी संस्था सर्भेक्षण २०७३**

सर्भेक्षण गरिएका अनुदानप्राप्त सहकारी संस्थाहरूमध्ये करिब ९० प्रतिशत सहकारीहरूले प्राप्त गरेको अनुदान आफैं व्यवसाय स्थापना गर्न उपयोग गरेका र बाँकी ८ प्रतिशत सहकारीहरूले अनुदान रकम सेयर सदस्यहरूलाई दामासाहीले वितरण गरेका र बाँकी एउटा सहकारीले अनुदान रकम सेयर सदस्यहरूलाई बार्षिक १२ प्रतिशत ब्याजमा ऋणका रूपमा लगानी गरेको पाइएको छ ।

### ख. अनुदानप्राप्त सहकारीहरूको सञ्चालन अवधि

सहकारीहरू दर्ताभएको अवधिका आधारमा अनुदानप्राप्त सहकारीहरूको वर्गीकरण गर्दा कुल सर्भेक्षण गरिएका ७२ वटासहकारीहरूमध्ये करिब ४७ प्रतिशत सहकारीहरू २०६५ पछि स्थापना भएका थिए भने बाँकि ५३ प्रतिशत सहकारीहरू सहकारी अनुदान कार्यक्रम सुरु हुनुभन्दा पहिले स्थापना भएका थिए । कुल अनुदान प्राप्त ३१९ सहकारीहरूमध्ये १५१ नयाँ र १६८ वटा पुराना सहकारीहरू थिए । यद्यपि, अनुदान प्रभावकारिताको विश्लेषण गर्दा सहकारीको स्थापना वर्षले खासै फरक पारेको देखिँदैन ।

जहाँसम्म वार्षिक २५ सय थप रोजगारी सिर्जना गर्ने लक्ष्य हो, करिब ९० प्रतिशत सहकारीहरूले प्राप्त गरेको अनुदान आफैं व्यवसाय स्थापना गरी सञ्चालन गरेको र १० प्रतिशत सहकारीहरूले मात्र सहकारी सदस्यहरूलाई व्यक्तिगत अनुदान वा ऋण उपलब्ध गराएकाले थप रोजगारी सिर्जना अति न्यून मात्रामा भएको देखिन्छ । स्थलगत अध्ययनमानमूना सर्वेक्षण गरिएका सहकारी संघ-संस्थाहरूबाट सङ्कलित तथ्याङ्कमा जम्मा २६१ जना सहकारीका सदस्यहरूले मात्र प्रत्यक्ष रूपमा नयाँ रोजगारी प्राप्त गरेको देखिएको छ । यसरी हेर्दा प्रतिसहकारी ३.६२ रोजगारी सिर्जना भएको देखिन्छ र समग्रमा ३१९ वटा अनुदानप्राप्त सहकारी संस्थाहरूमा हालसम्म बढीमा जम्मा ११५८ नयाँ रोजगारी सिर्जना भएको देखिन्छ । जबकि, लक्ष्यअनुसार सात वर्षमा १७, ५०० थप रोजगारी सिर्जना भएको हुनुपर्नेमा हालसम्म करिब ७ प्रतिशत मात्र लक्ष्य प्राप्ति भएको देखिन्छ ।

### ३.३.२ साधन तथा श्रोत (बजेट, मानवीय संशाधन तथा उपकरण) को प्रयोग

सहकारी विभागको वार्षिक प्रगति प्रतिवेदन अनुसार विगत सात आर्थिक वर्षमा सहकारी अनुदान कार्यक्रमबाट अनुदान प्राप्त गरेको र सर्वेक्षणका लागिनमूना छनोटमा परेका सहकारी संघ-संस्थाहरूलाई उपलब्ध गराएको अनुदान रकमको तुलनात्मक विवरणतालीका ३.३ मा प्रस्तुत गरिएको छ ।

**तालीकाः ३.३ विगत सात आ.व.मा सहकारी संघ-संस्थाहरूलाई प्रदान गरिएको औसत अनुदान रकम**

| आव | हाल संख्यासम्म वितरण भएको अनुदानको विवरण | | | सर्वेक्षणका लागि छनोटमा परेकानमूना सहकारीहरूले प्राप्त गरेको अनुदानको विवरण | | | |
|---|---|---|---|---|---|---|---|
| | अनुदान प्राप्त सहकारी संख्या | अनुदान रकम रू. | प्रतिपरियोजना अनुदान रू. | अनुदान प्राप्त संस्थाको संख्या | वार्षिक अनुदान वितरण गरिएको (रु) | औसत प्रतिसंस्था अनुदान रू. | वार्षिकअनुदान वितरण प्रतिशत |
| २०६५-६६ | २० | २२,५७५,००० | ३,४२,४२४ | ७ | ३०,६०,००० | ४,३७,१४३ | ३.०० |
| २०६६-६७ | ३६ | २३,२००,००० | १,२३,३५७ | ८ | १९,९५,००० | २,४९,३७५ | २.०० |
| २०६७-६८ | ४१ | ३०,४५०,००० | ५,३१,३४१ | १२ | १३४,४५,००० | ११,२०,४१७ | १३.१० |
| २०६८-६९ | ७० | ६९,५३०,००० | १७,३८,२५० | २१ | ४६७,१०,००० | २२,२४,२८६ | ४५.६० |
| २०६९-७० | ४० | २१,७८५,००० | ७,०८,१४० | ७ | २१८,२५,००० | ३१,१७,८५७ | २१.३० |
| २०७०-७१ | ४३ | ८,६३५,००० | ५,३९,५३५ | ३ | ११०,००,००० | ३६,६६,६६७ | १०.७० |

| आव | हाल संख्यासम्म वितरण भएको अनुदानको विवरण | | | सर्वेक्षणका लागि छनोटमा परेकानमूना सहकारीहरूले प्राप्त गरेको अनुदानको विवरण | | | |
|---|---|---|---|---|---|---|---|
| | अनुदान प्राप्त सहकारी संख्या | अनुदान रकम रू. | प्रतिपरियोजना अनुदान रू. | अनुदान प्राप्त संस्थाको संख्या | वार्षिक अनुदान वितरण गरिएको (रु) | औसत प्रतिसंस्था अनुदान रू. | वार्षिकअनुदान वितरण प्रतिशत |
| २०७१-७२ | ७० | ६,८४८,४७५ | ३,२२,५०० | १४ | ४४,००,००० | ३,१४,२८६ | ४.३० |
| जम्मा | ३१९ | १८३०२३४७५ | ५,७१,९४८ | ७२ | १०,२४,३५,००० | १४,२२,७०८ | १००.०० |

***श्रोत : सहकारी विभाग, वार्षिक प्रगति विवरण ०७१-७२***

तालीका ३.३ मा उल्लेख गरिएअनुसार विगत ७ वर्षमा जम्मा ३१९ सहकारी संघ-संस्थाहरूलाई साना तथा मझौला उद्योग तथा व्यवसाय सञ्चालन गर्न प्रति परियोजना सरदर रू. ५७१,९४८ का दरले जम्मा रू. १८, ३०, २३, ४७५ अनुदान वितरण गरेको देखिन्छ । नमूना सर्भेक्षणका लागि छनोट गरिएका ७२ वटा सहकारी संघ-संस्थाहरूलाई प्रति परियोजना सरदर रू. १४, २२, ७०८ का दरले जम्मा रू. १०, २४, ३५, ००० आर्थिक अनुदान प्रदान गरेको देखिन्छ । वार्षिकरूपमा सहकारी विभागले वितरण गरेको अनुदान रकम र अनुदान वितरण गरिएका सहकारी संघ-संस्थाहरूको संख्यालाई विश्लेषण गर्ने हो भने अनुदान वितरण कार्यक्रममा स्थिरता पाइँदैन । कुल अनुदान वितरण गरिएको रकममध्ये आर्थिक वर्ष ०६५-६६ मा ३ प्रतिशत, ०६६-६७ मा २ प्रतिशत, ०६७-६८ मा १३.१ प्रतिशत, ०६८-६९ मा ४५.६ प्रतिशत, ०६९-७० मा २१.३ प्रतिशत, ०७०-७१ मा १०.७ प्रतिशत र ०७१-७२ मा ४.३ प्रतिशत अनुदान वितरण भएको देखिन्छ । स्थलगत सर्वेक्षणका क्रममा सहकारी विभागबाट उपलब्ध गराइएको अनुदानबाट खरिद गरिएका मेसिन तथा उपकरणहरूको उपयोग भए-नभएको बारेमा सहकारी विभाग र सम्बन्धित डिभिजन सहकारी कार्यालयहरूसमेत अनभिज्ञ रहेका पाइयो । आर्थिक वर्ष ०६८-६९ सालमा केन्द्रीय सहकारी संघको भवन निर्माणका लागि करिब रू. ५ करोड र साना किसान सहकारी संस्था, झापालाई रू. २ करोड ६० लाख चिया प्रशोधन उद्योग स्थापनाका लागि मेसिन तथा उपकरणहरू खरिद गर्न अनुदान उपलब्ध गराएको देखिन्छ । सहकारी विभागबाट विगत सात वर्षमा सहकारी संघ-संस्थाहरूलाई वितरण गरेको कुल अनुदानको झन्डै ४१ प्रतिशत अनुदान रकम यी दुई सहकारी संस्थाहरूलाई र ५९ प्रतिशत अनुदान ३१७ वटा सहकारी संघ-संस्थाहरूलाई वितरण भएकाले वास्तविक रूपमा लक्षित बर्गमा अनुदान रकम साह्रै कम गएको पाइयो ।

स्थलगत अध्ययनका लागिनमूना छनोटमा परेका सहकारी संस्थाहरूमध्ये धादिङ्ग जिल्लामा अदुवा प्रशोधन, कफी प्रशोधन र जडीबुटी प्रशोधन, कालीकोटमा अदुवा र दुग्ध प्रशोधन, इलाममा चिया प्रशोधन तथा प्याकेजिङ्ग र भापामा सुपारी प्रशोधनका लागि खरिद भएका मेसिन तथा उपकरणहरूको हालसम्म प्रयोग नभएको पाइयो । यसो हुनाको मुख्य कारणमा सम्बन्धित सहकारीहरूले परियोजनाहरूको सम्भाव्यता अध्ययनबिना नै उद्योग-व्यवसाय सञ्चालनका लागि अनुदान माग गरेकाले उद्योग सञ्चालनका लागि आवश्यक कच्चा पदार्थहरूको समेत कमि हुनुका साथै सहकारीका सदस्यहरूको सहभागितासमेत कम भएको पाइयो । सञ्चालनमा नै नआएका वा हाल प्रयोगमा नरहेका मेसिनरी तथा औजारहरूको मूल्य कति थियो भन्ने कुराको समेत यकिन विवरणसमेत सम्बन्धित सहकारी संस्थाहरूबाट उपलब्ध नभएको हुनाले सहकारी संस्थाहरूमा कार्य सञ्चालन प्रक्रियामा पारदर्शिताको अभाव रहेको पाइयो ।

अधिकांश पुराना सहकारीहरूले सञ्चालन गरेका उद्योगहरूको क्षमता विस्तार गर्न अनुदानको उपयोग गरेको पाइयो भने नयाँ सहकारीहरूले अनुदानबाट स्थापना गरेका अधिकांश उद्योग-व्यवसायहरू सञ्चालनमा नरहेका र सञ्चालनमा रहेका पनि पूर्ण क्षमतामा नचलेको पाइयो । अधिकांश अनुदानप्राप्त सहकारीहरूले माग गरेको भन्दा निकै कम रकम अनुदान उपलब्ध भएकाले धेरैजसो साना र सीमित आर्थिक श्रोत भएका सहकारी संस्थाहरूले प्रस्तावित उद्योग व्यवसायहरू स्थापना गरी शर्तअनुसार सञ्चालन गर्न नसकेको देखिन्छ ।

### ३.३.३ लक्ष्य र उपलब्धि

अधिकांश अनुदान प्राप्त गरेको सहकारी संघ सस्थाहरुले लक्ष्यको तुलनामा कार्यक्रमको उपलब्धि आशा गरेजति नभएको देखिन्छ । वार्षिक १०० वटा व्यवसायहरू स्थापना गरी २५०० थप रोजगारी सिर्जना गर्ने बृहत् लक्ष्य लिएर

सुरु गरिएको सहकारी अनुदान कार्यक्रमले विगत ७ वर्षमा जम्मा ३१९ वटा सहकारी संस्थाहरूलाई मात्र अनुदान वितरण गरेको देखिन्छ, जुन लक्ष्यको करिब ४६ प्रतिशत मात्र उपलब्धि हासिल भएको देखिन्छ । त्यसैगरी प्रतिवर्ष १०० नयाँ साना तथा मझौला सहकारी उद्योग व्यवसायहरू स्थापना गरी २५०० थप नयाँ रोजगारी सिर्जना गर्ने लक्ष्य राखिएको भए तापनि विगत सात वर्षमा थप रोजगारी जम्मा करिब ११५८ मात्र सिर्जना भएको देखिन्छ, जुन लक्ष्यको करिब ७ प्रतिशत मात्र हुन आउँछ ।

## ३.४ सान्दर्भिकता (Relevancy)

सान्दर्भिकताको मुल्याङ्कन सहकारी अनुदान कार्यक्रमको उद्देश्य तथा समग्र लक्ष्य सहकारी ऐन २०४८, सहकारी नियमावली २०४९, उच्च मूल्यका कृषि उपज प्रशोधन उद्योगको स्थापनाका लागि अनुदान वितरण कार्यविधि २०६६ र सहकारी संस्था दर्ता निर्देशिका २०६९ र निम्न सूचकहरूका आधारमा सहकारी अनुदान कार्यक्रमको राष्ट्रिय तथा स्थानीय परिप्रेक्ष्यका आधारमा गरिएको छ ।

### ३.४.१ योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया

तेह्रौं योजनाको (०७०-७१ देखि ०७२-७३) उद्देश्यहरूमा (क) सहकारीमा आधारित उद्योग व्यवसायको विकास र विस्तार गरी मुलुकको दीगो र समतामूलक आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने र (ख) सहकारीको सिद्धान्त र मूल्यहरूको प्रवर्द्धन गर्दै सहकारीको व्यवस्थापनका विधि र प्रक्रियामा सुधार गरी सुशासन कायम गर्ने भनिएको छ ।

त्यसैगरी, सोही योजनाको रणनीतिमा सहकारी संघ-संस्थाहरूको संस्थागत विकास र सहकारी सम्बन्धी जनचेतना विस्तारमा टेवा पुऱ्याउने, उत्पादन तथा सेवामा आधारित अन्य व्यवसायलाई पनि सहकारी पद्धतिमा ल्याई क्रियाशील तुल्याउने, महिला, गरिब, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएका वर्ग र श्रमिकहरूको जीवनस्तरमा सुधार ल्याउन सहकारी पद्दतिको व्यवसायमा पहुँच बढाउने, अनुगमन तथा नियमनलाई प्रभावकारी बनाई सहकारी क्षेत्रमा सुशासन कायम गर्ने, सहकारी क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनका लागि स्थानीय निकाय र विकास साझेदारको सहयोगसमेत परिचालन गर्नेजस्ता रणनीति अंगीकार गरिएको थियो ।

सहकारीमा आबद्ध विपन्न महिला, सीमान्तकृत गरिब, अपाङ्गता भएका व्यक्ति, भूमिहीन तथा पिछडिएका समुदाय र श्रमिकहरूलाई स्वरोजगारमूलक उद्योग तथा व्यवसाय स्थापना गर्न आवश्यक पर्ने पुँजी र सीपमूलक तालीम उपलब्ध गराउने, कृषि उत्पादन, भण्डारण, प्रशोधन, बजारीकरण तथा कृषि सामग्रीको आपूर्तिका लागि कृषकको सहभागितामा स्थापना गरिएका सहकारी उद्योग व्यवसायलाई प्रोत्साहन गर्न कृषि सहकारीको उत्पादनलाई बजारीकरण गर्न सघाउ पुऱ्याउन विभिन्न स्थानमा सहकारी बजार केन्द्रको विकास गर्नेजस्ता कार्यनीति लिएको देखिन्छ ।

सहकारी विभागको पुँजीगत अनुदानअन्तर्गत लक्षित वर्ग तथा समूहहरूले गठन गरेका सहकारी संघ-संस्थाहरूको दीगो विकास र व्यावसायिक विस्तारका लागि बीउ पुँजी प्रदान, सहकारीमार्फत कृषि एवं पशुजन्य र साना उद्योगहरूको स्थापना तथा विकासका लागि पुँजीगत अनुदान, ग्रामीण तथा विपन्न समुदायहरूलाई सहकारी व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने पुँजी वाणिज्य बैंक तथा वित्तीय संस्थाहरूबाट कर्जा लगानी गर्ने संयन्त्रको विकास र पशु तथा बाली बिमा सेवा सञ्चालन जस्ता कार्यक्रमहरू सञ्चालन गरिने छ भनिएतापनि सहकारी विभागले विगत ७ वर्षमा अनुदान प्राप्त गरेकानमूना सहकारी संघ-संस्थाहरूको विश्लेषण गर्दा अनुदान वितरण कार्यविधि अनुसार अनुदान वितरण गरेको देखिँदैन । अनुदान प्राप्त गर्ने अधिकांश सहकारीहरू आर्थिक रूपले सक्षम, सुगम क्षेत्रमा शिक्षित समुदायहरूले सञ्चालन गरेका सहकारीहरू भएको देखिन्छ । विगत सात वर्षमा अनुदान प्राप्त गरेका सहकारी संघ-संस्थाहरूको विवरण तालीका ३.४ मा प्रस्तुत गरिएको छ ।

**तालीकाः ३.४ अनुदान क्षेत्रका आधारमा अनुदान प्राप्त सहकारीहरूको वर्गीकरण**

| अनुदान दिएको क्षेत्र | व्यवसायको संख्या | प्रतिशत | जम्मा अनुदान (रु) | प्रतिशत |
|---|---|---|---|---|
| पशुपालन | १२४ | ३८.९ | ३८,२५०,००० | २०.९ |
| कृषि उत्पादन | ९ | २.८ | ५,६२५,००० | ३.१ |
| खाद्य प्रशोधन | २६ | ८.२ | ६,०४९,००० | ३.३ |

| अनुदान दिएको क्षेत्र | व्यवसायको संख्या | प्रतिशत | जम्मा अनुदान (रु) | प्रतिशत |
|---|---|---|---|---|
| कृषि-पशुजन्य वस्तु प्रशोधन | १३८ | ४३.३ | ७२,३९९,४७५ | ३९.६ |
| विविध | २२ | ६.९ | ६०,७००,००० | ३३.२ |
| जम्मा | ३१९ | १०० | १८३,०२३,४७५ | १०० |

***श्रोत : सहकारी विभाग, वार्षिक प्रगति विवरण ०७१-७२***

तालीका ३.४ अनुसार सहकारी विभागले ३८.९४ प्रतिशत अनुदान पशुपालन व्यवसाय सञ्चालन गर्न, ४३.३ प्रतिशत कृषि र पशुमा आधारित वस्तुहरूको प्रशोधन उद्योग स्थापना गर्न, ८.२ प्रतिशत खाद्य प्रशोधन, ६.९ प्रतिशत विविध र २.८ प्रतिशत कृषि उत्पादन व्यवसायहरूलाई अनुदान दिएको देखिन्छ । हालसम्म वितरण गरिएको अनुदान रकममध्ये ३९.६ प्रतिशत कृषि-पशुजन्य वस्तु प्रशोधन, २०.९ प्रतिशत पशुपालन, ३२.२ प्रतिशत विविध, ३.३ प्रतिशत खाद्य प्रशोधन र ३.१ प्रतिशत कृषि उत्पादन व्यवसायमा लगानी गरेको देखिन्छ । विविध व्यवसाय अन्तर्गत भवन निर्माण पनि समावेश गरिएकाले यो रकमको प्रतिशत बढी देखिएको हो । यसरी वार्षिक रूपमा १०० नयाँ व्यवसाय स्थापना गरी २५०० थप रोजगारी सिर्जना गर्ने लक्ष्यसहित सुरु भएको सहकारी अनुदान आयोजनाले केन्द्रीय सहकारी संघको भवन निर्माणमा मात्र करिब रू. ५ करोड (१४.१ प्रतिशत), त्यसैगरी अरू ठूला लगानी भएका सहकारीहरू जस्तै स्याङ्गजाको शीतभण्डार, इलामको २ वटा चिया प्रशोधन, धादिङ्गको कफी प्रशोधन सबैमा भएको खर्चले कुनै थप रोजगारी सिर्जना गर्न सकेको देखिदैन, जसले यसको उपयुक्ततामा प्रश्न चिह्न खडा भएको छ ।

सहकारी अनुदान कार्यक्रम नेपाल सरकारको विद्यमान राष्ट्रिय विकास नीति तथा आवधिक विकास योजनाका उद्देश्य तथा लक्ष्यहरू हासिल गर्न प्रचलित सहकारी ऐन तथा सहकारी संघ-संस्थाहरूलाई सहुलियत प्रदान गर्ने नीतिहरू अनुकूल नै रहेको देखिन्छ । तर, सहकारी अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिकाका प्रावधानहरू भने सरकारको विकेन्द्रीकरण नीतिको विपरीत अनुदान कार्यक्रमको सञ्चालन सहकारी विभागबाट हुने गरी तयार गरिएको देखिन्छ । अनुदान कार्यक्रम सान्दर्भिक भए तापनि कार्यान्ययन प्रक्रिया भने उपयुक्त देखिँदैन । सहकारी संस्था वा संघहरूले सहकारी अनुदान कार्यविधि २०६८ मा उल्लेख भएबमोजिम अनुदानका लागि प्रस्ताव तयार गरी सो प्रस्ताव संस्थाको साधारणसभाबाट पारित गराई पेशगर्नुपर्ने व्यवस्था गरेको छ । तर, अधिकांश अनुदान प्राप्त गरेका सहकारी संस्थाहरूले जानकारी गराएअनुसार अनुदानका प्रस्तावहरू सम्बन्धित संस्थाका अध्यक्ष वा केही कार्य समितिका सदस्यहरूले तयार गरी सहकारी विभागमा पेशगर्ने गरेको जानकारी पाइयो । यसरी अनुदान प्रस्ताव तथा सहकारी व्यवसाय योजना तयार गर्दा सहकारीका सदस्यहरूको सहभागिताविना सम्भाव्यता अध्ययन नै नगरी अनुदान प्रस्ताव तयार गरी पेश गरिएका प्रस्तावहरू स्वीकृत भई अनुदान प्राप्त भएपछि मात्र कतिपय सहकारीहरूले साधारणसभामा जानकारी गराउने गरेको र कतिपय सहकारीहरूले अनुदानका बारेमा सहकारीका सदस्यहरूलाई जानकारीसमेत नगराएको पाइयो । सहकारी विभागले पनि अनुदान स्वीकृत गर्नुअघि प्रस्तावहरूको गुणात्मक परीक्षण नगरी अनुदान स्वीकृत गर्ने गरेको देखिन्छ । यसरी सहकारी अनुदान कार्यक्रमको कार्यान्वयन प्रक्रिया सहकारी अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिकाअनुरूप भएको देखिँदैन । नमूना छनोटमा परेका अनुदान प्राप्त सहकारी संस्थाहरूको भौगोलिक वितरण, सहकारीको किसिम, सदस्यहरूको सामाजिक आर्थिक अवस्थाको विश्लेषण गर्दा अधिकांश धेरै रकम अनुदान प्राप्त गर्ने सहकारीहरू सुगम क्षेत्रका पढेलेखेका राजनीतिक पहुँच भएका सहकारी संस्थाहरूको नै बाहुल्यता देखिन्छ ।

सर्भेक्षण गरिएका सहकारी संस्थाका सूचनादाताहरूसँग सहकारी अनुदान कार्यक्रमको सान्दर्भिकताबारे जानकारी लिँदा करिब २८ प्रतिशतले अनुदान कार्यक्रम अति सान्दर्भिक भएको, ६० प्रतिशतले सान्दर्भिक नै भएको र बाँकि १२ प्रतिशतले मात्र अनुदान कार्यक्रम सान्दर्भिक नभएको बताएका थिए । अनुदान कार्यक्रमबारे सहकारीका प्रतिनिधिहरूको धारणा तालीका ३.५ मा उल्लेख गरिएको छ ।

**तालीका: ३.५ अनुदान कार्यक्रमको सान्दर्भिकताबारे सहकारीका उत्तरदाताहरूको अनुभव**

| अनुदान कार्यक्रमबारे सहकारीका प्रतिनिधिहरूको धारणा | सहकारीको संख्या | प्रतिशत |
|---|---|---|
| अति सान्दर्भिक छ | २० | २७.८ |
| सान्दर्भिक छ | ४३ | ५९.७ |
| खासै सान्दर्भिक छैन | ९ | १२.५ |

| अनुदान कार्यक्रमबारे सहकारीका प्रतिनिधिहरूको धारणा | सहकारीको संख्या | प्रतिशत |
|---|---|---|
| जम्मा | ७२ | १०० |

**श्रोत : एनइसिपी, सहकारी संस्था फिल्ड सर्भेक्षण २०७३**

स्थलगत अध्ययनका क्रममा अनुदानप्राप्त सहकारीका अधिकांश सूचनादाताहरूले अनुदान कार्यक्रम सान्दर्भिक भएको बताए पनि तुलनात्मकरूपमा अनुदान रकम सदुपयोग गरेका सहकारीहरूका प्रतिनिधिहरू भने सरकारले केही सहकारीहरूलाई सीमित अनुदान रकम वितरण गर्नुभन्दा सरकारले सहकारीहरूलाई सहुलियत ब्याजदरमा आवश्यक ऋण उपलब्ध गराउनुपर्ने र मेसिनरी औजारहरूमा भन्सार छुटको व्यवस्था सरल र प्रभावकारी रूपमा लागू गर्नुपर्ने धारणा राखेका थिए ।

### ३.४.२ प्रस्ताव माग र संस्था छनोटका मापदण्डको पारदर्शिता

सहकारी विभागका सम्बन्धित अधिकारीहरूसँग छलफल गर्दा विभागले अनुदानका लागि प्रस्तावको ढाँचा तयार नगरेको र प्रत्येक वर्ष अनुदानका लागि सार्वजनिक सूचना प्रकाशित गरी प्रस्ताव आह्वान गर्ने गरेको जानकारी पाइयो । स्थलगत अध्ययनका क्रममा सहकारीका सदस्यहरू र मुख्य सूचनादाताहरूसँगको छलफलमा अनुदानका लागि सहकारी विभागबाट माग गरिने प्रस्ताव र संस्था छनोटका आधारहरूका बारेमा अधिकांश सहकारीका सदस्यहरूलाई जानकारी नभएको पाइयो । उत्तरदाताहरूका अनुसार अनुदानका लागि प्रस्ताव तयार गर्ने ढाँचा नभएकाले धेरैजसो दुर्गम क्षेत्रका सहकारी संस्थाहरूले प्रस्ताव माग भएको सूचना थाहा पाएतापनि प्रस्ताव तयार गरी अनुदानका लागि पेश गर्नसक्ने अवस्था नरहेको बताएका थिए । प्रस्ताव तयार पार्ने सरल ढाँचाको अभावमा अनुदान प्राप्त गरेका करिब एकतिहाइ नमूना सहकारीहरूले समेत अन्य व्यक्ति वा संस्थाहरूको सहयोग लिनुपरेको जानकारी गराएका थिए (चित्र १) ।

*चित्र:१ सहकारीको प्रस्तावलेखन क्षमता (प्रतिशत)*




नमुनामा छानिएका सहकारीका पदाधिकारीहरूका अनुसार करिब ६८ प्रतिशत सहकारीहरूले अनुदानका लागि प्रस्ताव सहकारी आफैँले तयार गरेको र ३२ प्रतिशतले अरूको सहयोग लिएको बताएका थिए ।

अनुदान प्राप्त गरेका सहकारीका अधिकांश जिम्मेवार प्रतिनिधिहरूलाई समेत अनुदान प्रस्तावको मुल्याङ्कनका आधारहरूबारे जानकारी नभएको पाइयो । करिब ४९ प्रतिशत सहकारीका प्रतिनिधिहरू भने प्रस्ताव मुल्याङ्कनका आधारहरूबारे जानकार भए तापनि धेरै सहकारीका प्रतिनिधिहरू पेश गरेका प्रस्तावहरूको निष्पक्ष मुल्याङ्कनका आधारमा छनोट हुने कुरामा विश्वस्त नरहेको र अनुदान प्रस्तावको गुणस्तरका आधारमा भन्दा पहुँचका आधारमा छनोटमा पर्ने बताएका थिए (चित्र २) ।




*चित्र : २ अनदान प्रस्ताव मल्याङ्कनकाआधारहरूबारे जानकारी (प्रतिशत)*

सहकारी अनुदान कार्यविधि २०६८ अनुसार सहकारी विभागले प्रस्ताव आह्वानको सूचना राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गर्ने तथा धेरै क्षेत्रमा पहुँच हुने रेडियोमार्फत सूचना प्रवाह गर्ने भनिएको भए तापनि राष्ट्रिय पत्रिकामा मात्र सूचना प्रकाशन गर्ने गरेको पाइयो । प्रस्ताव छनोटका आधारहरू वस्तुगत रूपमा स्पष्ट भए तापनि अधिकांश प्रावधानहरूले दुर्गम क्षेत्रका दलित, पिछडिएका वर्गले सञ्चालन गरेका सहकारीहरूले सुगम क्षेत्रमा सञ्चालित सहकारीहरूसँग प्रतिस्पर्धा गर्न सक्ने देखिँदैन । विद्यमान निर्देशिका अनुसार संस्था स्थापनाको अवधिमा १०, लेखा परीक्षण भएकालाई ५, स्थानीय मेसिनको उपयोगको हुने प्रस्तावलाई ५, लागतमा संस्थाको सहभागितालाई २०, भौगोलिक क्षेत्रलाई २०, संस्थाका सेयर सदस्यको संख्यालाई २०, समावेशी सदस्यतालाई १० र सम्भाव्यता अध्ययन

भएकालाई १० अंक दिने व्यवस्था गरिएको छ । विद्यमान अनुदान कार्यान्वयन निर्देशिकाका आधारमा नयाँ सहकारी संस्थाहरूले अनुदान प्राप्त गर्ने सम्भावना कम र सुगम क्षेत्रमा स्थापित र व्यवस्थित ठूला सहकारी संस्थाहरूले पेशगरेका प्रस्तावहरू नै प्रतिस्पर्धामा छनोट हुने सम्भावना विद्यमान अनुदान कार्यविधिको मापदण्डमा रहेकाले गर्दा कार्यक्रमको मुख्य लक्ष्य वार्षिक १०० व्यवसाय स्थापना गरी २५०० नयाँ रोजगारी सिर्जना गर्न सम्भव नभएको प्रष्ट देखिन्छ । साथै कार्यविधिमा नै उल्लेख भएको गरिब, विपन्न, दलित वर्गको उत्थान गर्ने भन्ने विषयसमेत संस्था छनोट गर्दा प्राथमितामा नपरेको देखिन्छ । त्यसैगरी सम्भाव्यता अध्ययनका लागि १० अंक प्रदान गर्ने प्रावधान भए पनि अधिकांश अनुदान प्राप्त सहकारीहरूले पेशगरेका प्रस्तावहरूसमेत सम्भाव्यता अध्ययन गरेको देखिँदैन । यसले गर्दा संस्था छनोट गर्ने मापदण्ड कार्यक्रमको रणनीतिक उद्देश्यद प्राप्तिका लागि उपयुक्त संस्था छनोट गर्न सहयोग हुने हुनुपर्नेमा प्राप्त प्रस्तावहरू छनोट गर्न सजिलो हुने गरी वस्तुगत आधारहरूलाई मात्र बीढ भार निर्धारण गरिएको देखिन्छ ।

### ३.४.३ अभिलेखीकरणको उपयुक्तता

स्थलगत अध्ययनका क्रममा सम्बन्धित डिभिजन सहकारी कार्यालयहरूका अधिकारीहरूसँग छलफल गर्दा हालसम्म सहकारी डिभिजन कार्यालयहरूले सहकारी अनुदान कार्यक्रमको अलग्गै अभिलेख राख्ने गरेको खेखिएन । सहकारी विभागबाट पनि त्यस प्रकारको अभिलेख राख्ने व्यवस्था गरेको पाइएन । व्यवस्थित अभिलेखको अभावमा अनुदान कार्यक्रमका बारेमा न्यूनतम आधारभूत सूचना तथा तथ्याङ्कहरूसमेत सम्बन्धित डिभिजन सहकारी कार्यालयबाट प्राप्त हुन सकेन । विगत ७ वर्षमा कुन जिल्लामा कति वटासहकारी संस्थाहरूलाई के कामका लागि कति अनुदान वितरण गरिएको थियो, अनुदानप्राप्त सहकारी संघ-संस्थाहरूले सञ्चालन गरेको व्यवसायहरूको हालको अवस्था के छ भन्ने कुराको न्यूनतम तथ्याङ्कसमेत सम्बन्धित डिभिजन सहकारी कार्यालयहरूले अद्यावधिक राख्ने गरेको देखिएन । तर, सहकारी डिभिजन कार्यालयहरूलाई अनुदान प्रदान गरिएका सहकारीहरूका बारेमा सामान्य जानकारी बाहेक सम्पूर्ण कामकारबाही विभागबाटै हुने र सोको अभिलेख पनि विभागले नै राख्ने गरेकाले कतिपय अवस्थामा त कुन सहकारीले कति अनुदान लिई के काम गरिरहेका छन् भन्नेसम्मको सूचना पनि नभएको देखियो । स्थलगत सर्भेक्षणकै समयमा पनि सहकारीहरूको अभिलेखअनुसार अनुदान पाएका सहकारीहरूको ठेगाना कहाँ छ भन्ने कुरासम्म पनि डिभिजन सहकारी कार्यालयहरूले दिन नसकेको अवस्था थियो ।

अधिकांश समूह छलफलका सहभागीहरू र मुख्य सूचनादाताहरुले अनुदान रकम वितरण गरेपछि अनुगमनका लागि सहकारीबाट कोही पनि नआएको बताएका थिए । त्यसैगरी डिभिजन सहकारी कार्यालय, स्थानीय निकाय, जिल्लास्थित विषयगत कार्यालयहरूले पनि कार्यक्रम र यसको अनुगमन तथा सुपरिवेक्षण कसरी भएको छ भन्ने कुरा यकिन साथ बताउन सक्ने अबस्था नरहेको पाइयो । यसले गर्दा कुन सहकारीले वास्तवमा काम गरिरहेका छन्, कसले के-कस्ता समस्याहरू भोगेकाछन्, ती समस्या नीतिगत हुन्, कार्यक्रमगत हुन्, स्थान विशेष हुन् आदि कुराको आँकलन गर्न सकिने अवस्था देखिँदैन । कुनै सहकारी (जस्तै लार्चा फुमाछे कृषि सहकारी संस्था लि, सिन्धुपाल्चोक, भूकम्पका कारण सबै गाउँलेहरू बसाइँ सरेपछि बेवारिसे जस्तो बनेको छ, सर्लाहीको मिथिला गाईपालन कृषि सहकारी संस्था लि.का जिम्मेवार व्यक्तिहरू नै उक्त ठाउँमा नरहेको पाइयो), हरियाली चिया उत्पादक सहकारी संस्थाले १० लाख अनुदान लिएर चिया प्रशोधन गर्ने मेसिन खरिद गरेको, तर दुई बर्षदेखि उक्त मेसिन उपयोगमा नल्याएको पाइयो । त्यस्तै इलामकै जिल्ला चिया उत्पादक सहकारी संघले १० लाख रकम लिएर चिया प्याकेजिङ्ग मेसिन खरिद गरेको, तर यसको उपयोग पनि हालसम्म नभएको पाइयो । कालीकोटको हिमचुली सहकारी संस्थाले दूध प्रशोधनका लागि लगेको अनुदानबाट कार्य सञ्चालन गरेकोमा विद्युत् पावरहाउस नै बिग्रिएपछि बिजुलीको अभावमा प्रशोधन कार्य नहुँदा संस्थाले केही मेसिनहरू बिक्री गरेको र अरू पनि बिक्री गर्ने योजनामा भएको, समाज रूपान्तरण सहकारी संस्था सिन्धुपाल्चोकले अदुवा प्रशोधनका लागि भनी लगेको ३ लाख ५० हजार नगदबाट खरिद गरेको मेसिनबाट लप्सी प्रशोधनको काम गरिरहेको, स्याङ्जा शीत भण्डारले आ.व. ०६८-६९ मा लगेको २५ लाख अनुदानबाट केवल डिपिसी लेभलसम्मको काम मात्र भएको, धादिङको साना किसान कृषि सहकारी संस्थाले टमाटर सस प्रशोधनका लागि ०६५-६६ मा रू. ५ लाख नगदबाट खरिद भएको मेसिन उपकरणलगायत उद्योग बन्द भएको, झापाको गोमुखी सहकारी संस्थाले सुपारी प्रशोधनका लागि लगेको रकमबाट सो कार्य नगरेको पाइयो । यस्ता खाले अभिलेखहरू डिभिजन सहकारी कार्यालयमा भएको भए जोकसैलाई पनि अध्ययन अनुसन्धानका लागि सजिलो हुने थियो ।

यसरी अनुदान कार्यविधिमा जिल्लामा रहेका डिभिजन सहकारी कार्यालयहरू, विषयगत कार्यालयहरू र स्थानीय निकायहरूलाई समेत परिचालन गरी कार्यक्रमहरूको अनुगमन तथा मुल्याङ्कन गर्ने प्रावधान भए पनि सो कार्यका लागि उनीहरूलाई जिम्मेवार नबनाइनु, आवश्यक बजेटको व्यवस्था नगरिनु र सबै अधिकारहरू सहकारी विभागमै केन्द्रित गर्दा अभिलेखीकरणको कार्यसमेत निष्प्रभावी भएको देखियो । आयोजनाले अनिवार्य राख्नुपर्ने सूचनाहरू, जस्तै : आयोजनाको संख्या, अनुदान रकम, सहकारीहरूबाट भएको थप लगानी, सहकारीहरूले स्थापना गरेका उद्योगहरूको आर्थिक तथा प्राविधिक अवस्था, उनीहरूको प्रतिफल, रोजगारी सिर्जना, लाभान्वितहरूको संख्याजस्ता आधारभूत तथ्याङ्कहरू पनि सहकारी डिभिजन कार्यालय र सहकारी विभागले मुल्याङ्कन गरी अद्यावधिक गर्ने प्रयास हालसम्म सुरु गरेको पाइएन । तर,अधिकांश डिभिजन सहकारी कार्यालयहरूले वार्षिक कार्यक्रम तथा प्रगति पुस्तिका प्रकाशन गरी सामान्य तथ्याङ्क भने राख्ने गरेको पाइयो ।

### ३.४.४ सहकारी अनुदान र गरिबी निवारणसम्बन्धी प्राथमिकता

सहकारी अनुदान कार्यक्रम सहकारी नीति र गरिबी निवारणसम्बन्धी अन्य राष्ट्रिय प्राथमिकतासँग मेला खाने गरी तयार गरिएको देखियो । तेह्रौं योजना (०७०-७१ देखि ०७२-७३) मा उल्लेख भएका प्रायः सबै उद्देश्य, रणनीति, कर्यानीति र कार्यक्रमहरूलाई समेट्ने प्रयास भएको देखिन्छ । तर, स्थानीय निकायहरूको समन्वयमा कार्यक्रमहरू सञ्चालन गर्ने भन्ने कुरालाई ध्यान दिन नसक्दा स्थानीय निकायहरूलाई यो अनुदान कसले पायो, अनुदानले के कार्य भयो भन्ने कुराको जानकारी नै नभएको पाइयो । कतिपय अवस्थामा त सहकारीका कार्य समितिका सदस्यहरूलाई समेत यसबारे जानकारी नभएको पाइयो । यसरी हेर्दा कार्यक्रम कार्यान्वयनको पक्ष निकै कमजोर देखिन्छ भने स्थानीय आवश्यकता पहिचानमा पनि समस्या रहेको पाइन्छ ।

सहकारी अनुदान कार्यान्वयन निर्देशिकामा उल्लेख भएअनुसार सहकारी संस्थाहरूलाई अनुदान दिनुपूर्व आर्थिक तथा प्राविधिक रूपले व्यवसायको सम्भाव्यता आँकलन गरिएको हुनुपर्ने किटान गरिएको छ । तर, अनुदान स्वीकृत गर्दा यो विषयलाई ध्यान दिएको देखिँदैन । यसका अतिरिक्त अनुदान स्वीकृत गर्नुपूर्व र स्वीकृत भइसकेपछि आवश्यक पर्ने सीपहरू संस्थाहरूले प्राप्त गर्न नसकेको पाइयो । कतिपय अवस्थामा (कालीकोट तथा धादिङको अदुवा प्रशोधन, कञ्चनपुरको बङ्गुरपालन, बर्दियाको दलित पेसा सुधार, धादिङको कफी प्रशोधन) व्यवसाय सञ्चालनमा नआउँदै बन्द भएको देखियो । खरिद गरिएका मेसिन तथा उपकरणहरूको प्रयोग हुन नसकी बेवारिसे अवस्थामा रहेको भेटियो । यसो हुनुमा सहकारी संस्थाले उपलब्ध गराएको सूचनालाई मात्र आधार मानी अनुदान प्रदान गरिएको र सहकारी विभागले सम्भाव्यता अध्ययनलाई प्राथमिकता नदिएको नै मुख्य कारण रहेको देखियो ।

अनुदान कार्यान्वयन निर्देशिकामा अन्य सरकारी निकायबाट अनुदान लिएको हुनुनहुने प्रष्ट उल्लेख भए पनि एउटै सहकारी संस्थाले विभिन्न संघ-संस्थाहरूबाट अनुदान प्राप्त गरेको पाइयो ।

चित्र ३ अनुसार ५६ प्रतिशत सहकारीहरूले दुई वा सोभन्दा बढि संस्थाहरूबाट अनुदान लिएको पाइयो । तर, अनुदान कार्यविधि अनुसार एक संस्थाबाट (काठमाडौंको विनायक कृषि सहकारी संस्थालाई आ.व. ०७१-७२ मा दुग्ध प्रशोधन र ०७०-७१ मा गाईपालन, त्यसैगरी सिरुवा बहुउद्देश्यीय सहकारी संस्थालाई आ.व. ०६९-७० मा महिला खाद्य प्रशोधन र ०७०-७१ मा खाद्य प्रशोधनका लागि अनुदान दिएको पाइयो), तर एकपटक अनुदान प्रदान गरिएका सहकारी संस्थालाई सोही प्रयोजनका लागि पुन अनुदान दिन नमिल्ने कुरा कार्यविधिमा प्रष्ट उल्लेख भए तापनि सो प्रावधानको पालना भएको देखिँदैन ।



*चित्र : ३ दाता संख्याको आधारमा वर्गीकरण (प्रतिशत)*

सहकारी अनुदान कार्यक्रम नेपाल सरकारको सहकारी नीति र गरिबी निवारणसम्बन्धी अन्य राष्ट्रिय प्राथमिकतासँग मेला खाने खालका छन् । खासगरी कृषि, पशुपालन, कृषि तथा पशु उत्पादनहरूको प्रशोधन, बढी मूल्यका कृषि वस्तुहरूको उत्पादन, दलितहरूको पेसा प्रवर्द्धनजस्ता कार्यहरू राष्ट्रिय प्राथमिकतासँग मेल खान्छन्, तर तिनको कार्यान्वयन र प्राविधिक ज्ञान र सीप तथा व्यवसाय विकासका आवश्यक पूर्वाधारको विश्लेषण र तयारीबिना सहकारी

संघ-संस्थाहरूलाई सीमित अनुदान रकम वितरण गरेर मात्र आयोजनाको उद्देश्य प्राप्त हुने नसक्ने पाठ धेरैजसो संस्थाहरूले असल नियतले काम गर्न खोज्दाखोज्दै पनि असफल भएको तथ्याङ्कले देखाएको छ ।

### ३.४.५ कार्यक्रम कार्यान्वयनको उपयुक्तता र सान्दर्भिकता

सहकारी अनुदान कार्यक्रम आ.व.०६५-६६ बाट सुरु भए तापनि अनुदान कार्यान्वयन निर्देशिका २०६८ मा मात्र तयार गरिएको देखिन्छ । विद्यमान अनुदान कार्यान्ययन निर्देशिकामा अनुदान कार्यान्ययनका लागि आवश्यक प्रावधानहरू विस्तृत रूपमा उल्लेख भए तापनि खास गरी अनुदानका लागि प्रस्ताव आह्वान, प्रस्ताव छनोट विधि, अनुगमन तथा मूल्याङ्कनजस्ता विषयहरू केन्द्रीकृत गरिएकाले व्यवहारमा लागू नभएको देखिन्छ । निर्देशिका अनुसार सहकारी विभागले राष्ट्रिय पत्रपत्रिकामा प्रस्ताव आह्वान गर्ने, प्रस्ताव मुल्याङ्कन गर्ने, मुल्याङ्कन गर्ने, छनोट गर्ने, रकम निकासा गर्ने तथा अनुगमन गर्नेजस्ता कार्यहरू सहकारी विभागले नै गर्ने व्यवस्था गरिएकाले डिभिजन सहकारी कार्यालय तथा जिल्लामा रहेका अन्य सम्बन्धित सरकारी विषयगत कार्यालयहरूको भूमिका न्यून रहेको देखिन्छ । कतिपय अवस्थामा अनुदान कार्यक्रममा सहभागी भएका सहकारीहरूका बारेमा डिभिजन सहकारी कार्यालयहरूलाई समेत जानकारी नभएको समेत पाइयो ।

मुख्य सूचनादाता तथा समूह छलफका सहभागीहरूका अनुसार व्यवसाय सम्बन्धित जिल्लामा कत्तिको उपयुक्त र सम्भाव्य छन्, नेपाल सरकारको विकास नीतिसँग कत्तिको मेल खान्छन् भन्नेबारेमा सम्बन्धित जिल्लाका विषगत कार्यालय तथा स्थानीय निकायहरूलाई बढी जानकारी हुन्छ र अनुगमन तथा मुल्याङ्कन पनि प्रभावकारी हुन्छ भन्ने थाहा हुँदाहुँदै पनि कार्यान्वयन प्रक्रियामा समन्वयको अभाव रहेको पाइयो । स्वीकृत अनुदान रकम निकासाका लागि सहकारीहरू काठमाडौं नै जानुपर्ने भएको हुँदा डिभिजन सहकारीहरूसँग समेत अनुदान प्राप्त गर्ने सहकारी संस्थाहरूले जानकारीसमेत नगराउने गरेको र सहकारी विभागले पनि यसको बारेमा यथेष्ट जानकारी गराएको देखिएन । अधिकांश सहकारीका सदस्यहरूले भने अनुदान रकमको निकासा लिनका लागि काठमाडौं जानुपर्दा खर्च बढ्नुका साथै समय पनि बढी लागेको गुनासो गरेका थिए । करिब आधाजसो अनुदान पाएका सहकारी संस्थाहरूलाई निर्देशिकाको प्रावधानविपरीत अनुदान रकम एकै किस्तामा भुक्तानी गरिएको र बाँकीसंस्थाहरूले दुई वा तीन किस्तामा अनुदान रकम प्राप्त गरेको बताएका थिए । यसरी स्वीकृत अनुदान रकम एकै किस्तामा भुक्तानी दिँदा दुरुपयोग हुने सम्भावना पनि त्यत्तिकै रहन्छ ।

यसरी कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार कार्यक्रम कार्यान्वयनमा जिल्लास्थित विभिन्न सरकारी निकायहरूसँग समन्वय गरी कार्य गर्ने भनिएको भए तापनि यस विषयमा सम्बन्धित जिल्लाका निकायहरू भने अनभिज्ञ रहेको पाइयो । यद्यपि, जिल्ला कृषि तथा पशुसेवा कार्यालयलाई भने सहकारी अनुदान कार्यक्रमका बारेमा जानकारी भएको तर समन्वय भने खासै भएको देखिएन ।

अनुगमन तथा मुल्याङ्कन कार्य नियमित नभएको र निकै फितलो रहेको तथा कतिपय अवस्थामा अनुदान पाएका सहकारी संस्थाहरूको अनुगमन नै नभएको समेत जानकारी भयो ।

### ३.४.६ लक्षित भौगोलिक क्षेत्र र जनसंख्याको उपयुक्तता र सान्दर्भिकता

तालीका ३.६ अनुसार कुल लगानी गरिएका ३१९ व्यवसायमध्ये हिमाली क्षेत्रमा ८.५ प्रतिशत, पहाडमा ५१.४ प्रतिशत र तराईमा ४०.१ प्रतिशत रशेका छन् । अनुदान रकम लगानीको विश्लेषण गर्दा हिमाली क्षेत्रमा ४.४५ प्रतिशत, पहाडमा ५९.६५ प्रतिशत र तराईमा ३५.९ प्रतिशत भएको देखिन्छ । पहाडमा बढी लगानी देखिनुमा केन्द्रीय सहकारी संघको भवन निर्माणका लागि प्रदान गरिएको ५ करोडसमेत पहाडमा समवेश गरिएको कारणले हो ।

**तालीका ३.६: लक्षित भौगोलिक क्षेत्रमा भएको लगानी**

| आर्थिक वर्ष | हिमाल | | पहाड | | तराई | | | |
|---|---|---|---|---|---|---|---|---|
| | व्यवसाय संख्या | रकम (रु) | व्यवसाय संख्या | रकम (रु) | व्यवसाय संख्या | रकम (रु) | जम्मा सहकारी | अनुदान रकम (रु) |
| २०७१-७२ | ६ | २,४००,००० | ३९ | १२,५२५,००० | २५ | ७,६५०,००० | ७० | २२,५७५,००० |
| २०७०-७१ | ३ | ८००,००० | २४ | १८,८५०,००० | १३ | ३,५५०,००० | ४० | २३,२००,००० |

| आर्थिक वर्ष | हिमाल | | पहाड | | तराई | | | |
|---|---|---|---|---|---|---|---|---|
| | व्यवसाय संख्या | रकम (रु) | व्यवसाय संख्या | रकम (रु) | व्यवसाय संख्या | रकम (रु) | जम्मा सहकारी | अनुदान रकम (रु) |
| २०६९-७० | ६ | १,५७५,००० | २६ | २६,३५०,००० | ९ | २,५२५,००० | ४१ | ३०,४५०,००० |
| २०६८-६९ | ४ | १,४००,००० | ३३ | २९,१३५,००० | ३४ | ३८,९९५,००० | ७१ | ६९,५३०,००० |
| २०६७-६८ | ३ | ६१०,००० | १७ | १५,३७४,००० | २१ | ५,८०१,००० | ४१ | २१,७८५,००० |
| २०६६-६७ | ४ | १,०१०,००० | १८ | ४,३५०,००० | १४ | ३,२७५,००० | ३६ | ८,६३५,००० |
| २०६५-६६ | १ | ३४६,२५० | ७ | २,५८६,७२५ | १२ | ३,९१५,५०० | २० | ६,८४८,४७५ |
| जम्मा | २७ | ८,१४१,२५० | १६४ | १०९,१७०,७२५ | १२८ | ६५,७११,५०० | ३१९ | १८३०२३४७५ |
| प्रतिशत | ८.४६ | ४.४५ | ५१.४१ | ५९.६५ | ४०.१३ | ३५.९० | १०० | १०० |

***श्रोत : सहकारी विभाग, वार्षिक प्रगति विवरण ०७१-७२***

माथिका सबै सूचकहरूको विश्लेषण गर्दा सहकारी अनुदान कार्यक्रम सहकारी रणनीतिमा उल्लेख गरिएको समावेशी समानुपातिक समतामूलक आर्थिक तथा सामाजिक विकासका उद्देश्यहरू प्राप्त गर्न प्रत्यक्ष सहयोग पुग्ने भएकाले सान्दर्भिक नै देखिन्छ । तर, वार्षिक अनुदान रकम अति न्यून भएको र धेरै सहकारी संघ-संस्थाहरूलाई भागबन्डा गरी अनुदान वितरण गर्ने गरिएकाले कार्यक्रमबाट लक्षित प्रतिफल भने कमै प्राप्त भएको पाइएको छ ।

सहकारी अनुदान कार्यक्रमको अनुदान वितरणको प्रक्रिया, अनुदान कार्यक्रमले पहिचान गरेका प्राथमिकताका उपक्षेत्रहरू तथा भौगोलिक क्षेत्रहरू, विगत ७ वर्षमा सहकारी संघ-संस्थाहरूले सञ्चालन गरेका साना तथा मझौला प्रशोधन उद्योग तथा उत्पादन र रोजगारमूलक व्यवसायहरू स्थापना गर्न सहकारी अनुदान कार्यक्रमको मात्रात्मक तथा गुणात्मक लगानी, अनुदानप्राप्त सहकारी संघ-संस्थाहरूको सहकारीमा आधारित उद्योग व्यवसाय सञ्चालन प्रक्रियामा परेको सकारात्मक प्रभाव, सहकारीहरूको कार्य सञ्चालन तथा व्यवस्थापन क्षमता र अनुदान प्राप्त गरेका सहकारी संघ-संस्थाहरूको सन्तुष्टिको समेत विश्लेषण गर्दा सहकारी अनुदान कार्यक्रम सञ्चालनमा केही कमी-कमजोरी देखिए तापनि समग्रमा सहकारी क्षेत्रको विकासका लागि अनुदान कार्यक्रम सान्दर्भिक नै देखिन्छ ।

## ३.५ प्रभावकारिता (Effectiveness)

अनुदानप्राप्त कार्यक्रमका प्रतिफलहरूले सहकारी अनुदान कार्यक्रमका के-कति उद्देश्य हासिल भए भन्ने आधारमा प्रभावकारिताको मुल्याङ्कन गरिएको । यस कार्यक्रमका उद्देश्यहरू हासिल भए कि भएनन् भन्ने सन्दर्भमा निम्न सूचकहरूमा केन्द्रित रही प्रभावकारिकताको मुल्याङ्कन गरिएकोछ ।

### ३.५.१ कार्यक्रम कार्यान्वयन र सोचतालीका

आयोजना तहमा कार्यक्रमको कार्यान्वयन सोचतालीका तथा नतिजाखाका तयार गरिएको छैन । साथै आयोजना प्रस्तावहरूमा पनि सहकारी संस्थाहरूले आयोजनाको सोच तालीका तयार गरेको देखिएन, जसले गर्दा आयोजना कतातिर गइरहेको छ भन्ने कुराको आँकलन गर्न निकै कठिन छ ।

### ३.५.२ अनुदानप्राप्त सहकारी संस्थाहरूको सञ्चालन अवस्था

नमूना सर्भेक्षणका लागि छनोट गरिएका ७५ वटा सहकारी संघ–संस्थाहरूमध्ये ७२ संस्थाहरू मात्र अध्ययनमा फेला परेको र लार्चा फुमाची कृषि सहकारी संस्था (सिन्धुपाल्चोक), मिथिला गाईपालन कृषि सहकारी संस्था (सिरहा) र सामना किसान महिला कृषि सहकारी संस्थाको ठेगानासमेत प्राप्त नभएकाले तीन वटा संस्थाहरूको विस्तृत सर्भेक्षण गर्न सकिएन । विस्तृत सर्भेक्षण गरिएका कुल ७२ वटा सहकारीहरूको विद्यमान सञ्चालनको अवस्था तालीका ३.७ मा प्रस्तुत गरिएको छ ।

**तालीका : ३.७ अनुदानप्राप्त सहकारी उद्योग व्यवसायहरूको सञ्चालन अवस्था**

| अनुदानप्राप्त सहकारी संघ-संस्थाहरूको सञ्चालनको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| जम्मा सर्भेक्षण गरिएकानमूना मा परेका सहकारीहरूको संख्या | ७२ | ९६.०० |
| सन्तोषजनक रूपमा सञ्चालनमा रहेकानमूना  सहकारी संख्या | ३७ | ४९.३३ |

| अनुदानप्राप्त सहकारी संघ-संस्थाहरूको सञ्चालनको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| स्थापना भएका तर स्थलगत अध्ययनका बखत सन्तोषजनक रूपमा सञ्चालनमा नरहेका संस्थाहरूको संख्या | २६ | ३४.६७ |
| अनुदानको सम्झौताअनुसार उद्योग व्यवसाय सञ्चालन नै नगरेका संस्थाहरूको संख्या | ९ | १२.०० |
| संस्था नै पत्ता नलागेको वा सहकारीका जिम्मेवार व्यक्ति फेला नपरेका सहकारी संस्था | ३ | ४.०० |
| जम्मा | ७५ | १००.०० |

**श्रोत : एनइसिपी, सहकारी संस्था फिल्ड सर्भेक्षण २०७३**

सर्भेक्षणका लागि नमूना छनोटमा परेका कुल ७५ वटा सहकारीहरूमध्ये ९६ प्रतिशत संस्थाहरूको विस्तृत सर्भेक्षण गरिएको थियो। । विस्तृत सर्भेक्षण गरिएका जम्मा ७२ वटा संस्थाहरूमध्ये स्थलगत अध्ययनका बखत ३७ वटा सहकारी संस्थाहरू सन्तोषजनक रूपमा सञ्चालनमा रहेका, २६ वटा स्थापना भएका तर सन्तोषजनक रूपमा सञ्चालनमा नरहेका, ९ वटा संस्थाहरूले सम्झौता अनुसार उद्योग व्यवसाय सञ्चालन नै नगरेका र बाँकि ३ वटा संस्थाहरू स्थलगत अध्ययनका क्रममा पत्ता नलागेकाले सर्भेक्षण नगरिएको ।

स्थलगत अध्ययनका लागि नमूनामा परेका सबै अनुदान प्राप्त दुग्ध प्रशोधन सहकारी उद्योगहरू सञ्चालनमा रहेको पाइयो । त्यसैगरी, अनुदान प्राप्त गरेका र अनुदान प्रयोजनका लागि स्वीकृत भएको व्यवसाय सञ्चालनमा नरहे पनि अन्य व्यवसाय सञ्चालन गरिरहेका सहकारीहरू पनि भेटिए (साना किसान कृषि सहकारी संस्था लि, चैनपुर, धादिङले कफी प्रशोधनका लागि अनुदान लिएकोमा कफी प्रशोधन उद्योग सञ्चालन नगरेको, (साना किसान कृषि सहकारी संस्था लि., ज्यामरुङ, धादिङ र ग्रामीण बहुउद्देश्य कृषक सहकारी संस्था लि., कालीकोटले अदुवा प्रशोधनका लागि अनुदान लिएकोमा अदुवा प्रशोधन उद्योग सञ्चालनमा नरहेको पाइयो । पुनर्वास प्रगतिशील कृषि सहकारी संस्था लि., कञ्चनपुरले बंगुपालनका लागि भनेर अनुदान लगेकोमा हालसम्म बंगुरपालन व्यवसाय शुरु नै नगरेको पाइयो ।

अधिकांश सञ्चालनमा नरहेका सहकारी संस्थाहरूले प्रस्ताव अनुसार उद्योग व्यवसाय सञ्चालन गर्न नसक्नुका कारणहरूमध्ये आवश्यकताभन्दा निकै कम अनुदान स्वीकृत हुनु, प्राप्त अनुदान लिनका लागि काठमाडौं जाँदा र आउँदा नै कुल अनुदान रकमको ठूलो हिस्सा (हिमाली क्षेत्रमा २० देखि ३० प्रतिशतसम्म) खर्च हुनु, आवश्यक पर्ने प्राविधिक सहयोग उपलब्ध नहुनु, सहकारी संस्थाहरूले पूर्वसम्भाव्यता अध्ययनविना प्रस्ताव तयार गरिनु र त्यस्ता प्रस्तावहरूको कुनै प्राविधिक चेकजाँच नगरी कागजी प्रक्रिया पुऱ्याएर अनुदान स्वीकृत हुनु, अनुगमन तथा व्यवसाय सञ्चालन सम्बन्धी आवश्यक परामर्श सेवाहरू उपलब्ध नहुनु जस्ता कारणहरूले गर्दा अधिकांश अनुदान प्राप्त सहकारीहरूले सञ्चालन गरेका व्यवसायहरू अपेक्षाकृत रूपमा सफल नभएको देखिन्छ ।

नमूना सर्भेषण गरिएका अनुदान प्राप्त ७२ वटा सहकारी संघ-संस्थाहरूले सञ्चालन गरेका साना तथा मझौला प्रशोधन उद्योगहरू, कृषि तथा पशुपालन र दलित उत्थानका लागि सञ्चालित आयआर्जनका व्यवसायहरूको वर्तमान सञ्चालन अवस्था, ती उद्योग तथा व्यवसायहरूले सिर्जना गरेका नयाँ रोजगारीका अवसरहरू र सहकारी सदस्यहरूको वार्षिक आयमा पारेको सकारात्मक प्रभावहरूको विश्लेषण गर्दा सहकारी अनुदान कार्यक्रमको समग्र प्रभाव अपेक्षाकृत न्यून देखिन्छ ।

**सफल र असफल दृष्टान्तहरू (केस स्टडिज)**

स्थलगत अध्ययनका क्रममा केही सहकारी अनुदानबाट स्थापना गरि सञ्चालित साना तथा मझौला उद्योग व्यवसायहरू प्रभावकारी ढंगले सञ्चालन भैरहेको पाइए पनि अधिकांश कृषि तथा पशुपालन सम्बन्धी व्यवसायहरू प्रायः असफल भएको देखियो । त्यस्ता सफल र असफल सहकारी उद्योग व्यवसायहरूको संक्षिप्त मामलाहरूको जानकारी सहित तिनबाट सिक्न सकिने व्यावहारिक पाठहरूको संक्षेपमा तल प्रस्तुत गरिएको छ ।

**क. केही सफल दृष्टान्तहरू**

**सफलताको कथा १ : दुग्ध प्रशोधन र व्यवसायीकरण**

**साना किसान सहकारी संस्था लिमिटेड, सुडा, कञ्चनपुर ।**

**पृष्ठभूमि**

०५५ सालमा कृषि विकास बैंकअन्तर्गतका सबै साना किसान आयोजनाहरू सहकारीकरण हुने भए । कञ्चनपुरको सुडामा रहेको साना किसान आयोजना पनि सहकारीकरण हुने भयो । सुडा गा.वि.स. भरि कार्यक्षेत्र राखेर संस्था स्थापना भयो । सुरुमा वित्तीय सेवा दिने सानो संस्थाका रूपमा यो संस्था स्थानीय सहकारीका रूपमा सञ्चालनमा आयो । तालीम र प्रविधिमा कृषि विकास बैंकले सहजीकरण गरिरह्यो केही समयसम्म । पछि साना किसान विकास बैंक स्थापना गरी सहुलियतमा थोक रकम दिने र साना किसानमार्फत लगानी गर्ने काम सुरु भयो ।

करिब ९ सय ४४ सदस्यहरू रहेको यो संस्थाले गाउँमा समूह बनाई बचत तथा ऋण कार्यक्रममा उन्नति गर्दै गयो । हाल यस सहकारी संस्थाले साना र मझौला किसानहरूलाई बचत गर्न प्रेरित गर्ने, कृषि ऋण दिने र दुग्ध मुल्याङ्कन गरेर बिक्री वितरण गर्ने कार्य गर्दै आएको छ । कृषिजन्य उद्यमका लागि थोक ऋृण दिने वाणिज्य बैंक र विकास बैंकहरूसँग समन्वय गरी कारोबार विस्तार गरिरहेको छ । सहकारी विभागको मूल्याङ्कनमा होओस् वा स्थानीय जनताको यो सहकारी यस क्षेत्रको अब्बल सहकारी संस्थामा गनिन्छ अहिले ।

**कसरी सम्भव भयो यो सफलता ?**

०६६ सालतिर सहकारीको अध्यक्ष भए एकजना थापा थरका किसान । स्थानीय तहमा पत्यारिला, समाजप्रति सकारात्मक भावना राख्ने उनी अध्यक्ष भएपछि संस्थाले नयाँ सोच बनायो, कृषि र पशुपालनलाई आधुनिक, व्यवस्थित र विकासित गर्ने । किसानको आफ्नै संस्था छँदै थियो सहकारी । कृषि विकास बैंकको आयोजनाकालमा नै धेरै कुरामा वित्तीय अनुशासन राख्न सिकेका थिए उनीहरूले । अध्यक्षको जोसमा साथ दिए सञ्चालकहरूले पनि ।

कार्यसमितिको बैठकमा छलफल भयो पशुपालनलाई कसरी आधुनिकीकरण गर्ने भनेर । सुदूरपश्चिमको पिछडिएको पशुपालनलाई आधुनिकीकरण गर्ने उपाय निकाले सबैको सहमतिमा । बोकाजत्रा गाई पालेर न दूध हुन्छ, न किसानको उन्नति । चितवन अग्रणी मानिन्थ्यो दुग्ध व्यवसायमा । जिल्ला कृषिसँग समन्वय गरेर ०६७ सालमा कृषक भ्रमणको व्यवस्था मिलायो संस्थाले । खर्च पनि केही संस्थाले व्यहोऱ्यो केही जिल्ला कृषि कार्यालयले । एक बस सदस्यहरू लिएर सञ्चालक समितिको अगुवाइमा किसानहरू बुटवल र चितवन भ्रमणमा गए । चितवनको आधुनिक गाईपालनले धेरै सदस्यहरूलाई आकर्षित गऱ्यो । उनीहरूले निर्णय गरे केही उन्नत गाईहरू किनेर ल्याउने चितवनबाट । संस्थाले ऋण दिने किसानहरूले पशुपालन बढाउने । गाईको बिमा पनि संस्थाले नै गरिदिने भयो । तर, यतिले मात्रै किसान ढुक्क भएनन् ।

दोस्रोपटक फेरि केही किसानहरू लिएर अध्यक्ष आफैँ चितवन गए । केही दिन घुमे । गाईपालन व्यवसाय हेरे, बुझे । अन्ततः किसानहरू संस्थाको अगुवाइमा गाई किन्न राजी भए । ३-४ जना किसान मिलेर १५ वटादूधालु जर्सी गाई किनेर ल्याए ।

जर्सी गाई १५ ओटाको दूध करिब सय लिटरमाथि उत्पादन हुनथाल्यो । बजार सानो बेच्न कठिन भयो । किसानहरू ती गाईले दिने दूध र आम्दानीबाट आकर्षित त भए, तर बेच्न निकै गाह्रो भयो । अब कुरा आयो दूध बेचबिखन र बजारीकरणको । दिनहुँ दूध बेच्न जाँदा किसानलाई गाह्रो भएको ठानेर संस्थाले उत्पादित दूध मुल्याङ्कन गर्ने निर्णय लियो । त्यसका लागि चिस्यान केन्द्र आवश्यक थियो । त्यसका लागि दुग्ध विकास संस्थानलाई अनुरोध गरियो । दूध चिस्यानका लागि आवश्यक चिलिङ भ्याट दिने भयो दुग्ध विकास संस्थानले । त्यसका अतिरिक्त अन्य केही उपकरणमा लगानी गर्नुपर्ने थियो संस्थाले अरू सहयोगी खोजी गऱ्यो । अन्ततः ०६८ सालमा दूध चिस्यान केन्द्र पनि स्थापना भयो । अहिले दैनिक २ सय लिटर दूध मुल्याङ्कन हुन्छ चिस्यान केन्द्रमा । त्यसको व्यवस्थापन सहकारी स्वयंले गरिरहेको छ ।

**सहकारी अनुदानले पुऱ्याएको सहयोग**

०६७-६८ सालको बजेटमा विनियोजित रकमबाट सहकारीलाई अनुदान दिने सरकारी नीति आयो । साना किसान सहकारी संस्था सुडाले पनि प्रस्ताव तयार पारेर पेशगऱ्यो । स्थानीय सहकारी डिभिजनले पनि सिफारिस गऱ्यो । किसानको हितमा धेरै काम गरिसकेको र संस्थागत सुशासन पनि राम्रो भएकाले सहकारी विभागले रू. १ लाख ५० हजार नगद अनुदान दिने भयो । रू. ६ लाखबराबरको मेसिनरी दुग्ध विकास संस्थानले दिने भयो । यति भएपछि संस्थाले चिस्यान केन्द्र स्थापना गऱ्यो, जसले व्यक्तिगत रूपमा बजारमा दूध लिएर धाउनुपर्ने बाध्यताबाट किसान मुक्त भए ।

हाल आएर संस्थाले पशु बिमा कार्यक्रम स्वयंले सञ्चालन गरिरहेको छ । लेखा कम्प्युटराइज्ड छ । बचत सबै सदस्यलाई अनिवार्य छ । मासिक बैठक बसेर बचत मुल्याङ्कन गर्ने गरिन्छ । ऋण उठाउन कुनै समस्या छैन, सबैको सहयोग छ । हाल आएर ५-७ वटागाई पालेर व्यावसायिक रूपमा दूध उत्पादन गर्ने किसानहरूको संख्यानिकै बढेको छ । जर्सी गाई पाल्दा फाइदा हुन्छ भनेर किसानहरूले बुझिसकेका छन् । टोलटोलमा व्यावसायिक किसानहरू बढेका छन् । खेती राम्रो नहुने जग्गा लिजमा लिएर उन्नत घाँस खेती गर्ने र दूध उत्पादन गर्ने गाईभैंसी पाल्ने काम सुरु भएको छ । बिस्तारै सुडा व्यावसायिक रूपमा दूध उत्पादन केन्द्रकारूपमा विकास भइरहेको छ ।

**आगामी योजना**

बेलामा दूध नउठाए दूध बिग्रने । सिजनमा दूध कम लिने बेसिजनमा दबाब बढाउने दुग्ध विकास संस्थानको कारणले केही दुःख भएको छ । त्यसका लागि आगामी वर्षदेखि दुग्धजन्य उत्पादनको विविधीकरण गर्ने योजना सहकारीले बनाएको छ । छिट्टै चीज, बटर, छुर्पी, दही आदिजस्ता स्थानीय बजारमा नै खपत हुने दुग्ध पदार्थ उत्पादन गरी स्थानीय बजारमा बिक्री गर्ने र बढी भएको दूधबाट केही समय राख्न सकिने खुवा, पेडा आदि बनाउने योजना पनि सहकारीले बनाएको छ भन्छन् व्यवस्थापक श्री केशवदत्त भट्ट ।

**सिक्नुपर्ने कुरा**

साना किसान सहकारी संस्था सुडाले स्थापना गरेको दूध चिस्यान केन्द्र र पशुपालनको स्तरोन्नति गर्ने कामबाट सिक्न सकिने केही खास कुरा छन्, जसले हाम्रा विकास प्रयासलाई सकारात्मक दिशा दिन सक्छ ।

१. कृषिको आधुनिकीकरण गर्न किसानलाई प्रेरित, प्रोत्साहित र शिक्षित गर्न जरुरी छ ।

२. देखाइ र भोगाइबाट किसानले सबैभन्दा बढी सिक्छन्, त्यसका लागि प्रविधिसँग परिचित गराउने कार्यक्रमहरू राख्न जरुरी छ ।

३. जब किसानले आफू अनुकूलको प्रविधि भेट्छन् र प्रविधिको उपलब्धतामा ढुक्क हुन्छन्, तब उनीहरू त्यसलाई अपनाउन राजी हुन्छन् ।

४. कृषिको विकासका लागि उत्पादन मात्र बढाएर र आधुनिकीकरण मात्र गरेर हुँदैन, त्यसका लागि चाहिने सहयोगी सेवाहरूको पनि त्यतिकै जरुरी हुन्छ ।

५. किसान एक्लैले कृषिको आधुनिकीकरण सम्भव छैन, त्यसमा समूह र संस्थागत प्रयास जरुरी छ ।

६. अनुदानको सानो रकमले आजका विकास प्रयास अघि बढ्न सक्दैनन् । अन्तरनिकाय समन्वय र सहयोगका माध्यमले अनुदान रकम खास खास परियोजनामा केन्द्रित गरी ठोस योजनाहरू अघि बढाउँदा मात्र अपेक्षित प्रतिफल प्राप्त हुन सक्छ । अन्यथा साना अनुदान कार्यक्रमले अपेक्षित परिणाम हासिल हुन सक्दैन ।

७. किसानको क्षमता वृद्धि हुनेगरी प्रविधि, उत्पादन र बजारलाई एकीकृत नगरी दीगोरूपमा कृषिको विकास गर्न कठिन हुन्छ ।

८. बजार, बिमा, ऋण र प्रविधिको उपलब्धताको समन्वयका कारण नै सहकारीले पशुपालन र दुग्ध उत्पादन व्यवसायको विकासमा सफलता हात पारेको हो ।

९. माथिका सबै कुरा हुँदाहुँदै पनि स्थानीय संस्थाको नेतृत्व कुसल, दूरदर्शी र सकारात्मक नभए संस्थाले नयाँ कुरामा सफलता प्राप्त गर्न सक्दैन । त्यसैले संस्थागत क्षमताका साथै कुसल नेतृत्व पनि आवश्यक छ कुनै पनि सफलताका लागि ।

**सफलताको कथा २ : दुग्ध व्यवसायले ल्यायो सुखद परिवर्तन**

कुभिन्डे दुग्ध उत्पादक सहकारी संस्था लि., कुभिन्डे, जिल्लाः सिन्धुपाल्चोक

**स्थापनाको पृष्ठभूमि**

वि. सं. ०४९ मङ्सिर महिनामा स्थानीय ३९ जना पशुपालक किसानहरू भेला भएर छलफल गरे दूध बिक्रीको समस्याका बारेमा । उनीहरू सबैको चासो थियो, आफूले उत्पादन गरेको दूधको मूल्य कसरी बढीभन्दा बढी लिने । सबैले आ-आफ्नो राय दिए, अन्त्यमा सहमति भयो- एउटा सहकारी संस्था खोल्ने र त्यस संस्थाले सबै सदस्यहरूको दूध मुल्याङ्कन गरी दुग्ध विकास संस्थान तथा अन्य प्राइभेट डेरीहरूलाई सङ्कलित दूध बेच्ने ।

सोही निर्णयमुताबिक उनीहरूले संस्था दर्ताको तयारी थाले । ०४९ मङ्सिरमा ३९ जनाले प्रतिव्यक्ति रू. १०००।- जम्मा गरेर संस्था स्थापना गरे ।

सुरुमा त सबैले खिसी गरे, संस्था चलाउन सक्दनौं भने । दूध बेच्नेहरू पनि सुरु-सुरुमा व्यक्तिगत रूपमै बेच्दै गए । तर, बिस्तारै एउटाले सधैं धाएर दूध बेच्दा मूल्य र समय दुवैमा भनेजस्तो नहुने कुरा बुझ्दै गए । संस्थाले आफ्ना सदस्यहरूलाई आवश्यक पर्दा दाना र ऋणको पनि सुविधा दिएको देख्न थाले । यो देखेपछि अन्य गाउँलेहरू पनि भन्न थाले- 'हामीलाई पनि संस्थाको सदस्य बनाउनु पर्‍यो । हामी पनि संस्थालाई नै दूध बेच्छौं ।'

क्रमशः सदस्यहरू बढ्दै गए । हाल संस्थामा ६ सय ५२ किसानहरू आबद्ध छन् । दैनिक करिब १६ सय लिटर दूध मुल्याङ्कन हुन्छ । यस संस्थाको हालको कुल पुँजी रू. २ करोड ९० लाख रहेको छ । मासिक बचतका रूपमा रू. ५० देखिमाथि जति पनि रकम जम्मा गर्न सक्ने व्यवस्था रहेको छ । संस्था पूर्ण रूपमा व्यावसायिक बन्नेतिर अग्रसर हुँदै छ ।

यस संस्थाका प्रायः सबै सदस्यहरूले स्थानीय वा उन्नत जातका भैँसी वा गाई पालेका छन् । पशुका लागि उपयुक्त वातावरण र घाँसपातको पर्याप्त उपलब्धताका कारण यहाँका कृषकहरू पशुपालनमा आकर्षित भएका हुन् भन्छन् संस्थाका अध्यक्ष ।

**प्रगितिउन्मुख योजना**

स्थानीय किसानहरूको आकर्षणको केन्द्र बन्दै गएकाले यस संस्थाले निकट भविष्यमा एउटा उन्नत गाई फार्म खोल्ने योजना बनाएको छ । स्थानीयस्तरमा उपभोगका लागि आवश्यक पर्ने उपभोक्ता पसल सञ्चालन गर्ने काम पनि संस्थाले गरिरहेको छ । विगतमा सहकारी पसल सञ्चालनका लागि नेपाल सरकारबाट रू. १ लाख अनुदान पनि पाएको थियो, सोही प्रयोजनका लागि । यसैगरी गाई-भैँसी पालन गरी दुग्ध व्यवसायलाई प्रोत्साहन गर्नका लागि सहकारी विभागबाट रू. ४ लाख अनुदान प्राप्त गरेको थियो । उक्त अनुदानबाट साना ठूला गरी ४ वटाजर्सी गाई खरिद गरी व्यवस्थित रूपमा पशुपालन सुरु गरेको छ संस्था आफैँले ।

**फैलिँदो छ संस्था**

संस्थाले कमाएको नाफाबाट केही रकम र सदस्यहरू स्वयंको सहयोगबाट यस संस्थाले आफ्नै २ आना जग्गामा बनेको घरमा एक दूध चिस्यान केन्द्र स्थापना गरेको छ । साना किसान बैंकबाट रू. १५ लाख ऋण लिएर स्थापना गरेको सो चिस्यान केन्द्र सञ्चालनमा आएपछि हालसम्ममा उक्त ऋण रकम चुक्ता गरिसकेको छ । त्यसैगरी, युवा स्वरोजगार कोषबाट रू. ३४ लाख ऋण लिएर लगानी गरी स्थानीय युवाहरूलाई स्वरोजगार बनाउनुका साथै त्यसको असुलीमा पनि राम्रो प्रगति गरेको छ । उक्त ऋणमध्ये करिब रू. ५ प्रतिशत रकम मात्र तिर्न बाँकी छ । संस्थाको इमानदारिता देखेर अर्को चरणका लागि युवा स्वरोजगार कोषबाटरू. ५२ लाख ऋण स्वीकृत भइसकेको छ । जसमध्ये पहिलो किस्ता रू. १५ लाख निकासा भइसकेको छ भने बाँकी किस्ताबन्दी रूपमा उपलब्ध हुँदै जाने जानकारी कोषबाट प्राप्त भएको छ ।

**विविधतामा एकता**

संस्थामा सबै खाले व्यक्तिहरूको सहभागिता रहेको छ । जातीय हिसाबले ब्राह्मण, क्षत्री, जनजाति, दलित सबैलाई समानरूपले स्थान दिइएको छ । पशुपालनमा संलग्न नहुने र दूध उत्पादन नहुने किसानहरू सदस्यताका लागि योग्य नहुने व्यवस्था रहेको छ विधानमै ।

कार्यकारीणी समितिको कार्यकुशलतालाई सबैजसो सदस्यहरूले सम्मान गरेका छन् । वैकल्पिक नेतृत्व विकासका लागि पुराना र नयाँ सदस्यहरूको मिश्रित समिति बनाउने गरिएको छ । लगातार एउटै व्यक्ति संस्थाको नेतृत्वमा रहनुहुन्न भन्दाभन्दै पनि यो कुरालाई भने पूर्णतः कार्यान्वयन गर्न सकिएको छैन भन्छन्, हाल संस्थाको नेतृत्व गरिहेका अध्यक्ष स्वयं । हरेक साल साधारणसभा बोलाउने र संस्थाको भावी कार्ययोजना पारित गरेर काम गर्ने परिपाटी विकास गरिएकाले संस्था सञ्चालनमा पारदर्शिता कायम गर्न सजिलो भएको अनुभव छ सञ्चालकहरूको । सञ्चालक समिति प्रायः सर्वसम्मतिबाटै चुन्ने गरिएको छ ।

**संस्थाको व्यवस्थापन**

संस्थाको दैनिक कामकारवाही सञ्चालनका लागि संस्थाको कार्यालय स्थापना गरिएको छ । कार्यालयमा पूर्णकालीन ५ जना कर्मचारी रहेका छन् । संलग्न भएका सेयर सदस्यहरूमध्ये ५० प्रतिशत सदस्यहरूको आयआर्जन बढेको छ, संस्थाबाट ऋण लिएर स्वरोजगार बन्नेहरू बढेका छन् । बचत गर्ने बानीको विकास भएको छ । मनोरञ्जनात्मक कार्यक्रमहरूमा पनि वृद्धि भएको, बालबालिकालाई राम्रो विद्यालयमा अध्ययन गराउन सदस्यहरू सफल भएका छन् । सेयर सदस्यहरूको जीवनस्तर निकै बढेको छ ।

**सिक्नुपर्ने कुराहरू**

१. नेतृत्वकर्तामा दूरदृष्टि भयो भने व्यावसायिक सफलता बिस्तारै हात लाग्छ ।

२. किसानको हितमा काम गरेको नदेखी उनीहरूले सहजै विश्वास गरिहाल्दैनन् ।

३. सहकारिता सबैको सरसहयोग र समन्वयमा अघि बढ्छ, त्यसमा नेतृत्वकर्ताको कार्यशैली र समन्वय अनि धैर्यले ठूलो महत्व राख्छ ।

४. संस्थाको दीर्घकालीन भलाइमा नै हाम्रो भलाइ छ भन्ने कुरा सदस्यलाई बुझाउन सकिएन भने सहकारीहरू सहकारीजस्ता भएर चल्न सक्दैनन् ।

५. हरेक सदस्यले यसबाट मैले के सुविधा पाउन सक्छु भनेर नै संस्थामा संलग्न हुन्छ, त्यसलाई बुझेर सदस्यहरूले पाउने सेवा र सुविधा क्रमशः पूरा गर्दै लग्न सक्यो भने त्यसले अरूलाई पनि पछि लाग्न बाध्य पार्छ ।

**सफलताको कथा : ३ सहकारीको सेवा सदस्यको मेवा**

भोटेचौर, सिन्धुपाल्चोक

**पृष्ठभूमि**

कृषि विकास बैंकको साना किसान विकास आयोजनाको आयोजना अवधि समाप्त भएपछि स्थानीयस्तरमा रहेको संस्थागत संरचनालाई सहकारीमा रूपान्तरण गर्ने नीति लियो कृषि विकास बैंकले । सोहीअनुरूप सिन्धुपाल्चोक जिल्लाका ४ गाविसहरू भोटेचौर, हैवुङ, थकनी, सिन्धुकोटलाई कार्यक्षेत्र बनाई ०५६ साल चैत १३ मा सूर्यमुखी साना किसान सहकारी संस्था स्थापना भयो । स्थापना गर्दा यसमा जम्मा ६७ (महिला १०, पुरुष ५७) जना सदस्य थिए, बचत रकम २ लाख ३५ हजार थियो ।

सुरुमा कृषि विकास बैंकको निगरानीमा संस्था चल्दै गयो । सदस्य र पदाधिकारीहरूले पनि सिक्दै गए । ०६६ जेठ ७ गतेदेखि भने सहकारी संस्था आफैंले व्यवस्थापक राखी कार्य सुरु गऱ्यो ।

संस्था सञ्चालनका लागि आवश्यक तालीम, सरसल्लाह कृषि विकास बैंकले उपलब्ध गराएको हुनाले स्थानीय नेतृत्वकर्ताहरू बैंकिङ कारोबारमा अभ्यस्त हुँदै गए । सदस्य संख्यामा क्रमशः वृद्धि हुँदै गयो । सेयर रकम पनि बढ्दै गयो । दुर्गममा भएर पनि संस्थाको प्रगति निरन्तर उकालो लागिरह्यो । हाल संस्थाको कुल पुँजी ६ करोड १५ लाख

पुगिसकेको छ भने सदस्य संख्याकरिब २२ सय पुगेको छ । संस्थाको आफ्नै आर्जनबाट केही स्थायी सम्पत्ति पनि जोड्न सफल भएको छ । संस्थाको आफ्नै नाममा १ रोपनी १ आना जग्गा रहेको छ । उक्त जग्गामा जाइकाको सहयोगमा रू. १ करोड ४५ लाख ४८ हजारमा ठेक्का दिलाई ९ महिनामा काम सम्पन्न गर्ने लक्ष्यका साथ सूर्यमुखी साना किसान कृषि सहकारी संस्था र साना किसान कृषि उपज मुल्याङ्कन केन्द्रको भवन निर्माण भइरहेको छ ।

संस्थामा २ जना महिला र ९ जना पुरुष गरी जम्मा ११ जनाको कार्यसमिति छ । कार्य समितिको निर्वाचन ३-३ वर्षमा हुने गरेको छ ।

**सदस्यका लागि हितकारी योजना**

संस्था फैलिएसँगै सदस्यहरूका सुविधा र हितलाई पनि संस्थाको सामाजिक उत्तरदायित्व सम्झेर निरन्तर प्रसार गर्दै गइरहेको छ । प्रत्येक वर्ष ज्येष्ठ नागरिकहरूलाई सम्मान गर्ने, कार्य क्षेत्रबाट एसएलसी परीक्षामा उत्कृष्ट अङ्क ल्याउने विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्ने, सेयर सदस्यहरूको मृत्यु भएमा रू. १ हजार किरिया खर्च दिने, सेयर सदस्यका घरका महिला सुत्केरी भएमा ३ महिनाका लागि बिनाब्याज रू. १० हजार रकम ऋण दिने, पशु बिमा गरिदिने, सेयर सदस्यका छोराछोरीलाई ११ महिने कृषि तालीमका लागि इजरायल पठाउने आदि कार्य संस्थाले गरिरहेको छ ।

यसका अतिरिक्त कृषकहरूलाई निःशुल्क तरकारीको बिउ वितरण, अलैंची र किवी खेतीलाई प्रोत्साहित गर्न सहयोग गरिरहेको छ । सेयर सदस्यहरूको जीवन बिमा, सहकारी सुपथ मूल्य पसल सञ्चालन, रासायनिक मल वितरण, दैवीप्रकोप व्यवस्थापन कोष, रेमिट्यान्स सेवा (प्रभु मनी ट्रान्सफर, हिमाल रेमिट्यान्स) आदिबाट पनि स्थानीय जनता र सदस्यको हितमा संलग्न भएको छ । ०७३ साउनदेखि संस्थाको सबै हिसाब-किताब कम्प्युटरमा राख्ने काम भइसकेको छ । हाल संस्थामा १ जना पशु प्राविधिक, ७ जना अन्य कर्मचारी (३ जना दक्ष र ४ जना अदक्ष) कार्यरत रहेका छन् ।

**संस्थाको लक्ष्यः**

स्थानीय कृषकहरूले उत्पादन गरेका उत्पादनहरू संस्थाले मुल्याङ्कन गर्ने, बजार व्यवस्थापन गर्ने, उत्पादन वृद्धिका लागि कृषकहरूलाई पूर्ण व्यावसायिक बनाउने ।

**दिगोपनाका लागि :**

सहकारी सदस्य शिक्षा वर्षमा एकपटक अनिवार्य चलाउने, सम्बन्धित ऐन, नियमले तोकेका कामहरू समयमै गर्ने, वैकल्पिक नेतृत्वकर्ताहरू विकास गरी संस्थालाई सक्षम बनाउने आदि कार्यहरू आगामी दिनमा अघि बढाउँदै जाने सोच संस्थाले बनाएको छ । यसबाट संस्था दीगोरूपमा सञ्चालन गर्न सक्षम हुनेछ भन्ने विश्वास नेतृत्वकर्ताहरूको छ ।

**सिक्नुपर्ने कुराहरू**

१. स्थानीयस्तरमा स्थापना हुने संस्थाहरू सक्षम हुनका लागि कुनै न कुनै सक्षम निकायको सहयोग आवश्यक पर्छ ।

२. संस्थाको क्षमता र फैलावटसँगै त्यसबाट उपलब्ध हुने सेवा र सुविधाको प्रसार र स्तरोन्नति पनि आवश्यक पर्छ ।

३. वित्तीय कारोबार र सामाजिक दायित्वसँगै नलगी किसानहरूको मन जित्न सम्भव हुँदैन । त्यसका लागि स्थानीय आवश्यकता सुहाउँदो सेवा र सुविधामा विविधीकरण आवश्यक हुन्छ ।

४. सकारात्मक रूपले काम गर्दै गयो र पत्यारिलो अवस्था बन्न सक्यो भने सहयोग गर्ने संस्था र निकायहरू आफैं सहयोग गर्न आइपुग्छन् ।

**ख.असफलताको कथा १: मह प्रशोधन**

**सहभागिताबिना विकास सम्भव छैन**

**कालीकोट जिल्ला सहकारी संघ**

कालीकोट जिल्ला सहकारी संघले मह प्रशोधनका लागि नेपाल सरकारबाट अनुदान प्राप्त गरेको देखिन्छ । उक्त सहकारी संघ नेपालकै दुर्गम जिल्ला कालीकोटका विभिन्न ६९ वटासहकारी संस्थाको छाता संस्थाकारूपमा रहेको र आफ्ना सदस्यहरूलाई सहयोग र समन्वय गर्ने काम गरेको पाइन्छ । यस संस्थाको कार्यालय मान्म बजारमा रहेको र सचिवले कार्यालय व्यवस्थापकको रूपमा काम गर्ने गरेको बुझियो ।

नेपार सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालयको वार्षिक कार्यक्रमअनुसार उपलब्ध बजेटबाट प्रदान गरिने अनुदान सहयोगबाट यस सहकारी संघले पनि ०६७-६८ आ.व.मा रू. ३५५,०००।- अनुदान प्राप्त गरेको देखिन्छ । उक्त अनुदान रकमबाट जिल्लाको दुर्गम गाविस राकमका किसानहरूलाई मौरी घार वितरण गर्ने काम भएको बताउँछन्, अध्यक्ष श्री कालीबहादुर महतारा । उक्त अनुदान रकम लिनका लागि दुई-तीनपटक काठमाडौं धाउनुपरेको र त्यसो गर्दा निकै रकम खर्च भएको उनको गुनासो छ ।

जिल्ला नै दुर्गम त्यसमा पनि अति दुर्गम गाउँका मौरीपालकहरूलाई आधुनिक घारमा मौरीपालन गर्न प्रोत्साहित गर्न योजना बनाएर अनुदान माग गरेको भए पनि किसानहरूबाट गरिने लगानी जुटाउन नसकेको र सानो अनुदान आवत-जावतमै धेरै खर्च भएकाले प्रभावकारी काम गर्न नसकिएको अनुभव सुनाउँछन्, श्री कालीबहादुर महतारा ।

परियोजना किन असफल भयो त भन्ने प्रश्नमा उनी भन्छन्, हामीले सुरुमा नै किसानहरूलाई आफ्नो तर्फबाट पनि लगानी गर्नुपर्छ भनेर तयार पार्नुपर्ने रहेछ । त्यसो गरिएन । केही रकम अनुदान दिइयो र मौरी घार किनिदियौं भने परम्परागत घारबाट भन्दा बढी मह उत्पादन हुनसक्ला, उनीहरू पनि उत्साहित होलान् भन्ने मनसाय हाम्रो थियो । त्यसका लागि मेडेपको सहयोगमा तालीम पनि सञ्चालन गरियो, तर प्रभावकारी हुन सकेन । किसानहरूले आफ्नो व्यवसाय सुधारका लागि जति चासो लिनुपर्ने हो, त्यति चासो लिएनन् । अहिले केहीले घार प्रयोग त गरिहेका छन्, तर सोचेजस्तो भएन ।

**सिक्ने कुरा**

असफलताबाट आफूले चाहिँ आवश्यकता पहिचानका बेला नै किसानसँग छलफल गर्ने र उनीहरूको चासो जगाउने काम मुख्य रहेछ । त्यसो नगरी गरिएको विकासलाई स्थानीय किसानले अपनाउँदा रहेनछन् भन्छन्, संघका अध्यक्ष श्री कालीबहादुर महतारा ।

यसले नै परियोजना सफल बनाउँछ, अन्यथा माथिबाट लगेको विकासलाई किसानले स्वीकार नै गर्दा रहेछन् ।

**असफलताको कथा २ : मिथिला गाईपालन सहकारी संस्था लि., सर्लाही**

**प्राविधिक सेवाबिनाको व्यवसाय लङ्गडो**

**पृष्ठभूमि**

सर्लाहीको हरिवन गाविसका केही उत्साहित किसानहरूले स्थानीयस्तरमा भइरहेको पशुपालन व्यवसायलाई उन्नत बनाउने परिकल्पना गरे र ०६५ सालमा सहकारीमार्फत गाईपालन गर्ने र स्थानीय बजारमा दूध बिक्री गर्ने योजना बनाए । स्थानीय किसान अगुवा नरहरि प्रसाईं र नवराज भण्डारीको अगुवाइमा काम अघि बढ्यो । २५ जना उत्साहित किसान सङ्गठित भएर सहकारी संस्था दर्ता गरे । व्यावसायिक दुग्ध उत्पादन मात्र नभई गाईको श्रोत केन्द्रकारूपमा नै संस्थालाई स्थापित गर्ने उद्देश्यले करिब रू. ३० लाख जम्मा गरी गोठ बनाउने काम भयो । बाछ्राबाछीसहित करिब ५० वटागाईपालनबाट व्यवसाय सुरुआत गरियो । विभिन्न जिल्लामा गएर व्यावसायिक गाईपालनको अवलोकन गर्ने र सिक्ने काम पनि गरियो ।

गाईको स्याहार सुसारका लागि ५ जना कर्मचारी भर्ना पनि गरियो । गाईलाई खुवाउने घाँस उत्पादनका लागि १० वर्षे लिजमा करिब ३ बिगाहा जग्गा वार्षिक रू. १० हजार भाडा तिर्ने गरी लिइयो ।

करिब १ वर्षपछि किसानहरू अझ उत्साहित भए । बेतियाबाट थप गाई किनेर ल्याइयो । ती गाईहरू ल्याएर दूध उत्पादन गर्ने किसानको योजनामा रोगले ठूलो समस्या खडा गऱ्यो । दुधालु गाईमा थुनेलो देखा पऱ्यो । कसै गरी पनि थुनेलो ठीक पार्न सकिएन । एक एक गर्दै गाई मर्न थाले । बेलुका ठीक तन्दुरुस्त रहेका गाई भोलिपल्ट बिहान उठ्न नसकेर थला पर्न थाले । क्रमशः गाईहरू मर्न थाले । ५० हजारदेखि १ लाखसम्म तिरेर ल्याएका गाईहरू ६ वटामरे । त्यतिबेला पशु बिमा गर्ने चलन थिएन । गाई मरेपछि सबै पुँजी सकियो ।

पहिला बर्दियाबाट गाई ल्याइएको थियो । ती गाईबाट निकै राम्रो उत्पादन भएको थियो । पछि भारतबाट ल्याएका गाईबाट रोग सरेपछि उनीहरूलाई पनि असर गर्न थाल्यो ।

गोठबाटै सयौँ लिटर दूध बेचेको देखेका सदस्यहरू गाई मर्न थालेपछि निराश भए । सहकारी संस्थाले सकेसम्म स्थानीयस्तरमा उपलब्ध उपचार त गऱ्यो, तर केही सीप लागेन ।

अन्ततः ०७० सालमा सबै गाईहरू मासियो । संस्थाको पुँजी निकै धेरै डुब्यो । सबै सदस्यहरूले दामासाहीले पैसा तिरेर घाटा व्यहोर्ने काम भयो । गोठ पनि भत्काइयो । अहिले केही छैन । संस्था पनि विघटन गरियो ।

**असफलताबाट शिक्षा**

१. व्यावसायिक रूपमा पशुपालन गर्नका लागि उत्साह, पुँजी मात्र भएर हुँदैन, त्यसका लागि आवश्यक पर्ने सेवाको उपलब्धता पनि महत्वपूर्ण हुन्छ ।

२. पशुपालन निकै जोखिमयुक्त व्यवसाय भएकाले यसका लागि आवश्यक स्वास्थ्योपचार, बिमा, दाना र घाँसको उपलब्धता अति नै आवश्यक पूर्वाधार हुन् ।

३. जोखिमयुक्त व्यवसाय गर्दा जोखिमको उपयुक्त व्यवस्थापन गरिएन भने व्यवसायले उचित प्रतिफल दिन सक्तैन र दीगोरूपमा व्यवसाय पनि सञ्चालन गर्न सकिँदैन ।

४. व्यवसायमा एकपटक भएको घाटा सहन गर्न सक्ने र त्यसबाट शिक्षा लिएर अझ प्रभावकारी व्यवस्थापन गर्नुपर्छ । त्यसो गर्न सकिएन र पलायनको बाटो अँगालियो भने व्यवसाय सञ्चालन गर्न सकिँदैन, व्यवसाय अन्त्य हुन्छ । दीगोव्यवसाय सञ्चालनका लागि वैकल्पिक योजना आवश्यक हुन्छ, त्यो योजना बनाउने काम यो सहकारीले गरेको पाइएन ।

५. सहकारी सदस्यहरूको भनाइमा पहिलोपटक बर्दियाबाट ल्यानएका गाईहरूले राम्रो उत्पादन दिइरहेका थिए । रोग पनि थिएन । तैपनि, बेतियाबाट ल्याएका गाईमा रोग देखा पऱ्यो र त्यसले समस्या विकराल बन्दै गयो । पशुपालन गर्दा सकेसम्म स्थानीय जातलाई उन्नत बनाउँदा नै दीगोहुने उनीहरूको अनुभव छ । बाहिरबाट ल्याएका गाईहरूले स्थानीय हावापानी प्रतिकूल भई रोग लाग्ने सम्भावना धेरै हुन्छ । उपयुक्त ढङ्गले रोग जाँच र वातावरणीय अनुकूलतामा बाँच्न सक्ने पशु मात्र बाहिरबाट खरिद गरेर ल्याउने ।

**असफलताको कथा ३ः गौमुखी सुपारी सहकारी संस्था लि. शनिश्चरे, झापा**

**सञ्चालकहरूको बेइमानीले सदस्यहरूको हैरानी**

झापा जिल्लाको शनिश्चरे गाविस वडा नं. ९ मा अवस्थित गौमुखी सहकारी संस्था लि. १० जना महिला र ४४ जना पुरुष सदस्य रहेको यो संस्था सुपारी प्रशोधन गर्ने उद्देश्य लिएर गठन भएको देखिन्छ । झापा जिल्ला नेपालकै बढी सुपारी उत्पादन गर्ने जिल्ला हो, त्यसमा पनि शनिश्चरे बढी नै सुपारी उत्पादन हुने गाउँ विकास समिति हो । सुपारी उत्पादन गरी भारत निकासी गर्दै आइरहेका यहाँका किसानहरूको आवश्यकतालाई ध्यानमा राखी सरकारले अनुदान उपलब्ध गराएको देखिन्छ । तर, यो संस्थाकै सञ्चालकको आफ्नो सुपारी प्रशोधन उद्योग रहेको र सोही उद्योगको विकास र विस्तारका लागि अनुदान प्रयोग भएको तर सहकारीले पाएको अनुदानबाट खासै काम नभएको देखिन्छ । अनुदान केन्द्रबाट दिने, त्यसका लागि कागजात भए पुग्ने, अनुगमन र निरीक्षण पनि नहुने भएकाले अनुदानको उद्देश्यअनुरूप सुपारी प्रशोधनका लागि मेसिन खरिद गर्नुपर्नेमा टपरी बनाउने मेसिन खरिद गरेको त्यो पनि जडान गरेर प्रयोग गर्ने काम नभएको देखिन्छ ।

वरपरका गाउँलेहरूसँग बुझ्दा उक्त सहकारी संस्था कागजमा मात्र भएको तर फिल्डमा कुनै गतिविधि नगरेको बुझियो । साधारणसभा पनि साह्रै थोरै व्यक्तिहरू उपस्थित भएर सम्पन्न भएको पाइयो । अनुदान पूर्णतः दुरुपयोग भएको र उद्देश्यअनुरूप परियोजना अघि नबढेको देखिन्छ ।

**सिक्नुपर्ने कुराहरू**

१. व्यावसायिक सम्भाव्यताको अध्ययन नै नगरी सुरु गरेको व्यवसायले सफलता दिन सक्दैन ।

२. व्यवसाय होओस् वा अन्य कुनै कार्य व्यक्तिको इमानदारी सबैभन्दा महत्वपूर्ण कुरा हो । त्यसैबाट मात्र अरू कुरा अघि बढ्न सक्छन् । नियत बेइमान भयो-भयो, व्यवसाय पनि असफल हुन्छ ।

३. अनुदान कार्यसँगै अनुगमन आवश्यक हुन्छ । बिनाअनुगमन दिएको अनुदान दुरुपयोग हुने सम्भावना बढी हुन्छ ।

**असफलताको कथा ४: पाको सक्षम सहकारी पनि भूकम्पले ध्वस्त**

**पृष्ठभूमि**

सिन्धुपाल्चोक जिल्ला, तातोपानी गाविसमा स्थापित लार्चा फुमाछे कृषि सहकारी संस्था लि. उत्साही युवा उद्यमीहरू मिलेर खोलेको संस्था हो । कृषि र पशुपालनमा केही गरौं भन्ने उत्साही भावनाले ०६९ सालमा स्थापना गरेको यो संस्था ०७२ साल वैशाखको महाभूकम्पपछि भने शून्यको अवस्थामा आइपुगेको छ । अनिश्चित भविष्य र निराश जीवन भोगिरहेका ३८ वर्षीय सोनाम शेर्पा हामी त्यस संस्थामा पुग्दा कुराकानी गर्ने मुडमा समेत थिएनन् । तर, हामीले उनीसँग कुरा गर्नुपर्ने प्रयोजन बताएपछि बल्लतल्ल उनी राजी भए कुराकानीका लागि ।

**संस्था स्थापनाको लक्ष्य**

गाउँमा गाई-भैंसीको सख्या बढाई दूध उत्पादन अभिवृद्धि गरी चरीकोट, मन्थली, काठमाडौंसम्म दूध तथा दुग्ध पदार्थको व्यापार बढाउने लक्ष्यकासाथ संस्थाको स्थापना गरिएको थियो र सोहीअनुरूप काम गनि भएका थिए ।

सुरुमा प्रतिगाईको मूल्यरू.७० हजार र भैंसी रू. ६५ हजारमा खरिद गरी २१ वटाकोरली जर्सी गाई र एउटा साँढे र ५ महिनापछि ४ वटादूधालु भैंसी र ४ वटापाडा खरिद गरी पशुपालनलाई व्यावसायिक बनाउने कार्यक्रम बनाएको । फार्ममा ट्रस राखेर आधुनिक गोठ बनाई गाई र भैंसीका लागि अलग-अलग गोठ बनाई पाल्न सुरु गरेको । चारजना गोठाला राखी पशुहरूलाई स्याहार-सुसार र खानपानको व्यवस्था गरी उत्पादन सुरु गरेको । १ जनालाई मासिक रू. १७ हजार र अरूलाई मासिक १३ हजारका दरले तलब दिने गरिएको थियो । ०७२ साल वैशाखमा आएको भूकम्पका बेला सबै गाईहरूब्याइसकेका थिए, दानापानी र घाँसको राम्रो व्यवस्था भइसकेको थियो । दैनिक ८० लिटर दूध उत्पादन हुने गरेको थियो । सबै स्थानीय बजारमा रू. ५० प्रतिलिटरमा बिक्री गर्ने गरिएको थियो । यसको हरहिसाब कामदारहरूले राख्ने र रेखदेख सञ्चालकबाट हुने गरेको थियो । सहकारी संस्थामा ११ जनाको कार्यकारी समिति रहेको थियो ।

**भूकम्पले बनायो कहालीलाग्दो अवस्था**

०७२ सालको वैशाखमा आएको भूकम्पका कारणले स्थानीयस्तरमा हाहाकार मच्चियो । मानिस नै असुरक्षित भएकाबेला पशुको स्याहार सम्भव भएन । दाना पाउन सकिएन, घाँसको समस्या भयो, सबै मानिस त्रसित भएकाले काममा लाग्न सक्ने अवस्था नै रहेन । कामदार काम छोडेर हिँडे, स्थानीयहरू पनि गाउँ छाडेर हिँडे, विचल्ली भयो ।

एकजनाले ३८ वटागाई-भैंसीको रेखदेख गर्न नसक्ने भएपछि गाईभैंसी छोडेर हिँड्न भन्दा केही उपाय रहेन । खानपिनको व्यवस्था गर्न नसकेपछि गाई-भैंसी बिरामी परे, खान पाएनन् । साह्रै बिजोक भएपछि पशुलाई बाँधिराख्न सकिएन, फुकाएर छाडियो । कोही पैह्रोमा परे, भिरमा लडिमरे । यसरी भएका प्रायः सबै गाई-भैंसीको विचल्ली भयो भने लगानी सबै डुब्यो । मरेका गाई-भैंसीलाई गाड्ने कामसमेत हुन कठिन भयो, तथापि ज्याला दिएर गाड्ने काम गरियो ।

**अनिश्चित भविष्य**

'सिन्धु ट्रक कन्टेनर सहकारी संस्था (गट्ठाघर) बाट १६ प्रतिशत ब्याजदरमा रू. ३० लाख ऋण लिएका थियौं, हाल सम्ममा २५ प्रतिशत ऋण चुक्ता भएको छ भने बाँकी तिर्न बाँकी नै छ । बाँकी रहेको २०-२२ लाख रुपैयाँ कसरी तिर्ने हो, त्यसको कहालीलाग्दो अवस्था छ ।' निराशाको स्वरमा सोनाम शेर्पा भन्छन्- 'अब सबै सञ्चालकको जायजेथा बेचेर तिर्नुपर्ने होला । अरू उपाय केही छैन ।'

हाल यस संथाका पदाधिकारीहरू हाल गाउँमा छैनन् । कोही काठमाडौं, अमेरिका, बेलायत, अस्ट्रेलिया गएका छन् । अध्यक्ष तारादेवी श्रेष्ठ भने काठमाडौंमा हुनुहुन्छ । तातोपानी बजार पनि बन्दजस्तै छ, मसानघाटजस्तै बनिसकेको छ । भूकम्पले यस संस्थाका सबै लक्ष्य, उद्देश्यहरू चकनाचुर भए ।

**सिक्नुपर्ने कुरा**

१. उद्देश्य, लक्ष्य ठीक हुँदाहुँदै पनि कहिलेकाहीँ प्राकृतिक प्रकोपले व्यवसाय एक्कासि धराशयी हुन सक्छ ।

२. प्राकृतिक प्रकोपलाई न्यूनीकरण गर्नका लागि बिमा अति आवश्यक छ । बिमाले क्षतिलाई न्यून गर्न सक्छ ।

३. व्यवसाय एकपटक धराशयी भयो भनेर छोडियो भने भविष्य अझ अन्धकार हुन्छ । त्यसलाई अन्य श्रोत र साधनको जाहो गरी फेरि सुरु गरियो भने आशा जागृत भई फेरि प्रगतितिर बढ्न सकिन्छ ।

### ३.५.३ अनुदानका शर्तपालनाको अवस्था

अधिकांश सहकारी संस्थाहरूले अनुदान प्राप्त गर्दा कबुल गरेका शर्त अनुसार कार्यक्रम सञ्चालन गरेको देखिँदैन । कतिपय अवस्थामा त अनुदान रकम स्वीकृत भइसकेपछि मात्र कार्यक्रम बनाएको पाइयो । खास गरी पुराना सहकारी संस्थाहरूले आफूले गर्दै आएका कार्यहरूलाई समेत प्रस्तावमा नयाँ कार्यक्रमको रूपमा प्रस्ताव बनाई अनुदान प्राप्त गरेको समेत पाइयो । यसले गर्दा कुन कार्यकमको सहयोगबाट प्राप्त अनुदानबाट सञ्चालन भइरहेको भन्ने कुराको यकिन गर्न गाह्रो छ ।

स्थलगत सर्भेक्षणका क्रममा केही सहकारी संस्थाहरूले सहकारी विभागबाट जुन कार्यका लागि अनुदान लिएको हो, सोमा लगानी नगरी अर्कै व्यवसाय सञ्चालन गरेको समेत पाइयो । जस्तैः समाज रूपान्तरण सहकारी संस्था सिन्धुपाल्चोकले अदुवा प्रशोधनका लागि भनी लगेको ३ लाख ५० हजार नगदबाट लप्सी प्रशोधनको काम गरिरहेको, स्याङ्जा शीतभण्डारले आ.व. ०६८-६९ मा लगेको २५ लाख अनुदानबाट डिपिसी लेभलसम्मको काम मात्र भएको, झापाको गोमुखी सहकारी संस्थाले सुपारी प्रशोधनका लागि लगेको रकमबाट सो कार्य नगरेको पाइयो, सहकारी गाईपालन गर्न भनी अनुदान रकम लिएर हम्सेदुम्से दुग्ध उत्पादक सहकारी संस्थाले सहकारी सदस्यहरूलाई १२ प्रतिशत ब्याजमा गाई खरिद गर्न रकम लगानी गरेको, जिल्ला चिया उत्पादक सहकारी संघ इलामले चिया प्याकेजिङ उद्योग सञ्चालन गर्ने लिएको अनुदानबाट एउटा मेसिन खरिद गरेको, तर हालसम्म उक्त मेसिन जडान नभएको पाइयो ।

झापाको साना किसान कृषि सहकारीले गाई पालनका लागि लगेको रकमबाट गाई खरिद गरी उक्त गाई फारम तीनजना सहकारी सदस्यहरूलाई ठेक्कामा गाईपालन गर्न दिएको, झापाकै सुखानी कृषि सहकारी संस्थाले बाख्रापालनका लागि नगेको अनुदानबाट शुरु गरेको बाख्रापालन कुनै एक सदस्यलाई ठेक्कामा दिएको, सर्लाहीको मिथिला गाईपालन कृषि सहकारी संस्था नै बन्द भएको पाइयो ।

यसरी धेरै सहकारीहरूले आफूले कबुल गरेको शर्तपालना नगरेको र त्यसको वस्तुगत कारणबारे सहकारी विभाग तथा डिभिजन सहकारीहरूलाई जानकारी गराउने पनि नगरेको देखियो । उत्पादनशील कार्यमा गएको अनुदान रकम अधिकांश मात्रामा असफल हुँदाहुँदै सहकारी तरकारी खेती, गाईपालन, बाख्रापालन, बंगुरपालन जस्ता विषयमा अनुदानलाई निरन्तरता दिनु औचित्यपूर्ण देखिँदैन ।

कृषि व्यवसाय र पशुपालनमा रात-दिन २४ सै घन्टा खट्नुपर्ने हुन्छ । व्यक्तिले गर्ने काममा स्वयं व्यक्ति जिम्मेवार हुन्छ र ऊ खटिरहन्छ । तर, सामूहिक कार्यमा एक-अर्काको मुख हेर्दाहेर्दै काम बिग्रिसकेको हुन्छ । यसरी हेर्दा सहकारी उत्पादनमूलक व्यवसाय सफल हुन कठिन देखिन्छ । त्यसैले यस्ता उद्देश्यहरूका लागि अनुदान दिने निर्णयमा पुनरावलोकन गर्नु आवश्यक छ ।

### ३.५.४ सहकारी संस्थाहरूको लेखा प्रणालीको ढाँचा

स्थलगत अध्ययन गरिएका ७२ वटा सहकारी संघ-संस्थाहरूमध्ये लेखा प्रणालीमा डबल इन्ट्री गरी निर्धारित ढाँचामा लेखा राख्ने सहकारीहरू ९३ प्रतिशत र साधारण विधिमा लेखा राख्ने सहकारीहरू७ प्रतिशत भएको भेटियो । यसरी हेर्दा सहकारी संस्थाहरूले लेखा प्रणालीलाई व्यवस्थित गर्ने गरेको पाइयो । यद्यपि, सुधार गर्नुपर्ने अवस्था पनि रहेको छ । यसका लागि सहकारीहरूले लेखा प्रणालीलाई कम्प्युटरकृत गर्नुपर्ने र अलग-अलग कार्यक्रमहरूको हिसाब-किताब अलग-अलग राख्न आवश्यक छ । लेखा प्रणलीका आधारमा नमूना सहकारी संस्थाहरूको वर्गीकरण तालीका ३.८ मा प्रस्तुत गरिएको छ ।

**तालीकाः ३.८ लेखा प्रणालीका आधारमा सहकारी संघ संस्थाहरूको वर्गीकरण**

| लेखा प्रणाली | संख्या | प्रतिशत |
|---|---|---|
| दोहोरो लेखा प्रणाली | ६७ | ९३ |
| एकोहोरो लेखा प्रणाली | ५ | ७ |
| जम्मा | ७२ | १०० |

**स्रोत : एनइपिसी, सहकारी संस्था फिल्ड सर्भेक्षण २०७३**

### ३.५.५ कार्यसम्पन्नता र शर्तपालना

अधिकांश सहकारी संस्थाहरूले प्राप्त गरेको रकम माग गरेको तुलनामा निकै कम भएको देखिएकाले सहकारी संस्थाहरूलाई तोकिएको कार्य गर्न सहज नभएको पाइयो । करिब ७७ प्रतिशत अनुदान प्राप्त सहकारी संस्थाहरूले प्रस्तावित अनुदानमा सञ्चालित कार्यक्रम सम्पन्न गर्न शर्त अनुसार थप श्रोत लगानी गरेको र २३ प्रशित संस्थाहरूले अनुदान रकम बाहेक थप लगानी नगरेको पाइयो । स्थलगत अध्ययन गरिएका ७२ वटा नमूना सहकारीहरूमध्ये करिब ८४ प्रतिशत संस्थाहरूले सञ्चालन गरेका उद्योग तथा व्यवसायहरूको शर्त अनुसार समयमै सम्पन्न गरेको बताए पनि १६ प्रतिशत संस्थाहरूले सम्झौता अनुदान रकम उपयोग नगरेको पाइयो । अधिकांश सहकारी संस्थाहरूले अनुदानमा सञ्चालित व्यवसायहरूको सञ्चालन कार्य तालीका तयार नगरेको र अनुकूल अनुसार कार्यक्रम सञ्चालन गर्ने गरेको पाइयो । अनुदानमा सञ्चालित कार्यक्रम सम्झौता अनुसार सञ्चालन गरेका र नगरेका सहकारी संघ-संस्थाहरूको विवरण तालीका ३.९ मा प्रस्तुत गरिएको छ ।

**तालीकाः ३.९ कार्ययोजना र शर्तपालनाको अवस्था**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| प्रस्तावित योजना कार्यान्वयन गरेका सहकारी संख्या | ६७ | ९३.०१ |
| अनुदान लिएपछि संशोधन गरेका सहकारी संख्या | ५ | ६.९० |
| जम्मा | ७२ | १००.०० |

श्रोत : **एनइसिपी, सहकारी संस्था फिल्ड सर्भेक्षण २०७३**

तालीका ३.९ मा उल्लेख भएअनुसार करिब ९३ प्रतिशत सहकारीहरूले अनुदान प्रस्तावमा उल्लेख भएका कार्यक्रम नै कार्यान्वयन गरेको बताएका थिए भने बाँकि ७ प्रतिशतले कार्यक्रम र कार्य योजनासमेत परिवर्तन गरेको पाइयो ।

सहकारीहरूको अनुगमन कार्य राम्रोसँग हुन नसकेको र अनुगमन भए पनि अनुगमनबाट प्राप्त भएका सूचनाहरू प्रशोधन गरी सूचना प्रणालीमा अद्यावधि गर्ने कार्य नभएको पाइयो । यद्यपि, अनुदानमा सञ्चालित अधिकांश योजनाहरू समयमै सम्पन्न भएको कुरा सहकारी विभागबाट जानकारी पाइयो ।

### ३.५.६ सहकारी विभागको सेवाको गुणस्तर

सहकारी अनुदान कार्यक्रमले उपलब्ध गराएको अनुदान रकम निकै कम भएको भन्ने कुरा अधिकांश सहकारीहरूले बताएका थिए । तर, अनुदान लिन लागेको समयको हकमा भने त्यति धेरै गुनासो थिएन । अधिकांश अनुदान प्राप्त गरेकानमूना मा परेका सहकारीहरूले प्रस्ताव पेशगर्न र अनुदान रकमको भुक्तानीका लागि काठमाडौं नै जानुपर्ने अवस्थाको सम्बन्धमा गुनासो गरेका थिए ।




*चित्र : ४ अनुदान लिन लागेको समय (प्रतिशत)*

चित्र ४ अनुसार ५१ प्रतिशत सहकारीहरूलाई अनुदान लिनका लागि ३ महिना लागेको, ४२ प्रतिशतलाई १ महिना र ७ प्रतिशतलाई २ महिना लागेको बताएका थिए । उनीहरूको विचारमा यदि डिभिजन सहकारी कार्यालयमार्फत अनुदान रकम वितरण भएको भए यो भन्दा कम समयमा पनि रकम उपलब्ध गराउन सकिने हुन्थ्यो ।




*चित्रः ५ अनुदान प्राप्त गर्दाको विधि (प्रतिशत)*

चित्र ५ अनुसार ५१ प्रतिशत सहकारीहरूले स्वीकृत भएको रकम एकै किस्तामा प्राप्त गरेको बताए भने ४९ प्रतिशतले दुई वा तीन किस्तामा रकम प्राप्त गरेको बताए । अनुदान सञ्चालन कार्यविधिमा फरक-फरक प्रयोजनका लागि दिइने अनुदान रकमको निकासा फरक-फरक किस्तामा दिने व्यवस्था भएको तर सबै रकम एकै किस्तामा दिने कार्यविधिमा व्यवस्था नभए पनि आधाभन्दा बढि अनुदान प्राप्त गर्ने सहकारी संस्थाहरूले स्वीकृत अनुदान रकम एकै किस्तामा भुक्तानी लएको बताएका थिए । यसरी एकै किस्तामा रकम भुक्तानी दिँदा दुरुपयोगको सम्भावना बढि देखिएको छ ।

चित्र ६ अनुसार ७२ प्रतिशत सहकारीहरूले अनुदान रकम लिँदा समस्या परेको बताए भने २८ प्रतिशतले कुनै समस्या नपरेको बताए । सहकारीहरूले बताएअनुसार रकम लिनका लागि काठमाडौं नै जानुपर्ने र रकम लिनका लागि के-के कागजात पेश गर्नुपछ, सोको जानकारी नहुने र पटक-पटक धाइरहनुपर्ने हुँदा प्रशासनिक खर्च बढेको बताए । कतिपय अवस्थामा भ्याट बिलको आवश्यकता पर्ने तर पहिले नै त्यसको जानकारी नहुँदा भुक्तानी लिन समय लागेको अवस्थासमेत देखियो (नव बाम्तीभण्डार बहुउद्देश्यीय सहकारी संस्था लि, रामेछाप- अलैंची प्रशोधन) । काठमाडौं जाँदा-आउँदा कति खर्च भयो होला भनी सोध्दा उनीहरूले बताउन चाहेनन् र तर कतिपय संस्थाका पदाधिकारीहरू जहाजबाट यात्रा गरेको, एकपटक काठमाडौं आउँदा ३-४ दिन बस्नुपर्ने र दैनिक २ हजारजति खर्च हुने भएकाले साना अनुदान प्राप्त गरेका सहकारी संस्थाहरूले प्राप्त गर्ने कुल अनुदान रकमको ठूलो हिस्सा (२० देखि ३० प्रतिशतसम्म) काठमाडौं आउँदा-जाँदा नै खर्च भएको बताएका थिए ।




*चित्र : ६ अनुदान लिँदाको अवस्था (प्रतिशत)*

यसरी अनुदान कार्यक्रमको कार्यान्वयन प्रक्रिया केन्द्रीकृत गरिएकाले सहकारी संघ-संस्थाहरूको प्रशासनिक खर्च बढ्न गएको, अनुदान कार्यक्रममा पुँजीगत अनुदान बाहेक सहकारी संस्थाहरूलाई उद्योग-व्यवसाय सञ्चालनमा प्राविधिक तथा परामर्श सेवा उपलब्ध गराउने व्यवस्था नगरिएकाले अधिकांश दुर्गम क्षेत्रका लक्षित वर्गले भर्खरै स्थापना गरेका सहकारी संस्थाहरूले सञ्चालन गरेका आयोजनाबाट गरिबी न्यूनीकरणमा खासै योगदान हुन सक्ने अवस्था देखिँदैन ।

### ३.५.७ प्रभावकारी सेवा प्रवाहमा योगदान र व्यवधान खडा गर्ने तत्वहरू

गाउँ-गाउँमा सामूहिक भावना राखेर स्थापना भएका सहकारी संस्थाहरू, सहकारी संस्थाहरूलाई सङ्गठित गर्ने सहकारी जिल्ला तथा केन्द्रीय संघहरू, सहकारी विकास बोर्ड, सहकारी विभाग, सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना, गाउँ-गाउँमा विस्तार भएका सडकको संरचना, सञ्चारको सुविधा तथा आंशिक रूपमा भए पनि उपलब्ध हुने बिजुलीको सेवा विस्तार, व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने सीप विकास र व्यवस्थापन सहयोग गर्ने विभिन्न सरकारी, गैरसरकारी तथा निजी संस्थाहरूको स्थापना आदि अनुदान कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न योगदान दिने तत्वहरू हुन् ।

व्यवधान खडा गर्ने कारक तत्वहरूमा : विभिन्न सरकारी, स्थानीय, गैरसरकारी तथा निजी निकायबीच समन्वयको अभाव (आ-आफ्नै ढङ्गले कार्य गर्ने प्रणाली), भौगोलिक दृष्टिले विकट स्थानमा रहेका सहकारीहरू, यातायातको भरपर्दो सुविधा नहुनु, सहकारी विभागमा विषयगत प्राविधिक कर्मचारी नहुनु, कर्मचारीहरूको अभाव, सबै भौगोलिक क्षेत्रमा कार्यक्रम गर्नुपर्ने अवस्था, डिभिजन सहकारी कार्यालयहरूसबै जिल्लामा नहुनु, बजेट कार्यक्रमहरू समयमा प्राप्त नहुनु, राजनीतिक दबाब आदि व्यवधान खडा गर्ने कारक तत्वहरू भएको पाइयो ।

समग्रमा भन्दा सहकारी संस्थाहरूले भिन्न-भिन्न मनसायबाट अनुदान लिएकोदेखिन्छ। धेरैजसो अनुदानप्राप्त सहकारीहरूले आफूले विगतमा सञ्चालन गर्दै आएका व्यवसायहरूको विस्तार, मर्मत-सम्भार तथा प्रतिष्ठाको विषय बनाएर अनुदान लिएको समेत पाइयो । वार्षिक करोडौँको कारोबार गर्ने संस्थाहरूले पनि २-३ लाख रुपैयाँ अनुदान लिएको देखिन्छ ।

कतिपय संस्थाहरूले अनुदानबाट गर्ने भनिएका व्यवसायहरू राम्रो तरिकाले सञ्चालन नगरेको अनि कतिपयले शुरुचाहिँ गरेका व्यवसाय कुनै सदस्यलाई ठेक्कामा दिएको पनि पाइयो । यसरी संस्थाहरूको विशेषज्ञता, उनीहरूको कार्य क्षमता, उद्देश्यजस्ता विषयहरूलाई ख्याल नगरी अनुदान स्वीकृत हुँदा एकातिर सदुपयोगमा समस्या आएका छन् भने आवश्यक भएकाहरूले नपाइरहेको अवस्था पनि छ ।

जिल्ला संघहरू, बचत तथा ऋण सहकारीहरूलाई गाईपालन, बाख्रापालन, चिया प्रशोधन, दूध प्रशोधनजस्ता विषयमा अनुदान स्वीकृत हुनु, विपन्न, गरिब, दलित आदिका लागि दिएको अनुदान अति न्यून भएकाले गर्ने भनिएको कार्य सम्पन्न गर्न नसकेको अवस्था पाइयो । त्यसैले अनुदान स्वीकृत गर्दा व्यावहारिक पक्षलाई उचित ध्यान नपुगेको देखियो ।

### ३.५.८ कार्यान्वयन प्रक्रिया र रकमको पर्याप्तताबारे सेवाग्राहिको धारणा

विगत सात वर्षमा सहकारी अनुदान आयोजनाले जम्मा ३१९ वटा सहकारी संघ-संस्थाहरूलाई जम्मा रू. १८,३१,४८,४७५ अनुदान प्रदान गरेको देखिन्छ, जुन प्रति सहकारी रू. ५७४,१३३ हुन आउँछ । कुल अनुदानको करिब ४१ प्रतिशत रकम दुईवटा सहकारी संस्थाहरूलाई उपलब्ध गराएको देखिन्छ र बाँकि ५९ प्रतिशत अनुदान ३१७ वटा सहकारीसंस्थाहरूलाई वितरण भएको देखिन्छ । अनुदानको क्षेत्रगत वितरणलाई विश्लेषण गर्दा कृषि तथा पशुपालन व्यवसायका लागि प्रति व्यवसाय रू. ३२९, ८८७, कृषि-पशुजन्य वस्तु प्रशोधनमा रू. ३२१,७७० दलित पेश. ३१२,७२७, सिलाइ कटाइमा रू. २३७, ५००, भवन तथा पूर्वाधार निर्माणमा रू. ११,०८,३३३ लगानी गरेको पाइयो । लगानीको ठूलो हिस्सा राष्ट्रिय सहकारी संघको भवन निर्माणका लागि भएकाले वास्तविक सहकारीहरूमा भएको लागानी कम नै देखिन्छ । अनुदान रकम घटिमा रू. ५०,००० देखि बढिमा झन्डै रू. ५ करोड भए तापनि अधिकांश सहकारीहरूले ३ देखि ५ लाखसम्म अनुदान पाएको देखिन्छ ।

विगत सात वर्षमा वितरण भएको अनुदानको क्षेत्रगत विवरण तालीका ३.१० मा प्रस्तुत गरिएको छ । यदि दुई ठूला सहकारीका लागि वितरण गरिएको अनुदानबाहेक विश्लेषण गर्ने हो भने प्रतिसहकारी सरदर रू. ३३८,६८६ मात्र अनुदान वितरण भएको देखिन्छ ।

**तालीका : ३.१० क्षेत्रगतरूपमा वितरित सहकारी अनुदानको वर्गीकरण**

| सि. नं | उद्देश्य | अनुदान संख्या | जम्मा अनुदान रू. | प्रतियोजना अनुदान रू. |
|---|---|---|---|---|
| १ | कृषि तथा पशु उत्पादन | | | |
| १.१ | गाईपालन | ५७ | २३४५०००० | ४११४०४ |
| १.२ | बाखापालन | ४७ | १३२००००० | २८०८५१ |
| १.३ | माछा पालन | ६ | १६००००० | २६६६६७ |
| १.४ | बङ्गुरपालन | २० | ५०२५००० | २५१२५० |
| १.५ | तरकारी खेती | ३ | ६००००० | २००००० |
| | जम्मा | १३३ | ४३८७५००० | ३२९,८८७ |
| २ | साना तथा मझौला प्रशोधन उद्योग | | | |
| २.१ | दुग्ध प्रशोधन | ५५ | १४९९०९७५ | २७२५६३ |
| २.२ | महिला खाद्य उद्योग | २६ | ६०४९००० | २३२६५४ |
| २.३ | मसला-अदुवा प्रशोधन | १८ | ३९१०००० | २१७२२२ |
| २.४ | चिया प्रशोधन | १८ | १३३५०००० | २०७१०५३ |
| २.५ | उखु प्रशोधन | ६ | ३१५०००० | ५२५००० |
| २.६ | मह प्रशोधन | १८ | ४६०१२५० | २५५६२५ |
| २.७ | कफी प्रशोधन | ५ | १३६४२५० | २७२८५० |
| २.८ | सुपारी प्रशोधन | ४ | ७००००० | १७५००० |
| २.९ | जडीबुटी प्रशोधन | ६ | १२३८००० | २०६३३३ |
| २.१० | अन्य प्रशोधन उद्योग | ७ | ३०९५००० | ४४२१४३ |
| | जम्मा | १६३ | ५२४४८४७५ | ३२१७७० |
| ३ | दलित पेसा आधुनिकीकरण | ११ | ३४४०००० | ३१२७२७ |
| ४ | सिलाइ कटाइ | ४ | ९५०००० | २३७५०० |
| ५ | भवन तथा पूर्वाधार निर्माण | | | |
| ५.१ | सहकारी बजार विकास | २ | ९००००० | ४५०००० |
| ५.२ | शीतभण्डार निर्माण | २ | ५०००००० | २५००००० |
| ५.३ | तालीम हल निर्माण | १ | ५००००० | ५००००० |
| ५.६ | अन्य | १ | २५०००० | २५०००० |
| | जम्मा | ६ | ६६५०००० | ११०८३३३ |
| | कुल जम्मा | ३१७ | १०७३६३४७५ | ३३८,६८६ |
| ६ | चिया प्रशोधन उद्योग, झापा | १ | २६०००००० | २६०००००० |
| ७ | राष्ट्रिय सहकारी संघको भवन निर्माण | १ | ४९७८५००० | ४९७८५००० |
| | जम्मा | २ | ७५७८५००० | ३७८९२५०० |
| | कुल जम्मा | ३१९ | १८३१४८४७५ | ५७४,१३३ |

*श्रोत : सहकारी विभाग, वार्षिक प्रगति विवरण २०७१-७२*

**तालीकाः ३.११ माग गरेको र प्राप्त गरेको अनुदानको परिमाण**

| विवरण | जम्मा रकम रू. | प्रतिसहकारी रू. |
|---|---|---|
| सहकारीहरूबाट जम्मा माग भएको अनुदान रकम | ८४,६६९,७०० | ११,७५,९६८ |
| सहकारीहरूलाई स्वीकृत अनुदान रकम | ३०,७६९,६४७ | ४३९,५६६ |
| प्रतिशत | ३६.३ | |

**श्रोत : एनइसिपी, सहकारी संस्था फिल्ड सर्भेक्षण २०७३**

सूर्यमुखी साना किसान कृषि सहकारी संस्था लि., सिन्धुपाल्चोकले सहकारी बजार स्थापनाका लागि झन्डै १ करोड आवश्यक भएकोमा ३ लाख मात्र प्राप्त गरेको बताए । ५० लाखको योजना पेशगरेकोमा ४ लाख मात्र दिइयो खै के हो (कुबिन्डे दुग्ध उत्पादक सहकारी संस्था लि. कुबिन्डे, सिन्धुपालचोक), गाईपालनका लागि रू. १५ लाख माग गरेकोमा ५ लाख मात्र पाए(श्री अर्गानिक कृषि सहकारी संस्था लि. गजुरी धादिङ) । जम्मा ३ लाख रकम आयो के हो बुझिएन, अलैंची र चिया प्रशोधनका लागि रू. २४ लाख माग गरेकोमा जम्मा ६ लाख मात्र प्राप्त भयो (नववस्ती भण्डार बहुउद्देश्यीय सहकारी संस्था लि, रामेछाप), अदुवा प्रशोधनका लागि रू. ५ लाख माग गरेकोमा १ लाख ५० हजार मात्र स्वीकृत भयो(साना किसान कृषि सहकारी संस्था लि., ज्यामरुङ, धादिङ) ।

यसरी हेर्दा योजनाअनुसारको बजेट स्वीकत नहुँदा कतिपय सहकारीहरूले त आफ्नो आन्तरिक श्रोत बाट जोहो गरी व्यवस्थापन गरे भने कुनै कुनैले बाह्य श्रोत पनि जुटाएको बताए (सूर्यमुखी साना किसान कृषि सहकारी संस्था लि, सिन्धुपाल्चोकले सहकारी बजार स्थापनाका लागि जाइकाबाट रू. १ करोड थप अनुदान जुटाई बजारको संरचना बनाइरहेको छ ।

### ३.५.९ नपुग रकमको व्यवस्था

चित्र : ७ अनुसार व्यवसाय सञ्चालनका लागि नपुग भएका सहकारीले विभिन्न श्रोत बाटजुटाएको देखियो । प्राप्त विवरणअनुसार ४९ प्रतिशत सहकारीहरूले बैंकको ऋण र १८ प्रतिशतले अन्य श्रोत तथा २३ प्रतिशतले आन्तरिक श्रोतबाट व्यवस्थापन गरेको देखियो ।




*चित्र : ७ नपुग रकमका लागि श्रोत परिचालनको अवस्था (प्रतिशत)*

## ३.६ कार्यदक्षता (Efficiency)

सहकारी अनुदान कार्यक्रमको कार्यदक्षता सम्बन्धमा कार्यक्रमको लगानी तथा प्राप्त प्रतिफलको गुणस्तर तथा परिमाण एवं यसको प्राप्तिमा लागेको समय र लागत विश्लेषण गरी कार्यक्रमको दक्षता मुल्याङ्कन विशेषतः उत्पादकत्व, लाभ, लागत तथा लागत प्रभावकारिता विभिन्न वित्तीय सूचकहरू प्रस्ताव गरिएको थियो ।

विस्तृत सर्भेक्षणका लागि नमूनामा परेका कुल ७२ वटा सहकारीहरूमध्ये केवल ६ वटाले मात्र प्राप्त अनुदान सहकारीका सदस्यहरूलाई दामासाहीले वितरण गरेको र बाँकि सबै सहकारीहरूले अनुदानको रकमबाट आफैं उद्योग तथा व्यवसाय सञ्चालन गरेको देखियो । सहकारीहरूले अनुदान रकमबाट सञ्चालित व्यवसायको अलग्गै हिसाबसमेत राख्ने नगरेका कारण पनि कार्यदक्षताको सूचकहरूको राम्रोसँग विश्लेषण गर्न सकिएन । तैपनि, उलब्ध तथ्याङ्कहरूका आधारमा अनुदान कार्यक्रमको दक्षता विश्लेषण गर्ने प्रयास गरिएको छ ।

### ३.६.१ श्रोत उपयोग सक्षमता

सहकारी विभागले अनुदान कार्यक्रमको सोच तालीका (लग फ्रेम) तयार नगरी कार्यक्रम सञ्चालन गरिरहेको पाइयो । कार्यक्रमसुरु गरेको ३ आर्थिक वर्षपछि मात्र अनुदान कार्यान्वयन कार्यविधि तयार गरेको देखिन्छ । यसरी तर्कयुक्त खाका तयार नगरी सञ्चालनमा आएको कार्यक्रमले के काम गर्ने, त्यसका लागि कति श्रोत चाहिन्छ, श्रोत कहाँबाट प्राप्त गर्नेजस्ता विषयबारे विश्लेषण गर्ने अवस्था नै भएन । नेपाल सरकारले सालिन्दा जति बजेट विनियोजन भई त्यसैका

आधारमा कार्यक्रम सञ्चालन गरिएको पाइयो । सहकारी विभागको विगत ७ वर्षको श्रोत  विनियोजन, निकासा तथा खर्चको विवरणतालीका ३.१२ मा प्रस्तुत गरिएको छ ।

**तालीका ३.१२: श्रोत  विनियोजन तथा उपयोगको अवस्था (रकम रू. हजारमा)**

| आर्थिक वर्ष | वार्षिकविनियोजन ((रू. ०००) | वार्षिक विनियोजन वृद्धिस्तर (%) | वार्षिक निकासा ((रू. ०००) | वार्षिक खर्च (रू. ०००) | वार्षिक खर्च वृद्धि स्तर (%) |
|---|---|---|---|---|---|
| २०६५-६६ | ३११२५ | | २५१६५ | २५१६५ | १०० |
| २०६६-६७ | ३९३२५ | १२०.८५ | ३६९५६ | ३६९५६ | १३१.९१ |
| २०६७-६८ | १०४१४७ | १६४.८० | ९९६८२ | ९९६८२ | १६९.७० |
| २०६८-६९ | १८६००० | ७८.६० | ९६५३० | ९६५३० | (३.२०) |
| २०६९-७० | १२६५०४ | (३२.००) | ११६४४३ | ११६४४३ | २०.६० |
| २०७०-७१ | ११०५४० | (१२.६०) | १०३४०२ | १०३४०२ | (११.२०) |
| २०७१-७२ | १८६१४८ | ६८.४० | १७५६९३ | १७५६९३ | ६९.९० |
| कुल जम्मा | ७८३७८९ | ६४.६८ | ६५३८७१ | ६५३८७१ | ६२.९८ |
| प्रतिशत | | | ८३.५३ | १०० | |

**श्रोत : सहकारी विभाग**

तालीका ३.१२ मा सहकारी अनुदान कार्यक्रमका लागि नेपाल सरकारले आर्थिक वर्ष ०६५-६६ देखि ०७१-७२ सम्म गरेको वार्षिक बजेट विनियोजन, निकासा र खर्चको विवरण प्रस्तुत गरिएको छ । विगत७वर्षमा अनुदान कार्यक्रमका लागि श्रोत  विनियोजन सालिन्दा बढ्दै गएको र हालसम्म करिब ७८ करोड ३८ लाख विनियोजन भएको र सोमध्ये करिब ६५ करोड ३९ लाख (८३.५३%) निकासा भएको र निकासा भएको सबै रकम खर्च भएको देखिन्छ । तर, आर्थिक वर्ष ०६६-६७ को तुलनामा आर्थिक वर्ष ०६७-६८ मा विनियोजन १६४.८ प्रतिशतले र खर्च १६९.७ प्रतिशतले बढेको पाइन्छ । तर, आर्थिक वर्ष ०६७-६८ को तुलनामा अर्थिक वर्ष ०६८-६९ मा विनियोजन ७८.६ प्रतिशतले बढेपनि खर्च भने ३.२ प्रतिशतले घटेको देखिन्छ । अर्थिक वर्ष ०६९-७० मा विनियोजन ३२.५ प्रतिशतले घटेको र खर्च २०.६ प्रतिशतले बढेको छ । आर्थिक वर्ष ०७०-७१ मा विनियोजन रकम १२.६ प्रतिशतले र खर्च ११.२ प्रतिशतले घटेको देखिन्छ ।

विगत सात वर्षको वार्षिक विनियोजन, निकासा र खर्च गरिएको रकमको विश्लेषण गर्दा सहकारी सुदृढीकरण आयोजनामा श्रोत को विनियोजन तथा खर्चको निरन्तरता देखिए तापनि निश्चिता भने देखिँदैन । आयोजनाको विनियोजनमा सहकारी विभागको कुनै भूमिका नभए पनि खर्च कम हुनुमा विभागको खर्चगर्ने क्षमता कम भएको देखिन्छ । यस्तो हुनुमा समयमा प्रस्तावहरूआह्वान नहुनु तथा मुल्याङ्कन समयमा नहुनु र खर्च गर्ने क्षमतामा शङ्का गर्दै मन्त्रालयले बजेट विनियोजन कम गर्ने र अर्को वर्ष खर्च बढेपछि विनियोजन बढाउने गरेको पाइयो । त्यसैले आयोजनाको तर्कयुक्त खाका तयार नगरी हचुवाकै भरमा वार्षिक कार्यक्रम बजेट तर्जुमा गर्ने गरेको र सोहीअनुसार मन्त्रालयबाट कार्यक्रम बजेट पेशभई स्वीकृत हुने गरेको देखिन्छ ।

अर्कोतर्फ सहकारी विभागसँग कर्मचारीहरूको दरबन्दी पनि आवश्यकताअनुसारको नभएको पाइयो । प्राविधिक विषयहरूमा अनुदान वितरण भएको तर सम्बन्धित प्राविधिकहरूको दरबन्दी सहकारी विभागमा नभएको र कार्यक्रम अनुगमनका लागि हालसम्म कुनै संरचना निर्माण भएको समेत पाइएन र अनुगमनका लागि बजेट पनि न्यून भएको विभाग तथा डिभिजन कार्याहरूबाट जानकारी पाइयो । जिल्लामा रहेका विभिन्न सरकारी विषयगत कार्यालयहरूसँग समन्वय गर्ने भनिए पनि जिल्लास्तरमा समन्वयको संयन्त्र र आवश्यकबजेटको व्यवस्था गरिएको देखिएन । तर, यस्तै अनुदानका कार्यक्रमहरू जिल्ला कृषि विकास कार्यालय, पशुसेवा कार्यालयहरूले पनि सञ्चालन गरिरहेका र ती निकायहरूको आर्थिक अनुदानको परिमाण पनि बढी हुनुका साथै आवश्यक प्राविधिक सेवासमेत आवश्यकताअनुसार उपलब्ध गराउने व्यवस्था रहेको पाइयो । त्यसैले सहकारी विभागले यसप्रकारको अनुदान कार्यक्रमलाई अन्य सरकारी निकायहरूबीच समन्वय गरी अनुदानमा दोहोरोपना हटाउनु आवश्यक देखिन्छ ।

### ३.६.२ प्रति रोजगार औषत लागत

विस्तृत अध्ययनका लागि नमूना छनोटमा परेका सहकारी संघ-संस्थाहरूका मुख्य सूचनादाता र सहकारीका प्रतिनिधिहरूसँगको अन्तर्वार्ताका आधारमा प्रति सहकारी उद्यम व्यवसायबाट ३.६३ रोजगारी सिर्जना भएको देखिन्छ । यसरी कुल ३१९ वटा सहकारी उद्यम तथा व्यवसायबाट हालसम्म जम्मा ११५८ थप रोजगारी सिर्जना भएको अनुमान गरिएको छ, जुन वार्षिक लक्ष्यको करिब ७ प्रतिशत मात्र भएको देखिन्छ । प्रति रोजगारी सिर्जन गर्न रू. १५८,०५५ अनुदान खर्च भएको देखिन्छ । तर, सहकारी संघ-संस्थाहरूले गरेको लगानी समेत गणना गर्ने हो भने प्रति रोजगारी सिर्जन गर्न रू. ३१९,००८ खर्च भएको देखिन्छ ।

### ३.६.३ प्रतिसहकारी उद्योग-व्यवसायको लागत

अनुदान प्राप्त सहकारी सहकारी संघ-संस्थाहरूले अनुदानबाहेक के-कति लगानी गरेका छन् भन्ने यकिन तथ्याङ्क प्राप्त भएन, तर सहकारी विभागबाट उपलब्ध अनुदान कार्यक्रमको अभिलेखबाट प्रतिसहकारी परियोजनालाई रू.५७३,७४१ अनुदान वितरण भएको पाइयो । तर,नमुना छनोटमा परेका सहकारी संघ-संस्थाहरूको कुल पुँजीगत लगानी प्रतिव्यवसाय करिब ११,७१,००० रहेको र सहकारी विभागबाट उपलब्ध गराएको अनुदानको हिस्सा कुल पुँजीगत लागतको करिब ३६ प्रतिशत रहेको देखिन्छ ।

**तालीका ३.१३: प्रति उद्यम-व्यवसायको लागत**

| आर्थिक वर्ष | कार्यक्रमको वार्षिक खर्च (रू. हजारमा) | सहकारीहरूलाई वार्षिक अनुदान (रू. हजारमा) | वार्षिक खर्चको अनुदान अंश (प्रतिशत) |
|---|---|---|---|
| २०६५-६६ | २५१६५ | ६,८४८ | २७.२१ |
| २०६६-६७ | ३६९५६ | ८,६३५ | २३.३७ |
| २०६७-६८ | ९९६८२ | २१,७८५ | २१.८५ |
| २०६८-६९ | ९६५३० | ६९,५३० | ७२.०३ |
| २०६९-७० | ११६४४३ | ३०,४५० | २६.१५ |
| २०७०-७१ | १०३४०२ | २३२०० | २२.४४ |
| २०७१-७२ | १७५६९३ | २२,५७५ | १२.८५ |
| **जम्मा खर्च** | **६५३,८७१** | **१८३,०२३** | **२८.०२** |
| प्रतिउद्यम लागत | २०,४९,७५,२५१ | ५,७३,७४१ | |

**श्रोत : सहकारी विभाग**

सहकारी अनुदान कार्यक्रमअन्तर्गत सहकारी विभागले विगत७आ.व. मा जम्मा ६५,३८,७१,०००।- खर्च गरेकामध्ये ३१९ सहकारी संघ-संस्थाहरूलाई प्रतिसंस्था सरदर रु. ५७३,७४१।- का दरले जम्मा रू. १८,३०,२३,०००।- रकम मात्र अनुदान वितरण गरेको देखिन्छ, जुन कुल खर्चको करिब २८ प्रतिशत मात्र हुन आउँछ । कार्यक्रमको ७२ प्रतिशत रकम के-केमा खर्च भयो, त्यसबारे सहकारी विभागबाट स्पष्ट जानकारी प्राप्त भएन ।

## ३.७ प्रभाव (Impact)

यस सहकारी अनुदान कार्यक्रमबाट आशातीत परिणाम हासिल भए-नभएको तथा ती परिणाम हासिल गर्नमा यी कार्यक्रमलाई कति श्रेय दिन सकिन्छ भन्ने विश्लेषण गरेर प्रभाव मुल्याङ्कन गरिएको छ । त्यसका आधार सूचकहरू निम्नअनुसार छन् :

### ३.७.१ सहकारीको सदस्य संख्यामा वृद्धि

तालीका ३.१४ अनुसार अनुदान अधि सर्भेक्षण गरिएका सहकारीहरूका कुल सदस्य १४,३०६ भएकोमा हाल (अनुदान कार्यक्रम पछि) यो संख्याबढेर ३४,९७९ पुगेको देखिएको छ । विगत ७ वर्षमा अनुदानप्राप्त सहकारीहरूमा सदस्यहरूको संख्यात्मक वृद्धि १४४.५ प्रतिशत भएको पाइएको छ । अनुदानप्राप्त सहकारीहरूमा सदस्य संख्यामा

देखिएको वृद्धि अनुदान कार्यक्रमको प्रभावबाट भन्दा पनि सहकारीहरूको बचत तथा ऋण कार्यक्रमको विस्तारको भूमिकाले गर्दा बढिरहेको देखिन्छ ।

**तालीकाः ३.१४ सहकारीमा सदस्यहरको वृद्धिको स्तर (अनुदान प्राप्त हुनुअघि र पछि)**

| विवरण | संख्या | महिला | पुरुष | दलित |
|---|---|---|---|---|
| हालको जम्मा सेयर सदस्य | ३४९७९ | १७६८९ | १७२९० | १६३८ |
| अनुदानअघिको सदस्य संख्या | १४३०६ | प्राप्त नभएको | प्राप्त नभएको | प्राप्त नभएको |
| सदस्य वृद्धि प्रतिशत | १४४.५ | | | |

**श्रोत : एनइसिपी, सहकारी संस्था फिल्ड सर्भेक्षण २०७३**

### ३.७.२ सहकारी सदस्यहरूको आयमा अनुदानको योगदान

यो अध्ययनले सहकारी अनुदान कार्यक्रमबाट करिब १० प्रतिशत सहकारी सदस्यहरूको आम्दानीमा वृद्धि गर्न सहयोग पुगेको पाइएको छ । यो संख्या सहकारीहरूले प्राप्त अनुदान सदस्यहरूलाई वितरण गरेको सहकारी संस्थाका सदस्यहरूको मात्र हो । बाँकी सहकारीका सदस्यहरूले प्रत्यक्ष रूपमा अनुदान प्राप्त नगरेकाले अप्रत्यक्ष रूपमा मात्र लाभान्वित हुने भएकाले सदस्यहरूको उत्पादनमा अनुदान कार्यक्रमबाट खासै प्रत्यक्ष सहयोग पुगेको देखिँदैन ।

**तालीका : ३.१५ सदस्यहरूको आम्दानीमा अनुदान कार्यक्रमको प्रभाव**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सहयोग पुगेको | १०३ | ९.६० |
| सहयोग नै पाएको छैन | ८५९ | ७९.७० |
| जानकारी छैन | ११६ | १०.८० |
| जम्मा | १०७८ | १००.०० |

**श्रोत : एनइसिपी, घरधुरी सर्भेक्षण २०७३**

### ३.७.३ सदस्यको आयवृद्धि तथा गरिबी निवारणमा योगदान

सहकारी अनुदान कार्यक्रमले सहकारी संस्थाका सदस्यहरूको जीवनस्तर सुधार्नका लागि धेरथोर योगदान पुगेको कुरा सहकारी संस्थाका मुख्य सूचनादाताले बताएका थिए । मुख्य सूचनादाताहरुमध्ये करिब ३३ प्रतिशतले शिक्षामा ठीकै प्रभाव परेको बताएका थिए भने २१ प्रतिशतले राम्रो प्रभाव परेको भन्दा १८ प्रतिशतले भने खासै प्रभाव नपरेको बताए । त्यसैगरी, ३९ प्रतिशतले स्वास्थ्यमा ठीकै प्रभाव परेको बताएका थिए भने २२ प्रतिशतले खासै प्रभाव नपरेको बताएका थिए भने ११ प्रतिशतले राम्रो प्रभाव परेको बताएका थिए । अनुदान कार्यक्रमले सदस्यहरूको घरव्यवहार चलाउन सजिलो भएको कुरा पनि बताए । करिब ४७ प्रतिशतले ठीकै प्रभाव परेको, १२ प्रतिशतले राम्रो प्रभाव परेको र १३ प्रतिशतले खासै प्रभाव परेन भनेका थिए । अर्कोतर्फ १४ प्रतिशतले चाडपर्व मनाउन राम्रो सहयोग पुगको, ४६ प्रतिशतले ठीकै प्रभाव परेको र १२ प्रतिशतले खासै प्रभाव नपरेको बताएका थिए ।

**तालीका : ३.१६ सदस्यहरूको जीवनस्तर सुधारमा पुगेको योगदान (बहुउत्तर)**

| विवरण | राम्रो प्रभाव पार्‍यो | ठिकै प्रभाव पार्‍यो | प्रभाव पारेन |
|---|---|---|---|
| शिक्षा | २१ | ३३ | १८ |
| स्वास्थ्य | ११ | ३९ | २२ |
| घर व्यवहार चलाउन | १२ | ४७ | १३ |
| चाड पर्व | १४ | ४६ | १२ |

**श्रोत : एनइसिपी, सहकारी संस्था फिल्ड सर्भेक्षण २०७३**

### ३.७.४ सहकारी संस्थाहरूको वार्षिक आम्दानीमा वृद्धि

अधिकांश पुरानै सहकारी संस्थाहरूले अनुदान प्राप्त गरेका छन् । उनीहरूले आफूले गर्दै आएका व्यवसायको स्तरोन्नति वा मर्मत-सम्भारको कार्यमा अनुदान रकम खर्च गरेका छन् र कुनै पनि सहकारीले अनुदान रकमबाट सञ्चालन गरेको उद्यमको छुट्टै हिसाब राखेका छैनन् । त्यसैले अनुदानकै कारणबाट सहकारीका सदस्यहरूको वार्षिक आम्दानीमा कति प्रभाव परेको छ भनेर यकिनसाथ किटान गर्न सक्ने अवस्था देखिएन ।

### ३.७.५ सहकारी संस्थाहरूको उत्पादन र बिक्रीमा भएको वृद्धि

माथि ३.६.४ मा उल्लेख भएजस्तै अनुदान कार्यक्रमको मात्र अलग्गै हिसाब नराखेकाले यसको निर्क्यौल हुन सकेन ।

### ३.७.६ सहकारी संस्थाले सिर्जना गरेको रोजगारी

अनुदान कार्यक्रमबाट प्राप्त अनुदान सहकारीहरूले आफ्नो पुरानो व्यवसायलाई विस्तार मात्र गरेका कारण कति रोजगारी सिर्जना भए भन्ने कुरा यकिन गर्न सकिएन । तालीका ३.२७ मा सहकारी संस्थाहरूमा हाल कार्यरत कामदारका आधारमा रोजगारी सिर्जनाको अवस्था विश्लेषण गरिएको छ । हालको अवस्थामा ५८.३३ प्रतिशत सहकारीहरूको कार्यालयमा तलबमा कामगर्ने कर्मचारी रहेको र ४१.६७ प्रतिशत सहकारी संघ-संस्थाहरूमा पूर्णकालीन काम गर्ने तलबी कर्मचारी कार्यरत नै नरहेको अवस्थामा थप रोजगारी सिर्जना भएको देखिएन । समग्रमा अध्ययनका लागि छनोटमा परेका नमूना सहकारी संघ-संस्थाहरूमा प्रति सहकारी सरदर ३.२१ जनाले प्रत्यक्ष रोजगारी पाइरहेका र ४.२ जना स्वरोजगार रहेको पाइएको छ । सहकारी अनुदान कार्यक्रमले समग्रमा प्रति सहकारी औषतमा करिब ३.६३ थप नयाँ रोजगारी सिर्जना भएको देखिन्छ । अनुदान प्राप्त सहकारी संघ-संस्थाहरूमा थप रोजगारीको संख्या तालीका ३.१७ मा प्रस्तुत गरिएको छ ।

**तालीका ३.१७: सहकारीहरूमा रोजगारी सिर्जनाको अवस्था**

| विवरण | संख्या | प्रतिशत | जम्मा रोजगारी | औसत रोजगारी |
|---|---|---|---|---|
| कार्यालय खोली रोजगारी सिर्जना गर्ने सहकारीको संख्या | ४२ | ५८.३३ | १३५ | ३.२१ |
| कार्यालय नभएका तर सदस्यहरू स्वरोजगार भएका सहकारी संख्या | ३० | ४१.६७ | १२६ | ४.२० |
| जम्मा | ७२ | १०० | २६१ | ३.६३ |

**श्रोत : एनइसिपी, सहकारी संस्था सर्भेक्षण २०७३**

## ३.८ दिगोपना (Sustainability)

अनुदान प्राप्त सहकारीले स्थापना गरेका साना तथा मझौला प्रशोधन उद्योग तथा व्यवसायहरूको निरन्तरता र तिनीहरूको दीगो आम्दानीको विश्लेषण जस्ता सूचकका आधारमा दीगोपना मुल्याङ्कन गरिएको छ ।

### ३.८.१ नतिजाहरूको दीगोपना

#### क.उद्योग-व्यवसायको निरन्तरता

अनुदानप्राप्त सहकारीहरूले स्थापना गरेका साना तथा मझौला उद्योग प्रशोधन व्यवसायहरूको निरन्तरताको अवस्थालाई विश्लेषण गर्न अनुदान पाएका सहकारीलाई ५ वर्गमा वर्गीकरण गरिएको छ । अनुदान प्राप्त सहकारी संघ सस्थाहरुले स्थापना गरेका सहकारी ब्यबसायहरुको अबस्था तालीका ३.१८ मा प्रस्तुत गरिएको छ । तालीका ३.१८ अनुसार कुल ७२ व्यवसायहरूमध्ये करिब ६० प्रतिशत व्यवसाय सञ्चालनमा रहेको पाइयो । जसमध्ये, खाद्य प्रशोधन ८३.३ प्रतिशत, कृषि-पशु जन्य उत्पादनको प्रशोधन ६८.६ प्रतिशत, कृषि व्यवसाय (माछापालन, तरकारी खेती)को ५० प्रतिशत, पशुपालनको ४४ प्रतिशत र अन्य ३७.५ प्रतिशत व्यवसायहरू सञ्चालनमा रहेको पाइयो । त्यसैगरी, खाद्य पशोधन (चामल, तोरी तेल, पिसानी आदि) दुग्ध व्यवसायहरूजस्ता दैनिक जनजीवनसँग प्रत्यक्ष सरोकार राख्ने उद्योग, उच्च मूल्यका कृषिजन्य उत्पादनहरू (मह, अलैंची) आदि व्यवसायहरू निरन्तर रूपमा सञ्चालनमा रहेका छन् भने

अन्य रोजगारमूलक व्यवसायहरू, जस्तै : सिलाइकटाइ, अदुवा प्रशोधन, कफी प्रशोधन व्यवसायहरू धेरैजसो सञ्चालनमा नै नरहेको पाइयो । अदुवा प्रशोधनका सबै व्यवसायहरू बन्द रहेको पाइयो ।

**तालीका : ३.१८ उद्योग-व्यवसायको अवस्था**

| व्यवसाय | जम्मा व्यवसाय संख्या | चालू रहेका व्यवसाय संख्या | चालू रहेका व्यवसाय (प्रतिशत) |
|---|---|---|---|
| पशुपालन | २५ | ११ | ४४.० |
| कृषि व्यवसाय | २ | १ | ५०.० |
| खाद्य प्रशोधन | ६ | ५ | ८३.३ |
| कृषि-पशुजन्य उत्पादन प्रशोधन | ३२ | २२ | ६८.६ |
| विविध | ८ | ३ | ३७.५ |
| जम्मा | ७२ | ४३ | ५९.७ |

**श्रोत : एनइसिपी, सहकारी संस्था सर्भेक्षण २०७३**

बंगुर तथा गाईपालनका व्यवसायहरू सञ्चालनमा आएको भए तापनि धेरैजसो निकै कम क्षमतामा सञ्चालनमा रहेका छन र सबै व्यावसायिक फारमहरू घाटामा सञ्चालन भइरहेकाले ती व्यवसायहरू दीगोरूपमा सञ्चालन हुने सम्भावना न्यून रहेको देखिन्छ । भूकम्पका कारण सिन्धुपाल्चोकका २, धादिङको १ र रामेछापको १ गाईपालन व्यवसायलाई नोक्सान पुगेको पाइयो भने कञ्चनपुरको एक बंगुरपालन व्यवसाय सञ्चालनमा नै नआएको भेटियो । त्यसैगरी, इलाममा सञ्चालित गाई तथा बंगुरपालन व्यवसायहरू अहिले नै पूर्णरूपमा सञ्चालनमा नरहेको र बन्द हुने अवस्थामा रहेको छ । त्यसैगरी, हरियाली चिया उत्पादन सहकारी सस्थ लि. इलामले चिया प्रशोधन उद्योग स्थापना गर्न लगेको अनुदानबाट एउटा मेसिन खरिद गरेको तर दुई वर्षदेखि उक्त मेसिन सहकारीको अध्यक्षको घरमा थन्किएको अवस्था छ । त्यसैगरी, जिल्ला चिया उत्पादक सहकारी संघ, इलामले चिया प्याकेजिङ उद्योग स्थापना गर्न भनी लिएको अनुदानबाट एउटा चिया प्याकेजिङ मेसिन खरिद गरेको र सो मेसिन पनि विगत दुई वर्षदेखि स्टोरमा थन्किएको पाइयो । यसरी अनुदानबाट सञ्चालन गर्ने भनिएका अधिकांश उद्योग व्यवसायहरू स्थापना नै नभएका र करिब ६० प्रतिशत उद्योग व्यवसाय स्थापना भई हाल सञ्चालनमा रहेको भए तापनि अधिकांश ती उद्योग व्यवसायहरू पनि निरन्तर सञ्चालन हुने सम्भावना निकै कम रहेको छ ।

**ख.सम्बद्ध निकायहरूसँगको अन्तरसम्बन्ध र सहयोग**

तालीका ३.१९ अनुसार विभिन्न सहकारी संस्थाहरूले जिल्लास्थित विभिन्न संस्थाहरूले उनीहरूलाई सहयोग गर्दै आएका छन् । प्राप्त सूचना अनुसार, ५१.४ प्रतिशत सहकारी संस्थाहरूले विभिन्न सरकारी, गैरसरकारी संस्थासँग समन्वय गरी प्राविधिक तथा आर्थिक सहयोगसमेत प्राप्त गर्ने गरेकाछन् भने ४८.६ प्रतिशतले कुनै पनि सहयोग लिएको पाइएन । यसरी सहयोग प्राप्त गर्ने संस्थाहरूले सञ्चालन गरेका परियोजनाहरू निरन्तर चल्न सक्ने आधार देखिन्छ ।

**तालीकाः ३.१९ अन्य निकायसँगको सम्बन्ध र सहयोगको अवस्था**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सहयोग पाएको | ३७ | ५१.४ |
| सहयोग नपाएको | ३५ | ४८.६ |
| जम्मा | ७२ | १०० |

**श्रोत : एनइपिसी, सहकारी संस्था, फिल्ड सर्भेक्षण २०७३**

यसबारेमा सहकारी संस्थाका सूचनादातालाई प्रश्न राख्दा हाल चालू अवस्थामा रहेका सहकारी उद्योग व्यवसायहरू पनि भविष्यमा थप अनुदान प्राप्त नभए निरन्तर रूपमा चल्न नसक्ने बताएका थिए ।

तालीका : ३.२० अनुसार, २२.२ प्रतिशत सहकारीका सूचनादाताहरूले सबै परियोजनाहरू निरन्तर चल्न सक्छन् भनेका थिए, २५ प्रतिशतले आधाजति चल्लान् भन्ने प्रतिक्रिया दिएका भने ५२.८ प्रतिशतले थप अनुदान नपाए प्रायः जसो परियोजनाहरू चल्न सक्दैनन् भन्ने कुरा बताएका थिए । यो आँकडा हाल चालू अवस्थामा रहेका ५९.७ प्रतिशत सहकारी ब्यबसायहरुको संख्यासँग मिल्दोजुल्दो छ ।

**तालीका : ३.२० व्यवसायहरूको भविष्य र दीगोपनाको स्तर**

| विवरण | संख्या | प्रतिशत |
|---|---:|---:|
| सबै परियोजनाहरू निरन्तर चल्न सक्छन् | १६ | २२.२ |
| आधाजसो परियोजनाहरू निरन्तर चल्न सक्छन् | १८ | २५.० |
| थप अनुदान नपाए प्रायःजसो परियोजनाहरू चल्न सक्दैनन् | ३८ | ५२.८ |
| जम्मा | ७२ | १०० |

**श्रोत : एनइसिपी, सहकारी संस्था, फिल्ड सर्भेक्षण २०७३**

स्थलगत अध्ययन र सम्बद्ध संस्थाका व्यक्तिहरूसँग छलफल गर्दा दुग्धजन्य व्यवसाय, महिला खाद्य तथा मह प्रशोधन जस्ता उद्योग व्यवसायहरू प्रायः सबै निरन्तर रूपमा सञ्चालन हुने देखिन्छ । दलित पेशा सुधार, गाईपालन, बंगुरपालन, बाखापालन, कफी प्रशोधन, सुपारी प्रशोधन जस्ता उद्योग व्यवसायहरू दीगोरूपमा सञ्चालन हुने सम्भावना निकै कम छ । कतिपय परियोजनाहरू न्यून लगानीका कारणले, कतिपय व्यवसायहरू आवश्यक न्यूनतम पूर्वाधार र सम्भाव्यता अध्ययनबिना नै स्थापना गरिएकाले पनि अधिकांश व्यवसायहरू निरन्तर रूपमा सञ्चालन हुनेमा विश्वस्त हुने आधारहरू देखिँदैन ।

### ग. रोजगारीको निरन्तरता

हाल सञ्चालनमा रहेका अनुदान प्राप्त परियोजनाबाट केही थप रोजगारी सिर्जना भएको देखिए पनि अधिकांश परियोजनाहरू सञ्चालनमा आउन नसकेका, कतिपय सञ्चालनमा आए पनि बन्द भएकाले रोजगारी सिर्जनामा खासै योगदान पुगेको देखिँदैन । सञ्चालन भइरहेका अधिकांश परियोजनाको निरन्तरता प्रति स्वयं सहकारी संस्थाका सञ्चालकहरू नै रोजगारीको निरन्तरता प्रति कमै विश्वस्त देखिन्छन् । हाल सञ्चालित अधिकांश सहकारी संस्थाहरूले पुरानै कर्मचारीहरूबाट काम गरिरहेका र प्राप्त अनुदान लगानीबाट खासै व्यवसायमा वृद्धि हुन नसकेकाले थप भएका रोजगारीको निरन्तरताको सम्भावना निकै न्यून देखिन्छ ।

## ३.८.२ आर्थिक पक्षको दीगोपना

### क. आर्थिक श्रोत परिचालन

चित्र ८ अनुसार, सहकारी संस्थाहरूबाट प्राप्त सूचना अनुसार १७ प्रतिशतले अनुदान रकम छुट्टै खातामा राखेको, ३४ प्रतिशतले एउटै खाताबाट सञ्चालन गरेको र बाँकि ४९ प्रतिशतले जवाफ नै नदिएको पाइयो ।




*चित्र : ८ अनुदान रकमको लेखांकनको अवस्था (प्रतिशत)*




*चित्रः ९ अनुदानको रकमउपयोग विधि*

चित्रः ९. अनुसार ८९ प्रतिशत सहकारीहरूले अनुदान रकम आफैंले उपयोग गरी व्यवसाय गरेको र ११ प्रतिशत सहकारीहरूले आफ्ना सेयर सदस्यहरूहरूलाई व्यवसाय गर्न अनुदान वितरण गरेको देखियो ।

चित्रः १० अनुसार ९७ प्रतिशत सहकारी संस्थाहरूले नियमित रूपमा वार्षिक साधारणसभा गर्ने गरेका, १ सय प्रतिशतले स्थायी लेखा नम्बर लिएका, ९९ प्रतिशतले कर चुक्ता प्रमाणपत्र लिएको भेटियो । अध्ययन गरिएका प्रायः सबै सहकारी संस्थाहरूले सहकारी ऐनले तोकेबमोजिमका कानुनी सर्तहरू पालना गर्ने गरेका पाइए तापनि अधिकांश सहकारी संघ-संस्थाहरू सहकारी शिक्षा, योगदानमा आधारित लाभ आदिका बारेमा अनभिज्ञ रहेको र संस्थाहरूले पनि ती कुराहरूमा जोड दिने नगरेको देखियो ।

समान हैसियत, समान सहभागिता जस्ता कुराहरू ज्यादै कम अझ नगन्य मात्र सहकारीले अवलम्बन गरेको पाइयो । यसरी हेर्दा हाल सञ्चालित सहकारीहरू प्रचलित सहकारीका सिद्धान्त, मूल्य र मान्यता अनुसार सञ्चालन भएको पाइएन ।



*चित्रः १० लेखा प्रणाली र आर्थिक सुशासनको अवस्था (प्रतिशत)*

चित्रः ११ अनुसार ४६ प्रतिशत सहकारीहरूले मात्र बचत परिचालन गर्ने गरेको तर ५४ प्रतिशतले कुनै किसिमको बचत कार्यक्रम सञ्चालन गरेको पाइएन । यसरी सहकारीहरूले बचत कार्य सञ्चालन नगर्दा सहकारी संस्थाहरूसँग सदस्यहरूको सम्पर्क नै कम हुने र क्रमशः धेरैसदस्यहरू निष्क्रिय रहने गरेको पाइयो ।



*चित्रः ११ बचत परिचालनको अवस्था*



*चित्रः १२ सहकारीहरूको वित्तीय अवस्था*

चित्रः १२ अनुसार ७३ प्रतिशत सहकारीहरू गत ३ वर्ष यता नाफामा रहेका, ११ प्रतिशत घाटामा रहेका र १५ प्रतिशत सहकारीहरूले यसको जवाफ नै नदिएको पाइयो । यसरी हेर्दा समग्रमा सहकारी संस्थाहरूको आर्थिक अवस्था नराम्रो भन्न नमिले तापनि अधिकांश सहकारीका सदस्यहरूले सहकारीबाट प्रत्यक्ष आर्थिक लाभ भने नपाएको देखिन्छ ।

चित्रः १३ अनुसार ५५ प्रतिशत सहकारी संस्थाहरूले लाभांश वितरण गरेका, २८ प्रतिशतले लाभांश वितरण नगरेका र १७ प्रतिशत सहकारीले लाभांश वितरण गरे नगरेकोबारे बताउन नचाहेका देखियो । नाफामा गएका सहकारीहरू ७३ प्रतिशत भए पनि लाभांश वितरण गर्ने सहकारीहरू ५५ प्रतिशत मात्र रहेको पाइयो ।



*चित्रः १३ लाभांशवितरणको अवस्था*

**ख. सहकारी अनुदान कार्यक्रमको निरन्तरता**

सहकारी विभाग गरिबी निवारण तथा सहकारी मन्त्रालयअन्तर्गत आएको धेरै समय भएको छैन र अनुदानका कार्यक्रमहरूसञ्चालन गर्न आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने तथा अनुगमन तथा मूल्याङ्कनको संरचना तयार भई नसकेको अवस्थामा यथास्थितिमा यो कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न सक्ने देखिँदैन । यसै आयोजनाअन्तर्गत सहकारी विभागको सङ्गठन र व्यवस्थापन सर्भेक्षण गर्ने कार्य अघि बढेको जानकारी भएकाले निकट भविष्यमा नै विभागको साङ्गठनिक पुनर्गठन भईआवश्यक जनशक्ति र पर्याप्त रकमको व्यवस्था भएमा मात्र यो र यस्तै अन्य सहकारी विकासका कार्यक्रमहरू सञ्चालन गर्न सक्ने देखिन्छ ।

प्रत्येक जिल्लामा रहेका विभिन्न प्रकृतिका सहकारी संघ-संस्थाको संख्या, सदस्य संख्या (महिला-पुरुष), सेयर पुँजी, बचत परिचालन, लगानी र प्रत्यक्ष रोजगारी लगायतका अन्य कारोबारको विषयमा प्राप्त जानकारी तथा सूचनाहरू कम्प्युटरकृत गरी अभिलेख तयार गर्ने व्यवस्था सुरु गरिएको पाइयो । प्रत्येक डिभिजन सहकारी कार्यालयहरूमा सूचनालाई अद्यावधि गर्ने र प्रकाशन गर्ने कार्यहरू पनि हुँदै आएको र ३८ डिभिजन सहकारी कार्यालयबाट आफ्नो प्रादेशिक कार्य क्षेत्रभित्रका सहकारी संघ-संस्थाहरूको प्रोफाइल तयार हुँदै आएको जानकारीसमेत पाइयो । यसरी सहकारी विभागले आफ्नो क्षमता अभिवृद्धि गर्दै लगेको पाइन्छ । तैपनि, यस्ता अनुदान कार्यक्रमहरू सञ्चालन गर्न बृहत् संरचनाको आवश्यकता पर्ने भएकाले विशेष पहलको आवश्यकता देखिन्छ ।

यद्यपि, सहकारी तथा गरिबी निवारण मन्त्रालय तथा सहकारी विभागमा सहकारी अनुदान कार्यविधिले तोकेका क्षेत्रका लागि आवश्यक प्राविधिक सेवा र सल्लाह दिने जनशक्ति नभएको अवस्थामा यस्ता कार्यक्रमहरू सञ्चालन गर्न

प्राविधिक जनशक्ति अतिनै आश्यक देखिन्छ । स्थलगत अध्ययनका क्रममा जिल्लास्तरीय अन्य सरकारी निकायहरू, जस्तै : जिल्ला कृषि विकास तथा जिल्ला पशुसेवा कार्यालयबाट पनि यस्तै खाले अनुदानका कार्यक्रमहरू (युवा स्वरोजगार कार्यक्रमहरू) सञ्चालन भइरहेको पाइयो । त्यसैगरी घरेलु तथा साना उद्योग विकास कार्यक्रमले लघु उद्यम विकास कार्यक्रमले पनि समान प्रकृतिका सहकारी व्यवसाय-उद्यम कार्यक्रमहरूसञ्चालन गरेको पाइयो । खासगरी लघु उद्यम विकास कार्यक्रमले उद्यम विकासका लागि सीप विकासको क्षेत्रमा कार्य गर्ने गरेको पाइयो । यस सन्दर्भमा खासगरी कृषि विकास तथा पशुपक्षी विकास मन्त्रालय र उद्योग मन्त्रालयसँगको कार्यगत समन्वय नहुँदासम्म अनुदानका यस्ता कार्यक्रम सहकारी विभागबाट सञ्चालन गर्नु त्यति प्रभावकारी हुँदैन । तसर्थ, सहकारी तथा गरिबी निवारण मन्त्रालयले यस्ता सहकारी अनुदानका कार्यक्रमलाई निरन्तरता दिने कि बन्द गरी सहकारी क्षेत्रको संस्थागत विकासका क्षेत्रहरूमा मात्र केन्द्रित हुने निर्णय गर्नुपर्ने देखिन्छ ।

### ३.८.३ प्राविधिक पक्षको दीगोपना

### क. आवश्यक पर्ने ज्ञान, सीप र दक्ष जनशक्तिको उपलब्धता र त्यसको श्रोत

कार्यक्रमका लागि आवश्यक पर्ने प्राविधिक ज्ञान, सीप र दक्ष जनशक्तिका लागि जिल्लास्थित विषयगत कार्यालहरूबाट उपलब्ध गर्ने कुरा अनुदान सञ्चालन कार्यविधिमा समेत उल्लेख भएको र सोहीअनुसार कार्य भएको जानकारी सहकारी विभागबाट प्राप्त भएको थियो । यसरी कार्यविधि तयार हुँदा सहकारी विभाग कृषि तथा सहकारी मन्त्रालय मातहतमा रहेकाले उक्त अवस्थामा यो प्रणालीले काम गरेको भए पनि सहकारी विभाग, सहकारी तथा गरिबी निवारण मन्त्रालय माताहतमा आएपछि समन्वयको अभाव भएको पाइयो ।

सहकारी अनुदान कार्यक्रममा सहकारी सदस्यहरूलाई आवश्यक प्राविधि, सीप तथा व्यावसायिक क्षमता बढाउने खालका तालीम तथा प्राविधिक सेवा प्रदान गर्ने व्यवस्था नभएकाले अनुदानप्राप्त सहकारी संस्थाहरू अलमलमा परेको देखियो । यसले गर्दा व्यवसाय सञ्चालनमा ढिलाइ हुनुका साथै कार्य सम्पादन क्षमतामा समेत कमी रहेको देखियो । अधिकांश अनुदानप्राप्त गरेका सहकारीहरूले पहिलोपटक त्यस्ता व्यवसायहरू सञ्चालन गर्ने प्रयास गरेको र आवश्यक प्राविधिक ज्ञान र सीप र उपयुक्त प्रविधिको छनोट गर्ने क्षमताको कमीले समेत धेरै सहकारी संस्थाहरूले सञ्चालन गरेका व्यवसायहरू सफल नभएको पाइयो । पुराना स्थापित सहकारी संस्थाहरूले जिल्ला स्थित कृषि विकास कार्यालय, पशुसेवा कार्यालय, लघुउद्यम विकास, घरेलु तथा साना उद्योग कार्यालय तथा विभिन्न गैरसरकारी संस्थाहरूबाट सहयोग प्राप्त गरेका भए पनि अधिकांश नयाँ विकट क्षेत्रका संस्थाहरूले आवश्यक प्राविधिक सहयोग नपाएको पाइयो ।

## ३.९ लाभग्राहीको दृष्टिमा सुधार गर्नुपर्ने कुराहरू

सहकारी संस्थाका मुख्य सूचनादातासँग अनुदान कार्यक्रमलाई प्रभावकारी ढङ्गले अगाडि बढाउन के गर्नुपर्ला भनी सोधिएको थियो । मुख्य सूचनादाताका भनाइहरूको विश्लेषणतालीका ३.२१ मा पस्तुत गरिएको छ ।

अन्तर्वार्ता लिइएका मुख्य सूचनादातामध्ये करिब ५४ प्रतिशतले अनुदान वितरणसम्बन्धित सबै कार्यहरू जिल्लाबाटै हुनुपर्ने, २०.८ प्रतिशतले अनुदानका साथै प्राविधिक सहयोगसमेत उपलब्ध हुनुपर्ने, २५ प्रतिशतले आवश्यकताअनुसार सीपमूलक तालीम सञ्चालन गर्नुपर्ने, २७.८ प्रतिशतले प्रभावकारी अनुगमन गर्नुपर्ने र २९.२ प्रतिशतले सम्बन्धित निकायहरूसँग समन्वय गरिनुपर्ने र २०.८ प्रतिशतले पारदर्शितामा जोड दिनुपर्ने बताएका थिए । अन्य सुझावहरूमा स्थानीय निकायहरूलाई सहभागी गराउनुपर्ने (११.१ प्रतिशत), थप अनुदान दिनुपर्ने (१६.७प्रतिशत), कार्य क्षमताका आधारमा अनुदान दिनुपर्ने (१२.५ प्रतिशत) आदि सुझावहरू दिएका थिए ।

**तालीकाः३.२१ अनुदान कार्यक्रममा सुधार गर्नुपर्ने पक्षहरू (बहुउत्तर)**

| विवरण | मुख्य सूचनादाताको संख्या | प्रतिशत |
|---|---|---|
| स्थानीय निकायहरूलाई सहभागी गराउनुपर्ने | ८ | ११.१ |
| सम्बन्धित जिल्लाबाटै सबै काम हुनुपर्ने | ३९ | ५४.२ |
| प्रभावकारी अनुगमन गर्नुपर्ने | २० | २७.८ |
| अनुदानका साथै प्राविधिक सहयोग दिनुपर्ने | १५ | २०.८ |
| थप अनुदान दिनुपर्ने | १२ | १६.७ |
| आवश्यकताअनुसार सीपमूलका तालीम सञ्चालन गर्नुपर्ने | १८ | २५.० |
| कार्यक्षमताका आधारमा अनुदान दिनुपर्ने | ९ | १२.५ |
| आस्थाका आधारमा अनुदान दिन नहुने | ६ | ८.३ |
| सम्बन्धित निकायहरूसँग समन्वय गरिनुपर्ने | २१ | २९.२ |
| पारदर्शितामा जोड दिने | १५ | २०.८ |

**श्रोत : एनइसिपी, सहकारी संस्था र धरधुरी सर्भेक्षण २०७३**

सहकारी अनुदान कार्यक्रमको अनुदान सहयोगबाट सहकारी संघ-संस्थाहरूले स्थापना गरी सञ्चालित उद्योग तथा व्यवसायहरूको हालको सञ्चालनको अवस्था, सम्बन्धित सरोकारवालासँगको अन्तरक्रिया र मुख्य सूचनादाताहरूको भनाइसमेतको विश्लेषण गर्दा अधिकांश सहकारी अनुदान कार्यक्रमबाट अनुदान लिई सञ्चालन गरिएका सहकारी उद्योग व्यवसाय यथास्थितिमा दीगोरूपमा सञ्चालन हुने सक्ने देखिँदैन ।

# ४. सारांश, निष्कर्ष र सिफारिसहरू

## ४.१ सारांश

### ४.१.१ अभिलेखीकरणको अवस्था

सहकारी विभागबाट अनुदानप्राप्त सहकारी संघ-संस्थाहरूको तथ्याङ्कमा प्रायः सहकारी संघ-संस्थाहरूको ठेगाना प्रस्ट उल्लेख नगरिएका कारणले स्थलगत अध्ययनका लागि छनोटमा परेका संस्थाहरूको पहिचान गर्न अध्ययन टोलीलाई निकै समय खर्चनुपरेको थियो । कतिपय अनुदान प्राप्त संस्थाहरूको नाम, ठेगाना र अनुदानको उद्देश्य तथा रकमसमेत फरक उल्लेख भएको पाइयो । उदाहरणका लागि धादिङको प्रयत्नशील जडीबुटी सहकारीलाई जडीबुटी प्रशोधनका लागि अनुदान प्रदान गरिएको भनिए तापनि उक्त सहकारी संस्था पत्ता लगाउन नै सकिएन । हालसम्म सहकारी विभागले विभिन्न ३४ वटाउपसमूहका उद्योग तथा व्यवसायहरूका लागि न्यूनतम रू. ५० हजारदेखि बढीमा करिब रू. ५ करोडसम्म अनुदान प्रदान गरेको पाइयो ।

#### क) कृषि उत्पादनहरूको प्रशोधन उद्योग प्रवर्द्धन

यस समूहअन्तर्गत चिया प्रशोधन, दुग्ध प्रशोधन, कफी प्रशोधन, मसला प्रशोधन, दुग्ध प्रशोधन, कफी प्रशोधन, अलैंची प्रशोधन, मह प्रशोधन तथा खाद्य प्रशोधन उद्योग स्थापना, क्षमता अभिवृद्धि तथा प्रशोधित उत्पादनहरूको बजारीकरणका लागि प्रदान गरिएको अनुदानबाट सहकारी संस्थाहरूले विभिन्न उपकरण तथा मेसिनरी खरिद तथा भवन निर्माणका कार्यमा उपयोग गरेको पाइयो ।

#### ख) कृषिजन्य उत्पादन अभिवृद्धि कार्यक्रम

कृषिजन्य उत्पादन अभिवृद्धि गर्ने खालका सहकारीलाई आ-आफ्नो सहकारीका उद्देश्यअनुसारको व्यवसाय स्थापना गर्न अनुदान उपलब्ध गराएको पाइयो । त्यस समूह अन्तर्गत मुख्यतया सहकारीहरूलाई गाईपालन, बाख्रापालन, बङ्गुरपालन, मौरीपालन आदि व्यवसायका लागि  अनुदान प्रदान गरिएको पाइयो । अधिकांश अनुदानप्राप्त सहकारी संस्थाले आफैं कार्य सञ्चालन गर्ने प्रयास गरेको देखिन्छ । तर अधिकांश सहकारी संस्थाले सञ्चालन गरेका फार्महरू अपेक्षा अनुसार सञ्चालन गरेको देखिएन । धेरैजसो सहकारीहरूले सञ्चालन गरेका फार्महरू हाल प्रायः बन्द रहेका र सञ्चालनमा रहेका समेत पूर्ण क्षमतामा सञ्चालन नभएको देखिन्छ ।

#### ग) दलित तथा विपन्न वर्ग लक्षित व्यवसाय प्रवर्द्धन योजना

यस समूह अन्तर्गत प्रायः दलितका पेसा प्रवर्द्धन गर्ने उद्योग व्यवसाय, परम्परागत बाजा संरक्षण, महिला तालीम केन्द्र भवन निर्माण आदि कार्यका लागि अनुदान प्रदान गरेको देखिन्छ । स्थलगत अध्ययनका लागि छनोटमा परेका नमूना सहकारीहरूको अवलोकन तथा सम्बन्धित सहकारीहरूका पदाधिकारीहरूसँग छलफल गर्दा अधिकांश दलित व्यवसाय प्रवर्द्धनका लागि सहकारीहरूले सञ्चालित पशा तथा व्यवसायहरू अपेक्षा अनुसार सञ्चालन भएको देखिँदैन । यस्ता संस्थाहरू या त सञ्चालन गर्न नसकेर थला परेका छन् या त न्यून क्षमतामा सञ्चालित छन् ।

### ४.१.२ सहकारीको नेतृत्व र व्यवसायबीच सम्बन्ध

स्थलगत अध्ययनबाट सहकारीको नेतृत्व र व्यवसायबीच अतिनै घनिष्ट सम्बन्ध रहेको पाइयो । जुन सहकारीहरूको व्यवस्थापन सहकारी सिद्धान्तका आधारमा गठन भै सञ्चालित छन्, त्यस्ता सहकारीहरूले प्राप्त अनुदानको सदुपयोग गरेको पाइयो । अधिकांश अनुदान प्राप्त सहकारीहरूको व्यवस्थापन राजनीतिक दलका सक्रिय सदस्य वा स्थानीय शिक्षकहरूले गरेका सहकारीहरू प्रायः निष्क्रिय रहेका र प्राप्त अनुदान पनि सही सदुपयोग नभएको पाइयो ।

### ४.१.३ सहकारी विभाग र डिभिजन सहकारी कार्यालयबीच समन्वय

सम्बन्धित डिभिजन सहकारी कार्यालयहरूसँग छलफल गर्दा सहकारी अनुदान कार्यक्रम विभागको कार्यक्रम रहेको र डिभिजन सहकारीहरूसँग प्रत्यक्ष सरोकार नभएको पाइयो । डिभिजन सहकारीहरूले अनुदानका लागि दरखास्त प्रस्ताव प्राप्त भएकोमा बिना सम्भाव्यता अध्ययन विभागमा सिफारिस गर्ने गरेको तर सोबारेमा कुन सहकारीले के उद्देश्यका लागि कति अनुदान प्राप्त गरेका छन्, सोबारे धेरैजसो डिभिजन सहकारी कार्यालयले अद्यावधिक तथ्याङ्कसमेत राख्ने गरेको पाइएन ।

### ४.१.४ अनुदान कार्यक्रमको अनुगमन

सहकारी विभागले नै अनुदानको प्रस्ताव माग्ने, छनोट गर्ने र स्वीकृत गर्ने गरेको हुनाले कतिपय डिभिजन सहकारी कार्यालयहरूलाई सिफरिस गरिएका प्रस्तावहरू अनुदानका लागि स्वीकृत भए-नभएको समेत जानकारी नहुने अवस्था रहेको देखियो । सहकारी विभागका सबै जिल्लाहरूमा डिभिजन कार्यालयसमेत नभएको अवस्थामा जिल्लाका विभिन्न विकट तथा दुर्गम क्षेत्रमा रहेका सहकारीहरूलाई वितरण गरिएको अनुदानको अवस्थाबारे सम्बन्धित डिभिजन सहकारी कार्यालयहरूबाट हालसम्म कुनै किसिमको आवधिक अनुगमनसमेत भएको पाइएन । कुनै सहकारीले एकै किस्तामा अनुदान पाएको बताए भने कतिपयले एकभन्दा बढी किस्तामा अनुदान प्राप्त गरेको बताएका छन् । केन्द्रबाट सञ्चालित कार्यक्रम भएकाले अनुदान वितरण कार्य निकै खर्चिलो भएको गुनासो प्रायः सबै अनुदानप्राप्त गर्ने सहकारीहरूले बताएकाछन् । अझ साना अनुदान प्राप्त गर्ने संस्थाहरूले त अनुदान रकमको १० देखि ३० प्रतिशतसम्म प्रस्ताव पेशगर्नेदेखि अनुदान रकम प्राप्त गर्नमा खर्च गर्ने गरेको बताए ।

### ४.१.५ जिल्लास्थित सम्बद्ध निकायहरूसँग समन्वय

चालू सहकारी अनुदान कार्यक्रम जस्तै अनुदान कृषि तथा पशुपालन व्यवसायका लागि ७५ जिल्लाहरूमा नै कृषि विकास कार्यालय, जिल्ला पशुसेवा, महिला विकास कार्यालय र विभिन्न विदेशी दातृ निकायहरू, अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाहरूले समेत सञ्चालन गरिरहेको अवस्थामा सहकारी विभागले बिना प्राविधिक सहयोग उपलब्ध गराएको अनुदान अन्य संस्थाले प्रदान गरेको सहयोगको तुलनामा निकै कम प्रभावकारी देखिन्छ । जुन कार्यक्रममा अन्य निकायको सहयोग लिन सहकारी संस्थाहरू सफल भएका छन्, तिनको कार्यक्रम सफल देखिन्छ । उदाहरणका लागि दूध चिस्यान तथा दूध प्रशोधनमा जिल्ला पशुसेवा कार्यालयसँग समन्वय गरी दुवै निकायबाट अनुदान र प्राविधिक सहयोग लिन सफल भएका संस्थाहरूले व्यवसाय राम्ररी चलाइरहेका छन् भने त्यसो गर्न नसकेका संस्थाहरू व्यावसायिक रूपमा असफल भएका छन् ।

### ४.१.६ नीतिगत स्पष्टता

नेपाल सरकारका अन्य विषयगत मन्त्रालयहरूले सम्बन्धित जिल्लास्थित कार्यालयहरूको प्रत्यक्ष सहभागितामा समान प्रकृतिका अनुदान कार्यक्रम सञ्चालन भइरहेको अवस्थामा सहकारी विभागले किन सोही प्रकृतिका कृषिजन्य उत्पादन व्यवसाय सञ्चालन गर्न सहकारी संघ-संस्थाहरूलाई अनुदान वितरण गर्नुको औचित्य र वस्तुगत स्पष्ट आधार देखिँदैन । अधिकांश अनुदान प्राप्त गरेका सहकारी संघ-संस्थाहरूले कृषि तथा पशुपालन व्यवसाय आफैँ सञ्चालन गरिरहेको र आधाभन्दा बढि सहकारीहरूले सञ्चालन गरेका व्यवसायहरू सन्तोषजनक रूपमा सञ्चालन नभएको स्थलगत अध्ययनबाट देखिएको छ । हालसम्म नेपालका कुनै पनि क्षेत्रमा सहकारी कृषि तथा पशुपालन व्यवसाय सफलताका साथ सञ्चालन नभएको अवस्थामा सहकारी विभागले के आधारमा यस्ता परियोजना सञ्चालन गर्न सहकारी संघ-संस्थाहरूलाई अनुदान प्रदान गरेको हो सोको स्पष्ट नीतिगत आधार देखिँदैन ।

कार्यविधि अनुसार विभिन्न किसिमका वस्तुगत जिल्ला सहकारी संघहरू तथा केन्द्रीय सहकारी संघहरूको उद्देश्य अनुसार सहकारी क्षेत्रको समग्र विकास र विस्तारका लागि सम्बन्धित सदस्य सहकारीहरूको क्षमता विकास, तालीम तथा सहकारी शिक्षाको प्रचार-प्रसारजस्ता कार्यमा समेत अनुदान दिने व्यवस्था गरेको छ । तर चालू सहकारी अनुदान कार्यक्रममा विभिन्न सहकारी जिल्ला संघहरूलाई समेत आयआर्जनका व्यवसाय सञ्चालन गर्न अनुदान प्रदान गरेको पाइयो र जिल्ला संघहरूले सञ्चालन गरेका प्रायः सबै प्रशोधन उद्योग तथा उत्पादन व्यवसायहरू असफल भएको पाइयो । त्यसैले सहकारी संघ-संस्थाहरूलाई उनीहरूको उद्देश्यअनुसारको व्यवसाय वा कार्यक्रम सञ्चालन गर्नलाई औचित्यका आधारमा मात्र अनुदान उपलब्ध गराउने व्यवस्था कडाइका साथ लागू गर्नुपर्ने आवश्यकता देखिन्छ । अनुदान मूल्याङ्कनको स्थलगत अध्ययनको सिलसिलामा जुन सहकारीहरूले अनुदान प्राप्त गरेर तुलनात्मकरूपमा राम्रो काम गरिरहेका छन्, त्यस्ता सहकारीका प्रतिनिधिहरूले सहकारीहरूलाई आत्मनिर्भर भई दीगोरूपमा सहकारी व्यवसाय सञ्चालन गर्न सरकारले अनुदान होइन, आवश्यक ऋण सहुलियत ब्याजदरमा उपलब्ध गराउनुपर्ने धारणा राखेका छन् । तर, जुन सहकारी संघ-संस्थाहरूले अनुदानबाट स्थापित उद्योग तथा व्यवसायहरू सन्तोषजनकरूपमा सञ्चालन गरेका छैनन्, तिनै सहकारीका प्रतिनिधिहरूले चाहिँ अनुदान धेरै राम्रो छ, सहकारीहरूलाई अनुदान अझ बढाउनुपर्छ भनेका थिए । यसबाटप्रस्ट हुन्छ कि सहकारी अनुदानले अपेक्षा गरेअनुसार सहकारी क्षेत्रको विकासमा सहयोग गर्ने

भन्दा पनि केही सीमित पहुँचवाला व्यक्तिहरूले खोलेका सहकारीहरूले अनुदान प्राप्त गरेको र त्यस्ता संस्थाहरूले अनुदानको बढि दुरुपयोग गरेको पाइयो ।

### ४.१.७ उत्पादन व्यवसायको अवस्था

स्थलगत अध्ययनबाट स्पष्ट देखिएको छ कि कुनै पनि सहकारी संस्थाले सञ्चालन गरेका उत्पादन कार्यक्रमहरू सफल छैनन् । खासगरी जिल्ला सहकारी संघहरूलाई प्रदान गरिएको अनुदान अधिकांश मात्रामा दुरुपयोग भएको पाइयो ।

### ४.१.८ प्रशोधन उद्योगहरूको अवस्था

दुग्ध, चिया र मह प्रशोधन सहकारीहरूले वस्तु उत्पादन गर्न सकेको भए पनि उत्पादित वस्तु सहकारी ब्रान्डका रूपमा बिक्री-वितरण गर्न सकेका छैनन् र बजारमा ती उत्पादनहरूको माग प्रशस्त भए तापनि सहकारी बजार व्यवस्थापन गरी बजारमा सहकारी संघ-संस्थाहरूकाट उत्पादित उत्पादनहरूको हिस्सामा वृद्धि गर्न सकेका छैनन् । केही प्रारम्भिक कृषि सहकारीहरूले खास गरी इलाम, झापा, सुर्खेत, कञ्चनपुर, कास्की र स्याङ्गजामा सञ्चालित चिया प्रशोधन, दुग्ध प्रशोधन, महिला सहकारीहरूले सञ्चालन गरेको खाद्य तथा मह प्रशोधन उद्योगहरू अन्य व्यवसायहरूको तुलनामा सफल देखिएको भए तापनि अधिकांश गाई, बाख्रा, तथा बंगुरपालन व्यवसायहरू असफल भएको पाइएको छ ।

सहकारी अनुदान कार्यक्रमको अनुदान सहयोगबाट सहकारी संघ-संस्थाहरूले स्थापना गरी सञ्चालित उद्योग तथा व्यवसायहरूको हालको सञ्चालनको अवस्था, सम्बन्धित सरोकारवालासँगको अन्तरक्रिया र मुख्य सूचनादनताहरूको भनाइसमेतको विश्लेषण गर्दा अधिकांश सहकारी अनुदान कार्यक्रमबाट अनुदान लिई सञ्चालन गरिएका सहकारी उद्योग व्यवसाय यथास्थितिमा दीगोरूपमा सञ्चालन हुने देखिँदैन ।

## ४.२ निष्कर्ष

नेपालको संविधान २०७२ मा सरकारी, सहकारिता र निजी क्षेत्रको माध्यमबाट अर्थतन्त्रको विकास गर्ने परिकल्पना गरिएकोछ । सोहीअनुरूप मुलुकको समग्र विकासमा सहकारी क्षेत्रबाट महत्वपूर्ण योगदान पुगोस् भन्नका लागि नीतिगत सुधार गरी सहकारीहरूको संरक्षण र सम्बर्धनका लागि सहकारी संघ-संस्थाहरूलाई उपलब्ध गराइने अनुदान एवं भन्सार महसुलमा छुट सुविधा सिफारिस सम्बन्धी कार्यविधि, २०६८ समेत तयार गरी सहकारिताका माध्यमबाट मुलुकको आर्थिक र सामाजिक विकासमा सबै क्षेत्र र वर्गको सहभागिता बढाउने उद्देश्यले सहकारी अनुदान कार्यक्रम आ.व.०६५-६६ देखि सहकारी विभागमार्फत सञ्चालन हुँदै आएको छ । अनुदान कार्यक्रमको मुल्याङ्कन अध्ययनका निष्कर्षहरू निम्ननानुसार रहेका छन् ।

### ४.२.१ कार्यसम्पादन

सहकारी विभागले अनुदान कार्यक्रमको सोच-तालीका तयार नै नगरी विगत ७ वर्षदेखि सहकारी अनुदान कार्यक्रम सञ्चालन भएको देखिन्छ । तर, सहकारी अनुदान कार्यक्रम अन्तर्गत सहकारी संघ-संस्थाहरूमार्फत वार्षिक १०० वटा साना तथा मझौला सहकारी उद्योग तथा व्यवसायहरू स्थापना गर्न अनुदान वितरण गरी वार्षिक २५०० नयाँ थप रोजगारीको सिर्जना गर्ने मूल लक्ष्य निर्धारण गरेको देखिन्छ । सहकारी विभागबाट प्राप्त तथ्याङ्क अनुसार विगत ७ वर्षमा (०६५-६६ देखि ०७१-७२) सहकारी अनुदान कार्यक्रम अन्तर्गत जम्मा ३१९ सहकारी संघ-संस्थाहरूलाई सहकारीमा आधारित साना तथा मझौला उद्योग तथा व्यवसायहरू स्थापना गर्न अनुदान वितरण गरेको देखिन्छ । सहकारी अनुदान कार्यक्रमको विगत ७ वर्षको भौतिक उपलब्धिको मुल्याङ्कन गर्दा प्रशोधन उद्योग तथा व्यवसायहरू स्थापनाको उपलब्धि करिब ४६ प्रतिशत र थप रोजगारी सिर्जनाको लक्ष्यको करिब ७ प्रतिशत मात्र भएको देखिन्छ ।

सहकारी अनुदान कार्यक्रमको सोचतालीका तयार नै नगरी कार्यक्रम सञ्चालन सुरु गरिएकाले कार्यक्रम सञ्चालनका लागि के-कति आर्थिक, वस्तुगत र प्राविधिक श्रोतहरूको आवश्यकता पर्छ, सोको आपूर्ति कसरी हुन्छ भन्ने निश्चित आधार र श्रोत  दुवै स्पष्ट उल्लेख नगरिए तापनि आ.व.०६५-६६ देखि हालसम्म अनुदान कार्यक्रम निरन्तर रूपमा सञ्चालन भइरहेको देखिन्छ । सहकारी विभागबाट प्राप्त तथ्याङ्क अनुसार सहकारी संघ-संस्थाहरूलाई विगत सात आर्थिक वर्षमा (०६५-६६ देखि ०७१-७२) ३१९ वटा सहकारी परियोजना सञ्चालनका लागि जम्मा रू. १८,३१,४८,४७५ आर्थिक अनुदान प्रदान गरेको देखिन्छ । विस्तृत सर्भेक्षण गरिएका नमूना सहकारी संघ-संस्थाहरूमध्ये करिब ९० प्रतिशत संस्थाहरूले अनुदान रकमबाट आफैँ उद्योग तथा व्यवसायहरू स्थापना गर्न उपयोग गरेको, ९

प्रतिशतले अनुदान रकम सदस्यहरूलाई दामासाहीले वितरण गरेको र एउटा सहकारीले अनुदान रकम १२ प्रतिशत वार्षिक ब्याजमा सदस्यहरूलाई ऋण लगानी गरेको पाइयो । अधिकांश अनुदानप्राप्त सहकारी संघ-संस्थाहरूले अनुदानका लागि माग गरेको रकमको सरदर करिब ३६ प्रतिशत मात्र सहकारी विभागबाट अनुदान प्राप्त गरेका देखिन्छ । अनुदान प्राप्त गरेका सहकारी संघ-संस्थाहरूले प्रस्तावमा उल्लेख गरेअनुसार नपुग पुँजी विभिन्न श्रोतबाट जुटाई उद्योग व्यवसायहरू सञ्चालन गरेको बताए पनि स्थलगत अध्ययन गर्दा अधिकांश संस्थाहरूले अनुदान बाहेक थप लगानी गरेको देखिँदैन ।

वार्षिक १ सय व्यवसाय स्थापना गरी २५ सय रोजगारी सिर्जना गर्ने बृहत्‌लक्ष्य लिएर सुरु भएको कार्यक्रमले ७वर्षमा जम्मा ३ सय १९ वटासहकारी संघ-संस्थाहरूलाई अनुदान वितरण गरिएको र ती संस्थाहरूमा हालसम्म करिब ११ सय ५८ थप रोजगारी सिर्जना भएको देखिन्छ, जुन लक्ष्यको करिब ७ प्रतिशत मात्र हुन आउँछ ।

### ४.२.२ सान्दर्भिकता

सहकारीमा आधारित उद्योग व्यवसायको विकास र विस्तार गरी मुलुकको दीगोर समतामूलक आर्थिक तथा सामाजिक विकासमा देशभर स्थापना भएका सहकारी संघ-संस्थाहरूलाई उद्देश्यअनुसार सहकारी सिद्धान्त, मूल्य र मान्यताअनुरूप सहकारीमा आधारित साना तथा मझौला उद्योग-व्यवसायहरूको स्थापना, प्रवर्द्धन तथा विस्तार गर्न दुर्गम तथा पिछडिएका भौगोलिक क्षेत्रका लक्षित विपन्न, गरिब तथा पिछडिएका वर्गद्वारा सञ्चालित सहकारी संस्थाहरूको क्षमता विकास, रोजगारी सिर्जना तथा सहकारीको व्यवस्थापनका विधि र प्रक्रियामा समेत सुधार गरी सहकारी सुशासन कायम गर्ने मूल ध्येयले सहकारी अनुदान कार्यक्रम सञ्चालन गरिएको देखिन्छ । सहकारी अनुदान कार्यक्रम सहकारी विभागको नयाँ कार्यक्रमको रूपमा आ.व. ०६५-६६ बाट सुरु गरिएको र कार्यक्रम सञ्चालनका तीन वर्षपछि मात्र कार्यक्रम कार्यान्वयन निर्देशिका तयार गरीलागू गरिएको तर विद्यमान कार्यविधि तर्जुमा हुँदा सहकारी विभाग कृषि विकास मन्त्रालयअन्तर्गत रहेको र हाल सहकारी तथा गरिबी निवारण मन्त्रालय गठन भई सहकारीविभाग सो नयाँ मन्त्रालय मातहत रहेकाले सहकारी अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिकामा उल्लिखित कतिपय योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियाका प्रावधानहरू असान्दर्भिक तथा अव्यावहारिक देखिन्छ । खासगरी सहकारी अनुदान कार्यक्रमले कृषि तथा पशुपालन र कृषि तथा पशुजन्य उत्पादनहरूको प्रशोधनका लागि सहकारीहरूलाई अनुदान प्रदान गर्दै आएको र सहकारी विभाग तथा डिभिजन सहकारी कार्यालयहरूमा कृषि तथा पशुपालनसम्बन्धी प्राविधिक जनशक्ति नभएकाले अनुदान प्रस्ताव छनोट गर्ने, अनुदान कार्यक्रमको नियमित अनुगमन गरी सहकारी संस्थाहरूलाई कृषि तथा पशुपालनका क्षेत्रमा आवश्यक प्राविधिक सेवा सहयोग उपलब्ध गराउने व्यावहारिक संयन्त्रको अभावमा अधिकांश अनुदानबाट सञ्चालित कृषि तथा पशुजन्य उत्पादन प्रशोधन उद्योग तथा व्यवसायहरू अपेक्षाकृत रूपमा प्रभावकारी नभएको पाइयो ।

सहकारी अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०६८ मा सहकारी संघ-संस्थाहरूलाई सहकारीमा आधारित साना तथा मझौला उद्योग तथा व्यवसायहरू स्थापना र सञ्चालनका लागि आर्थिक अनुदान प्रदान गर्न आवश्यक मापदण्डसमेत उल्लेख गरेको छ । उक्त कार्यविधिले गरिब, दलित, हरुवा, चरुवा, पिछडा वर्ग आदिको उत्थान र उनीहरू संलग्न भएका सहकारीहरूका लागि उद्योग स्थापनाहरूको स्थापना गरी सञ्चालन गर्न सहयोग गर्ने स्पष्ट उल्लेख गरिएको छ । तर, सो कार्यविधिमा मुल्याङ्कनकाआधारहरू र प्रदान गरिने अङ्कलाई विश्लेषण गर्दा दुर्गम क्षेत्रका लक्षित वर्गले सञ्चालन गरिरहेका सहकारीहरूको तुलनामा सुगम क्षेत्रमा सञ्चालित पुराना संस्थाहरूले मात्र अनुदान प्राप्त गर्न सक्ने अवस्था रहेको पाइयो । अनुदानका लागि प्रस्ताव लेखन खाकासमेत नभएको, कार्यक्रमलाई पूर्ण रूपमा केन्द्रीकृत गरिएको, प्रस्ताव आह्वानको सूचना राष्ट्रिय स्तरका पत्रिकाहरूमा मात्र प्रकाशित गर्नेजस्ता प्रावधानहरूले दुर्गम तथा पिछडिएका भौगोलिक क्षत्रका विपन्न, दलित तथा लोपोन्मुख लक्षित वर्गद्वारा सञ्चालित सहकारी संघ-संस्थाहरूको सहकारी अनुदान कार्यक्रममा सहभागिता अपेक्षाकृत रूपमा कम रहेको पाइयो ।

आधाभन्दा बढी (५१ प्रतिशत) सहकारीका सदस्यहरूलाई सहकारी अनुदान वितरण गर्नका लागि माग गरिने प्रस्ताव र अनुदानका लागि संस्था छनोट गर्ने मापदण्ड र आधारबारे जानकारी नभएको र प्रस्ताव लेख्ने फर्मेट नै नभएकाले कस्तो प्रस्ताव लेख्ने भन्नेबारे सहकारीहरू अन्योलमा परेका भए तापनिनमूना सर्भेक्षण गरिएका करिब ६८ प्रतिशत सहकारीहरूले मात्र अनुदानका लागि प्रस्तावहरू आफैँले तयार गरेको पाइएको थियो भने बाँकीले अरूको सहयोगमा प्रस्ताव तयार पारेका थिए । तैपनि, अधिकांश सहकारीहरूका प्रतिनिधिहरूले अनुदानका लागि तोकिएका मापदण्डहरू सान्दर्भिक नै भएको बताएका थिए । अधिकांश अनुदानप्राप्त सहकारी संघ-संस्थाहरू जिल्ला सदरमुकाम वरिपरिका,

पढेलेखेका र समाजका मध्यम वर्गीय सदस्यहरूको बाहुल्य भएका सहकारीहरूले मात्र अनुदान प्राप्त गर्ने गरेको पाइयो ।

विगत ७ वर्षमा वितरित अनुदानको विश्लेषण गर्दा करिब ३९ प्रतिशत पशुपालन, ४३ प्रतिशत कृषि तथा पशुजन्य उत्पादन प्रशोधन उद्योगहरू, ८ प्रतिशत महिला साना खाद्य प्रशोधन उद्योगहरू, ३ प्रतिशत कृषि उत्पादन र ७ प्रतिशत विविध व्यवसायहरू सञ्चालन गर्नका लागि अनुदान उपलब्ध गराएको देखिन्छ । अनुदान रकमका आधारमा विश्लेषण गर्दा करिब ४० प्रतिशत कृषि-पशुजन्य वस्तु प्रशोधन उद्योगहरूमा, २१ प्रतिशत पशुपालन, ३ प्रतिशत महिला खाद्य प्रशोधन, ३ प्रतिशत कृषि उत्पादन व्यवसाय र ३२ प्रतिशत विविध क्षेत्रमा लगानी गरेको पाइएको छ । सहकारी अनुदानबाट सञ्चालित अधिकांश साना प्रशोधन उद्योगहरू तथा कृषि तथा पशुपालन व्यवसायहरू व्यवस्थित रूपमा सञ्चालन भएको देखिँदैन ।

डिभिजन सहकारी कार्यालयहरूलाई आफ्नो भौगोलिक कार्यक्षेत्रका अनुदान प्राप्त गरेका सहकारी संघ-संस्थाहरूका बारेमा सामान्य जानकारी बाहेक अनुदान कार्यक्रमका बारेमा अभिलेख राख्ने नगरेको सम्बन्धित डिभिजन सहकारी कार्यालयहरूबाट जानकारी पाइयो । अनुदान सम्बन्धी सम्पूर्ण कामकारबाही सहकारी विभागबाटै हुने गरेको र सोको अभिलेख पनि विभागले नै राख्ने गरेकाले कतिपय अवस्थामा सहकारी संघ-संस्थाहरूलाई के का लागि कति अनुदान रकम प्रदान गरिएको थियो भन्नेबारेमा सम्बन्धित डिभिजन सहकारी कार्यालयहरू अनभिज्ञ रहेको पाइयो । उदाहरणका लागि मुल्याङ्कन टोलीलाई स्थलगत अध्ययनको सिलसिलामा साना किसान सहकारी संस्था, पृथ्वीनगर, झापाका अध्यक्षले चिया प्रशोधन उद्योगको स्थापनार्थ सहकारी विभागबाट रू. ३,१०,००,००० अनुदान प्राप्त भएको बताए पनि सहकारी विभागको अभिलेखमा उक्त सहकारी संस्थालाई जम्मा २,६०,००,००० मात्र अनुदान प्रदान गरिएको देखिन्छ । अनुदान कार्याक्रम कार्यान्वयन सम्बन्धी कार्याविधिमा सम्बन्धित डिभिजन सहकारी कार्यालय र जिल्लास्थित सम्बन्धित विषयगत सरकारी कार्यालयहरूलाई अनुगमन तथा मूल्यांकनमा सहभागी गराइने उल्लेख भए तापनि अनुदान कार्याक्रमको कार्यान्वयन तथा अनुगमनमा अन्य सरकारी निकायहरूलाई संलग्न गराइएको पाइएन र अनुदान कार्यान्वयनका सबै कामकारबाही सहकारी विभागबाट मात्र हुनेगरेको पाइयो । हालसम्म सहकारी विभागले अनुदान कार्यक्रमको वार्षिक अनुगमन योजना तथा विधिसमेत तयार नगरेको र आकस्मिक रूपमा गरिने अनुगमनका प्रतिवेदन समेत अध्यावधिक राख्ने गरेको पाइएन । समग्रमा सहकारी कार्यक्रमको उचित अभिलेखीकरणको आवश्यकता समेत कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवार निकायले महसुस नगरेको देखिन्छ ।

सहकारी अनुदान कार्यक्रमले दुर्गम तथा पिछडिएको क्षेत्रका गरिब तथा विपन्न वर्गको आर्थिक तथा सामाजिक विकासमा प्रत्यक्ष सहयोग पुग्ने गरी सरकारको चालू आवधिक विकास योजनाको उद्देश्य, रणनीति, कर्यानीति र कार्यक्रमलाई समेट्ने प्रयास गरेको छ । खासगरी कृषि, पशु तथा वनजन्य वस्तुहरूको उत्पादन तथा प्रशोधन, महिला, विपन्न तथा पिछडिएका वर्गको आयआर्जनका लघु तथा सना उद्योग तथा व्यवसायहरू, दलितहरूको पेशा तथा व्यवसायहरूको आधुनिकीकरण तथा प्रवर्धन गर्ने कार्यक्रमहरू सबै राट्रिय विकासका प्राथमिकता क्षेत्रभित्रै पर्ने देखिन्छन् ।

अनुदान कार्यक्रमले राट्रिय विकासका उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रमहरूलाई अनुदान कार्यविधिमार्फत समेट्ने प्रयास गरेको भए तापनि सहकारी विभागमा आवश्यक प्राविधिक जनशक्तिको अभाव र कार्यक्रम सञ्चालनमा जिल्लास्थित विषयगत कार्यालयहरूसँग समन्वयको अभावमा कार्यान्ययन पक्ष निकै कमजोर देखिन्छ । अधिकांश सहकारी अनुदान प्राप्त आयोजनहरू स्थानीय आवश्यकता र सहकारीका सदस्यहरूको मागका आधारमा भन्दा पनि सहकारीका सीमित सञ्चालकहरूको इच्छानुसार अनुसार प्रस्तावहरू तयार गरि सहकारी विभागमा पेशगर्ने गरेको नमूना छनोटमा परेका सहकारी संघ-संस्थाहरूले सञ्चालन गरेका उद्योग तथा व्यवसायमा सहकारीका सदस्यहरूको सहभागिता न्यून रहेको पाइयो । अधिकांश सहकारी संघ-संस्थाहरूले अनुदानबाट सञ्चालित आयोजनाहरू प्रभावकारी रूपमा सञ्चालन नभएको देखियो ।

सहकारी अनुदान कार्यक्रम सुरुको तीन वर्षसम्म अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिकाबिना नै सञ्चालन गरिएको र तीन वर्षपछि मात्र कार्यान्वयन निर्देशिका तयार गरी कार्यक्रम नियमित कार्यक्रमका रूपमा सञ्चालन हुँदै आएको देखिन्छ । विद्यमान अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिका तयारगर्दा सहकारी विभाग कृषि विकास मन्त्रालयअन्तर्गत रहेको र हाल सहकारी विभाग सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गत रहेकाले निर्देशिकामा उल्लिखित कतिपय प्रावधानहरू अव्यावहारिक देखिन्छन् । निर्देशिकामा सहकारी अनुदानका उपक्षेत्रहरू, प्रस्ताव आह्वान, प्राप्त

प्रस्ताव मूल्याङ्कन प्रक्रिया तथा प्रस्ताव छनोटका मापदण्डहरू, अनुदान वितरण प्रक्रिया, अनुगमन तथा मूल्याङ्कनजस्ता विषयहरू विस्तृत रूपमा उल्लेख गरिएको भए तापनि विद्यमान निर्देशिकामा कार्यक्रमको उद्देश्यअनुसार दुर्गम तथा पिछडिएका भौगोलिक क्षेत्रका लक्षित वर्गहरूले सञ्चालन गरेका सहकारी संघ-संस्थाहरूलाई प्राथकिताका आधारमा अनुदान प्रदान गर्ने व्यवस्था गरेको देखिँदैन । निर्देशिकाले सहकारी अनुदान कार्यक्रमलाई सहकारी विभागको केन्द्रीयस्तरको कार्यक्रमका रूपमा परिभाषित गरेको र कार्यक्रमको कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन प्रक्रियामा जिल्लास्थित डिभिजन सहकारी कार्यालयहरूको भूमिका न्यूनीकरण गरिएकाले सहकारी अनुदान कार्यक्रम अपेक्षाकृत रूपमा प्रभावकारी नभएको पाइयो ।

सहकारी विभागबाट उपलब्ध तथ्याङ्क अनुसार विगत ७ वर्षमा जम्मा ३१९ वटा सहकारी उद्योग तथा व्यवसाय सञ्चालनका लागि अनुदान वितरण भएको देखिन्छ । अनुदान प्राप्त जम्मा ३१९ सहकारीहरूमध्ये २७ वटा हिमाली क्षेत्रमा (८.५%), १६४ पहाडमा (५१.४%) र तराईमा १२८ (४०.१%) रहेको देखिन्छ, जुन जनसंख्याको भौगोलिक वितरणको अनुपातमा ठिकै देखिन्छ । अनुदान रकम लगानीका आधारमा हिमाली क्षेत्रका सहकारी संस्थाहरूलाई अनुदान कम (४.४५%), पहाडमा तुलनात्मक रूपमा अन्य भौगोलिक क्षेत्रमा भन्दा बढी (५९.६५%) र तराईमा पनि अनुदान प्राप्त गरेका सहकारी संस्थाहरूको संख्याको अनुपातमा अनुदान कम (३५.९०%) वितरण भएको देखिन्छ ।

पहाड र तराई क्षेत्रमा अनुदानको रकम बढी देखिनुमा ललितपुरको राष्ट्रिय सहकारी संघको भवन निर्माणका लागि करिब ५ करोड र झापाको साना किसान सहकारी संस्थालाई चिया प्रशोधन उद्योग स्थापनाका लागि २ करोड ६० लाख अनुदान प्रदान गरिएकाले हो । यदि यी दुई सहकारी संस्थाहरूलाई प्रदान गरिएको अनुदानलाई मूल्याङ्कनमा समावेश नगर्ने हो भने हिमाल, पहाड र तराई क्षेत्रका सहकारीहरूलाई वितरण भएको अनुदानको परिमाण करिब समान नै देखिन्छ ।

### ४.२.३ प्रभावकारिता (Effectiveness)

सहकारी विभागका सम्बन्धित अधिकारीहरूसँगको अन्तरक्रियाबाट हालसम्म आयोजना तहमा कार्यक्रमको कार्यान्वयन सोचतालीका तथा नतिजा खाका तयार गरिएको देखिँदैन र सो बनाउने योजनासमेत रहेको पाइएन । सहकारी अनुदान आयोजनाका लागि वार्षिक विनियोजित रकममध्ये कति निकासा भयो र निकासा भएको अनुदान रकम कति वटासहकारी संघ-संस्थाहरूलाई कुन-कुन उद्देश्यका लागि वितरण गरियो भन्नेमै सीमित रहेको देखिन्छ ।

नमुनासर्वेक्षणका लागि छनोट गरिएका ७५ सहकारी संस्थाहरूमध्ये ७२ सहकारी संस्थाहरू मात्र स्थलगत अध्ययनमा पत्ता लागेका थिए । सर्भेक्षण गरिएका सहकारी संस्थाहरूमध्ये दुग्ध प्रशोधन उद्योग, महिला खाद्य प्रशोधन, मह प्रशोधन, जुस उद्योग र केही चिया प्रशोधन उद्योगहरू सञ्चालनमा रहेका र अन्य अधिकांश प्रशोधन तथा उत्पादनमूलक व्यवसायहरू सञ्चालनमा नै नरहेको पाइयो । अधिकांश सहकारी संघ तथा संस्थाहरूले आफैँ सञ्चालन गरेका उत्पादनमूलक व्यवसायहरू प्रायः सञ्चालनमा नरहेको पाइयो ।

अधिकांश सहकारी संस्थाहरूले अनुदान प्राप्त गर्दा कबुल गरेका सर्तहरू पालना नगरेको पाइयो । कतिपय अवस्थामा अनुदान रकम स्वीकृत भइसकेपछि कार्यक्रम बनाएको, पुराना सहकारी संस्थाहरूले प्रस्तावमा नयाँ उद्योगका लागि अनुदान प्राप्त गरेको भए तापनि पुरानै व्यवसायलाई नयाँ भनी देखाइएको समेत पाइयो । केही सहकारी संस्थाहरूले सहकारी विभागबाट जुन कार्यका लागि अनुदान लिएको हो, सो नगरी अर्कै व्यवसाय सञ्चालन गरेको समेत पाइयो । सहकारी व्यवसायका लागि अनुदान स्वीकृत भएको भए तापनि अधिकांश गाई, बाखा, बङ्गुरपालनका लागि अनुदान प्राप्त गरेका सहकारी संस्थाहरूले फार्म सञ्चालन सहकारी सदस्यहरूलाई ठेक्कामा लगाएको समेत पाइयो ।

स्थलगत अध्ययनबाट करिब ९३ प्रतिशत अनुदान प्राप्त गरेका सहकारी संघ-संस्थाहरूले लेखा प्रचलित डबल इन्ट्री प्रणालीमा निर्धारित ढाँचामा राख्ने गरेको र बाँकी ७ प्रतिशतले साधारण विधिमा लेखा राख्ने गरेको पाइयो । सहकारीहरूले लेखा प्रणालीलाई कम्प्युटरकृत गर्नुपर्ने र अलग-अलग कार्यक्रमहरूको हिसाब-किताब पनि अलग-अलग नराख्दा कार्यक्रमको प्रभाव मापन गर्न आवश्यक आर्थिक तथ्याङ्कहरू उपलब्ध भएन ।

प्रायः सबै सहकारी संस्थाहरूले प्राप्त गरेको अनुदान रकम माग गरेको तुलनामा निकै कम भएको देखिएकाले सहकारी संस्थाहरूलाई तोकिएको कार्य गर्न सहज नभएको पाइयो । अधिकांशनमूना  छनोटमा परेका सहकारी संघ-संस्थाहरूले मागबमोजिम अनुदान प्राप्त नभएका कारणले सम्झौताअनुसार कार्य सम्पन्न गर्न नसकिएको र कतिपय अनुदान प्राप्त

गरेका संस्थाहरूले रकमको अभावमा आयोजनाबीचमा नै कार्य बन्द भएको गरिएको समेत पाइयो । अधिकांश सहकारी संस्थाहरूले अनुदान व्यवसाय सञ्चालन कार्यतालीका तयार नगरेको र कार्यक्रम सञ्चालन गर्दा जे पर्छ त्यही गर्ने गरेको पाइयो । करिब ९३ प्रतिशत सहकारीहरूले आफूले प्रस्ताव गरेको कार्यक्रम नै कार्यान्वयन गरेको र ७ प्रतिशले कार्यक्रम र कार्य योजनासमेत परिवर्तन गरेको तर सोको जानकारी सहकारी विभागलाई नगराएको देखियो । सहकारी विभागबाट अनुदान प्रदान गरिएका सबै योजनाहरू सम्पन्न भएको जानकारी पाइयो, जुन वास्तविकतासँग मेल खाँदैन ।

सहकारी विभागले अनुदानमा सञ्चालित आयोजनहरूको नियमित अनुगमन गरी सोको प्रतिवेदन अध्यावधिक अभिलेख राख्ने गरेको पाइएन । सम्बन्धित सहकारीहरूले पनि यसबारेमा लिखित अभिलेख राखेको पाइएन ।

सहकारी अनुदान कार्यक्रमले उपलब्ध गराएको अनुदान रकम निकै कम भएको र कुनै पनि प्राविधिक सेवा तथा अनुगमनसमेत नभएकाले अनुदान रकमबाहेक कुनै सेवा उपलब्ध गराएको देखिँदैन । अधिकांश अनुदानप्राप्त सहकारी संस्थाका प्रतिनिधिहरूका अनुसार अनुदान प्राप्त गर्न कम्तीमा तीनपटक काठमाडौं आउनुपरेको र सोका लागि निकै ठूलो रकम आवत-जावतमा खर्च भएको बाहेक अरू समस्या खासै नपरेको बताएका थिए । आधाभन्दा बढी (५१ प्रतिशत) सहकारीहरूले सबै अनुदान रकम एकै किस्तामा पाएका थिए र ४९ प्रतिशत सहकारीहरूले एकभन्दा बढी किस्तामा अनुदान रकम प्राप्त गरेको बताएका थिए । करिब ४२ प्रतिशत सहकारीहरूले अनुदान रकम प्रस्ताव स्वीकृत भएको एक महिनामा, ७ प्रतिशतले दुई महिनामा र ५१ प्रतिशत सहकारहरूले ३ महिनामा अनुदान पाएको बताएका थिए ।

गाउँमा सामूहिक भावना राखेर स्थापना भएका सहकारी संस्थाहरू, सहकारी संस्थाहरूलाई सङ्गठित गर्ने सहकारी जिल्ला तथा केन्द्रीय संघहरू, सहकारी विकास बोर्ड, सहकारी विभाग, सहकारी तथा गरिबी निवारण मन्त्रालयको स्थापना, गाउँमा विस्तार भएका सडकको संरचना, सञ्चारको सुविधा तथा आंशिक रूपमा भए पनि उपलब्ध हुने बिजुलीको सेवा विस्तार, व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने सीप विकास र व्यवस्थापन सहयोग गर्ने विभिन्न सरकारी, गैरसरकारी तथा निजी संस्थाहरूले प्रदान गर्ने सेवामा सर्वसाधारण जनताको पहुँच आदि अनुदान कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न योगदान पुग्ने तत्वहरू हुन् ।

जिल्लास्थित विभिन्न सरकारी, गैरसरकारी तथा निजी व्यावसायिक निकायहरूबीच आवश्यक समन्वयको अभाव, भौगोलिक दृष्टिले विकट स्थानमा रहेका सहकारीहरू, यातायातको भरपर्दो सुविधा नहुनु, डिभिजन सहकारी कार्यालयहरूमा आवश्यक जनशक्तिको कमी, भएका कर्मचारीहरूको कार्य दक्षताको अभाव, सीमित विनियोजित अनुदान रकमलाई ७५ जिल्लामा छरिएर रहेका सहकारी संस्थाहरूलाई एकै पटक अनुदान वितरण गर्ने सरकारी नीति, सबै जिल्लाहरूमा सहकारी विभागको कार्यालयहरू नहुनु र अनुदान वितरणमा राजनीतिक दबाब आदि व्यवधान खडा गर्ने कारक तत्वहरू हुन् ।

### ४.२.४ कार्यदक्षता (Efficiency)

सर्भेक्षण गरिएका जम्मा ७२ वटा सहकारी संघ-संस्थाहरूले सहकारी विभागबाट प्राप्त अनुदान रकम परियोजना प्रस्तावमा उल्लेख गरिएका कार्यक्रमा खर्च गरिएको बताए तापनि स्थलगत अध्ययन गर्दा वास्तविकता यस्तो पाइएन । केही सुगम क्षेत्रका पुराना सहकारी संस्थाहरूले बाहेक अधिकांश नयाँ दर्ता भएका दुर्गम तथा विकट क्षेत्रका सहकारी संस्थाहरूले सहकारी विभागसँग अनुदान लिँदा गरेका सम्झौतानुसार परियोजना सम्चालन गरेको पाइएन । सहकारी विभागको वार्षिक प्रगति विवरणमा प्रत्येक आ.व.मा सहकारी अनुदान कार्यक्रम अन्तर्गत निकासा भएको रकम प्रतिस्पर्धाबाट छनोट गरिएका सहकारी संघ-संस्थाहरूलाई वितरण गरिएको र अनुदान प्राप्त संस्थाहरूले सम्झौता अनुसार कार्यक्रम सञ्चालन गरिरहेको उल्लेख गरिएको छ । स्थलगत अध्ययनका क्रममा कतियप संस्थाहरू सहकारी उद्योग स्थापनाका लागि अनुदान रकमबाट आवश्यक मेसिन तथा उपकारण खरिद गरेको तर दुई वर्षसम्म उक्त मेसिनहरू जडानसमेत नभएको पाइयो । सहकारी अनुदानको ठूलो हिस्सा पशु तथा कृषिजन्य उत्पादनका लागि वितरण गरेको देखिन्छ । विगत ७ वर्षमा जम्मा १३३ सहकारी संघ-संस्थाहरूलाई गाईपालन, बाखापालन, बंगुरपालन, माछापालन, मौरीपालन तथा तरकारी खेतीका लागि अनुदान वितरण गरेको देखिन्छ । स्थलगत अध्ययनका क्रममा अधिकांश पशुपालनका लागि अनुदान लगेको सहकारी संघ-संस्थाहरूले प्रस्तावमा उल्लेख भए अनुसारको संख्यामा गाई, बाखा, बंगुर खरिद गरेको समेत पाइएन र कतिपय सहकारीहरूले स्थापना गरेका गाई, बाखा, र बंगुर फारमहरू

हाल अस्तित्वमा नै नरहेका र चालू रहेका अधिकांश फारमहरूको अवस्था पनि ज्यादै खराब रहेको पाइयो । नमूना छनोटमा परेका ७२ वटा सहकारी संस्थाहरूमध्ये ७ वटाले मात्र प्राप्त अनुदान रकम सहकारीका सदस्यहरूलाई व्यवसाय सञ्चालन गर्न वितरण गरेको र बाँकि सबै सहकारी संस्थाहरूले आफैं व्यवसाय सञ्चालन गर्न खर्च गरेको देखियो । सहकारीहरूले अनुदान रकमबाट सञ्चालित व्यवसायको अलग्गै हिसाब-किताब समेत नराखेकाले अनुदान प्राप्त सहकारीहरूको कार्यदक्षताको स्तर मापन उपलब्ध सूचांकका आधारमा गरिएको छ ।

सहकारी विभागले हालसम्म अनुदान कार्यक्रमको सोच तालीका नै तयार नगरेको र कार्यक्रम सञ्चालनको शुरुको ३ आर्थिक वर्षपछि मात्र अनुदान कार्यान्वयन निर्देशिका तयार गरेकाले कार्यक्रम अन्तर्गत के-के काम गर्ने, त्यसका लागि कति श्रोत आवश्यक पर्छ, आवश्यक श्रोतहरू कहाँबाट प्राप्त गर्ने जस्ता विषयहरूमा पूर्वअनुमान गरिएको देखिएन । नेपाल सरकारको वार्षिक कार्यक्रममा जति बजेट विनियोजन हुन्छ, सोही आधारमा कार्यक्रम तर्जुमा गरी अनुदान कार्यक्रम सञ्चालन गर्ने गरेको पाइयो । विगत ७ वर्षको वार्षिक विनियोजन, निकासा तथा खर्चको विश्लेषण गर्दा सहकारी अनुदान कार्यक्रमको निरन्तरता देखिन्छ, तर स्थिरिता भने देखिँदैन । अनुदान कार्यक्रमका लागि आवश्यक श्रोतको उपलब्धताका बारेमा सहकारी विभागका सम्बन्धित अधिकारीको भनाइ अनुसार कार्यक्रम सञ्चालनका लागि आवश्यक श्रोतको कमि नभएको तर चालू आर्थिक वर्षमा विनियोजित रकम खर्च नभएर अर्को आर्थिक वर्षमा कम रकम विनियोजन हुने गरेको पाइयो । उदाहरणका लागि आर्थिक वर्ष ०६६-६७ को तुलनामा आर्थिक वर्ष ०६७-६८ मा विनियोजित रकम १६४.८ प्रतिशतले र खर्च १६९.७ प्रतिशतले बढेको पाइयो । तर, आर्थिक वर्ष ०६७-६८ को तुलनामा आर्थिक वर्ष ०६८-६९ मा विनियोजित रकम ७८.६ प्रतिशतले बढे तापनि खर्च भने ३.२ प्रतिशतले घटेको देखिन्छ । विगत ७ आर्थिक वर्षको श्रोत परिचालनको स्थितिलाई विश्लेषण गर्दा सहकारी विभागको खर्चगर्ने क्षमता नै कम भएकाले कार्यक्रममा श्रोत परिचालन कम भएको देखिन्छ ।

सहकारी अनुदान नितान्त प्राविधिक क्षेत्रमा लगानी गर्ने विषय भएको र सहकारी विभागमा प्राविधिक दरबन्दी नै नभएकाले अनुदान कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न सम्भव दैखिँदैन । अनुदानका लागि प्राप्त भएका प्रस्तावहरूमूल्याङ्कन, कार्यक्रम अनुगमनको संयन्त्र र आवश्यकबजेटको अभावमा पनि अनुदान कार्यक्रमको प्रभावकारिता न्यून भएको देखिन्छ । जिल्लामा रहेका विभिन्न सरकारी विषयगत कार्यालयहरूसँग समन्वय गर्ने भनिएता पनि हालसम्म जिल्लास्तरमा त्यस्तो अनुगमन संयन्त्र निमार्ण गरिएको देखिएन र आवश्यक रकमको व्यवस्था पनि गरेको देखिँदैन । यस्तै अनुदानका कार्यक्रमहरू जिल्ला कृषि विकास कार्यालय, पशुसेवा कार्यालयहरूले पनि सञ्चालन गरिरहेका र उनीहरूको आर्थिक अनुदानको परिमाण पनि बढी र प्राविधिक सेवा पनि आवश्यकता अनुसार उपलब्ध गराउने भएकाले सहकारी विभागले अनुदान कार्यक्रमलाई पुनरावलोकन गरी अनुदान कार्यक्रममा हाल भइरहेको दोहोरोपना हटाउनुपर्ने देखिन्छ ।

मुख्य सूचनादाता र सहकारीका प्रतिनिधिहरूसँगको अन्तर्वार्ताको आधारमा प्रतिउद्यम ३.६३ रोजगारी सिर्जना भएको देखिन्छ । यसरी हेर्दा कुल अनुदानप्राप्त ३ सय १९ वटासहकारी उद्यमहरूबाट हालसम्म करिब ११ सय ५८ नयाँ रोजगारी सिर्जना भएको हुँदा कुल वितरण गरिएको अनुदान रू. १८, ३१, ४८, ४७५ अनुदान (आर्थिक वर्ष ०६५-६६ देखि ०७१-७२) वितरणका आधारमा एक रोजगारीका लागि रू. ३,०४,४०० र कुल आयोजनाको खर्चका आधारमा ११,५८,००० रुपैया खर्च भएको देखिन्छ ।

### उत्पादन तथा प्रशोधन उद्योगको औषत लागत

नमुना छनोटमा परेका सहकारी परियोजनाको जम्मा पुँजीगत लागत सरदर रू. १९,७१,००० रहेको छ र कुल अनुदान वितरणका आधारमा रू. ५, ५२,००० अनुदान कार्यक्रमको अधिकांश रकम (७१ प्रतिशत) प्रशासनिक खर्चमा भएकाले उद्यम र रोजगारी सिर्जनाको दृष्टिकोणबाट आयोजनाको कार्यदक्षता अति कमजोर देखिन्छ ।

सहकारी अनुदान आयोजनाबाट विगत ७ वर्षमा जम्मा १८,३०,२३,००० रकम ३४ उपक्षेत्रका ३१९ सहकारी संघ-संस्थाहरूलाई वितरण गरेको देखिन्छ । नमूना छनोटमा परेका ७२ वटा संस्थाहरूको कुल परियोजना लागत र सहकारी विभागबाट उपलब्ध भएको अनुदान रकमको हिस्सा करिब ३६ प्रतिशत मात्र देखिन्छ र बाँकि ६४ प्रतिशत लागत सहकारी संस्थाहरूले स्वयं नै व्यहोरेको देखिन्छ । अनुदानप्राप्त सहकारी संस्थाहरूको लगानीको हिस्सा ५० प्रतिशत भन्दा बढी देखिए तापनि अनुदान प्राप्त सहकारीका पदाधिकारी तथा कर्मचारीहरूको भनाइ अनुसार अधिकांश

संस्थाहरूले प्रस्तावमा उल्लिखित सर्तअनुसार लगानी नगरेको र प्रस्तावित आयोजनाहरूमा सहकारीहरूले शर्त अनुसार लगानी नगरेकाले पनि अधिकांश सहकारीहरूले सञ्चालन गरेका उद्योग व्यवसायहरू प्रभावकारी रूपमा सञ्चालन गर्न  नसकेको पाइयो ।

### ४.२.५ प्रभाव (Impact)

अनुदानअघि सर्भेक्षण गरिएका सहकारीहरूमा कुल सदस्यहरू १४,३०६ भएकोमा हाल (अनुदान कार्यक्रम पछि) यो संख्याबढेर ३४,९७९ रहेको देखिन्छ, जुन १४४.५ प्रतिशतले वृद्धि भएको देखिन्छ । सहकारीहरूको सदस्य संख्यामा वृद्धिभए तापनि संस्थाहरूको पुँजीकोषमा तुलनात्मक रूपले वृद्धि भएको देखिँदैन । यसबाट के बुझिन्छ भने अनुदानका प्रस्तावहरूको मुल्याङ्कनकाआधारहरूमध्ये एउटा आधार सहकारीको सदस्य संख्यापनि राखिएकाले अनुदान प्राप्त गर्नका लागि मात्र भए पनि सदस्यहरूको संख्याबढाएको देखिन्छ ।

सहकारी अनुदानबाट सञ्चालित उद्योग तथा व्यवसायहरूबाट लाभान्वित सदस्य घरधुरीहरूको सर्भेक्षण गर्दा करिब १० प्रतिशत सदस्यहरूले मात्र प्रत्यक्ष रूपमा अनुदानबाट लाभ पाएको देखिन्छ र अनुदान कार्यक्रमले उनीहरूको वार्षिक आम्दानीमा केही वृद्धि गर्न सहयोग पुगेको देखिन्छ ।

सहकारी अनुदान कार्यक्रमले सहकारी संस्थाका सदस्यहरूको जीवनस्तर सुधार्नका लागि थेरथोर योगदान पुगेको पाइएको छ । सदस्यहरूको शिक्षा, स्वास्थ्य, घर व्यवहार चलाउन सजिलो भएको तथा चाडपर्व मनाउन सहयोग पुगेको देखिन्छ ।

अधिकांश सहकारीले आफूले पहिलेदेखि नै गर्दै आएको व्यवसायको स्तरोन्नति वा मर्मत-सम्भार कार्यमा अनुदान रकम खर्च गरेका छन् र कुनै पनि सहकारीले अनुदान रकमबाट सञ्चालन गरेको उद्यमको छुट्टै हिसाब राखेको पाइएन । यसले गर्दा अनुदानकै कारणबाट वार्षिक आम्दानी कति बढ्यो भनेर भन्न सक्ने अवस्था रहेन ।

करिब ९० प्रतिशत अनुदानप्राप्त सहकारी संघ-संस्थाहरूले अनुदान कार्यक्रमबाट प्राप्त रकमबाट स्वयमले नै उद्योग व्यवसाय सञ्चालन गरेको पाइयो । सहकारी संस्थाहरूले सञ्चालन गरिरहेका अधिकांश उत्पादनका व्यवसायहरू खासगरी बाखा, गाई, बङ्गुरपालनजस्ता व्यवसायहरू सर्तअनुसार  सञ्चालन नभएको र केही सञ्चालनमा रहे तापनि प्रभावकारी ढङ्गले सञ्चालन नभएकाले उत्पादनमा खासै वृद्धि भएको देखिँदैन । अनुदानप्राप्त केही सहकारी संस्थाहरूले दुग्ध प्रशोधन, चिया प्रशोधन, मह प्रशोधन तथा साना खाद्य प्रशोधनजस्ता उद्योगहरू सञ्चालन गरिरहेका र अधिकांश सहकारी संस्थाहरूले सदस्यहरूले उत्पादन गरेका कृषि तथा पशुजन्य उत्पादनहरू खरिद गरी प्रशोधन गर्ने गरेका तर अधिकांश सहकारीहरूले प्रशोधित दुग्ध, मह तथा चियाको बिक्री-वितरणमा समस्या रहेको पाइयो । झापामा उत्पादित सिटिसी चियाको बिक्री-वितरण गर्न सहकारीलाई निकै समस्या रहेको पाइयो । स्थलगत अध्ययनले दुग्ध, मह तथा चिया प्रशोधनजस्ता सहकारी संस्थाहरूले सञ्चालन गरेका साना तथा मझौला कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योगहरूबाट साना तथा मझौला किसानहरू प्रत्यक्ष लाभान्वित भएको पाइएको छ ।

स्थलगत अवलोकनमा करिब ५८ प्रतिशत सहकारीहरू कार्यालय खोली सञ्चालनमा रहेका बाँकी ४२ प्रतिशत सहकारीहरूको कार्यालयसमेत नभएको अवस्था देखियो । समग्रमा सर्भेक्षण गरिएका सहकारीहरूमा ३.२१ जनाले प्रत्यक्ष र ४.२ जनाले परोक्ष रूपमा रोजगार रहेको पाइयो । औषतमा प्रति सहकारी ३.६३ रोजगारी सिर्जना भएबाट लक्ष्यको तुलनामा उपलब्धि नगन्य भएको देखिन्छ ।

### ४.२.६ दीगोपना (Sustainability)

सर्भेक्षण गरिएका कुल ७२ व्यवसायहरूमध्ये करिब ६० प्रतिशत व्यवसायहरू निरन्तर रूपले चलेका छन् । खासगरी खाद्य प्रशोधन (चामल, तोरी तेल, पिसानी आदि) दुग्ध प्रशोधन, मह प्रशोधन तथा चिया प्रशोधनजस्ता उद्योग, उच्च मूल्य प्राप्त गर्ने (मह, अलैंची) आदि व्यवसायहरू निरन्तर रूपमा चलेकाछन् भने अन्य व्यवसायहरू (सिलाइकटाइ, अदुवा प्रशोधन, कफी प्रशोधन, अदुवा प्रशोधन तथा सुपारी प्रशोधनजस्ता प्रशोधन उद्योग तथा व्यवसायहरू) प्रायःबन्द भएका छन् । अधिकांश सहकारीहरूले बङ्गुर, बाखा तथा गाईपालन व्यवसायहरूका लागि लिएको अनुदानबाट फार्महरू स्थापना गरेको भए तापनि धेरैजसो संस्थाहरूले बङ्गुर, बाखा तथा गाईपालन फार्महरू सर्तअनुसार स्थापना गरी सञ्चालन गरेको पाइएन । अधिकांश संस्थाहरूले ती फार्महरू  सहकारीकै सदस्यहरूलाई ठेक्कामा लगाएको

पाइयो । स्थलगत अवलोकन गर्दा प्रायः ती फार्महरू या त बन्द रहेका या न्यून क्षमतामा सञ्चालन भइरहेको देखियो ।

विभिन्न सहकारी संस्थाहरूले जिल्लास्थित विभिन्न संस्थाहरूले उनीहरूलाई सहयोग गर्दै आएका छन् । प्राप्त सूचनाअनुसार, ५१.४ प्रतिशत सहकारी संस्थाहरूले विभिन्न सरकारी, गैरसरकारी संस्थाहरूसँग समन्वय गरी प्राविधिक तथा आर्थिक सहयोगसमेत प्राप्त गर्ने गरेका छन् भने ४८.६ प्रतिशतले कुनै पनि सहयोग पाएका छैनन् । यसरी सहयोग प्राप्त गर्ने संस्थाहरूले सञ्चालन गरेका परियोजनाहरू थप श्रोत नपाएमा चल्ने आधार छैन । किनकि, ५२.८ प्रतिशत सहकारीहरू स्वयंले थप अनुदान नपाए प्रायःजसो परियोजनाहरू चल्न नसक्ने बताएका छन् ।

हाल सञ्चालनमा रहेका अनुदानप्राप्त परियोजनाहरू सञ्चालनमा आउन नसकेका, कतिपय सञ्चालनमा आए पनि बन्द भएकाले रोजगारी सिर्जनामा खासै योगदान पुगेको छैन । सञ्चालन भइरहेका अधिकांश परियोजनाहरू पुराना सहकारीहरूले गरेको व्यवसाय भएकाले उनीहरूले पुरानै कर्मचारीहरूबाट कार्य सञ्चालन गरेकाले नयाँ थप रोजगारी सिर्जना भएको देखिँदैन । तसर्थ, नयाँ सहकारीहरूबाट सिर्जना भएका रोजगारी थप अनुदान प्राप्त गर्न नसकेमा निरन्तरता पाउने सम्भावना पनि निकै कम देखिन्छ ।

सर्वेक्षणका आधारमा १७ प्रतिशत सहकारीहरूले मात्र अनुदान रकमको छुट्टै खातामा राखेको, ८९ प्रतिशत सहकारीहरूले अनुदान रकम आफैंले उपयोग गरी व्यवसाय गरेको र ११ प्रतिशत सहकारीहरूले आफ्ना सेयर सदस्यहरूलाई व्यवसाय सञ्चालन गर्न अनुदान वितरण गरेका छन् ।

सहकारी विभागको विद्यमान संरचना, स्वीकृत दरबन्दी र कार्यरत जनशक्तिको कार्यक्षमताको स्तरको विश्लेषण गर्दा कार्यविधिमा उल्लेख गरिएका अनुदानका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक पर्ने प्राविधिक सेवा उपलब्ध गराउने, नियमित अनुगमन तथा मुल्याङ्कन गर्ने संस्थागत संरचनासमेत नभएको अवस्थामा अनुदान कार्यक्रम निरन्तर रूपमा सञ्चालन गर्न सक्ने अवस्था देखिँदैन । तर, नेपाल सरकारकै अन्य निकायहरू, जस्तै : कृषि विकास मन्त्रालय, पशुपक्षी विकास मन्त्रालय, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, गरिबी निवारण कोष, युवा स्वरोजगार कोष, दुग्ध विकास बोर्ड, चिया तथा कफी विकास बोर्डलगायत अन्य वैदेशिक सहयोगबाट सञ्चालित विभिन्न विषयगत तथा क्षेत्रगत विकासका आयोजनाहरूले समेत समान प्रकृतिका अनुदानका कार्यक्रमहरू सञ्चालन गरिरहेको अवस्थामा सहकारी विभागको सहकारी अनुदान कार्यक्रमको खासै औचित्य देखिँदैन र यथास्थितिमा सहकारी अनुदान कार्यक्रमलाई निरन्तरता दिनु उपयुक्त हुँदैन ।

सहकारी विभागसँग अनुदान कार्यक्रममा उल्लेख गरिएका अनुदानका क्षेत्रहरूमध्ये कृषि, पशु तथा वनजन्य वस्तुहरूको उत्पादन तथा प्रशोधन सम्बन्धी उद्योग व्यवसायहरू स्थापना तथा सञ्चालनका लागि अनुदान प्राप्त गरेका सहकारी संघ-संस्थाहरूलाई आवश्यक न्यूनतम प्राविधिक एवं व्यवस्थापकीय सेवाहरू उपलब्ध गराउन सहकारी विभागसँग आफ्नै विषयगत प्राविधिक जनशक्ति नभएको र जिल्लास्तरमा उपलब्ध प्राविधिक सेवा प्रदायक सरकारी, गैरसरकारी तथा निजी निकाय तथा परामर्शदाता व्यक्ति तथा संस्थाहरूसँग समन्वय गरी अनुदान कार्यक्रम सञ्चालन गर्न संयन्त्रको समेत व्यवस्था नभएकाले अधिकांश अनुदान प्राप्त गरेका सहकारी संघ-संस्थाहरूले उद्योग तथा व्यवसाय सञ्चालनका लागि आवश्यक प्राविधिक ज्ञान, सीप तथा प्रविधिहरू प्रयोग गरेको पाइएन । अनुदान प्राप्त गरेका केही सुगम तथा जिल्ला सदरमुकाम वरिपरिका सहकारी संघ-संस्थाहरूले जिल्लास्थित कृषि विकास कार्यालय र पशुसेवा कार्यालय, लघुउद्यम विकास, घरेलु तथा साना उद्योग कार्यालय तथा विभिन्न गैरसरकारी संस्थाहरूसँग समन्वय गरी आवश्यक प्राविधक सेवा प्राप्त गरिरहेका भए तापनि अधिकांश दुर्गम तथा विकट भौगोलिक क्षेत्रका संस्थाहरू आवश्यक प्राविधिक ज्ञान र सीपको अभावले गर्दासमेत अपेक्षाकृत अनुदान कार्यक्रमबाट लाभ लिन नसकेको देखिन्छ ।

### ४.२.७ लाभग्राहीको सन्तुष्टि

सहकारी विभागबाट प्राप्त तथ्याङ्क अनुसार प्रतिसहकारी न्यूनतम रू. ५० हजारदेखि करिब ५ करोडसम्म अनुदान प्रदान गरिएको देखिन्छ । अधिकांश सहकारीहरूले ३ लाख देखि ५ लाख सम्म अनुदान पाएको देखिन्छ ।

विस्तृत अध्ययनका लागिनमूना छनोटमा परेका सहकारी संघ-संस्थाहरूले व्यवसाय सञ्चालन गर्नका लागि माग गरेको अनुदानको करिब ३६ प्रतिशत मात्र रकम अनुदान प्राप्त गरेको देखिन्छ । यसरी माग गरेको अनुदान रकमको करिब एकतिहाइ मात्र अनुदान उपलब्ध भएकाले अधिकांश कमजोर आर्थिक अवस्था भएका दुर्गम तथा विकट

भौगोलिक क्षेत्रका सहकारी संस्थाहरूले अनुदान सम्झौताअनुसार परियोजनाहरू प्रभावकारी ढङ्गले सञ्चालन गरेको पाइएन । अनुदान कार्यान्ययन निर्देशिकामा सहकारी संस्थाहरूलाई परियोजनाको कुल लागतको ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिने प्रावधानभए तापनि अधिकांश साना तथा दुर्गम क्षेत्रका सहकारी संघ-संस्थाहरूलाई माग गरेको भन्दा कम अनुदान प्रदान गरिएको र ठूला तथा पहुँचभएका सहकारी संघ-संस्थाहरूलाई निर्देशिका अनुसार ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराएको पाइयो । यसरी धेरै सहकारी संस्थाहरूलाई आवश्यकताभन्दा कम रकम अनुदान प्रदान गरिएकाले पनि साना सहकारी व्यवसायहरू प्रभावकारी ढङ्गले सञ्चालन हुन नसकेको देखिन्छ । संस्थाको स्वलगानी गर्न सक्ने क्षमताका आधारमा अनुदान रकम उपलब्ध गराउने निर्देशिकाको प्रावधानले गर्दा अधिकांश आर्थिक अवस्था कमनोर भएका सहकारी संस्थाहरूले समेत तोकिएको लागत व्यहोर्ने शर्तकबुल गरी सहकारीबाट अनुदान प्राप्त गरेको देखियो ।नमूना  छनोट परेका अनुदानप्राप्त सहकारी संस्थाहरूमध्ये करिब ४९ प्रतिशतले नपुग रकम बैंकबाट ऋण लिएको, १८ प्रतिशतले अन्य श्रोत हरूबाट र बाँकी २३ प्रतिशत संस्थाहरूले मात्र आन्तरिक श्रोतबाट प्रस्ताव अनुसारका परियोजनाका लागि रकम व्यवस्थापन गरेको बताएता पनि वास्तविकता यस्तो नभएको र अधिकांश अनुदान प्राप्त गरेका सहकारी संघ-संस्थाहरूले सहकारी विभागबाट प्रदान गरिएको अनुदान रकम बाहेक परियोजनामा थप लगानी नगरेको पाइयो ।

### ४.२.८ कार्यक्रममा सुधार गर्नुपर्ने पक्षहरू

कार्यक्रमहरू सम्बन्धित जिल्ला वा डिभिजन सहकारी कार्यालयहरूबाट सञ्चालन हुनुपर्ने, अनुदानका साथमा प्राविधिक सहयोग र परामर्शसेवा, आवश्यकताअनुसार सीपमूलक तालीम, राष्ट्रिय योजना आयोगबाट प्रतिपादित अनुगमन प्रणाली (PMAS, DPMAS) विधि अपनाई प्रभावकारी अनुगमन गर्नुपर्ने, सम्बन्धित निकायहरूसँग समन्वय गरिनुपर्ने ,पारदर्शितामा जोड दिने, स्थानीय निकायहरूलाई सहभागी गराउनुपर्ने, अनुदान रकमको दर आर्थिक अवस्था कमजोर भएका लक्षित वर्गले सञ्चालन गरेका सहकारी उद्यम तथा व्यवसायहरूलाई बढी हुनुपर्ने र सहकारीहरूलाई अनुदानभन्दा सरकारले व्यवस्था गरेको सहुलियत ऋण सहकारी संघ-संस्थाहरूलाई समेत उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने र सहकारीहरूको उद्देश्य, कार्यदक्षता तथा स्थानीय आवश्यकताका आधारमा उपयुक्त ठहरिएका प्रस्तावहरूलाई मात्र अनुदान प्रदान गर्ने नीति कडाइका साथ लागू पर्ने देखिन्छ ।

### ४.२.९ समग्र मुल्याङ्कन नतीजाको स्तरीकरण

| क्रस | निर्णयाधार | मुल्याङ्कन | निष्कर्ष |
|---|---|---|---|
| १ | कार्य संपादन स्तर | ग. सन्तोषजनक नभएको । | • अनुदान कार्यक्रमको सोच तालीका तयार नै नगरी कार्यक्रम सञ्चालन शुरु गरिएकोले कार्यक्रमको भौतिक लक्ष तथा उपलब्धिकाबारे मुल्याङ्कन गर्ने ठोस आधार नभएको ।<br>• आयोजनाको प्रति बर्ष १०० सहकारी संघ सस्थाहरुलाई अनुदान प्रदान गर्ने लक्ष भएता पनि बिगत ७ बर्षमा कुनै आ.ब.मा पनि १०० वटा सहकारी संघ सस्थाहरुलाई अनुदान प्रदान भएको देखिएन । बिगत सात बर्षमा लक्षको करिब ४५ प्रतिशत संघ सस्थाहरुलाई मात्र अनुदान बितरण गरेको देखिन्छ ।<br>• सहकारी अनुदान कार्यक्रमबाट हरेक वर्ष १०० वटा नयां व्यवसाय स्थापना गरि बार्षिक २५०० थप रोजगारी सिर्जना गर्ने आयोजनाको लक्ष रहेकोमा हालसम्मा करिब ११५८ थप रोजगारी सिर्जना भएको देखिन्छ जुन लक्षको करिब ७ प्रतिशत मात्र हासिल भएको देखिन्छ । |
| २ | सान्दर्भिकता | ख. सान्दर्भिक भएको । | • सहकारी अनुदान कार्यक्रम सहकारी क्षेत्रको समग्र बिकासका लागि सान्दर्भिक भएता पनि योजना तर्जुमा, अनुदानका कार्यक्रमको कार्यान्वयन, तथा अनुगमन प्रकृया अति नै केन्द्रीकृत भएकाले उपयुक्त छैन ।<br>• सहकारी अनुदान कार्यान्वयन कार्यबिधिमा अनुदानको लागि प्रस्ताव तयार गर्ने नमूना खाका उल्लेख नगरिको र अनुदानको लागि संस्था |

| | | | |
|---|---|---|---|
| | | | छनोट गर्ने मापदण्डहरु सबै किसिमका सहकारी संघ सस्थाका लागि समान भएकोले त्यति सान्दर्भिक नभएको ।<br>● सहकारी अनुदान कार्यान्वयन गर्ने सहकारी बिभागले सोझै काठमाण्डौबाट संचालन गर्ने गरेको र यस प्रकृयामा डिभिजन सहकारी कार्यालयहरुलाई प्रत्यक्ष जिम्मेवारी नदिइएकाले डिभिजन कार्यालयहरुमा अनुदान पाउने सहकारीहरुको अभिलेख राख्ने नगरिएको ।<br>● अनुदान कार्यक्रम कार्यान्वयन निर्देशिकामा उल्लेख भएका सहकारी अनुदानका लागि तोकिएका उपक्षेत्रहरु सहकारी नीति र गरीवी निवारण सम्वन्धि अन्य राष्ट्रिय प्राथमिकतासँग मेला खाने देखिन्छ तर सहकारीरुको क्षमता बिकास र संस्थागत सुशासनमा सुधारका क्षेत्रमा कार्यक्रम संचालन नभएकाले आसातित उपलब्धि हासिल हुने देखिदैन ।<br>● सहकारी अनुदान कार्यक्रम कार्यान्वयन प्रकृया केन्द्रिकृत भएकोले उपयुक्त र सान्दर्भिक देखिदैन ।<br>● हालसम्मको अनुदान बितरणको बिश्लेषण गर्दा संख्यात्मक रुपमा सबै भौगोलिक क्षेत्रका सहकारीहरुलाइ अनुदान बितरण भएको देखिए पनि लगानी भएको रकम मध्ये करिब ४१ प्रतिशत रकम दुइवटा सहकारी संस्थाहरुलाइ प्रदान गरिएकोले अनुदान कार्यक्रम लक्षित भौगोलिक क्षेत्र र जनसंख्या आकारको आधारमा बितरण नभएको । |
| ३ | प्रभावकारिता | ग. औषत भन्दा कम प्रभावकारी । | ● सहकारी अनुदान कार्यक्रममा बिगत सात बर्षको बार्षिक श्रोत विनियोजनमा सरदर ६४.६८ प्रतिशतले र खर्चमा ६२.९५ प्रतिशतले बृद्धिभएको देखिएता पनि कूल निकासा रकमको करिब २८ प्रतिशत मात्र सहकारीहरुलाई अनुदान बितरण भएको ।<br>● स्थलगत अध्ययनका लागि नमूना छनोटमा परेका सहकारी संघ सस्थाहरुमा प्रति रोजगारी सिर्जन गर्न औषत जम्मा रु. ३१९, ००८ खर्च भएको जस्मा अनुदानको हिस्सा रु. १५८,०५५ रहेको ।<br>● यस कार्यक्रमले प्रवर्द्धन गरेका कार्यक्रममा प्रति सहकारी साना उत्पादन तथा प्रशोधन उद्योगको औषत लागत रु १७,४४,७४१ र अनुदानको हिस्सा रु. ५७४, १३३ रहेको छ ।<br>● प्रति सहकारी साना उत्पादन तथा प्रशोधन उद्योगको स्थापना गर्न सहकारी बिभागबाट प्रदान गरिएको अनुदानको हिस्सा रु. ५७४, १३३ रहेको छ जुन कुल लागतको करिब ३६ प्रतिशत मात्र हुन आउंछ ।<br>● अनुदान प्राप्त गरेका अध्ययनका लागि नमूना छनोटमा परेका सहकारीहरु मध्ये करिब ५९ प्रतिशले बैंक, १८ प्रतिशतले अन्य श्रोतबाट नपुग रकमको ब्यबस्था गरेका र बांकि २३ प्रतिशतले अनुदान बाहेक ब्यबसाय संञ्चालनमा अन्य श्रोतबाट थप लगानी गरेको देखिएन ।<br>● समग्रमा सहकारी अनुदान कार्यक्रममाथि सम्भ्रान्त बर्गको कब्जा रहेको र अधिकांश अनुदान प्राप्त गरेका सहकारी संघ सस्थाहरु सहकारी सिद्धान्त, मूल्य मान्यतानुसार संञ्चालन नभएको । |
| ४ | सक्षमता | ख. सक्षमता औषत रहेको । | ● सर्भेक्षणका लागि नमूना छनोटमा परेका अनुदान पाएका सहकारी संस्थाहरुले स्थापना गरेका उद्योग ब्यबसायहरु मध्ये करिब ४९ प्रतिशत सन्तोषजनक रुपमा संचालनमा रहेका, ३५ पतिशत संस्थाहरु सन्तोषजनक रुपमा संञ्चालन नभएका र बांकि १६ प्रतिशत सहकारीले अनुदान सम्झौता अनुसार उद्योग ब्यबसाय संञ्चालन नै नगरेको । |

| | | | |
|---|---|---|---|
| | | | • अनुदान पाएका करिब ९३ प्रतिशत सहकारीहरुले अनुदान प्राप्तगर्दा कबुल गरेका शर्त अनुसार उद्योग ब्यबसाय संञ्चालन गरेको र ७ प्रतिशत संस्थाहरुले शर्त अनुसार कार्य नगरेको ।<br>• स्थलगत अध्ययन गरिएका अनुदान प्राप्त नमूना सहकारी संस्थाहरु मध्ये करिब ९३ प्रतिशतले डवल ईन्द्री गरी निर्धारित ढाँचामा लेखा राख्ने गरेको र बांकि ७ प्रतिशत संस्थाहरुले साधारण विधिमा लेखा राख्ने गरेको पाइयो ।<br>• सहकारी अनुदान कार्यक्रम कार्यान्वयन गर्ने सहकारी बिभागले कायक्रमको अध्याबधिक अभिलेख राख्ने गरेको पाइएन ।<br>• बिगत सात बर्षको अनुदान बितरण तथ्यांकको बिश्लेषण गर्दा सहकारी अनुदान कार्यक्रमले निर्धारित लक्ष अनुसारको भौगोलिक क्षेत्र र सहकारी संस्थालाई अनुदान उपलब्ध नभएको ।<br>• सहकारी अनुदान कार्यक्रम अन्तर्गत स्वीकृत प्रस्ताव अनुसारको अनुदान रकम १ देखि ३ महिना भित्र बितरण गरेको पाइयो । अनुदानको रकम आधा जसो संस्थालाई निर्देशिका बिपरित एकै किस्तामा र बांकि संस्थालाई दुई वा तीन किस्तामा बितरण भएको ।<br>• समग्रमा सहकारी अनुदान बितरण प्रकृया झन्झटिलो भएको र अधिकांश सहकारी सस्थाहरुले माग गरेको भन्दा निकै कम मात्र अनुदान रकम प्राप्त गरेकाले प्रस्तावित कार्यक्रम सञ्चालन गर्न आर्थिक र प्राबिधिक समस्या परेको । |
| ५ | प्रभाव | ग. औषत भन्दा कम । | • अनुदान प्राप्त गरेपछि सहकारीहरुको सदस्य संख्यामा करिब १४५ प्रतिशतले बृद्धि भएको ।<br>• अध्ययन गरिएका केही दुग्ध, मह, महिला खाद्य तथा चिया प्रशोधन उद्योगहरु बाहेकका सर्भेक्षण गरिएका सहकारी संस्थाहरुले अनुदानबाट सञ्चालित उद्योग ब्यबसायहरुको वार्षिक उत्पादन र आम्दानीमा खासै बृद्धि नभएको ।<br>• केही दुग्ध, मह, महिला खाद्य तथा चिया उद्योगहरुको प्रशोधन क्षमतामा बृद्धि भएकोले प्रशोधित बस्तुको बिक्रिमा समेत बृद्धि भएको ।<br>• अध्ययन गरिएका नमूना सहकारी संस्थाहरुमा प्रति सहकारी ३.६३ नयाँ रोजगारी सिर्जना भएको ।<br>• थप नया रोजगारीबाट करिब ११५८ जना सहकारी सदस्यहरुका परिबारको बार्षिक आयमा बृद्धि भई गरीवी निवारणमा केही योगदान पुगेको । |
| ६ | दीगोपना | ग. दीगोपना नभएको । | • स्थलगत अध्ययनका क्रममा अनुदान प्राप्त ७५ वटा नमूना सहकारीहरु मध्ये करिब ६० प्रतिशत साना तथा मझौला प्रशोधन उद्योग तथा व्यवसायहरु संञ्चालनमा रहेका तर सञ्चालनमा रहेका अधिकांश परियोजनाहरु पूर्ण क्षमतामा सञ्चालन नभएको ।<br>• अनुदान प्राप्त सहकारीहरुले प्रति सहकारी ३.६३ रोजगारी सिर्जना गरेको पाइएता पनि अधिकांश नया सिर्जित रोजगारी दीगो रुपमा चल्न सक्ने संभावना कम रहेको ।<br>• करिब १७ प्रतिशत अनुदान प्राप्त सहकारीहरुले मात्र अनुदानको हिसाब किताब अलग्ग राख्ने गरेको र ९० प्रतिशतले अनुदानको रकम आफैले |

| | | | |
|---|---|---|---|
| | | | उपयोग गरेको र आधा भन्दा बढि सहकारीहरुले नपुग रकम अन्य श्रोतबाट परिचालन गरि अनुदानबाट स्थापना भएका उद्योग ब्यबसाय संञ्चालन गरिरहेकोले आर्थिक परिचालनको अबस्था ठीकै रहेको । <br>● बिद्यमान संस्थागत संरचना र उपलब्ध मानव सम्साधनको बिश्लेषण गर्दा यथास्थितिमा सहकारी बिभागले अनुदान कार्यक्रम आफैँले निरन्तर रुपमा सञ्चालन गर्न सक्ने अबस्था नरहेको । <br>● अनुदान कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न आबश्यक ज्ञान, सीप र दक्ष जनशक्ति उपलब्ध गराउने प्राबधान नभएकोले दीगोपना नदेखिएको । |
| ६ | लाभग्राहीको संतुष्टि स्तर | ख. ठीकै | ● अधिकांश साना तथा दुर्गम क्षेत्रका सहकारी संघ संस्थाहरुलाई माग गरेको भन्दा कम अनुदान प्रदान गरिएको र ठूला तथा पहुंचभएका सहकारी संघ संस्थाहरुलाई निर्देशिका अनुसार ५० प्रतिशत सम्म अनुदान उपलब्ध गराएको । <br>● अनुदान प्रकृया झन्झटिलो र केन्द्रीकृत भएकोले दुर्गम तथा बिकट भौगोलिक क्षेत्रका सहकारी संघ सस्थाहरुलाई अनुदान प्राप्त गर्न खर्चिलो भएको भएता पनि अधिकांश अनुदान प्राप्त सहकारी सस्थाहरु अनुदान कार्यक्रमबाट सन्तुष्ट नै रहेको । |
| ७ | समग्र निष्कर्ष | ग. औषत भन्दा कम | समग्रमा सहकारी अनुदान कार्यक्रम सन्तोषजनक नभएको । |

**मुल्यांकन मापनका आधारहरु**

| क्रस | निर्णयाधार | आधार |
|---|---|---|
| १ | कार्य सम्पादन | क. अति सन्तोषजनक ख. सन्तोषजनक ग.सन्तोषजनक नभएको |
| २ | सान्दर्भिकता | क. अति सान्दर्भिक ख. सान्दर्भिक ग.कम सान्दर्भिक |
| ३ | प्रभावकारिता | क. अति प्रभावकारी ख. प्रभावकारी ग.कम प्रभावकारी |
| ४ | सक्षमता | क. अति दक्षतापूर्ण ख. दक्षतापूर्ण ग.कम दक्षतापूर्ण |
| ५ | प्रभाव | क. अति प्रभावपूर्ण ख. प्रभावपूर्ण ग.कम प्रभावपूर्ण |
| ६ | दीगोपना | क. अति दीगोपना भएको ख. दीगोपनापूर्ण ग.दीगोपना नभएको |
| ७ | समग्र निष्कर्ष | क. अति सन्तोषजनक ख. सन्तोषजनक ग.सन्तोषजनक नभएका |

## ४.३ निष्कर्ष

सहकारी क्षेत्र नेपालको आर्थिक गतिविधिका मुख्य तीन स्तम्भमध्ये एक भएकाले यस क्षेत्रको प्रवर्द्धनसम्बन्धी गरिएका कार्यहरू राष्ट्रिय नीति, लक्ष्य र प्राथमिकतासँग मिल्दो नै देखिन्छ ।

सहकारी अनुदान कार्यक्रमको अनुदान वितरणको प्रक्रिया, अनुदान कार्यक्रमले पहिचान गरेका प्राथमिकताका उपक्षेत्रहरू तथा भौगोलिक क्षेत्रहरू, विगत सात वर्षमा सहकारी संघ-संस्थाहरूले सञ्चालन गरेका साना तथा मझौला प्रशोधन उद्योग तथा उत्पादन र रोजगारमूलक व्यवसायहरू स्थापना गर्न सहकारी अनुदान कार्यक्रमको मात्रात्मक तथा गुणात्मक लगानी, अनुदानप्राप्त सहकारी संघ-संस्थाहरूको सहकारीमा आधारित उद्योग व्यवसाय सञ्चालन प्रक्रियामा परेको सकारात्मक प्रभाव, सहकारीहरूको कार्य सञ्चालन तथा व्यवस्थापन क्षमता र अनुदान प्राप्त गरेका सहकारी संघ-संस्थाहरूको सन्तुष्टिको समेत विश्लेषण गर्दा सहकारी अनुदान कार्यक्रम सञ्चालनमा केही कमी-कमजोरी देखिए तापनि समग्रमा सहकारी क्षेत्रको विकासका लागि अनुदान कार्यक्रम सान्दर्भिक नै देखिन्छ ।

सहकारी संस्थाहरूलाई वितरण गरिने अनुदान कार्यक्रमलाई निर्देशिका बनाई त्यसका प्रक्रियागत कुराहरूलाई निश्चित मापदण्डका आधारमा अनुदानका प्रस्तावहरू छनोट गरी वितरण गर्ने आधार तयार पारेको देखिन्छ । सहकारी ऐन, नियम र सिद्धान्तका आधारमा संस्थाहरूलाई वितरण गरिने अनुदानले स्थानीयस्तरमा साना व्यवसायको विकासमा

सहयोग पुऱ्याउन थोरबहुत सहयोगी भएको देखिए तापनि अधिकांश अनुदानप्राप्त सहकारीहरूको संस्थागत क्षमता र सुशासन कमजोर भएकाले संस्थाहरूलाई दिइएको अनुदानले अपेक्षित प्रतिफल सिर्जना गरेको देखिँदैन ।

सहकारी अनुदान कार्यक्रम केन्द्रीयस्तरबाट सञ्चालन गरिएको तर संस्थाहरू भने देशभर पूर्वदेखि पश्चिमसम्म, तराईदेखि हिमालसम्म फैलिएकाले तिनको संस्थागत अवस्था, व्यवसायको सम्भाव्यता, रकमको सदुपयोग भए-नभएको बारे सम्बन्धित निकायबाट नियमित अनुगमन भएको पाइएन । जिल्लास्थित डिभिजन सहकारी कार्यालयहरूलाई सहकारी अनुदान कार्यक्रम सञ्चालन प्रक्रियामा प्रत्यक्ष सामेल नगराइएको हुनाले उनीहरूले पनि यसमा खासै चासो राख्ने, अभिलेख राख्ने र अनुगमन गर्ने गरेको पाइएन । जसले गर्दा सहकारी अनुदान कार्यक्रमबाट अपेक्षाकृत उपलब्धि हासिल भएको देखिएन ।

अधिकांश साना किसान सहकारी संस्थाहरूले अनुदान रकमको उचित सदुपयोग गरेको देखिए तापनि अन्य अनुदानप्राप्त सहकारी संघ-संस्थाहरूले उद्देश्यअनुरूप अनुदानबाट स्थापित उद्योग व्यवसायहरू सहकारी सिद्धान्त र मूल्य-मान्यताअनुसार सञ्चालन नगरेको र अनुदानबाहेक स्वपुँजी लगानी नगरेको देखियो । यसले गर्दा अनुदानबाहेक व्यवसायका लागि आवश्यक पर्ने थप श्रोत को अभावमा प्रस्तावित व्यवसायहरू पूर्वसर्तअनुसार सञ्चालन नगरेको पाइयो ।

अध्ययन गरिएका सहकारी संस्थाहरूले प्रचलित सहकारी कानुनले निर्दिष्ट गरेका अनिवार्य सर्तहरू पालना गर्ने गरेको भए तापनि अधिकांश सहकारी संघ-संस्थाहरू सहकारी सिद्धान्त, मूल्य र मान्यताका आधारमा सञ्चालन भएको पाइएन । एकातिर पछिल्ला समयमा नेपालका गाउँ तथा सहरहरूमा नयाँ सहकारी संस्था खोल्ने लहडै नै चलेको देखिन्छ भने अर्कोतिर अधिकांश पुराना सहकारी संस्थाहरू प्रायःजसो निष्क्रिय रहेको देखिन्छ । विद्यमान सहकारी ऐनको न्यूनतम २५ जना सदस्यहरूको प्रावधानलाई दुरुपयोग गरी एकै गाउँ वा वडामा समान उद्देश्यका एकभन्दा बढी सहकारी संस्थाहरूसमेत दर्ता भएका र एउटै व्यक्ति समान उद्देश्य भएका  एकभन्दा बढी सहकारी संस्थाहरूमा सदस्य रहेको समेत पाइयो ।

अधिकांश सहकारीका सदस्यहरूलाई सहकारी सिद्धान्त, मूल्य र मान्यताहरूका बारेमा सामान्य जानकारीसमेत नभएको र सहकारी भनेको गाउँमा नियमित बचत गर्ने र आवश्यक परेका बेला ऋण प्रदान गर्ने संस्थाका रूपमा मात्र बुझ्ने गरेको पाइयो । सहकारीको वैकल्पिक नेतृत्व विकासमा पनि संस्थाहरूको ध्यान कम गएको देखियो । दशकौँसम्म पनि एकै व्यक्तिको नेतृत्वमा संस्था सञ्चालन भइरहेको, वैकल्पिक नेतृत्व तयार नभएको आदि कारणले सहकारी संस्थाहरूको संस्थागत सुशासनको अवस्था निकै कमजोर रहेको पाइयो  ।

अध्ययनका लागिनमूना  छनोटमा परेका सहकारी संघ-संस्थाहरूमध्ये अधिकांश सहकारी जिल्ला संघहरूले अनुदानमा स्थापना गरेका खासगरी कृषि तथा पशुजन्य उत्पादनका व्यवसायहरू ठेक्कामा लगाई सञ्चालन गरेको र प्रायः सबै परियोजनाहरू असफल रहेको पाइयो ।

सहकारी संस्थामा समान हैसियत र समान उद्देश्य राख्ने व्यक्तिहरूको सामूहिक सहभागिताबाट संस्था सञ्चालन गर्नुपर्नेमा अधिकांश सहकारी संस्थाहरू असमान सामाजिक-आर्थिकस्तर र भिन्न-भिन्न आकाङ्क्षा भएका व्यक्तिहरू मिलेर खोलिएका संस्थामा सबै सदस्यहरूको समान सहभागिता नरहेको र अधिकांश सदस्यहरूले सञ्चालित सहकारीबाट लाभ लिन सक्ने अवस्था नरहेको पाइयो ।

व्यवसायको विकासका लागि दिइने अनुदानको हिस्सा साह्रै नगन्य मात्राको देखियो । अझ प्रशासनिक कार्यका लागि काठमाडौं धाउनुपर्दा त अनुदानको ठूलो हिस्सा आवत-जावतमै खर्च हुने गरेको र अनुदानको रकम व्यवसाय सञ्चालन गर्न अपर्याप्त हुने हुँदा अनुदानको प्रतिफल नै नदेखिने अवस्था देखियो ।

नमुना छनोटमा परेका अनुदानप्राप्त सहकारी संस्थाहरूको भौगोलिक वितरण, सहकारीको किसिम, सदस्यहरूको सामाजिक, आर्थिक अवस्थाको विश्लेषण गर्दा अधिकांश धेरै रकम अनुदान प्राप्त गर्ने सहकारीहरू सुगम क्षेत्रका पढेलेखेका राजनीतिक पहुँच भएका सहकारी संस्थाहरूको नै बाहुल्यता देखिन्छ ।

सहकारी अनुदानबाट स्थापित उद्योग व्यवसायहरू आर्थिक तथा प्राविधिक रूपमा दीगोरूपमा सञ्चालन गर्न परियोजनामा न्यूनतम लगानी आवश्यक पर्ने र उत्पादित वस्तु तथा सेवाहरूको मूल्य तथा गुणस्तर बजारमा प्रतिस्पर्धा गर्न सक्ने भए मात्र सहकारी संघ-संस्थाहरू दीगोरूपमा सञ्चालन भई स्थानीयस्तरमा सदस्यहरूको आर्थिक

तथा सामाजिक विकासमा योगदान गर्न सक्ने हुन्छ । तर, अधययन गरिएका सहकारी संघ-संस्थाहरूको क्रियाकलापको मुल्याङ्कन गर्दा अधिकांश सहकारी संस्थाहरूले सञ्चालन गरेका उद्यमहरू तथा व्यवसायहरू प्राविधिक र आर्थिक रूपमा दीगोहुन सक्ने सम्भावना न्यून देखिन्छ ।

यथास्थितिमा चालू सहकारी अनुदान कार्यकक्रमलाई निरन्तरता दिनुहुँदैन । यदि अनुदान कार्यक्रमलाई निरन्तरता दिने हो भने विद्यमान अनुदान कार्यान्वयन निर्देशिकामा सुधार गरी कृषि तथा पशु उत्पादनका व्यवसायबाहेक कृषि तथा पशुजन्य उत्पादनहरूको प्रशोधन तथा बजारीकरणसम्बन्धी परियोजनाहरूका लागि सम्बन्धित प्रारम्भिक कृषि तथा पशुपालन सहकारी संस्थाहरू र सम्बन्धित वस्तुगत जिल्ला सहकारी संघहरूलाई मात्र अनुदान दिने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## ४.४ मुल्याङ्कन सिकाइहरू

१. सहकारी अनुदान कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सहकारी संस्थाहरुको सदस्य संख्या र पुंजीको परिमाण भन्दा पनि सहकारी सस्थाका प्रतिनिधिहरुको नेतृत्व क्षमता र इमान्दारिता, सहकारी सदस्यहरु बीच सहयोगको भावना र सकृय सहभागिता, संस्थागत सुशासन, पारदर्शिता र सदस्यहरुको स्वबिकास प्रतिको चाहना र प्रतिबद्धताको भूमिका अहम हुने देखियो ।

२. सहकारी संस्थाहरुले उद्देश्य, स्थानीय आबश्यकता र सहकारीका सदस्यहरुको माग अनुसार संभाव्यता अध्ययनको आधारमा तयार गरिएका अधिकांश सहकारी उद्योग ब्यबसायहरु प्रभावकारी ढंगले दीगोरुपमा संञ्चालन गर्न सक्ने रहेछन् । तर सहकारी संघ सस्थाका सीमित संचालकहरुले आम सदस्यहरुको सहभागिता बिना स्थानीय आबश्यकतामा आधारित नभएका परियोजनाहरु अनुदान प्राप्त भएता पनि दीगो नहुने रहेछन् ।

३. सहकारी अनुदान नीतिमा समेटिका बस्तुहरुको उत्पदन, प्रशोधन, प्याकेजिङ्ग तथा बजारीकरण सम्बन्धि उद्योग तथा ब्यबसायहरु सञ्चालनका लागि अनुदान उपलब्ध गराउंदा कृषि तथा पशुजन्य उत्पादनका लागि सहकारकिा सदस्यहरुलाई सिधै अनुदान उपलब्ध गराउदा बढि प्रभावकारी हुने र कृषि तथा पशुजन्य उत्पादनहरु खासगरी मह, जडीबुटी, दूध, चीया, कफि, अलैंची जस्ता बसतुहरुको प्रशोधन, प्याकेजिङ्ग तथा बजारिकरण सम्बन्धि उद्योगहरु संचालनका लागि संबन्धित प्रारम्भिक सहकारी संस्थाहरु वा संम्बन्धित जिल्ला सहकारी संघहरुलाई अनुदान उपलब्ध गाउंदा बढि प्रभावकारी हुने रहेछ । कृषि तथा पशुजन्य उत्पादनका लागि जिल्ला सहकारी संघहरुलाई प्रदान गरिएको अनुदान प्राय दुरुपयोग भएको स्थलगत अध्ययनबाट देखिएको छ ।

४. स्थानीय बजार, आवश्यकता अनि उत्पादनको गुणस्तर र आर्थिक दीगोपनको आँकलन नगरी उद्यम संञ्चालन गर्दा कुनै पनि उद्यम ब्यबसायहरु दीगो रुपमा सञ्चालन हुन सक्दैनन् । समुदायस्तरबाट संञ्चालित उद्योग व्यावसायको व्यावसायिक आकार सानो हुने भएकाले प्रतिस्पर्धामा टिक्न निकै कठिन हुन्छ । व्यावसायिक सम्भाव्यता अध्ययन र उद्यमशिलताको विकासमा सहकारीहरुको क्षमता दलित पेशा आधसनिकीकरण, महिला साना खाद्य/मसला प्रशोधन जस्ता उद्योग ब्यबसाय संञ्चालार्थ प्रदान गरिएको अनुदान रकम निकै कम भएको र त्यस्ता साना अनुदान कार्यक्रम समेत सहकारी बिभागबाटै सञ्चालन गरिदा सहकारी संस्थाहरुको प्रशासनिक खर्चको हिस्सा अनुदान रकमको २० देखि ३० प्रतिशत सम्मा हुने गरेकोले अनुदान कार्यक्रमको कार्यान्वयन लागत कम गराइ प्रभावकारिता बढाउन अनुदान कार्यक्रमलाई पूर्णरुपले बिकेन्द्रीकृत गरि संम्बन्धित डिभिजन सहकारी कार्यालय मार्फत सञ्चालन गर्नसके स्थानीय स्तरमा संञ्चालित सबै सहकारी समानरुपले अनुदान कार्यक्रममा सहभागी हुने अबसर पाउन सक्छन् ।

५. अनुदान कार्यक्रमको प्रभावकारी अनुगमनको अभाव र जिल्ला स्थित सरोकारवाला निकायहरुलाई अनुदान कार्यक्रम कार्यान्वयन प्रकृयामा संलग्न नगराई केन्द्रबाट सञ्चालन गरिएकोले अनुदान कार्यक्रमको प्रभावकारिता अति न्यून हुनुको साथै दीगोरुपमा संञ्चालन नहुने रहेछ ।

६. नेपालमा सहकारी संघ संस्थाहरु कानूनी आधारमा स्थापना भएता पनि साना किसान सहकारी संस्थाहरु बाहेक अधिकांश सहकारी संस्थाहरु सहकारी सिद्धान्त अनुसार सञ्चालन नभएकाले संस्थागत सुशासनको अबस्था कमजोर रहेको र त्यस्ता सहकारी संघ संस्थाहरुले सञ्चालन गरिरहेका सहकारी कार्यक्रम दीगोरुपमा निरन्तर संञ्चालन भइ समाजमा सकारात्मक प्रभाव पर्ने बिश्वास गर्ने आधार न्यून रहेको छ ।

७. सहकारी अनुदान कार्यक्रम अन्तर्गत सबै किसिमका सहकारी संघ संस्थाहरुलाई अनुदान प्रदान गर्ने नीतिका कारण स्थानीय स्तरमा सक्षमताका साथ सञ्चालनमा रहेका सहकारी संघ संस्थाहरु समेत सहकारी उद्योग व्यबसाय संञ्चालनका लागि सरकारी अनुदान प्रतिको निर्भरता बढ्न गै स्थानीय वित्तीय श्रोतको प्रभावकारी परिचालन गरी सहकारी उद्यमशीलतको विकासमा नकारात्मक प्रभाव पर्ने संभावना बढ्ने देखिन्छ ।

## ४.५ सुझाव तथा सिफारिसहरु

### क.सहकारी कानुन तथा नियमावलीमा सुधार

- सीमित व्यक्तिहरूले सेयरमा धेरै लगानी गर्ने तर बचत मुल्याङ्कन र ऋण लगानी प्रयोजनका लागि रू. १ सयबराबरको एक कित्ताको सेयर सदस्य (कारोबारी सदस्यको दर्जा) बनाई कार्य गर्ने गरेको देखियो । त्यसैले एक सदस्य एक सेयरको प्रावधानलाई कडाइका साथ कार्यान्वयन गर्नु जरुरी छ ।

- विद्यमान सहकारी ऐनले सो ऐनअनुसार सथापित सहकारीहरूलाई सहकारीको उद्देश्य र कार्यक्षेत्रका आधारमा वर्गीकरण गरेको छ । तर, सबै किसिमका सहकारी संस्थाहरू स्थापनाका लागि न्यूनतम सदस्य संख्या२५ र सेयर मूल्य एक सय रुपैयाँ मात्र तोकिएकाले समान उद्देश्य राखी एकै गाउँ वा टोलमा एकभन्दा बढी सहकारीहरू संस्थाहरू दर्ता गर्ने प्रतिस्पर्धा नै चलेको देखिन्छ । त्यसर्थ, नयाँ प्रारम्भिक सहकारी दर्ता गर्नका लागि प्रस्तावित सहकारी संस्थाको उद्देश्य र भौगोलिक कार्यक्षेत्रअनुसार न्यूनतम सदस्य संख्यार सेयर रकम निम्नानुसार कायम गरिनुपर्ने देखिन्छ ।

| उद्देश्य-भौगोलिक क्षेत्र | हिमाल | | पहाड | | तराई र भित्री मधेश | |
|---|---|---|---|---|---|---|
| | सदस्य संख्या | सेयर रकम | सदस्य संख्या | सेयर रकम | सदस्य संख्या | सेयर रकम |
| उत्पादनमूलक प्रारम्भिक सहकारी संस्था | २५ | ५००० | ५० | ४००० | १०० | ३००० |
| प्रशोधनमूलक प्रारम्भिक सहकारी संस्था | २५ | ५००० | १०० | ५००० | २०० | ५००० |
| सेवा व्यवसायमूलक प्रारम्भिक सहकारी संस्था | २५ | ५००० | २०० | ५००० | ३०० | ४००० |

- विद्यमान सहकारी ऐनको सहकारी संस्था दर्तासम्बन्धी प्रावधानहरू निकै फितलो भएकाले सहकारी संस्थाहरूको संख्याअनियन्त्रित रूपमा बढिरहेको सन्दर्भमा एउटा सहकारी संस्था दर्ता भई सञ्चालनमा रहेसम्म उक्त सहकारीको कार्यक्षेत्रमा समान उद्देश्य राखी अर्को नयाँ सहकारी दर्ता गर्न बन्देज लगाउन ऐनमा नै स्पष्ट व्यवस्था गरी सहकारीहरूको अस्वस्थ्य प्रतिस्पर्धा रोक्नुपर्ने देखिन्छ ।

### ख. अनुदान कार्यान्वयन निर्देशिका

अनुदान कार्यक्रम पूर्ण रूपले केन्द्रीकृत गरिएकाले दुर्गम तथा विकट भौगोलिक क्षेत्रका सहकारीहरूलाई व्यवसाय गर्न अभिप्रेरित गरी सेयर सदस्यहरूको आयआर्जनमा सुधार ल्याउने उद्देश्यले सञ्चालन गरिएको अनुदान कार्यक्रमको सूचनापत्र पत्रिकामा प्रकाशित हुने, प्रस्ताव लेखनको फर्मेट नै नभएको, प्रस्तावका साथमा संलग्न गर्नुपर्ने आवश्यक कागजातहरूका बारेमा यथेष्ट जानकारी नहुनु र डिभिजन सहकारी कार्यालयलाई खासै संलग्न नगराइनु । आदि कमी-कमजोरीका कारणले विद्यमान सहकारी अनुदान कार्यक्रम अपेक्षाकृतरूपमा प्रभावकारी हुन नसकेको पाइयो । त्यसैले यी सबै कुराहरूमा सुधार गरी सहकारी अनुदान कार्यक्रमलाई लक्षित वर्गमैत्री बनाउन कार्यक्रम कार्यान्वयन निर्देशिकामा निम्न सुधार गर्नु आवश्यक देखिन्छ ।

- सहकारी अनुदान सञ्चालन कार्यविधिमा के-कस्ता व्यवसायलाई कतिसम्म्म अनुदान उपलब्ध गराउने प्रस्ट किटान भए तापनिहालसम्म अनुदान प्रदान गरिएको रकमको विश्लेषण गर्दा प्रतिसहकारी घटीमा रू. ५० हजारदेखि बढीमा रू. ५ करोडसम्म अनुदान प्रदान गरेको देखिन्छ । स्थलगत अध्ययनका क्रममा प्रायः सहकारीहरूले व्यवसाय सञ्चालन गर्नका लागि माग गरेको अनुदानभन्दा निकै कम रकम (एकतिहाइ) स्वीकृत भएको र अधिकांश दुर्गम क्षेत्रका नयाँ दर्ता भएका लक्षित समुदायका सदस्यहरूले सञ्चालन गरेका सहकारीहरूका लागि भौगोलिक क्षेत्रका आधारमा सहकारीको उद्देश्यअनुसार अनुदानको अधिकतम सीमा तोकी

त्यस्ता सहकारीहरूका लागि मात्र अलग प्रतिस्पर्धाका आधारमा अनुदान उपलब्ध गराउने व्यवस्था अनुदान कार्यान्वयन निर्देशिकामा नै स्पष्ट व्यवस्था गर्नुपर्ने ।

- विद्यमान सहकारी अनुदान निर्देशिकाले एउटा सहकारीलाई एक आर्थिक वर्षमा कुनै एक व्यवसायका लागि मात्र अनुदान उपलब्ध गराउने व्यवस्था गरेको तर एकपटक अनुदान पाएका सहकारीहरूलाई अर्को वर्ष सोही वा अर्कै उद्देश्यका लागि पुनः अनुदान उपलब्ध गराउन सकिने व्यवस्था भएकाले एउटै सहकारीले हरेक वर्ष अनुदान लिने गरेको देखिएकाले सहकारीलाई एकपटक मात्र अनुदान उपलब्ध गराउने व्यवस्था निर्देशिकामा स्पष्ट गरी कडाइका साथ लागू गर्ने व्यवस्था गरिनुपर्ने ।

- अधिकांश अनुदानमा सञ्चालित कृषि तथा पशुपालन व्यवसायहरू सहकारी संघ-संस्थाहरूले सहकारी सिद्धान्तका आधारमा सञ्चालन नगरेको पाइएकाले उत्पादनमुखी व्यवसायहरूका लागि अनुदान बन्द गरी आवश्यकताअनुसार कृषिजन्य उत्पादनहरूको प्रशोधन तथा बजारीकरणका लागि मात्र सहकारीहरूलाई अनुदान उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने ।

- केही पुराना सहकारीहरूले आन्तरिक श्रोत  परिचालन गरी कार्य सम्पन्न गरेको भए पनि अधिकांश नयाँ र दुर्गम भेगका सहकारीहरूले आन्तरिक श्रोत  परिचान गरेको देखिँदैन । त्यसकारण सहकारी अनुदान कार्यक्रमसँगै सहुलियत ब्याजमा ऋण उपलब्ध गराउने प्याकेजसहितको कार्यक्रम सञ्चालन गर्न बैंक तथा वित्तीय संस्थाहरूसँग समन्वय गर्नुपर्ने आवश्यकता देखिन्छ ।

- सहकारी सञ्चालन मापदण्डअनुसार सदस्यहरूको सेयर र बचतको अनुपात १:१० हुनुपर्नेमा कतिपय सहकारी संस्थाहरूले सोभन्दा बढी अनुपातमा बचत संङ्कलन गर्ने गरेको पाइयो । यसरी सहकारीहरूले सहकारीताको मूल्य, मान्यता र आचरणलाई पालना नगर्दा सहकारी क्षेत्रमा विकृति आउन सक्ने भएकाले यसलाई कडाइका साथ कार्यान्वयन गर्नु जरुरी छ । अनुदान प्राप्त गर्न चाहने सहकारी संघ-संस्थाहरूलाई बचत सञ्चालनकार्यलाई निश्चित सीमाभित्र मात्र गर्न निर्देशिका नै उल्लेख गरी कडाइका साथ कार्यान्वयन गराउने व्यवस्था गर्ने ।

**ग. अनुदान कार्यान्वयन**

- व्यवसाय सञ्चालनका लागि सहकारीका सदस्यहरूको आवश्यकता, प्राविधिक, वित्तीय, पूर्वाधार, व्यवस्थापन क्षमता, बजार आदि समेटी सम्भाव्यता अध्ययनका आधारमा उपयुक्त ठहरिएका प्रस्तावहरूलाई मात्र अनुदानका लागि छनोट गर्नुपर्नेमा सो नभएको देखियो । प्रस्ताव छनोट गर्दा केवल सहकारी संस्थाहरूले उपलब्ध गराएको तथ्याङ्कको मात्र आधारमा प्रस्ताव छनोट गर्ने गरेको देखिन्छ । त्यसैले अनुदानका लागि प्राप्त प्रस्तावहरूको प्राविधिक मूल्याङ्कनपश्चात् स्थलगत अध्ययन गरेर मात्र अनुदानका लागि अन्तिम छनोट गर्ने व्यवस्था कार्यविधिमा उल्लेख गरिनुपर्ने देखिन्छ ।

- अध्ययनका क्रममा गैरसरकारी तथा स्थानीय निकायबाहेकका सरकारी निकायहरू, जस्तै : दुग्ध विकास बोर्ड, चिया तथा कफीविकास बोर्ड, जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशुसेवा कार्यालय, महिला तथा बालबालिका कार्यालय, युवा स्वरोजगार कार्यक्रम, लघु उद्यम कार्यक्रम, गरिबी निवारण कोषजस्ता संघ-संस्थाहरूले समेत सहकारी अनुदान कार्यक्रमजस्तै अनुदानका कार्यक्रमहरू सञ्चालन गरिरहेको देखिन्छ । त्यसैले यस्ता निकायहरूसँग समन्वय गर्ने व्यवस्था सहकारी अनुदान कार्यविधिमा उल्लेख भए पनि व्यवहारमा खासै समन्वय भएको नदेखिएकाले सम्बन्धित अन्य निकायहरूसँग समेत समन्वयमा मात्र सहकारीहरूलाई थप अनुदान स्वीकृत गर्ने व्यवस्था कडाइका साथ कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

- सहकारी अनुदान कार्यक्रमले दुर्गम भेगका सहकारीहरूलाई सम्बोधन गरेको देखिँदैन । भौगोलिक विकटता र क्षमता अभावका कारणले दुर्गम क्षेत्रका सहकारीहरूबाट अनुदानका लागि पर्याप्त माग नभएको देखिन्छ । त्यसैले सहकारी अनुदान कार्यक्रमका बारेमा प्रचार-प्रसार गरी अनुदानका लागि प्रस्ताव तयार गर्ने, सरल खाका सहकारी विभागको Web Site साइटमा राख्ने व्यवस्था मिलाउने र जिल्लास्थित सबै डिभिजन सहकारी कार्यालयमा समेत उपलब्ध गराई दुर्गमका सहकारीहरूलाई प्राथमिकता दिई अनुदान कार्यक्रममा सहभागिता बढाउनुपर्ने देखिन्छ ।

- सहकारी अनुदान कार्यक्रमले केवल व्यवसाय स्थापनाका लागि आवश्यक लागतमा मात्र अनुदान दिने व्यवस्था गरेको छ । ग्रामीण र दुर्गम भेगका सहकारीहरूको क्षमता ज्यादै कमजोर भएकाले अनुदान प्रक्रियामा प्रतिस्पर्धा गर्नसमेत नसकिरहेको अवस्था देखिन्छ । त्यसैले खास भौगोलिक क्षेत्रका सहकारीहरूलाई व्यवसाय अनुदानका साथै प्राविधिक सेवा, सीप र सहकारीहरूको संस्थागत विकासका लागिसमेत व्यवसाय अनुदान रकमको कम्तीमा २५ प्रतिशत थप अनुदानको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिन्छ ।
- सहकारी अनुदान कार्यक्रमलाई सहुलियत दरको ऋणसँग समायोजन गर्नुपर्ने आवश्यकता देखिन्छ । यसका लागि सहकारी परियोजनाका आधारमा बैंक तथा वित्तीय संस्थाबाट सहुलियत ब्याजदरमा सहकारीहरूलाई आवश्यक ऋण उपलब्ध गराउने व्यवस्था कार्यविधिमा नै उल्लेख गर्नुपर्ने देखिन्छ ।

## घ. सुझाव कार्यान्वयन कार्ययोजना

| क.सं | मुख्य क्रियाकलाप | जिम्मेवार निकाय | समय सीमा | |
|---|---|---|---|---|
| **१. कानुनी तथा नीतिगत सुधार** | | | चालू आ.व. | आगामी आ.व. |
| १ | सहकारी अनुदान कार्यक्रमको नतिजा खाका तयार गरी आयोजनाको गन्तव्य निर्धारण गर्ने । | सहकारी तथा गरिबी निवारण मन्त्रालय र सहकारी विभाग | √ | |
| २ | विद्यमान अनुदान निर्देशिका परिमार्जन गरी समयानुकूल व्यावहारिक बनाउने । | सहकारी तथा गरिबी निवारण मन्त्रालय र सहकारी विभाग | √ | |
| ३ | अनुदान कार्यक्रमको नियमित अनुगमन निर्देशिका तयार गरी वार्षिक अनुगमन कार्ययोजना, अनुगमन विधि र प्रक्रियासहित आवश्यकश्रोत सहकारी विभाग र अन्तर्गतका डिभिजन कार्यालयहरूलाई उपलब्ध गराउने | सहकारी तथा गरिबी निवारण मन्त्रालय | √ | |
| ४ | जिल्लास्तरमा प्रस्ताव मूल्याङ्कन, सिफारिस तथा अनुगमन संयन्त्र गठनसम्बन्धी नीतिगत व्यवस्था गर्ने । | सहकारी तथा गरिबी निवारण मन्त्रालय | √ | |
| ५ | अनुदानका लागि सहकारी संघ-संस्थाहरूले बाह्रै महिना प्रस्ताव पेशगर्न सक्ने तर प्राप्त अनुदानका प्रस्ताबहरू सम्बन्धित जिल्ला डिभिजन सहकारी कार्यालयहरूले प्रारम्भिक छनोट गरी सम्भाव्य प्रस्तावहरू मात्र अन्तिम मुल्याङ्कनकालागि प्रत्येक चौमासिक प्रगति प्रतिवेदनका साथ विभागमा पेशगर्ने नीतिगत व्यवस्था मिलाउने । | सहकारी विभाग | √ | |
| ६ | सहकारी संस्थाहरूलाई कम्पनीसरह बैंक ऋण उपलब्ध गराउने कानुनी र नीतिगत व्यवस्था मिलाउने । | सहकारी तथा गरिबी निवारण मन्त्रालय | | √ |
| **कार्यगत तह** | | | | |
| १ | सहकारी अनुदान कार्यान्वयन निर्देशिका र सहकारी अनुदान कार्यक्रमका लागि पस्तावकोनमूना खाका तयार गरीविभागको वेबसाइटमा राख्ने | सहकारी विभाग | √ | |
| २ | प्रत्येक डिभिजन सहकारी कार्यालयहरूमा पेशभएका र स्वीकृत भएका अनुदानका प्रस्तावहरूको अभिलेख कम्प्युटरमा अध्यावधिक गरी राख्ने । | सहकारी विभाग र सम्बन्धित डिभिजन सहकारी कार्यालयहरू | √ | |
| ३ | सहकारी अनुदान कार्यक्रमअन्तर्गत सञ्चालित सहकारी उद्योग व्यवसायहरूको निमित्त अनुगमन गरी अनुदानप्राप्त व्यवसायहरूको अवस्था अध्यावधिक गरी नियतवश अनुदान दुरुपयोग गरेको, व्यवसाय गर्दा कुनै प्राकृतिक, प्राविधिक तथा बजार विचलनका कारण असफल भएका आयोजनाहरूको | सहकारी विभाग, डिभिजन सहकारी कार्यालय | | √ |

| क.सं | मुख्य क्रियाकलाप | जिम्मेवार निकाय | समय सीमा | |
|---|---|---|---|---|
| **१. कानुनी तथा नीतिगत सुधार** | | | चालू आ.व. | आगामी आ.व. |
| | वर्गीकरण गर्ने । नियतवश अनुदान दुरुपयोग गर्ने सहकारी संस्थाहरूलाई आवश्यक कारबाही गर्ने । | | | |
| ४ | प्रस्ताव प्रस्तुत गर्ने सहकारीका संघ-संस्थाहरूका सञ्चालक-व्यवस्थापकहरूलाई व्यावसायिक उद्यम विकास तालीम सञ्चालन गर्ने । | सहकारी तालीम केन्द्र, डिभिजन सहकारी कार्यालय | | √ |
| ५ | जिल्लागत रूपमा सहकारी शिक्षा र उद्यमशीलता तालीम चरणबद्ध रूपमा सम्पन्न गर्ने योजना तर्जुमा गर्ने । त्यस्ता तालीम व्यावसायिक योजना पेशगर्ने र नगर्ने सबै सहकारीहरूलाई क्रमिक रूपमा प्रदान गर्ने व्यवस्था गर्ने । | सहकारी विभाग, डिभिजन सहकारी कार्यालय र सहकारी तालीम केन्द्र | √ | |
| ६ | अनुदान प्राप्त गर्ने सहकारी संघ-संस्थाहरूलाई प्रस्तावित सहकारी उद्योग व्यवसायबाट उत्पादित वस्तुको प्रशोधन, प्याकेजिङ तथा बजारीकरणका लागि आवश्यक सीप तथा प्रविधिसम्बन्धी हातेपुस्तिका तयार पारी सबै सहकारीहरूलाई सोहीअनुरूप तालीम आयोजना गर्न योजना बनाउन लगाउने । | सहकारी विभाग र सहकारी तालीम केन्द्र | √ | |
| ७ | उद्यम सञ्चालन गरिहेका सहकारी संस्थाहरूलाई स्तरोन्नतिका लागि आवश्यक पर्ने विशिष्टीकृत तालीममा सहभागी गराउने व्यवस्था मिलाउने । | डिभिजन सहकारी कार्यालय र सहकारी विभाग | √ | √ |
| ८ | सहकारिताको भावनाअनुरूप ग्रामीण भेगमा कार्यरत रही वित्तीय श्रोत परिचालनमा क्रियाशील सहकारीहरूलाई प्रोत्साहित गर्ने कार्यक्रम तयार पारी लागू गर्ने । | सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग र डिभिजन सहकारी कार्यालयहरू । | √ | |

# अनुसूचीहरु

## अनुसूची १: सहकारी संघ संस्थाहरुलाई उपलब्ध गराईने अनुदान एवं भन्सार महसुलमा छुट सुविधा सिफारिस सम्बन्धी कार्यविधि, २०६८

सहकारी ऐन २०४८, राष्ट्रिय सहकारी नीति, २०६९ लाई कार्यरुप दिनको लागि नेपाल सरकारले सहकारी संघ संस्थाहरुलाई उपलब्ध गराईने अनुदान एवं भन्सार महसुलमा छुट सुविधा सिफारिस सन्वन्धी कार्य विधि, २०६८ लागु गरेको छ ।

नेपालको अन्तरिम संविधान २०६३ मा सरकार, सहकारी र निजी क्षेत्रको माध्यमबाट अर्थतन्त्रको विकास गर्ने परिकल्पना गरिएको र सोही व्यवस्थालाई निरन्तरता दिँदै नेपालको संविधान २०७२ ले समेत यस कुरालाई स्वीकार गरेको छ । समुदायमा छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन तथा सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरण गरी समृद्ध समाजको निर्माण गर्न सहकारी संघ संस्थाहरुको योगदान महत्वपूर्ण रहने कुरा स्वीकार गरी अर्थतन्त्रको तीन खम्बे नीति रहने संवैधानिक प्रत्याभूति रहेको छ ।

तीन खम्बे अर्थतन्त्रलाई कार्यान्वयन गर्न सहकारीहरु खास गरी ग्रामीण क्षेत्रमा रहेका सहकारीहरुको विकास र प्रवर्द्धन गर्नका लागि ग्रामीण क्षेत्रमा रहेका सहकारीहरुको प्राविधिक, आर्थिक र व्यवस्थापकीय अवस्था सुधार गरी उनीहरुको संस्थागत विकास गरी ग्रामीण अर्थतन्त्रलाई चलायमान गराउन, समुदायमा पछाडि परेका वा पारिएका वर्गका नागरिकहरु दलित, महिला, भूमिहीन, सुकुम्बासी, हरुवा-चरुवा, वादी, जनजाती सबैलाई संरक्षण गर्न सहकारी उपयुक्त माध्यम हुन सक्ने अनुभव गरी उनीहरुको संरक्षण गरी विकासको मुलधारमा ल्याउन अनुदान कार्यक्रम सञ्चालन गरिएको देखिन्छ ।

### सहकारी अनुदानलाई व्यवस्थित गर्न गरिएका प्रयासहरु

(क) सहकारी संघ संस्थाहरुलाई उपलब्ध गराईने अनुदान एवँ भन्सार महशुलमा छुट सुविधा सफिारिस सम्बन्धी कार्यविधि, २०६८

नेपाल सरकारले आ.व. २०६८/०६९ को बजेट वक्तब्यमा उल्लेख गरेका नीतिगत कार्यक्रमहरु कार्यान्वयन गर्ने सन्दर्भमा सहकारी मार्फत कृषि फर्मको स्थापना, कृषि उत्पादनमा आधारित प्रशोधन उद्योगहरुको स्थापना, कृषि उत्पादन भण्डारणका लागि शीतघर निर्माण एवं केन्द्रीय तथा राष्ट्रिय संघहरुलाई कार्यक्रम सञ्चालनको लागि चालु अनुदान, दलितहरुको परम्परागत पेशा र ब्यवसायको आधुनिकीकरण, महिला सहकारी द्वारा सञ्चालित लघु खाद्य प्रशोधन उद्योगको स्थापना र हरुवा-चरुवा, वादी तथा ग्रामीण भूमिहीन सुकुम्वासी द्वारा सञ्चालित तरकारी, फलफूल, चिया, कफि तथा जडिबूटी खेति र माछा तथा पशुपालन ब्यवसाय सञ्चालन गर्न पूँजीगत अनुदान उपलब्ध गराउन र सहकारी संघ संस्थाहरुलाई ढुवानी साधन तथा कृषि औजार आयातमा भन्सार महसुल छुट सुविधाको व्यवस्था गर्ने कुराहरु उल्लेख भएका थिए । उक्त छुट सुविधा र अनुदान वितरणलाई व्यवस्थितगर्न गर्न कार्यविधिको आवश्यकता महशुस गरी नेपाल सरकार तत्कालीन कृषि तथा सहकारी मन्त्रालयबाट सहकारी संघ संस्थाहरुलाई उपलब्ध गराईने अनुदान एवं भन्सार महशुल छुट सुविधा सिफारिस सम्बन्धी कार्यविधि २०६८ स्वीकृत गरी कार्यान्वयमा ल्याइएको पाइन्छ ।

### (ख) कार्यविधिले गरेका मुख्यमुख्य व्यवस्थाहरु

सहकारी संघ संस्थाहरुलाई उपलब्ध गराईने अनुदान एवं भन्सार महशुलमा छुट सुविधा सिफारिस सम्बन्धी कार्यविधि, २०६८ मा उल्लेख भएका व्यवस्थाहरुः

### (क) सहकारी उद्योग स्थापना र सञ्चालनको लागि अनुदान वितरण गर्ने आधार

१. सहकारी उद्योगले यस कार्यविधि अनुरुप अनुदान पाउनको लागि प्रचलित कानुन बमोजिम दर्ता भई नियमित सञ्चालनमा रहेको सहकारी संघ-संस्था हुनु पर्नेछ ।

२. सहकारी संघ संस्थाले वार्षिक साधारण सभाबाट पारित गराई वा आगामी साधारण सभाबाट अनुमोदन गराउने गरी सञ्चालक समितिको निर्णयका आधारमा अनुदान वा सहयोगका लागि माँग गरेको हुनु पर्नेछ ।

३. सहकारीले उद्योग स्थापना सम्वन्धमा कार्ययोजना तैयार गरी प्रस्ताव साथ उद्योगको स्कीम र सम्भाव्यता अध्ययन गरेको प्रतिवेदन पेश गर्नुपर्नेछ । मझौला र ठुला उद्योगको हकमा आर्थिक तथा वित्तीय विश्लेषणको विवरण समेत पेश गर्नु पर्नेछ ।

४. उद्योग स्थापनाको लागि आवश्यक पर्ने पूर्वाधार जस्तै सडक, विद्युत, पानी आदिको व्यवस्था भएको वा हुने विश्वास योग्य आधारहरु प्रस्तुत गर्नुपर्नेछ ।

५. कृषि फर्म स्थापनाको लागि ब्यवसायको प्रकृति बमोजिमको जग्गाको ब्यवस्था, चरिचरण, दानापानीको उपलब्धता, अन्य पूर्वाधार र वजार माथिको पहूँच भएको ब्यहोराको पुष्टयाई पेश गर्नुपर्नेछ ।

६. उद्योग स्थापनाको लागि चाहिने जग्गा सहकारी संघ संस्थाको भोगाधिकार वा हकभोगको हुनुपर्नेछ । सहकारी संघ संस्थाको भोगाधिकार वा हकभोगमा जग्गा उपलब्ध नभएमा कम्तिमा ५ वर्षको लागि जग्गा लिज वा भाडामा लिएको प्रमाण पेश गर्नुपर्नेछ । मझौला र ठूला उद्योगको हकमा यस्तो लिज सम्झौताको न्यूनतम अवधि क्रमशः १० र १५ वर्षको हुनुपर्नेछ ।

७. उद्योगले प्रयोग गर्ने कच्चा पदार्थको कम्तीमा ८० प्रतिशत नेपालमा उपलब्ध वा उत्पादन हुने कच्चा पदार्थ प्रयोग हुने सम्भाव्यता प्रस्तावमा उल्लेख हुनु पर्नेछ ।

८. विकास क्षेत्रको आधारमा स्थापना गरिने क्षेत्रीय शीत भण्डार निर्माण गर्नका लागि सम्बन्धित क्षेत्र भित्रको २५ वा सो भन्दा बढी सहकारी संघ संस्थाहरुको संलग्नता र आर्थिक सहभागीता हुनुपर्नेछ । शीत भण्डारको लागि आवश्यक पर्ने जग्गा सम्बन्धित सहकारी संघ/संस्थाहरुले नै व्यवस्था गर्नुपर्नेछ । जग्गा बाहेक शीतघर निर्माण तथा मेसीनरी औजार एवं अन्य पूँजीगत लागतको ५० प्रतिशत अंश सम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

९. अलैंची, चिया, कफि, जुनार/सुन्तलाजात, अदुवा, सुपारी, मह, लप्सी, दुग्ध पदार्थ, लगायत अन्य उच्च मूल्यका कृषिजन्य बस्तु प्रशोधन गर्ने मेसिनरी औजारको खरिद गरी उद्योग स्थापना गर्न जग्गा बाहेक अन्य पूँजीगत खर्चमा सहकारी संघ संस्थालाई ५०% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । यसरी उपलब्ध गराइने अनुदान रकमको सीमा रु १० (दश) लाखसम्मको मात्र हुनेछ ।

१०. साझेदारी कृषि फर्म (पशु विकास फर्म समेत) स्थापनाको हकमा फर्मको व्यवसायिक प्रकृति अनुसार जग्गा बाहेक पूँजीगत लागतको ५० प्रतिशत सम्मको रकम अनुदानको रुपमा उपलव्ध गराउन सकिनेछ । तर प्रति फर्मको लागि उपलब्ध गराइने अनुदानको रकम रु.१५ (पन्द्र) लाखभन्दा बढी हुनेछैन ।

११. महिलाहरुद्वारा सञ्चालित लघु खाद्य प्रशोधन उद्योगहरुको लागि सहकारी संस्थाले पेश गर्ने स्किमको आधारमा बढीमा रु.५ (पांच) लाखसम्म पूँजीगत अनुदान उपलब्ध गराउन सकिनेछ ।

१२. दलितहरुबाट सञ्चालित परम्परागत पेशा/व्यवसायको आधुनिकीकरणको लागि तराईका डोम, चमार, मुसहर र पहाडका कामी, सार्की, दमाई लगायत दलितहरु सँगठित भई गठन भएको सहकारी संस्थाहरुलाई व्यवसायिक कार्यमा खर्च गर्ने गरी परियोजनाको ५० प्रतिशत लागत तथा जनसहभागीताको आधारमा प्रति संस्था बढीमा रु. ५ (पाँच) लाखसम्म पूंजीगत अनुदान उपलब्ध गराउन सकिनेछ ।

१३. मौसमी वा वेमौसमी तरकारी फलफुल, चिया, कफि र जडिबुटी खेतीको साथै माछा तथा पशुपालन गर्न चाहने हरुवा, चरुवा, वादी र ग्रामीण भूमीहिन महिलाहरुले सहकारी संस्थामा सँगठित भई व्यवसायिक रुपमा खेती गर्न चाहेमा प्रस्ताव बमोजिम पूँजीगत अनुदान स्वरुप रु.२ (दुई) लाखसम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

१४. उपलब्ध गराइने अनुदान रकम रु. पांच लाख वा सो भन्दा कम भएमा विल विजक र कार्य सम्पन्न प्रतिवेदनको आधारमा दुई किस्तामा भुक्तानी गर्न सकिनेछ ।

१५. प्रस्ताव गरेको उद्योगको कूल लागत अनुसार सहकारीले व्यहोर्ने श्रोत खुल्ने प्रमाणहरु लेखापरीक्षण भएको प्रमाणित वासलात तथा बैंक स्टेटमेण्ट समेत पेश गर्नुपर्नेछ । यस प्रकारको लगानीका लागि सहकारीले

सदस्यहरुको निक्षेप र मापदण्डले निर्धारण गरेको निक्षेप पूँजी अनुपात भन्दा बढी पूँजी भएको प्रमाण समेत पेश गर्नुपर्नेछ । सहकारीमा रहेको सदस्यहरुको निक्षेप रकमबाट सहकारी स्वंयले स्थापना गर्ने उद्योगमा लगानी गर्न पाइनेछैन ।

१६. एक वा सो भन्दा बढी सहकारी संघ संस्थाहरु मिलेर उद्योग सञ्चालन गर्न सकिनेछ । एकभन्दा बढी सहकारी संघ संस्थाहरु मिलेर उद्योग सञ्चालन गर्ने भएमा सम्बन्धित संघ संस्थाको संचालक-समितिको निर्णय र उनीहरु वीचको सम्झौता वा करारनामाको प्रमाणित प्रतिलिमि प्रस्तावका साथ पेश गर्नुपर्नेछ ।

१७. एक सहकारीले एक भन्दा बढी उद्योग सञ्चालन गर्ने गरी प्रस्ताव पेश गर्न पाउने छैन । एक संस्थाले एक भन्दा बढी प्रस्ताव पेश गरेको पाईएमा कुनै एक वा दुबै प्रस्ताव रद्ध गर्न सकिनेछ ।

१८. एउटै परियोजनाको लागि अन्य सरकारी वा गैर सरकारी निकायहरुबाट अनुदान सहयोग प्राप्त गरेको वा सहयोगका लागि प्रस्ताव गरेको पाईएमा यस कार्यक्रमबाट थप अनुदान उपलब्ध गराइने छैन । तर शीतभण्डार निर्माणको हकमा यो बूँदा लागु हुने छैन ।

१९. राष्ट्रिय सहकारी संघ र सहकारी बैंक एवं केन्द्रीय सहकारी संघहरुको क्षमता विकास तथा संस्थागत सुदृढीकरण कार्यको लागि सहभागीतामूलक कार्यक्रमहरु सञ्चालन गर्न चालु खर्च अनुदान उपलब्ध गराउँदा सदस्यता संख्या, अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरका सहकारी सँगठनहरुसँगको संस्थागत आबद्धता, संस्थागत सुशासनको अवस्था, व्यावसायिक करोवारको आयतन, वार्षिक साधारण सभा र लेखापरीक्षण सम्बन्धी नियमितता, वार्षिक कार्यक्रमको आयतन, रोजगारी सृजना र मानवीय संसाधनको अवस्थाका आधारमा चालु खर्च अनुदान सहयोग उपलब्ध गराइनेछ ।

२०. सहकारी संघहरुलाई उपलब्ध गराइने चालु खर्च अनुदानबाट सञ्चालन गरिने कार्यक्रमहरुको लागत सहभागीताको आधारलाई पुष्ट्याई गर्ने लेखापरीक्षण भएको वासलात तथा अन्य आर्थिक विवरणहरु उपलब्ध गराउनु पर्नेछ । विगत दुई वर्ष देखि साधारण सभा सम्पन्न गरेको र लेखापरीक्षण गराएको प्रमाणहरु पेश हुन नआएमा र पदावधि समाप्त भई नयाँ निर्वाचन नगराएका तथा निस्क्रिय रहेका संघलाई अनुदान उपलब्ध गराइने छैन । यस आधारमा चालु खर्च अनुदान उपलब्ध गराउने अन्तिम निर्णय खर्च गर्ने अख्तियार प्राप्त निकायले गर्नेछ ।

२१. कृषिमा आधारित वस्तु र सेवा उत्पादन गर्ने एकल उद्देश्यका उत्पादनमुलक सहकारी संघ संस्थाहरु, उपभोग्य वस्तु तथा सेवाको खरिद तथा विक्रि वितरण गर्ने उपभोक्ता एवं वहुउद्देश्यीय सहकारी संघ संस्थाहरुलाई ढुवानी साधन (ट्रक, मिनि ट्रक, डेलिभरी भ्यान) खरिदमा भन्सार छुटको लागि सिफारिस गर्दा सहकारी संघ संस्थाले सञ्चालन गर्ने वार्षिक कारोवारको आयतन, उत्पादित वस्तुको प्रकृति तथा परिणाम, संघ संस्थाले उपलब्ध गराउने सेवा सुविधाको स्तर, सेवा पाउने सदस्यहरुको संख्या, वार्षिक साधारण सभा सम्पन्न भएको, नियमित लेखापरीक्षण गराएको, संचालक समितिको सकृयता तथा सहकारी सुशासन जस्ता आधारहरु लिनु पर्नेछ । नियमित रुपमा वार्षिक साधारणसभा सम्पन्न गर्ने र लेखापरीक्षण गराउने, १०० जना भन्दा बढी सदस्यहरुलाई सेवा दिइरहेको, वार्षिक रु. १० लाख भन्दा बढीको कारोवार भएको, संघ संस्थाको कार्यालय वा गोदाम सम्म यातायातको पहुँच भएको, खाद्य सामाग्री एवं नासवान प्रकृतिको कृषिजन्य उत्पादन सामाग्री बिक्री-वितरणको काम गर्ने सहकारी संघ संस्थालाई मेसिनरी तथा ढुवानीका साधन आयातमा भन्सार महसुल छुटको लागि अर्थ मन्त्रालयमा सिफारिस गरिनेछ । आयात गरिने साधन खरिदका लागि प्रचलित मापदण्ड बमोजिमका कोषहरुको उपयोग गर्नु पर्नेछ । औचित्यताको आधारमा प्रति संस्था एउटा मात्र ढुवानी साधन खरिदमा ५० प्रतिशत सम्म भन्सार महसुल छुटको सिफारिस गर्न सकिनेछ ।

२२. स्वास्थ्य सेवासँग सम्बन्धित सहकारी संघ संस्था वा ग्रामीण क्षेत्रका एकभन्दा बढी व्यवसाय गरेका बहुउद्देश्यीय प्रकृतिका सहकारी संस्थाले छुट्टै कोषको ब्यवस्था गरी वा संस्थागत जगेडाकोषको उपयोग गरी समुदायका लागि आवश्यक पर्ने आकस्मिक सेवा उपलब्ध गराउन एउटा संस्थालाई १ प्रतिशत भन्सार महसुल लिई एक मात्र एम्बुलेन्स खरिद गर्न छुट सुविधा उपलब्ध गराउनका लागि अर्थ मन्त्रालयलाई सिफारिस गर्न सकिनेछ ।

२३. सहकारी मार्फत् सामूहिक वा चक्लाबन्दी आधारमा खेती गर्ने सहकारी संस्थालाई खेती गरिएको जग्गाको क्षेत्रफल पहाड, तथा हिमाली क्षेत्रको हकमा ५० रोपनी र तराई क्षेत्रमा ८ विगाहा वा सो भन्दा बढी भएमा ट्रयाक्टर आयात गरेमा ५० प्रतिशत सम्म भन्सार महसुल छुट सुविधाका लागि अर्थ मन्त्रालयमा सिफारिस गर्न सकिनेछ । यस्तो सिफारिस गर्दा सहकारीको नियमतिता र कारोवारको विवरणहरुलाई आधार बनाइनेछ ।

२४. सरकारको वार्षिक नीति तथा कार्यक्रमको रुपमा बजेट वक्तब्य मार्फत किटान गरिएको क्षेत्र र सम्बन्धित विषयका सहकारी संघ संस्थाहरुलाई अनुदान उपलब्ध गराउँदा सहकारी विभाग वा सम्बन्धित अन्य निकायबाट सार्वजनिक सूचना मार्फत अनुदान प्रस्ताव आह्वान गरिनेछ । प्राप्त प्रस्तावहरुको मुल्याङ्कन गरी सम्बन्धित संघ संस्थाको लागत सहभागीताका आधारमा सम्झौता गरी कार्य प्रगतिको आधारमा कम्तिमा दुई किस्तामा अनुदान उपलब्ध गराईनेछ ।

२५. रु.५० लाख वा सो भन्दा बढी लागत भएको परियोजनाको हकमा दोस्रो र अन्तिम किस्ता रकम भुक्तानी लिन निवेदन पेश गर्दा सहकारी संघ संस्थाहरुले आफ्नो तर्फबाट निर्माण कार्यको प्रगति सहितको प्राविधिक प्रतिवेदन समेत पेश गर्नु पर्नेछ ।

२६. सम्झौता बमोजिमको काम पुरा नगर्ने सहकारी संघ संस्थाहरुलाई दोश्रो किस्ता रकम रोक्का गर्नुको साथै पहिलो किस्ता वापतको रकम असुल उपर गर्न प्रचलित कानुन बमोजिम कारवाई गरिनेछ ।

२७. अन्तिम किस्ता भुक्तानी गर्दा अनिवार्य रुपमा सम्बन्धित कार्यालय तथा सहकारी विभागका कर्मचारीले पेश गरेको प्रतिवेदन र यस कार्यविधिमा उल्लेख भए बमोजिमको प्राविधिक प्रतिवेदनका आधारमा मात्र गर्न सकिनेछ । प्रतिवेदनका लागि सम्बन्धित जिल्लाका सहकारी कार्यालय वा जिल्ला स्थित अन्य सरकारि कार्यालयका कर्मचारीलाई समेत खटाउन सकिनेछ ।

२८. निर्माण कार्यका लागि स्वीकृत बजेट अनुसार पूँजीगत अनुदान प्राप्त गर्ने सहकारी संघ संस्था वा निकायहरुले प्रचलित आर्थिक ऐन नियमको पालना गरी खर्च गर्ने र लेखापरीक्षण गराउने उत्तरदायित्व वहन गर्नु पर्नेछ । सम्बन्धित आर्थिक वर्षका लागि स्वीकृत बजेटको परिधि भित्र रहेर मात्र अनुदान उपलब्ध गराउन सकिनेछ । निर्माण कार्यको लागत अनुमान, डिजायन र कामको मुल्याङ्कनकालागि सम्बन्धित जिल्लाको जिल्ला प्राविधिक कार्यालय वा सम्बन्धित भवन कार्यालय वा इजाजत प्राप्त प्राविधिक वा फर्मको कामलाई मात्र स्वीकार गर्न सकिनेछ । निर्माण कार्य सम्बन्धी अनुदान बाहेकका दायित्वका लागि सहकारी विभाग जिम्मेवार हुनेछैन । निर्माण कार्यको दुई पक्षीय सम्झौतामा प्राविधिक सेवा दिने निकाय वा प्राविधिकको नाम उल्लेख गर्नु पर्नेछ । सरकारी निकाय बाहेक निजी क्षेत्रबाट प्राविधिक सेवा लिएको अवस्थामा सम्झौता अगावै नियुक्ति पत्र वा करारनामा र सम्बन्धित संस्था वा व्यक्तिको प्रतिबद्धता पत्र समेत पेश गर्नुपर्नेछ । यस्तो फर्म वा व्यक्तिले प्राप्त गरेको इजाजत पत्र (नविकरण सहित) को प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

२९. उद्देश्य विपरित अनुदान रकमको प्रयोग अन्य काममा गरेमा वा सम्झौता विपरितका कामहरु गरेमा सम्झौता गर्ने सहकारी संघ संस्था वा सम्बन्धित अन्य निकायका पदाधिकारी र सञ्चालक समिति व्यक्तिगत र सामूहिक रुपमा उत्तरदायी हुनेछन ।

३०. कुनै एक गाँउ विकास समितिमा एक भन्दा बढी सहकारीलाई सोही आर्थिक वर्ष भित्र यस कार्यविधिमा समेटिएको एकै किसिमको उद्यमको लागि अनुदान उपलब्ध गराइने छैन । तर अनुदानको माँग नभएको कारणबाट सम्बन्धित शिर्षकमा रकम बाँकी रहने भएमा निर्देशक समितिको निर्णयले एक भन्दा बढी सहकारीलाई समेत एकै आर्थिक वर्ष भित्र अनुदान उपलब्ध गराउन सकिनेछ ।

३१. सामान्यतया अघिल्लो आर्थिक वर्षहरुमा अनुदान सहयोग लिई उद्योगको स्थापना गरेका सहकारीहरुलाई अनुदान सहयोग सूचिमा समावेश गरिने छैन । तर कुनै सहकारीले अघिल्लो अनुदानको उपयोग गरी संस्थागत आयमा वृद्धि गर्नुका साथै स्थानीयस्तरमा रोजगारी सिर्जना गरी समुदायलाई उल्लेखनिय योगदान पुऱ्याएको छ भने त्यस्तो उद्योग व्यवसायको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउन अनुदान कार्यक्रममा पुन समावेश गराउन सकिनेछ ।

## (ख) अनुदान वितरणको लागि सहकारी छनौट गर्ने विधि

१. यस कार्यविधि अनुरुप उद्योग स्थापनामा अनुदान रकम प्राप्त गर्न ईच्छुक एवं योग्य सहकारीहरुबाट दरखास्त आव्हान गरिने छ । सहकारी विभागबाट राष्ट्रियस्तरको पत्रिकामा ३० दिनको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ । सूचना प्रभावकारी बनाउन देशभरी प्रशारण क्षमता भएका रेडियो समेतको उपयोग गर्न सकिनेछ ।

२. सूचनामा अनुदान प्राप्त गर्न आवेदन गर्ने प्रमुख आधारहरु, दरखास्त साथ पेश गर्नुपर्ने विवरण र कागजपत्रहरु, एवं दरखास्त दर्ता गर्ने मिति र कार्यालय वारे स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

३. यस कार्यविधि अनुरुप अनुदान रकम प्राप्त गर्न चाहने सहकारीले आफ्नो निवेदन/दरखास्त तोकिएको मिति भित्र सम्बन्धित जिल्ला स्थित सहकारी कार्यालय र सहकारी कार्यालय नभएको जिल्लाको हकमा जिल्ला कृषि विकास कार्यालय मार्फत सहकारी विभागमा पेश गरिसक्नु पर्नेछ । तर राष्ट्रिय तथा केन्द्रीय सहकारी संघहरुले अनुदानका लागि सोझै सहकारी विभागमा यस कार्यविधिमा उल्लेखित विवरण तथा कागजपत्र सहितको पत्र दर्ता गराउनु पर्नेछ ।

अनुदानको लागि पेश भएका प्रस्तावहरु मुल्याङ्कन गर्दा प्रयोग गरिने आधारहरु देहाय बमोजिम रहनेछ ।
(क) सहकारी संघ संस्था स्थापना र सञ्चालन भएको समयावधिलाई १० अंक भार (तीन वा तीन भन्दा बढी आर्थिक वर्ष देखि सञ्चालनमा रहेका सहकारी संस्थालाई १० अंक, न्यूनतम २ आर्थिक वर्ष पूरा भएकोलाई ७ अंक प्राप्त गर्ने छन भने सो भन्दा कम अवधिकाले ४ अंक प्राप्त गर्ने छन),
(ख) साधारणसभा र लेखापरीक्षणको नियमिततालाई ५ प्रतिशत अंक भार (चालू आ.व.को सम्पन्न गर्नेलाई ५ अंक, अघिल्लो आ.व.सम्मको सम्पन्न गर्नेलाई २ अंक र विगत २ वर्ष देखि नगरेकालाई शून्य अंक),
(ग) सदस्यहरुको संख्यालाई २० प्रतिशत अंक भार (५०१ भन्दा बढी सदस्य भएको संघ संस्थाको लागि २० अंक, ३०१ भन्दा बढी ५०० सम्म सदस्य संख्या भएको सहकारी संस्थाको लागि १५ अंक, १०१ देखि ३०० सम्म सदस्य संख्या भएको संघ संस्थाको लागि १० अंक, ५१ देखि १०० सम्म सदस्य भएका सहकारी संघसंस्थाका लागि ५ अंक र सो भन्दा कम सदस्य संख्या भएका सहकारीका लागि ३ अंक दिइनेछ),
(घ) स्वदेशमा निर्मित मेशीन उपकरणको उपयोगलाई ५ अंक भार दिइनेछ,
(ङ) कूल परियोजनामा लागत सहभागीताको लागि २० अंक भार (७५ प्रतिशत भन्दा बढीको लागत सहभागीताका लागि २० अंक, ६१ देखि ७५ प्रतिशत सम्मका लागि १५ अंक, ५० देखि ६० प्रतिशत सम्मका लागि १० अंक, २५ प्रतिशत देखि ४९ प्रतिशत सम्मका लागि ५ अंक र सोभन्दा कम सहभागीताका लागि शून्य अंक दिइनेछ),
(च) सहकारी संघ संस्था रहेको भौगोलिक क्षेत्रका लागि २० अंकभार ( हिमाली क्षेत्रका लागि २० अंक, पहाडी तथा तराई मधेशका ग्रामीण क्षेत्रका लागि १५ अंक, नगरपालिका क्षेत्रका लागि १० अंक, उपमहानगर तथा महानगरपालिकाको लागि ५ अंक दिइनेछ),
(छ) सहकारी संस्थामा समावेशी सदस्यताका लागि १० अंकभार (महिला वा जनजाति वा आदिवासी वा मुश्लिम वा दलितहरुको सदस्यता पचास प्रतिशत भएमा १० अंक, २५ देखि ५० प्रतिशत भएमा ७ अंक र २५ प्रतिशत भन्दा कम भएमा ५ अंक दिइनेछ),
(ज) सम्भाव्यता अध्ययन प्रतिवेदनको प्रभवकारिताको लागि बढीमा १० अंकभार (भौतिक, वित्तीय, सामाजिक, पर्यावरणीय र बजार सम्बन्धी संभाव्यताको लागि २/२ अंकका दरले) ।

## (ग) अनुदान पाउने सहकारीले पालना गर्नु पर्ने सर्तहरु :

१. कार्यविधि अनुसार अनुदान रकम लिनु अगाडि सम्बन्धित सहकारी संघ संस्थाको तर्फबाट अध्यक्ष वा सञ्चालक समितिले तोकेको पदाधिकारीले निम्न बमोजिमका सर्तहरु समेत पालना गर्ने गराउने गरी गरेको सम्झौताको आधारमा अनुदान रकम उपलब्ध गराइनेछ ।

२. यस कार्यविधि अनुसार अनुदान लिई सञ्चालित उद्योग कम्तीमा १० वर्ष सम्म विक्रि गर्न पाईने छैन । त्यस पछि विक्रि गर्नु परेमा सहकारी विभागको पूर्व स्वीकृति लिएर मात्र विक्रि गर्न सकिनेछ ।

३. निर्धारित उद्योगमा अनुदान रकम प्रवाह भैसकेपछि जुन प्रयोजनको लागि अनुदान लिएको हो सोही सम्वन्धी उद्योग स्थापना गरी सञ्चालन गर्नु गराउनु पर्नेछ ।

४. उद्योगमा कम्तीमा ८० प्रतिशत स्वदेशि कच्चा पदार्थको प्रयोग गर्नु पर्नेछ ।

५. यस कार्यविधि अनुरुप अनुदान लिई सञ्चालन हुने उद्योगमा अदक्ष श्रमिकको हकमा सम्पूर्ण स्वदेशी जनशक्तिको प्रयोग गर्नु पर्नेछ र दक्ष जनशक्तिको हकमा स्वदेशी उपलब्ध हुन नसकेमा मात्र प्रचलित कानुन अनुसार विदेशी जनशक्ति प्रयोग गर्न सकिनेछ ।

६. कुनै उद्योगीले यस कार्यविधि अनुरुप अनुदान रकम प्राप्त गरी सकेपछि तोकिएको समय अघिनै उद्योग विक्रि गरेमा वा सञ्चालन नगरेमा १०% हर्जाना सहित उक्त अनुदान रकम सम्बन्धित सहकारीबाट असुल उपर गरिनेछ । अनुदान लिएका तर सञ्चालन नभएका उद्योगहरुमा यो प्रावधान लागुभएको छ कि छैन?

**(घ) प्रस्ताव मुल्याङ्कन उप-समिति :**

(१) यस कार्यविधि बमोजिम प्राप्त प्रस्तावहरु मुल्याङ्कन गरी अनुदान वितरणको लागि उद्योग छनौट गर्ने कार्यमा निर्देशन समितिलाई सघाउ पुऱ्याउन एक मुल्याङ्कन उप-समिति रहनेछ । उप समितिले प्राप्त प्रस्तावहरुको मुल्याङ्कन गरी स्वीकृतिका लागि निर्देशन समितिमा पेश गर्नेछ । प्रस्ताव मूल्याङ्कनको लागि उप-समितिले आवश्यकता अनुसार प्रस्तावित उद्योगको स्थलगत अनुगमन निरीक्षण गरी गराई प्रतिवेदन लिन सक्नेछ । उप समितिले आवश्यकता अनुसार अन्य प्राविधिक कर्मचारीको सहयोग समेत लिन सक्नेछ ।

(२) प्रस्ताव मुल्याङ्कन उप-समितिमा रहने पदाधिकारीहरु :

- सहकारी विभागका उप-रजिष्ट्रार- संयोजक
- कृषि तथा सहकारी मन्त्रालयका बजेट कार्यक्रम शाखाका अधिकृत प्रतिनिधि- सदस्य
- सहकारी विभागका रजिष्ट्रारले तोके बमोजिम २ जना विज्ञ - सदस्य
- प्रमुख, योजना शाखा, सहकारी विभाग- सदस्य सचिव

अनुदानकोलागि प्राप्त प्रस्ताव छनोट गर्दा डिभिजन सहकारी कार्यलयको कुनै भुमिका छैन ।

**(ङ) अनुदान रकम प्रवाह प्रक्रियाहरु :**

१. निर्देशन समितिबाट अनुदानका लागि स्वीकृत भएका सहकारीहरुलाई स्वीकृत रकम सहकारी विभाग वा अन्तर्गतका कार्यालयहरुबाट निकासा गरी अभिलेख राख्ने व्यवस्था गरिनेछ ।

२. अनुदानका लागि स्वीकृत भएका संघ संस्थाहरुले स्वदेशमै निर्मित मेसिन उपकरण खरिद गर्ने भएमा मेसिन उपकरण खरिद गरी त्यसको बील भरपाई सहित सम्बन्धित सहकारी कार्यालय वा सहकारी कार्यालय नभएको जिल्लामा जिल्ला कृषि विकास कार्यालयको निरीक्षण भ्रमणबाट उक्त मेसिन उपकरण सम्बन्धित स्थलमा पुगी सकेको भन्ने प्रतिवेदन प्राप्त भएपछि सोको आधारमा आर्थिक ऐन नियम अनुसार निर्धारित रकमको बढीमा ५०% रकम पहिलो किस्ता उपलब्ध गराईनेछ ।

३. दफा ८(२) अनुसार मेसिन उपकरण खरिद गर्ने सहकारीले मेसिन उपकरण जडान गरे पछि बाँकी ५०% रकम अन्तिम किस्ताको रुपमा निकासाको व्यवस्था गरिनेछ । त्यस्तो भुक्तानी सहकारी कार्यालय वा सहकारीको कार्यालय नभएको जिल्लामा जिल्ला कृषि विकास कार्यालयको स्थलगत प्रतिवेदनका आधारमा मात्र दिईनेछ । आवश्यकता अनुसार सहकारी विभागले निरीक्षण गरी प्रतिवेदन पेश गर्न कर्मचारी खटाउन सक्नेछ ।

४. ठूला सहकारी उद्योगको हकमा प्रतितपत्र (Letter of Credit) मार्फत मेसिनरी तथा उपकरण खरिद गरिने अवस्थामा उद्योगीले मेसिन उपकरण गरिद गरी आयात गर्ने प्रतितपत्र खोल्नको लाग स्वीकृत रकमको बढीमा २५% रकम सोझै वैंकलाई भुक्तानी उपलब्ध गराउन सक्नेछ । दोस्रो किस्ता वापत ५०% रकमको भुक्तानी प्रस्तावमा उल्लेख भएबमोजिमको गुणस्तर तथा मूल्यको मेसिन उपकरण कारखाना स्थलमा पुगेको प्राविधिक प्रतिवेदन सहित सहकारी कार्यालय वा जिल्ला कृषि विकास कार्यालयको प्रमुखबाट सिफारिस भइआएपछि र बाँकी २५% रकमको भुक्तानी गर्नको लागि मेसिन उपकरण जडान भई सञ्चालन भएको वारे प्राविधिक प्रतिवेदन सहित सम्बन्धित सहकारी कार्यालय वा सहकारी कार्यालय नभएको जिल्लामा जिल्ला कृषि विकास कार्यालयका प्रमुखबाट सिफारिस पत्र प्राप्त भएपछि मात्र सकिनेछ । यस्तो भुक्तानीका लागि सहकारी विभागले आफू अन्तर्गतको निकाय मार्फत निकासा हुने व्यवस्था मिलाउन सक्नेछ ।

५. मेसिन तथा उपकरणको लागत विदेशबाट आयात गर्नु परेको अवस्थामा भन्सारले कायम गरेको मूल्यलाई लागत मूल्य मानिनेछ ।

६. शीतघर निर्माणको लागि प्रस्ताव स्वीकृत भएकोमा सहकारी संघ/संस्थाले भवन/सेड निर्माणको लागि ठेकेदार सँग सम्झौता गरेपछि स्वीकृत अनुदान रकमको २५ प्रतिशत, भवन निर्माणको काम सम्पन्न भएपछि २५ प्रतिशत, मेसिन आयात भएपछि २५ प्रतिशत र बाँकी २५ प्रतिशत मेसिन जडान भएपछि स्थलगत निरीक्षणको प्रतिवेदनको आधारमा भुक्तानी दिईनेछ । यसरी भुक्तानी दिँदा सम्बन्धित प्राविधिकको प्राविधिक प्रतिवेदन अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

७. कृषि फार्म स्थापनाको लागि सम्बन्धित स्वीकृत परियोजना प्रस्ताव अनुसार शुरुमा अनुदान रकमको २५ प्रतिशत र प्रगति प्रतिवेदनका आधारमा दोस्रो किस्ता वापत ५० प्रतिशत र बाँकी २५ प्रतिशत परियोजनाको काम पूरा भएपछि भुक्तान गरिनेछ । यस प्रकारको भुक्तानी गर्दा वील भर्पाइसहित फर्मको प्रकृति अनुसार प्राविधिक प्रतिवेदन सहित सम्बन्धित जिल्ला कृषि विकास कार्यालय वा पशु सेवा कार्यालयको स्पष्ट सिफारिसका आधारमा मात्र गरिनेछ ।

८. महिलाद्वारा सञ्चालित सहकारी संस्थाबाट लघु खाद्य प्रशोधन उद्यम स्थापना गर्ने प्रयोजनको लागि प्रस्ताव स्वीकृत भएकोमा प्रशोधनको लागि मेसिन उपकरण खरिद गरी सम्बन्धित संघ संस्था वा उद्योग स्थलमा आई पुगेको निरीक्षण प्रतिवेदनको आधारमा ५० प्रतिशत र बाँकी ५० प्रतिशत मेसिन उपकरण जडान भएको प्रमाण र प्रतिवेदनको आधारमा भुक्तानी दिईनेछ । यस प्रकारको भुक्तानी गर्दा विल भर्पाई सहित सम्बन्धित सहकारी कार्यालय/कृषि विकास कार्यालयको प्रगति प्रतिवेदन र सिफारिसका आधारमा मात्र गरिनेछ ।

९. दलितहरुको परम्परागत पेशा र व्यवसायको स्तर उन्नति र आधुनिकीकरणको लागि परियोजना प्रस्ताव स्वीकृत भएपछि सम्बन्धित सहकारीलाई ३ किस्तामा अनुदान रकम उपलब्ध गराइनेछ । स्वीकृत अनुदानको पहिलो किस्ता वापतको रकम २५ प्रतिशत सम्झौताको बेलामा, दोस्रो किस्ता वापतको रकम ५० प्रतिशत प्रगति प्रतिवेदनका आधारमा र बाँकी २५ प्रतिशत रकम परियोजना बमोजिमको कार्य सम्पन्न भएको प्रतिवेदनका आधारमा भुक्तान गरिनेछ । दोस्रो र अन्तिम किस्ता वापतको रकम भुक्तानी गर्दा विल भर्पाई सहित सम्बन्धित सहकारी कार्यालय/जिल्ला विकास समितिको कार्यालयको प्रगति प्रतिवेदन र सिफारिसका आधारमा गरिनेछ ।

१०. हरुवा चरुवा वादी, ग्रामीण महिला, भुमिहिन सुकुम्वासीद्वारा सञ्चालित मौसमी तथा वेमौसमि तरकारी, फलफुल, चिया, कफि तथा जडिवुटी खेती र माछा तथा पशुपक्षि व्यवसाय सञ्चालन गर्न अनुदान स्वीकृत भएकोमा व्यवसाय स्थापनाको लागि सुरुमा वीउ विजन चल्ला, पाठा पाठी खरिद तथा खोर/ गोठ/ पोखरी/ जग्गाको तयारीको लागि ५० प्रतिशत र उत्पादन सुरु भए पछि कच्चा पदार्थ (दाना पानी, मल आदि) को लागि ५० प्रतिशत रकम वीउ पुँजीको रुपमा अनुदान दिईनेछ । यस प्रकारको भुक्तानी गर्दा विल भर्पाईसहित विषयका आधारमा सम्बन्धित जिल्ला कृषि विकास कार्यालय वा पशु सेवा कार्यालय वा सहकारी कार्यालय वा जिल्ला विकास समितिको कार्यालयको सिफारिसमा गरिनेछ ।

११. सहकारी संघ संस्था तथा अन्य निकायहरुलाई संस्थागत सुदृढीकरणका लागि निर्माण अनुदान उपलब्ध गराउन सहकारी विभाग वा अन्तर्गतका कार्यालय मार्फत कामको प्रगतिका आधारमा ३ किस्तामा रकम उपलब्ध गराउनु पर्नेछ । यसरी रकम उपलब्ध गराउँदा सम्बन्धित जिल्लाको जिल्ला प्राविधिक कार्यालय वा भवन कार्यालयको प्राविधिक प्रतिवेदन पेश गरेको हुनु पर्नेछ । सरकारी कार्यालय बाहेक इजाजत प्राप्त प्राविधिक परामर्शदाताको प्राविधिक प्रतिवेदनलाई समेत मान्यता दिइनेछ । पहिलो किस्ता वापतको रकम कामको सम्झौता भएपछि स्वीकृत अनुदान रकमको २५ प्रतिशत र दोस्रो किस्ता प्रगतिको आधारमा बढीमा ५० प्रतिशत र बाँकी २५ प्रतिशत रकम काम सम्पन्न भएको प्रतिवेदन प्राप्त भएपछि निकासा गरिने गरी सम्झौता गरिनेछ ।

१२. आर्थिक वर्ष समाप्त हुनु अगावै सम्झौता बमोजिमको काम पूरा गरी अनुदान रकम निकासा हुन नसकी स्वीकृत बजेट फ्रिज भएमा सहकारी विभाग बाँकी रकम भुक्तानी गर्न जिम्मेवार हुने छैन ।

१३. किटान गरिएका उद्योगहरुको स्थापनामा सम्बन्धित सहकारीका संघ संस्थाहरुबाट प्राप्त प्रस्ताव उपर यस कार्यविधि अनुसारको उपसमितिले अध्ययन गरी निर्देशक समितिमा आफ्नो रायसहित पेश गर्नेछ । प्रस्तावनामा

नपुग भएका विवरण तथा परियोजनालाई सफलतापूर्वक सम्पन्न गर्न गराउन सम्बन्धित पक्षहरुसँग सम्पर्क समन्वयको काम सहकारी विभागले गर्नेछ । यस क्रममा सम्बन्धित सहकारी संघ संस्थाहरुबाट थप प्रतिबद्धता र विवरणहरु माँग गर्न सकिनेछ । सम्बन्धित सहकारी संघ संस्थाहरुलाई परियोजना सफलतापूर्वक सम्पन्न गर्न गराउन थप श्रोत साधन र व्यवस्थापनमा समायोजनका लागि सहकारी विभागले निर्देशन गर्न सक्नेछ । यस्तो परियोजनामा सम्बन्धित सहकारी संघ संस्थाको लागत सहभागीता (जग्गा बाहेक) कम्तिमा २५ प्रतिशत अनिवार्य हुनेछ ।

१४. परियोजना प्रस्ताव उपर सम्बन्धित सरकारी निकायहरु मार्फत प्राविधिक प्रतिवेदन लिने अधिकार सहकारी विभागमा रहनेछ । सरकारी निकायबाट सम्बन्धित विषयका प्राविधिक प्रतिवेदन प्राप्त हुन सक्ने अवस्था नरहेमा बाह्य परामर्शका लागि सहकारी विभागले निर्देशन दिन सक्नेछ । यस्तो परामर्श वा प्रतिवेदन लिने काममा हुने खर्च सम्बन्धित सहकारी संघ संस्था वा निकायले वहन गर्नु पर्नेछ ।

१५. अनुदान रकम लिई गरिने कामका लागि यस कार्यविधिमा उल्लेखित आधारहरु समावेश गरी सहकारी विभागले तोकेको ढाँचामा संझौता गरी काम सम्पन्न गरी गराई मात्र भुक्तानी गर्न सकिनेछ ।

१६. बजेट वक्तब्यमा तोकिएका सहकारी उद्योगहरुलाई अनुदान वितरण गर्दा दुई पक्षिय सम्झौता गरिसकेपछि पहिलो किस्ता भुक्तानी गरिनेछ । दोश्रो किस्ताको हकमा सम्झौताका सर्तहरुको पालना र कार्य प्रगतिको आधारमा भुक्तानी गरिनेछ ।

**(च) अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्थाहरु**

१. यस कार्यविधि अनुसार उपलब्ध गराइने अनुदान रकमको सदुपयोग भए नभएको वारेमा समय समयमा अनुगमन तथा निरीक्षण गरी सोको प्रतिवेदन सहकारी विभागमा पेश गर्ने व्यवस्था मिलाइनेछ ।

२. यस कर्याविधि अनुरुप उपलब्ध गराईएको अनुदानको उपयोग र उद्योग सञ्चालनको अवस्था वारे समय समयमा अनुगमन तथा निरीक्षण गर्ने गराउने दायित्व कृषि तथा सहकारी मन्त्रालय र सहकारी विभागको हुनेछ । यस कार्यमा कामको प्रकृति अनुसार कृषि विभाग वा पशु सेवा विभाग वा अर्न्तगतका निर्देशनालय वा जिल्ला स्थीत कार्यालय तथा सेवा केन्द्रहरु पनि जिम्मेवार हुनेछन ।

